वानप्रस्थयतिब्रह्मचारिणामृक्थभागिनः।

क्रमेणाचार्य्यसच्छिष्यधर्मभ्रात्रेकतीर्थिनः।२४।

संसृष्टिनस्तु संसृष्टी सोदरस्य तु सोदरः।

दद्याच्चापहरेच्चांशं जातस्य च मृतस्य च।२५।

अन्योदर्य्यस्तु संसृष्टी नान्योदर्य्यधनं हरेत्।

असंसृष्ट्यपि चादद्यात्सोदर्य्यो नान्यमातृजः।२६।

पतितस्तत्सुतः क्लीबः पङ्गुरुन्मत्तको जडः।

अन्धोऽचिकित्स्यरोगाद्या भर्त्तव्यास्तु निरंशकाः।२७।

औरसाः क्षेत्रजास्त्वेषां निर्दोषा भागहारिणः।

सुताश्चैषां प्रभर्त्तव्या यावद्वै भर्तृसात्कृता।२८।

अपुत्रा योषितश्चैषां भर्त्तव्याः साधुवृत्तयः।

निर्वास्या व्यभिचारिण्यः प्रतिकूलास्तथैव च।२९।

पितृमातृपतिभ्रातृदत्तमध्यग्न्युपागतम्।

आधिवेदनिकं चैव स्त्रीधनं परिकीर्तितम्।३०।

बन्धुदत्तं तथा शुल्कमन्वाधेयकमेव च।

अप्रजायामतीतायां बान्धवास्तदवाप्नुयुः।३१।

अप्रजास्त्रीधनं भर्त्तुर्ब्राह्म्यादिषु चतुर्ष्वपि।

दुहितृणां प्रसूता चेच्छेषे तु पितृगामि तत्।३२।

दत्त्वा कन्यां हरन्दण्ड्यो व्ययं दद्याच्च सोदयम्।

मृतायां दत्तमादद्यात्परिशोध्योभयव्ययम्।३३।

श्रेष्ठ शिष्य र आचार्य हुन्छन्। बाँडिसकिएको धनलाई फेरि मिसाउने हो भने त्यसलाई संसृष्ट भनिन्छ। यस्तो धन जुनजुन मानिससँग हुन्छ ती सबैलाई संसृष्टी भनिएको छ। संसृष्टीको सम्बन्ध जोसुकैसित हुन सक्दैन। तर पिता, दाजुभाइ अथवा काकाहरूसँग भने हुन्छ। यदि कुनै संसृष्टी मऱ्यो भने उसका भागको धन अर्को संसृष्टीले मरेका संसृष्टीकी पत्नीले उत्पन्न गरेका पुत्रलाई दिनुपर्दछ। पुत्र भएनन् भने संसृष्टी आफैँले त्यो धन राखोस्। पत्नी आदिलाई त्यो धन प्राप्त हुन सक्दैन। यदि सहोदर संसृष्टी मऱ्यो भने अर्को सहोदर संसृष्टीले उसको मृत्युपछि उत्पन्न भएको पुत्रलाई त्यसको अंश दिनुपर्दछ। यदि पुत्र भएन भने उसले आफैँ त्यस संसृष्टीको अंश सह्यार्नुपर्दछ। असहोदर दाजुभाइ संसृष्टी नै भए पनि त्यो पाउन सक्दैन। अर्की आमाका कोखबाट जन्मिएको सौतेलो दाजुभाइ पनि यदि संसृष्टी छ भने उसले संसृष्टी दाजुभाइको धन लिन पाउँछ। यदि ऊ असंसृष्टी रहेको छ भने त्यो धन लिन सक्दैन। अथवा असंसृष्टी पनि संसृष्टीको सहोदर दाजुभाइ हो भने त्यो धन लिन पाउँछ। नपुंसक, पतित, त्यसको पुत्र, अपाङ्ग, बौलाहा, जड, अन्ध, असाध्य रोगले ग्रस्त र आश्रमान्तरमा गएको पुरुष केवल भरणपोषण पाउनका लागि मात्रै योग्य हुन्छन्। यिनीहरूलाई धनको अंश लगाउने अधिकार छैन। यी मानिसका औरस एवं क्षेत्र पुत्र नपुंसक आदि दोषरहित छन् भने तिनीहरू धनका अधिकारी हुन्छन्। यिनीहरूका पुत्रीहरूलाई पनि पतिका जिम्मा नलगाउन्जेलसम्म भरणपोषण गर्नुपर्दछ। यी नपुंसक, पतित आदिका पुत्रहीन सदाचारिणी स्त्रीहरूलाई पनि भरणपोषण गर्नुपर्दछ। यदि तिनीहरू व्यभिचारिणी वा प्रतिकूल आचरण गर्ने हुन्छन् भने उनीहरूलाई घरबाट निकालिदिनुपर्दछ। मातापिता, पति र दाजुभाइले दिएको जुन, बिहाका बेलामा अग्निका नजिक रहँदा मामा आदिका तर्फबाट प्राप्त भएको तथा बिहापछि लोग्नेले अर्को बिहा गर्दा पाइने आधिवेदनिक नामको धन हुन्छन् यी सबैलाई स्त्रीधन भनिएको छ। जुन धन कन्याका माताका बन्धुबान्धवले दिएको, जुन धन पिताका बन्धुबान्धवले दिएको हो र जुन वरका पक्षबाट कन्याका लागि शुल्कका रूपमा प्राप्त भएको हो एवं बिहापछि पनि वधूका लागि वरका कुलकुटुम्बबाट उपहारका रूपमा प्राप्त भएको हो, त्यो सबै स्त्रीधन हो भनिन्छ। यदि स्त्री निःसन्तान छन्, जसका छोराछोरी नातिनातिना कोही पनि छैनन् त्यस्ता स्त्रीको यदि मृत्यु भयो भने तिनका पति आदि बान्धवले तिनको धन लिन पाउँछन्। ब्राह्म, दैव, आर्ष र प्राजापत्य यी चार किसिमका विवाहका विधिले विवाह गरिएका स्त्रीहरू निःसन्तान नै मरे भने तिनको धन पतिलाई प्राप्त हुन्छ। यदि तिनीहरू सन्तान भएका थिए भने तिनीहरूको धन छोरीलाई प्राप्त हुन्छ र शेष चार अर्थात् गान्धर्व, आसुर, राक्षस र पैशाच विधिका विवाह भएका निःसन्तान मरे भने ती स्त्रीको धन उनीहरूकै पितालाई

दुर्भिक्षे धर्मकार्य्ये च व्याधौ सम्प्रतिरोधके ।

गृहीतं स्त्रीधनं भर्त्ता न स्त्रियै दातुमर्हति ।३४।

अधिवित्तस्त्रियै दद्यादाधिवेदनिकं समम् ।

न दत्तं स्त्रीधनं यस्यै दत्ते त्वर्द्धं प्रकीर्तितम् ।३५।

विभागनिह्नवे ज्ञातिबन्धुसाक्ष्यभिलेखितैः ।

विभागभावना ज्ञेया गृहक्षेत्रैश्च यौतकैः ।३६।

प्राप्त हुन्छ । जसले कन्याको वाग्दान गरेर कन्यादान गर्दैन ऊ राजाबाट दण्डनीय हुन्छ र वाग्दानका लागि वरले आफ्ना इष्टमित्र र कन्याका नातागोताको स्वागतसत्कारमा जुन धन खर्च गरेको छ त्यो सबै ब्याजसहित कन्यादाताले वरलाई फिर्ता गर्नुपर्दछ । यदि वाग्दान गरिएकी कन्याको मृत्यु भयो भने वरले आफ्नो र कन्यापक्षको गरी दुवै तर्फको खर्च कटौती गरेर जुन बचेको धन हुन्छ त्यो मात्रै कन्यापक्षबाट लिनुपर्दछ। अनिकालमा, धर्मकार्यमा, रोग या बन्धनबाट मुक्ति पाउनका लागि यदि पतिले अर्को कुनै धन खर्च गर्ने उपाय नहुँदा स्त्रीको धन लिएर खर्च गर्दछ भने ऊ फेरि त्यो धन फिर्ता गर्नमा बाध्य हुनेछैन। जुन स्त्रीलाई उसका ससुरा वा पतिबाट स्त्रीधन प्राप्त भएको छैन त्यो स्त्री छँदाछँदै अर्को बिहा गर्दाखेरि पतिले आधिवेदनिकजति नै अर्थात् दोस्रो बिहामा लाग्नेजति नै धन दिनुपर्दछ। यदि उसलाई पति र ससुराका तर्फबाट धन प्राप्त भएको छ भने आधिवेदनिक धनको आधा भाग दिनुपर्ने हुन्छ। विभागमा विवाद भयो र सन्देह भयो भने नातागोताले, पिताका बन्धुबान्धवले, माताका बन्धुबान्धवले, साक्षीहरूले र बन्डापत्रका सहयोगबाट विभागको निर्णय ठम्याउनुपर्दछ। यसै गरी दाइजोको धन तथा छुट्याइएको घरखेत आदिका आधारमा पनि विभाजनको निर्णय जान्न सकिन्छ।२०–३६।

२५७. सप्तपञ्चाशदधिकद्विशततमोऽध्यायः

सीमाविवादनिर्णय

अग्निरुवाच

सीम्नो विवादे क्षेत्रस्य सामन्ताः स्थविरा गणाः ।

गोपाः सीमाकृषाणा ये सर्वे च वनगोचराः ।१।

नयेयुरेते सीमानं स्थलाङ्गारतु षद्रुमैः ।

सेतुवल्मीकनिम्नास्थिचैत्याद्यैरुपलक्षिताम् ।२।

सामन्ता वा समं ग्रामाश्चत्वारोऽष्टौ दशापि वा ।

रक्तस्रग्वसनाः सीमां नयेयुः क्षितिधारिणः ।३।

अनृते तु पृथग्दण्ड्या राज्ञा मध्यमसाहसम् ।

अभावे ज्ञातृचिह्नानां राजा सीम्नः प्रवर्त्तकः ।४।

अग्निदेवता भन्दछन्— दुई गाउँसित सम्बन्धित खेतको सीमाका विषयमा विवाद उपस्थित भयो भने तथा एक गाउँको अधीनस्थ खेतको सीमाका विषयमा झगडा उत्पन्न भयो भने बुढापाका, गोठाला, सीमाका किसानहरू र समस्त वनसित सम्बन्ध भएका मानिसहरूले पहिले बनाइएको ढिस्को, कोइला, धानको भुस र वरको रूख आदिद्वारा सीमा निश्चय गर्नुपर्दछ । त्यो सीमा कस्तो हुनुपर्दछ भन्ने प्रश्नको उत्तरमा भनिन्छ— त्यो सीमा पुल, धमिराको गोलो, चौतारो, बाँस र बालुवा आदिले चिनिने खालको हुनुपर्दछ । सामन्त अथवा नजिकैको गाउँका चार, आठ अथवा दस मानिसले राता फूलको माला र राता वस्त्र लगाएर, शिरमा माटो राखेर सीमाको निर्णय गर्नुपर्दछ। सीमाको विवादमा सामन्तहरूले असत्य बोलेका छन् भने राजाले सबैलाई अलगअलग मध्यम साहसको दण्ड दिनुपर्दछ । सीमाको ज्ञान गराउने चिह्नका अभावमा राजा नै सीमाको निर्णायक हुन्छन्। बगैँचा, मन्दिर गाउँ, तलाउ, इनार, क्रीडावन, घर र वर्षाका पानी बग्ने नालो आदिको सीमा निर्णय गर्दा पनि यही विधि जान्नुपर्दछ। मर्यादा खण्डन, सीमाको उल्लङ्घन एवं क्षेत्रको अपहरण गर्दा राजाले

आरामायतनग्रामनिपानोद्यानवेश्मसु ।
एष एव विधिर्ज्ञेयो वर्षाम्बुप्रवहेषु च ।५।
मर्य्यादायाः प्रभेदेषु क्षेत्रस्य हरणे तथा ।
मर्य्यादायाश्च दण्ड्याः स्युरधमोत्तममध्यमा ।६।
न निषेध्योऽल्पबाधस्तु सेतुः कल्याणकारकः ।
परभूमिं हरन्कूपः स्वल्पक्षेत्रो बहूदकः ।७।
स्वामिने योऽनिवेद्यैव क्षेत्रे सेतुं प्रकल्पयेत् ।
उत्पन्ने स्वामिनो भोगस्तदभावे महीपतेः ।८।
फालाहतमपि क्षेत्रं यो न कुर्य्यान्न कारयेत् ।
स प्रदाप्यः कृष्टफलं क्षेत्रमन्येन कारयेत् ।९।
मासानष्टौ तु महिषी शसस्यघातस्य कारिणी ।
दण्डनीया तदर्द्धं तु गौस्तदर्द्धमजाविकम् ।१०।
भक्षयित्वोपविष्टानां यथोक्ताद्द्विगुणो दमः ।
सममेषां विवीतेऽपि खरोष्ट्रं महिषीसमम् ।११।
यावत्सस्यं विनष्टं तु तावत्क्षेत्री फलं लभेत् ।
पालस्ताड्योऽथ गोस्वामी पूर्वोक्तं दण्डमर्हति ।१२।
पथि ग्रामविवीतान्ते क्षेत्रे दोषो न विद्यते ।
अकामतः कामचारे चोरवद्दण्डमर्हति ।१३।
महोक्षोत्सृष्टपशवः सूतिकागन्तुका च गौः ।
पालो येषां तु ते मोच्या दैवराजपरिप्लुताः ।१४।
यथार्पितान्पशून्गोपः सायं प्रत्यर्पयेत्तथा ।
प्रमादमृतनष्टाश्च प्रदाप्यः कृतवेतनः ।१५।

क्रमशः अधम, उत्तम र मध्यम साहसको दण्ड दिनुपर्दछ। यदि सार्वजनिक पुल वा बाँध र सानो क्षेत्रमा धेरै पानी भएको पोखरी–इनार आदि बनाइँदै छ तर त्यसले अर्काको केही भूमि मिच्ने भए तापनि थोरै हानि र धेरैलाई ठूलो लाभ हुने भयो भने त्यस्ताको निर्माणमा कुनै बाधा हाल्नु हुँदैन। जसले जग्गाधनीलाई थाहा नदिईकन बाँध निर्माण गर्दछ उसले त्यस बाँधबाट प्राप्त हुने फल भोग गर्न पाउँदैन, जग्गाधनीले नै त्यसबाट आएको फल भोग गर्न पाउँछ र उसको भन्दा पछि राजा नै त्यस फलका हकदार हुन्छन्। जुन किसानले कसैका खेतमा एकपटक हलो जोतेर पनि त्यसमा स्वयं खेती नगरीकन अरू कसैलाई खेती गराउँछ राजाले त्यसबाट जग्गाधनीलाई खेतीको सम्भावित फल दिलाउनुपर्दछ र अर्का किसानबाट खेती गराउनुपर्छ। अर्काका खेतको बाली नष्ट गर्ने भैंसीमाथि राजाले आठ मास दण्ड लगाउनुपर्दछ। गाईमाथि त्यसको आधा र भेडाबाख्रामाथि त्यसको पनि आधा लगाउनुपर्दछ। यदि भैंसी वा अन्य पशु खेती चरेर त्यहीँ बस्यो भने पहिले भनिएकाको दोब्बर दण्ड लगाउनुपर्दछ। जुन ठाउँमा ज्यादाजसो काठपात र घाँस उम्रिन्छ त्यस्तो ठाउँ जग्गाधनीबाट लिएर सुरक्षित राखियो भने त्यसलाई विवीत भनिन्छ। त्यस्तो विवीत राखिएको ठाउँलाई हानि गर्ने भैंसी आदि पशुलाई पनि अरू खेती हानि गरेजस्तै दण्ड लाग्छ भन्ने बुझ्नुपर्दछ। यसै खालको अपराधमा गधा र ऊँटमाथि पनि भैंसीकै जति दण्ड लगाउनुपर्दछ। जुन खेतमा जति बाली पशुले नष्ट गरेको हुन्छ त्यसलाई सामन्त आदिले अनुमान गरेर पशुधनीले जग्गाधनीलाई दण्डका रूपमा दिनुपर्दछ र गोठालालाई भने केवल शारीरिक दण्ड दिनु वा पिट्नुपर्दछ। यदि धनी स्वयंले गाई आदि पशु चराएको हो भने उसबाट माथि भनिएजस्तो दण्ड नै गराउनुपर्दछ तर कुट्नु हुँदैन। यदि खेत बाटाको वा गाउँको छेउमा छ भने अथवा गाउँको विवीत भूमिका नजिक छ र गोठालो वा पशुका धनीले थाहा नपाईकन पशुले खाएछन् भने अथवा बालीमा हानि पारेछन् भने त्यस अवस्थामा गोठालो र पशुधनी दुवैलाई दोष लगाउनु हुँदैन र त्यसका लागि दण्ड पनि लगाउनु हुँदैन। यदि जानीबुझीकन बाली चराएको हो भनेदेखि पशुको धनी र गोठालो दुवै चोरकै समान दण्ड पाउने अधिकारी हुन्छन्। साँढे, वृषोत्सर्गका विधिले अथवा देवीदेवतालाई चढाएर छोडिएको पशु, दस ब्याएका दस दिनभित्रको गाई र बथानबाट बहकिएर अर्का ठाउँमा आइपुगेको पशु यस्ताले यदि कसैको बाली खाए भनेदेखि दण्डनीय हुँदैनन्, छोडिदिनुपर्दछ। जसको कुनै गोठालो छैन, त्यस्तो देवतामा वा राजामा चढाइएको पशु पनि छोडिदिनुपर्दछ। गोठालाले बिहान धनीबाट जिम्मा लिएका पशु बेलुका उसै रूपमा बेलुका ल्याएर धनीलाई जिम्मा लगाउनुपर्दछ। तलबधारी गोठालाका हेलचेक्र्याइँले पशु हराएको वा मरेको भए राजाले उसबाट पशुधनीलाई

पालदोषविनाशे तु पाले दण्डो विधीयते ।

अर्द्धत्रयोदशपणः स्वामिनो द्रव्यमेव च ।१६।

ग्रामेच्छया गोप्रचारो भूमिराजवशेन वा ।

द्विजस्तृणैधः पुष्पाणि सर्वतः स्ववदाहरेत् ।१७।

धनुःशतं परीणाहो ग्रामक्षेत्रान्तरं भवेत् ।

द्वे शते खर्वटस्य स्यान्नगरस्य चतुःशतम् ।१८।

स्वं लभेतान्यविक्रीते क्रेतुर्दोषोऽप्रकाशिते ।

हीनाद्रहो हीनमूल्ये वेलाहीने च तस्करः ।१९।

नष्टापहृतमासाद्य हर्त्तारं ग्राहयेन्नरम् ।

देशकालातिपत्तौ वा गृहीत्वा स्वयमर्पयेत् ।२०।

विक्रेतुर्दर्शनाच्छुद्धेः स्वामी द्रव्यं नृपो दमम् ।

क्रेता मूल्यं समाप्नोति तस्माद्यस्तत्र विक्रयी ।२१।

आगमेनोपभोगेन नष्टं भाव्यमतोऽन्यथा ।

पञ्चबन्धो दमस्तस्य राज्ञे तेनाप्यभाविते ।२२।

हृतं प्रनष्टं यो द्रव्यं परहस्तादवाप्नुयात् ।

अनिवेद्य नृपे दण्ड्यः स तु षण्णवतिं पणान् ।२३।

शौल्किकैः स्थानपालैर्वा नष्टापहृतमाहृतम् ।

अर्वाक्संवत्सरात्स्वामी लभते परतो नृपः ।२४।

पणानेकशफे दद्याच्चतुरः पञ्च मानुषे ।

महिषोष्ट्रगवां द्वौ द्वौ पादं पादमजाविके ।२५।

स्वकुटुम्बाविरोधेन देयं दारसुतादृते ।

नान्वये सति सर्वस्वं देयं यच्चान्यसंश्रुतम् ।२६।

तिराइदिनुपर्दछ । गोठालाका दोषले गर्दा पशुको विनाश भएको छ भने त्यसमाथि साढे तेह्र पणको दण्ड लगाउनुपर्दछ र उसले धनीलाई नष्ट भएका पशुको मूल्य पनि तिर्नुपर्दछ। गाउँलेहरूको इच्छाले अथवा राजाका आज्ञाले गाईको चरनका लागि जमिन छोड्नुपर्दछ, त्यहाँ खनजोत गर्नु हुँदैन। ब्राह्मणले सधैं सबै ठाउँबाट काठदाउरा र फूल टिप्न सक्छन्। गाउँ र खेतको अन्तर पनि सय धनुषजति नै हुनुपर्दछ। अर्थात् गाउँका चारैतिर सयसय धनुषजतिको जमिन बाँझो राख्नपर्दछ र त्यसपछिको जमिनमा मात्रै खेती गर्नुपर्दछ। खर्बटको र क्षेत्रको अन्तर दुई सय धनुषको एवं नगर र क्षेत्रको अन्तर चार सय धनुषको हुनुपर्दछ ।१-१८।

वस्तुका धनीले आफ्नो हराएको माल बेचिएको अवस्थामा कुनै अर्का क्रेतासित देख्यो भने त्यसलाई अवश्य पक्रनुपर्दछ र आफ्ना हकमा लिनुपर्दछ। यहाँ विक्रीत भन्ने शब्दले दिइएको र लिइएको भन्ने अर्थमा पनि लाग्दछ। अर्थात् यदि कसैले अर्काको राखिदिएको वस्तु धनीलाई नभनीकन अर्काकहाँ राखिदियो वा अर्कालाई दियो र त्यसलाई वस्तुका धनीले देख्यो भने धनीले त्यो वस्तु खोस्नुपर्दछ या आफ्ना अधिकारमा पार्नुपर्दछ किनभने त्यस वस्तुबाट उसको स्वामित्व सकिएको हुँदैन। यदि किन्नेले त्यो वस्तु किनेर लुकाइराख्यो र कसैलाई देखाएन भने त्यो उसको अपराध हो भनिएको छ। त्यसै गरी जुन हीन पुरुष हुन्छ वा त्यो द्रव्य पाउन नसक्ने अवस्थामा रहेको हुन्छ एकान्तमा वा रात्रि आदि असमयमा त्यस्तो वस्तु किन्दछ त्यस्तो मानिस चोर नै हुन्छ वा त्यो चोरसमान दण्डनीय हुन्छ। आफ्नो हराएको वा चोरले लगेको वस्तु जोसित देखिन्छ त्यसलाई त्यस ठाउँका रक्षक आदिबाट पक्राउ गराउनुपर्दछ। यदि त्यस अवस्थामा प्रहरी आदि रक्षक भेटिएनन् भने त्यस चोरलाई आफैंले पक्रेर प्रहरीमा जिम्मा लगाउनुपर्दछ। यदि किन्नेले मैले यो चोरेको होइन, फलानासित किनेको भन्छ भने बेच्नेलाई पक्राउ गराएपछि ऊ दोषबाट मुक्त हुन्छ। जसले चोरेका वा भत्केबिग्रेको वस्तुहरू बेच्दछ त्यसबाट धनीले धन, राजाले दण्ड र क्रेताले आफ्नो पैसा प्राप्त गर्दछन्। वस्तुका धनीले भने लिखित सामग्री वा उपभोग आदिबाट प्रमाण दिएर त्यो वस्तु आफ्नो भएको सिद्ध गर्नुपर्दछ। सिद्ध गर्न सकेन भने राजाले त्यसबाट त्यस वस्तुको पाँचौं भागजति दण्ड तिराउनुपर्दछ। जुन मानिसले आफ्नो हराएको वा चोरिएको वस्तु राजालाई नभनीकन अर्काबाट खोसेर लिन्छ राजाले त्यसलाई छयानब्बे पण आर्थिक दण्ड लगाउनुपर्दछ। शुल्क लिने अधिकारी वा स्थानरक्षकले जुन हराएको वा चोरिएको वस्तु राजाकहाँ ल्याउँछन् त्यस वस्तुलाई वस्तुका धनीले एक वर्षभित्रमै प्रमाण दिएर प्राप्त गर्नुपर्दछ। एक वर्षपछि राजाले आफैं त्यसलाई लिन्छन्। घोडा आदि एक खुर भएका पशु हराएपछि भेटिए भने त्यसलाई स्याहार गरेकोमा वस्तुका धनीले राजालाई चार पण तिर्नुपर्दछ।

प्रतिग्रहः प्रकाशः स्यात्स्थावरस्य विशेषतः।
देयं प्रतिश्रुतं चैव दत्त्वा नापहरेत्पुनः ।२७।
दशैकपञ्चसप्ताहमासत्र्यहार्द्धमासिकम् ।
बीजायोवाह्यरत्नस्त्रीदोह्यपुंसां प्रतीक्षणम् ।२८।
अग्नौ सुवर्णमक्षीणं द्विपलं रजते शते ।
अष्टौ त्रपुणि सीसे च ताम्रे पञ्चदशायसि ।२९।
शते दशपलावृद्धिरौर्णे कार्पासिके तथा ।
मध्ये पञ्चपला ज्ञेया सूक्ष्मे तु त्रिपला मता ।३०।
कार्मिके रोमबद्धे च त्रिशद्भागः क्षयो मतः ।
न क्षयो न च वृद्धिस्तु कौशेये वल्कलेषु च ।३१।
देशं कालं च भोगं च ज्ञात्वा नष्टे बलाबलम् ।
द्रव्याणां कुशला ब्रूयुर्यद्दाप्यमसंशयम् ।३२।
बलाद्दासीकृतश्चौरैर्विक्रीतश्चापि मुच्यते ।
स्वामीप्राणप्रदो भक्तत्यागात्तन्निष्क्रयादपि ।३३।
प्रव्रज्यावसितो राज्ञा दास आमरणान्तिकम् ।
वर्णानामानुलोम्येन दास्यं न प्रतिलोमतः ।३४।
कृतशिल्पोऽपिनिवसेत्कृतकालं गुरोर्गृहे ।
अन्तेवासी गुरुप्राप्तभोजनस्तत्फलप्रदः ।३५।
राजा कृत्वा पुरे स्थानं ब्राह्मणान्नस्य तत्र तु ।
त्रैविद्यं वृत्तिमद्ब्रूयात्स्वधर्म पाल्यतामिति ।३६।
निजधर्माविरोधेन यस्तु सामयिको भवेत् ।
सोऽपि यत्नेन संरक्षो धर्मो राजकृतश्च यः ।३७।

मानिस जातिको द्रव्य भेटियो भने पाँच पण र भैँसी, उँट र गाई भेटिएको हुँदा दुईदुई पण तथा भेडाबाख्रा भेटिएकोमा पणको चौथो भाग राजालाई दिनुपर्दछ। जीविकालाई बाधा नपारीकनै वस्तुको दान गर्नुपर्दछ। आफन्तलाई पालनपोषण गरेर बाँकी रहेको धन नै दान दिन योग्य हुन्छ। स्त्री र पुत्र कसैलाई दिनु हुँदैन। आफ्ना वंशज छउन्जेल कसैलाई सर्वस्व दान गर्नु हुँदैन। अर्कालाई दिने भनेर प्रतिज्ञा गरिएको वस्तु उसैलाई दिनुपर्दछ, अर्कालाई होइन। अर्काले दिएको दान सबैका अगाडि ग्रहण गर्नुपर्दछ। विशेष गरी भूमि, वृक्ष आदिको दान ग्रहण गर्दा सबैका अगाडि गर्नुपर्दछ। धर्मको प्रयोजनका लागि कुनै वस्तु कसैलाई दिने प्रतिज्ञा गरिएको छ भने त्यो उसैलाई अवश्य दिनुपर्दछ र दिइएको वस्तु कहिल्यै खोस्नु वा फिर्ता लिनु हुँदैन। अब बीज आदिका विषयमा भनिन्छ। बीजको दस दिन, फलामको एक दिन, सवारीसाधनको पाँच दिन, रत्नको सात दिन, दासीको एक महिना, दुध दिने पशुको तीन दिन र दासको पन्ध्र दिनसम्म परीक्षा हुन्छ। आगोमा हाल्दा सुन खिइँदैन तर पलका हिसाबले चाँदी दुई प्रतिशत, राङ र सिसा आठ प्रतिशत, ताँबा पाँच प्रतिशत र फलाम दस प्रतिशत घट्छन्। ऊन र कपासको मोटो धागोले बुनिएका कपडामा सय पलमा दस पल वृद्धि हुन्छ। यसै गरी मध्यम खालको धागोमा पाँच पल र मसिनो धागोमा तीन पल वृद्धि हुन्छ भन्ने जान्नुपर्दछ। रङ्गीबिरङ्गी र किनारीमा फुर्का भएको लुगमा तीसौँ भाग खिइन्छ। रेसम र बोक्राले बुनेका लुगामा घटीबढी केही हुँदैन। माथि बताइएअनुसार द्रव्य नष्ट भए भने द्रव्यका विषयमा जानकारी भएका व्यक्तिले देश, काल, उपयोग र नष्ट भएका वस्तुको साँचोसत्य बुझेर जति हानि भएको टुङ्गो लगाउँछन् त्यस हानिलाई राजाले कारिगर खोजेर क्षतिपूर्ति गराउनुपर्दछ। बलले दास बनाइएको र चोरी गरी बेचिएको यी दुई खालका दास मुक्त हुन सक्छन्। यिनलाई धनीले छोडेन भने राजाका शक्तिले छोडाउनुपर्दछ। धनीको ज्यानलाई बचाउने दास पनि मुक्ति दिन योग्य हुन्छ। धनीबाट भरणपोषण पाएर जसले उसको दासता स्वीकार गरिरहेको छ उसले धनीको लागेको जति धन फिर्ता गरेको छ भने ऊ पनि दासताबाट मुक्त हुन्छ। जति धन लिएर धनीले कसैकहाँ बन्धक राखेको छ अथवा जति धन तिरेर धनीले कुनै ऋणदाताकहाँबाट छुटाएर ल्याएको छ भने त्यति नै धनको साँवाब्याज फिर्ता गरेपछि त्यस्तो बन्धकीको दास पनि दासत्वबाट मुक्त हुन्छ। भ्रष्ट संन्यासीले त्यस भ्रष्टताको प्रायश्चित्त गरेन भने ऊ नमरुन्जेल राजाको दास हुन्छ। चारै वर्ण अनुलोमक्रले दास हुन सक्छन्, प्रतिलोमक्रले होइन। पढाइ पूरा गरेको विद्यार्थी गुरुका घरमा आयुर्वेद आदिको सिप सिक्नका लागि बस्न खोजेको छ भने उसले समय तोकेर बस्नुपर्दछ। यदि तोकिएको समयभन्दा पहिले नै ऊ सिपालु भयो भने पनि त्यति बेलासम्म उसले त्यहीँ बस्नुपर्दछ। ती दिनहरूमा उसले गुरुका घरको

गणद्रव्यं हरेद्यस्तु संविदं लङ्घयेच्च यः।

सर्वस्व हरणं कृत्वा तं राष्ट्राद्विप्रवासयेत् ।३८।

कर्त्तव्यं वचनं सर्वैः समूहहितवादिभिः।

यस्तत्र विपरीतः स्यात्स दाप्यः प्रथमं दमम् ।३९।

समूहकार्य्यप्रहितो यल्लभेत्तत्तदर्पयेत्।

एकादशगुणं दाप्यो यद्यसौ नार्पयेत्स्वयम् ।४०।

वेदज्ञाः शुचयोऽलुब्धा भवेयुः कार्य्यचिन्तकाः।

कर्त्तव्यं वचनं तेषां समूहहितवादिनाम् ।४१।

श्रेणिनैगमपाषण्डिगणानामप्ययं विधिः।

भेदं चैषां नृपो रक्षेत्पूर्ववृत्तिं च पालयेत् ।४२।

गृहीतवेतनः कर्म त्यजन्द्विगुणमावहेत्।

अगृहीते सम दाप्यो भृत्यै रक्ष उपस्करः।४३।

दाप्यस्तु दशमं भागं वाणिज्यपशुशस्यतः।

अनिश्चित्य भृतिं यस्तु कारयेत्स महीक्षिता ।४४।

देशं कालं च योऽतीयात्कर्म कुर्य्याच्च योऽन्यथा।

तत्र तु स्वामिनश्छन्दोऽधिकं देयं कृतेऽधिके ।४५।

यो यावत्कुरुते कर्म तावत्तस्य तु वेतनम्।

उभयोरप्यसाध्यं चेत्साध्ये कुर्य्याद्यथाश्रुतम् ।४६।

अराजदैविकं नष्टं भाण्डं दाप्यस्तु वाहकः।

प्रस्थानविघ्नकृच्चैव प्रदाप्यो द्विगुणां भृतिम् ।४७।

प्रक्रान्ते सप्तमं भागं चतुर्थं पथि सन्त्यजन्।

भृतिमर्द्धपथे सर्वां प्रदाप्यस्त्याजकोऽपि च ।४८।

भोजन खानुपर्दछ र आफ्ना सिपले कमाएको कमाइ गुरुलाई दिनुपर्दछ ।१९-३५।

राजाले आफ्ना सहरमा भवन निर्माण गराएर त्यहाँ वेदविद्या जानेका ब्राह्मणहरूलाई जीविका दिएर राख्नुपर्दछ र तिमीहरू यहीं बसेर आफ्नो धर्मको आचरण गर भन्ने प्रार्थना गर्नुपर्दछ। ब्राह्मणले आफ्ना धर्ममा बाधा नपारीकन त्यस समयमा राजाद्वारा निश्चित गरिएको धर्म जुन हुन्छ त्यसलाई पनि पालन गर्नुपर्दछ। कुनै मानिसले समूह वा संस्थाको सम्पत्ति खायो र मर्यादा उल्लङ्घन गऱ्यो भने राजाले त्यसको सर्वस्व हरण गरेर देशनिकाला गर्नुपर्दछ। आफ्ना समाजका हितैषि मानिसहरूको भनाइअनुसार नै सबै मानिसले काम गर्नुपर्दछ। जुन मानिसले समाजको विपरीत आचरण गर्दछ राजाले त्यसलाई प्रथम साहसको दण्ड दिनुपर्दछ। समूहको कार्य सम्पन्न गर्नका लागि राजाकहाँ पठाइएको मानिसले राजाबाट जेजति प्राप्त भएको छ त्यो सबै समाजका मुखियालाई बोलाएर जिम्मा लगाउनुपर्दछ। यदि उसले ल्याएर नदिई स्वयं राख्यो भने राजाले उसलाई एघार गुना तिराउनुपर्दछ। जो वेदज्ञानसम्पन्न, पवित्र अन्तःकरण भएको, लोभशून्य तथा कार्यको विचार गर्न जान्ने हुन्छ त्यस्ता समूहका हितैषि मानिसको भनाइ सबैले पालन गर्नुपर्ने हुन्छ। श्रेणी अर्थात् व्यापारी, नैगम अर्थात् वेदपाठी, पाखण्डी अर्थात् वेदविरोधी, गण अर्थात् हतियारजीवी यी सबैका लागि नै यो विधि भनिएको हो। राजाले यिनीहरूका धर्मको भेद र पूर्ववृत्तिलाई संरक्षण गर्नुपर्दछ। जुन नोकरले वेतन लिएपछि पनि काम गर्दैन उसले धनीलाई दोब्बर धन फिर्ता गर्नुपर्दछ। वेतन लिएको छैन भने उसबाट वेतनजति नै धन लिनुपर्दछ। भृत्यले सधैँ खेती आदिका सामानहरूको रक्षा गर्नुपर्दछ। जसले वेतनको तय नगरीकन भृत्यबाट काम लिन्छ राजाले उसका पशु र खेतीबाट हुने आयको दसौँ भाग भृत्यलाई दिलाउनुपर्दछ। जुन भृत्यले देशकालको नियम नाघेर औसतभन्दा कम लाभ गराउँछ उसलाई धनीले आफ्नै इच्छाअनुसारको वेतन दिनुपर्दछ तर औसतभन्दा बढी लाभ गराएको छ भने भृत्यलाई वेतन पनि अधिक नै दिनुपर्दछ। वेतन तय गरेर दुई मानिससित एउटै काम गराइयो र त्यो काम तिनीहरूबाट नसकिने भयो भने जसले जति काम गरेको हो, उसलाई त्यति नै वेतन दिनुपर्दछ र काम सकिएको छ भने पहिले निर्धारण गरेको वेतन दिनुपर्दछ। यदि भारवाहकबाट राजा र देवतासम्बन्धीभन्दा बाहेक अन्य कुनै पात्र फुटे भने राजाले भारवाहकलाई पात्र तिराउनुपर्दछ। यात्रामा बाधा हाल्ने भृत्यलाई उसको तलबको दोब्बर आर्थिक जरिवाना गराउनुपर्दछ। यात्रा आरम्भका समयमा काम छोड्ने भृत्यका वेतनको सातौँ भाग, अतिकति पर पुगेर काम छोड्नेलाई चौथो भाग, बीच बाटामा छोड्नेलाई पूरै वेतन कटौती गराएर राजाले धनीलाई दिनुपर्दछ। भृत्यलाई त्याग गर्ने स्वामीबाट पनि राजाले यस्तै किसिमले दिलाउनुपर्दछ। आपसी स्वीकृतिले

लहे शतिकवृद्धेस्तु सभिकः पञ्चकं शतम् ।
गृह्णीयाद्धूर्त्तकितवादितराद्दशकं शतम् ।४९।
स सम्यक्पालितो दद्याद्राज्ञे भागं यथाकृतम् ।
जेतमुद्वाहयेज्जैत्रे दद्यात्सत्यं वचः क्षमी ।५०।
प्राप्ते नृपतिना भागे प्रसिद्धे धूर्त्तमण्डले ।
जेतं ससभिके स्थाने दापयेदन्यथा न तु ।५१।
द्रष्टारो व्यवहाराणां साक्षिणश्च त एव हि ।
राज्ञा सचिह्ना निर्वास्याः कूटाक्षोपधि देविनः ।५२।
द्यूतमेकमुखं कार्य्यं तस्करज्ञानकारणात् ।
एष एव विधिर्ज्ञेयं प्राणिद्यूते समाह्वये ।५३।

जुवडीहरूद्वारा निर्णय गरिएको पण वा सर्तलाई ग्लह भनिन्छ। जुवाडेहरूलाई खेल्नका लागि सभा वा ठाउँ दिन्छ त्यस व्यक्तिलाई सभिक भनिन्छ। ग्लहमा सय अथवा त्यसभन्दा बढी जितेको धूर्त जुवाडेसित सभिकले ग्लहको आफूलाई पोस्नका लागि पाँच प्रतिशत लिनुपर्दछ। अर्कोपल्ट त्यति नै जित्ने जुवाडेसित दस प्रतिशत लिनुपर्दछ। राजाले स्वीकृति दिएको जुवाका अधिकारी सभिकले राजालाई निश्चित भाग दिनुपर्दछ, जितेको धन जित्ने जुवाडेलाई प्राप्त गराउनुपर्दछ र विनयशीले भएर सत्यसाँचो बोल्नुपर्दछ। जब द्यूतको सभिक र प्रसिद्ध जुवाडेहरूको समूह राजाकहाँ आउँछन् र राजालाई उनको भाग दिन्छन् भने राजाले जित्नेलाई जितको धन प्राप्त गराउनुपर्दछ, होइन भने पर्दैन। जुवासम्बन्धी हेरविचार गर्नका लागि राजाले उनै जुवाडेहरूलाई नै सभासदका पदमा राख्नुपर्दछ र साक्षी पनि उनैलाई राख्नुपर्दछ। जाली पासाले झेली गर्दै जुवा खेल्नेका निधारमा चिह्न लगाएर उनलाई राजाले देशनिकाला गर्नुपर्दछ। चोरलाई चिन्नका लागि जुवामा कुनै एउटालाई नियुक्त गर्नुपर्दछ। यही विधि प्राणीद्यूत समाह्वय हो।३६–५३।

२५८. अष्टपञ्चाशदधिकद्विशततमोऽध्यायः

वाक्पारुष्य

अग्निरुवाच

सत्यासत्यान्यथास्तोत्रैन्यूनाङ्गेन्द्रियरोगिणाम् ।
क्षेपं करोति चेद्दण्ड्यः पणानर्द्धत्रयोदश ।१।
अभिगन्तास्मि भगिनीं मातरं वा तवेति च ।
शपन्तं दापयेद्राजा पञ्चविंशतिकं दमम् ।२।
अर्द्धोऽधमेषु द्विगुणः परस्त्रीषूत्तमेषु च ।
दण्डप्रणयनं कार्य्यं वर्णजात्युत्तराधरैः ।३।
प्रातिलोम्यापवादेषु द्विगुणात्रिगुणा दमाः ।
वर्णानामानुलोम्येन तस्मादेवार्द्धहानितः ।४।
बाहुग्रीवानेत्रसक्थिविनाशे वाचिके दमः ।

अग्निदेवले भने— अङ्गविकृति भएका, अङ्ग नभएका, रोगी जो हुन्छन् तिनीहरूलाई साँचो, झुटो वा अन्यायपूर्ण बोलीले कसैले भनि बिझाउँछ भने राजाले त्यसमाथि साढे बाह्र पण दण्ड लगाउनुपर्दछ। कुनै मानिसले कसैलाई म तेरी दिदी–बहिनी, तेरी आमालाई सम्भोग गर्छु भन्यो भने त्यसलाई राजाले पच्चीस पण अर्थदण्ड लगाउनुपर्दछ। यदि गाली गर्नेभन्दा गालीखाने अधम गुण र चरित्र भएको छ भने त्यसलाई गाली गरेको अपराधमा श्रेष्ठ पुरुषमाथि त्यस दण्डको आधा मात्रै लाग्छ र अर्काकी स्त्री एवं उच्च जातिकालाई अधमले गाली गर्‍यो भने त्यसमाथि पूर्वोक्त दण्डको दोब्बर लगाउनुपर्छ। वर्ण र जातिको श्रेष्ठता र लघुतालाई विचार गर्दै राजाले दण्डको व्यवस्था गर्नुपर्दछ। वर्णहरूको उल्टो स्थितिमा अर्थात् तल्ला वर्णकाले माथिल्लो वर्णकालाई आक्षेप गर्दा दोब्बर र तेब्बर दण्डको विधान छ। जस्तै— ब्राह्मणप्रति कटुवचन बोल्ने क्षत्रियलाई पूर्वोक्तको दुई गुना दण्ड पचासको दोब्बर सय पण लगाउनुपर्दछ र त्यही अपराध गर्ने वैश्यमाथि तीन गुना अर्थात् डेढ सय पण दण्ड लगाउनुपर्दछ। यसै गरी उल्टो अपवादमा अर्थात् उच्च वर्णले हीन वर्णका मानिसलाई आक्षेप गरेमा क्रमशः आधा आधा दण्डको कमी हुन्छ। अर्थात् ब्राह्मणले क्षत्रियलाई हप्कायो भने पचास पण, वैश्यसँग कुर्लियो भने

शक्तस्ततोऽर्द्धिकः पादनासाकर्णकरादिषु ।५।

अशक्तस्तु वदन्नेवं दण्डनीयः पणान्दश ।

तथा शक्तः प्रतिभूवं दद्यात्क्षेमाय तस्य तु ।६।

पतनीयकृते क्षेपे दण्डो मध्यमसाहसः ।

उपपातकयुक्ते तु दाप्यः प्रथमसाहसम् ।७।

त्रैविद्यनृपदेवानां क्षेप उत्तमसाहसः ।

मध्यमो ज्ञातिपूगानां प्रथमो ग्रामदेशयोः ।८।

असाक्षिकहते चिह्नैर्युक्तिभिश्चागमेन च ।

द्रष्टव्यो व्यवहारस्तु कूटचिह्नकृताद्भयात् ।९।

भस्म पङ्करजःस्पर्शे दण्डो दशपणः स्मृतः ।

अमेध्यपार्ष्णिनिष्ठ्यूतस्पर्शने द्विगुणः स्मृतः ।१०।

समेष्वेवं परस्त्रीषु द्विगुणस्तूत्तमेषु च ।

हीनेष्वर्द्धं दमो मोहमदादिभिरदण्डनम् ।११।

विप्रपीडाकरं छेद्यमङ्गमब्राह्मणस्य तु ।

उद्गूर्णे प्रथमो दण्डः संस्पर्शे तु तदर्द्धिकः ।१२।

उद्गूर्णे हस्तपादे तु दशविंशतिकौ दमौ ।

परस्परं तु सर्वेषां शास्त्रं मध्यमसाहसः ।१३।

पादकेशांशुककरोल्लुञ्चनेषु पणान्दश ।

पीडाकर्षांशुकावेष्टपादाध्यासे शतं दमः ।१४।

शोणितेन विना दुःखं कुर्वन्काष्ठदिभिर्नरः ।

द्वात्रिंशतं पणान्दाप्यो द्विगुणं दर्शनेऽसृजः ।१५।

करपाददतो भङ्गेच्छेदने कर्णनासयोः ।

पच्चीस पण र शूद्रसँग रिस गऱ्यो भने साढे बाह्र पण दण्ड दिनुपर्दछ । यदि कुनै मानिसले बोलेर नै म तेरा हात भाँच्छु, टाउको फोर्छु, मुन्टो भाँच्छु, आँखा फोर्दिन्छु, घुँडा भाँचिदिन्छु भन्यो भने राजाले त्यसमाथि सय पणको दण्ड लगाउनुपर्छ र जसले नाक, कान, हात-खुट्टा आदि भाँच्ने कुरो गर्छ त्यसमाथि पचास पणको आर्थिक दण्ड गर्नुपर्दछ। यदि नसक्ने मानिसले त्यसो भन्यो भनेदेखि राजाले उसमाथि दस पण दण्ड लगाउनुपर्दछ र सक्ने मानिसले नसक्नेलाई त्यसो भन्यो भने माथि भनिएको सय पण नै असुल गर्नुपर्दछ । त्यसका साथै असमर्थ मानिसको रक्षाका लागि कसैले जमानत लिइदिनुपर्छ। कसैलाई पतित सिद्ध गर्नका लागि आक्षेप लगाउने मानिसलाई मध्यम साहसको दण्ड लगाउनुपर्दछ र उपपातकको झुटो आरोप लगाउनेलाई प्रथम साहसको दण्ड लगाउनुपर्दछ । वेद विद्याले सम्पन्न ब्राह्मण, राजा अथवा देवताको निन्दा गर्नेहरूलाई उत्तम साहस, जाति वा समूहको निन्दा गर्नेलाई मध्यम साहस र गाउँ वा देशको निन्दा गर्नेलाई प्रथम साहस दण्ड दिनुपर्दछ। यदि कुनै मानिस राजासित आएर फलाना व्यक्तिले मलाई एकान्त ठाउँमा पिट्यो भनेर अभियोगपत्र दियो भने राजाले यस्ता कार्यमा चिह्नद्वारा, युक्तिद्वारा, अरू मानिसको भनाइद्वारा र दिव्य प्रमाणद्वारा निश्चित गर्नुपर्दछ। घाउ देखाउने मानिसले छल गरेर चिह्न बनाएको पो हो कि भन्ने कुराको परीक्षण गर्नु आवश्यक हुन्छ। अर्कालाई धुलो, खरानी वा हिलो छ्याप्नेलाई दस पण र अपवित्र वस्तु वा हिलो आदि छ्याप्नेलाई वा खुट्टाले वा कुर्कुच्चाले हान्नेलाई बीस पण दण्ड लगाउनुपर्छ । यस्तो दण्ड समान वर्ण भएकाहरूका लागि नै भनिएको हो। अर्काकी स्त्री वा आफूभन्दा उत्तम वर्णका पुरुषप्रति त्यस्तो व्यवहार गर्दाखेरि मानिस दोब्बर दण्डको भागीदार हुन्छ र आफूभन्दा हीन वर्णप्रति त्यस्तो व्यवहार गर्दा मानिस आधा दण्डको अधिकारी हुन्छ। यदि कोही नसाले मात्तिएर त्यसो गर्छ भने त्यसमाथि दण्ड लगाउनु हुँदैन। ब्राह्मणबाहेकका कुनै मानिसले ब्राह्मणलाई आफ्नो जुन अङ्गले पिट्छ, हिर्काउँछ भने उसको त्यो अङ्ग छिनाइदिन योग्य हुन्छ । ब्राह्मणलाई मार्नका लागि हतियार उज्यायो भनेदेखि त्यस पुरुषलाई प्रथम साहसको दण्ड हुनुपर्दछ। यदि उसले मार्ने विचार गरेर शस्त्र छोएको मात्रै छ भने उसलाई प्रथम साहसको आधा दण्ड दिनुपर्दछ । आफ्नै समान वर्णका मानिसलाई हान्न हात उज्झाउनेलाई दस पण, लाती उज्याउनेलाई बीस पण र एकापसमा मारामार गर्नका लागि हतियार उचालेका छन् भने सबै वर्णकालाई नै मध्यम साहसको दण्ड दिनुपर्दछ । कसैको खुट्टा, कपाल, लुगा, हात यी मध्ये कुनै पनि समातेर तान्यो वा झट्काऱ्यो भने त्यस अपराधिलाई दस पणको दण्ड लगाउनुपर्दछ । यसै गरी कसैलाई लुगाले बेरेर जोडतोडले झट्कार्दै, थिच्दै र घिच्याउँदै खुट्टाले हिर्काउने गर्न थाल्यो भने त्यस्ता आक्रमणकर्ताबाट सय पण असुल

ध्यो दण्डो व्रणोद्भेदे मृतकल्पहते तथा ।१६।

ेष्टाभोजनवाग्रोधे नेत्रादिप्रतिभेदने ।

न्धराबाहुसक्थ्यां च भङ्गे मध्यमसाहसः ।१७।

कं घ्नतां बहूनां च यथोक्ताद्द्विगुणो दमः ।

लहापहृतं देयं दण्डस्तु द्विगुणः स्मृतः ।१८।

ःखमुत्पादयेद्यस्तु ससमुत्थानजं व्ययम् ।

ाप्यो दण्डं च यो यस्मिन्कलहे समुदाहृतः ।१९।

ारिकः स्थलजं शुल्कं गृह्णन् दड्यः पणान्दश ।

ाह्मणप्रातिवेश्यानामतदेवानिमन्त्रणे ।२०।

भिघाते तथा भेदे छेदे कुड्यावपातने ।

डान्दाप्यः पञ्चदशविंशतिं तत्त्रयं तथा ।२१।

ःखोत्पादिगृहे द्रव्यं क्षिपन्प्राणहरं तथा ।

ोडशाद्यः पडान्दाप्योः द्वितीयो मध्यमं दमम् ।२२।

ःखे च शोणितोत्पादे शाखाङ्गच्छेदने तथा ।

ण्डः क्षुद्रपशूनां स्याद्‌धिपणप्रभृतिः क्रमात् ।२३।

ङ्गस्य छेदने मृत्यौ मध्यमो मूल्यनेव च ।

ाहापशूनामेत्तेषु स्थानेषु द्विगुणा दमाः ।२४।

रोहिशाखिनां शाखास्कन्धसर्वविदारणे ।

पजीव्यद्रुमाणां तु विंशतेर्द्विगुणो दमः ।२५।

ः साहसं कारयति स दाप्यो द्विगुणं दमम् ।

स्त्वेवमुक्त्वाहं दाता कारयत्स चतुर्गुणम् ।२६।

ार्य्याक्रोशातिक्रमकृद्भ्रातृजायाप्रहारदः ।

गर्नुपर्दछ। यदि कसैले लौराले दुख्ने गरी हिर्कायो तर शरीरबाट रगत निस्केन भने त्यसमाथि बत्तीस पण दण्ठ लगाउनुपर्दछ। यदि यस्ता प्रहारबाट रगत पनि निस्क्यो भने त्यस अपराधिमाथि दोब्बर अर्थात् चौसठ्ठी पणको दण्ड लगाउनुपर्दछ । कसैका हात, खुट्टा अथवा दाँत भाँच्ने, नाक, कान काट्ने वा घाउमा किचिदिने अथवा कुटेर मरणासन्न गराउनेमाथि मध्यम साहस अर्थात् पाँच सय पण दण्ड लगाउनुपर्दछ । कसैको प्रयास, बोली वा भोजनमा रोक लगाउने, आँखा जिब्रो आदि फुटाउने वा काट्ने, पाखुरा, काँध वा तिघ्रा भाँच्नेलाई पनि मध्यम साहसको दण्ड दिनुपर्दछ। यदि धेरै जना मिलेर एउटा मानिसलाई अङ्गभङ्ग गराएका छन् भने जुनजुन अपराधका लागि जेजे दण्ड भनिएको छ ती सबैलाई तिनीहरूकै दोब्बर दण्ड दिनुपर्दछ। दुई जना बीचको झैझगडामा जसले जसको जुन वस्तु खोसेको छ राजाका आदेशले उसले त्यो वस्तु फिर्ता गर्नुपर्दछ र लुटपाटका अभियोगको दण्डस्वरूप त्यस वस्तुको मूल्यको दोब्बर दण्ड राजालाई तिर्नुपर्दछ । कसैले कसैलाई हिर्काएर घाउचोट लागेको छ भने त्यसले उसको घाउ भरिएर बिरामी निको नहुन्जेल औषधिउपचारमा लाग्ने सबै खर्च बेहोर्नुपर्दछ। त्यसका साथै जुन कलहका लागि जुन दण्ड भनिएको छ त्यस अनुसार अर्थ दण्ड पनि तिर्नुपर्दछ । नौकाबाट मानिसलाई तार्ने मानिसले यदि स्थल मार्गबाट हिँडेका मानिसबाट शुल्क लिएको छ भने त्यसमाथि दस पण दण्ड लगाउनुपर्दछ। यदि छिमेकमा यजमान बसेको छ र ऊसित धेरै धन पनि छ अनि छिमेकमा रहेका सदाचारी विद्वान् ब्राह्मणलाई श्राद्ध आदिमा बोलाउँदैन भने त्यस यजमानमाथि पनि त्यही दण्ड लगाउनुपर्दछ। कसैका भित्तामा लाठामुङ्ग्राले हान्नेमाथि पाँच पण, त्यसलाई चर्काउनेमाथि दस पण र फोर्ने भत्काउनेमाथि बीस पण दण्ड लगाउनुपर्दछ र त्यसरी नै गारो पूरै भत्काइदिनेसँग पैंतीसपण दण्ड लिनुपर्दछ।१-२१।

त्यसका साथसाथै त्यस गाराको धनीलाई पूरै नयाँ गारो लगाउने खर्च उसबाट चुक्ता गराउनुपर्दछ । कसैका घरमा काँडा आदि दुःख दिने वस्तु खन्याइदिनेमाथि बीस पण र ज्यानमारा विष, बिखालु सर्प आदि हालिदिनेमाथि मध्यम साहस अर्थात् पाँच सय पण दण्ड दिनुपर्ने विधान छ। साना पशुलाई दुःख दिनेमाथि दुई पण, त्यसका जिउबाट रगत निकाल्नेलाई चार पण, सिङ भाँचि दिनेलाई छ पण र अङ्गभङ्ग गराउनेलाई आठ पण दण्ड लगाउनुपर्दछ। साना पशुको लिङ्ग छेदन गर्ने वा मारिदिनेलाई मध्यम साहसको दण्ड दिनुपर्दछ र अपराधिबाट त्यस वस्तुको मोल मालिकलाई दिलाउनुपर्दछ। हात्ती, घोडाजस्ता ठूला पशुलाई दुःख दिने आदि पहिले भनिएजस्ता अपराध गर्दा साना पशुको तुलनामा दोब्बर दण्ड लगाउनुपर्दछ । जसका हाँगा काटेर अन्यत्र सार्दा सर्दछन्

सन्दिष्टस्याप्रदाता च समुद्रगृहभेदकः ।२७।
सामन्तकुलिकादीनामपकारस्य कारकः ।
पञ्चाशत्पणिको दण्ड एषामिति विनिश्चयः ।२८।
स्वच्छन्दविधवागामी विक्रुष्टे नाभिधावक ।
अकारणे च विक्रोष्टा चाण्डालश्चोत्तमान्स्पृशत् ।२९।
शूद्रः प्रव्रजितानां च दैवे पैत्र्ये च भोजकः ।
अयुक्ते शपथं कुर्वन्नयोग्यो योग्यकर्मकृत् ।३०।
वृषक्षुद्रपशूनां च पुंस्त्वस्य प्रतिघातकृत् ।
साधारणस्यापलापो दासीगर्भविनाशकृत् ।३१।
पितापुत्रस्वसृभ्रातृदम्पत्याचार्य्यशिष्यकाः ।
एषामपतितान्योऽन्यत्यागी च शतदण्डभाक् ।३२।
वसानस्त्रीन्पणान्दण्ड्यो नेजकस्तु परांशुकम् ।
विक्रयावक्रयाधानयाचितेषु पणान्दश ।३३।
तुलाशासनमानानां कूटकृन्नाणकस्य च ।
एभिश्च व्यवहर्त्ता यः स दाप्यो दण्डमुत्तमम् ।३४।
अकूटं कूटकं ब्रूते कूटं यश्चाप्यकूटकम् ।
स नाणकपरीक्षी तु दाप्यः प्रथमसाहसम् ।३५।
भिषङ्मिथ्याचरन्दाप्यस्तिर्य्यक्षु प्रथमं दमम् ।
मानुषे मध्यमं राजमानुषेषूत्तमं तथा ।३६।
अबध्यं यश्च बध्नाति बध्यं यश्च प्रमुञ्चति ।
अप्राप्तव्यवहारं च स दाप्यो दममुत्तमम् ।३७।
मानेन तुलया वापि योंशमष्टमकं हरेत् ।

त्यस्ता वा आदि वृक्षहरूलाई प्ररोहिशाखी भनिएको छ। यस्ता प्ररोहिशाखी तथा जसका हाँगा सर्दैनन् तर जीविका चलाउन साधन हुन्छन् ती आम आदि रुखका हाँगा, बिँगा, मूलसहित सम्पूर्ण वृक्ष छेदन गर्दा क्रमशः बीस, चालीस र अस्सी पण जरिवाना गराउने विधान छ। आफ्नै वा अर्काको धन बलपूर्वक अपहरण गर्नुलाई साहस भनिएको छ । जसले अर्काको धनमाल चोर्छ उसलाई त्यस चोरीका मालको खोब्बर दण्ड लगाउनुपर्दछ । जसले अपराध गरीकन आफूले गरेको होइन भन्दै अस्वीकार गर्दछ उसलाई वस्तुका मूल्यको चार गुना दण्ड तिराउनुपर्दछ। जुन मानिस अर्काबाट चोरी डकैती आदि साहस (अपराध)का काम गराउँछ उसलाई साहससम्बन्धी बताइएका दण्डको दोब्बर दण्ड तिराउनुपर्दछ। अर्कालाई धन दिन्छु भनी साहसका काम गराउँछ त्यसमाथि अपराधकर्ताका लागि चार गुनाधन दण्डका रूपमा असुल गर्नुपर्दछ। आचार्य आदि श्रेष्ठ पुरुषको आज्ञा उलङ्घन वा निन्दा गर्ने, भाउजू-भाइबुहारीलाई कुट्ने, वचन दिएरर काम नगर्ने, कसैका घरको ताल्चा भत्काएर खोल्ने, छिमेकी र आफन्तको कुभलो गर्नेमाथि राजाले पचार पणको दण्ड लगाउनुपर्छ भन्ने शास्त्रको नियम छ । स्वेच्छापूर्वक विधवा गमन गर्ने, गुहार माग्दा सहयोग गर्न नजाने, विनाकाममा मानिससित गुहार माग्ने, चाण्डाल भईकन ठूला जातिलाई छुन जाने, देवता र पितृकार्यमा संन्यासीलाई भोजन गराउने, शूद्र, अनुचित शपथ लिने, अयोग्य भईकन पनि योग्य अधिकारीको काम गर्न तम्सने, गोरु र भेडा बाखा आदि साना पशुलाई खसी पार्ने, साधारण वस्तुकै पनि ठगी गर्ने, दासीको गर्भपतन गराउने तथा पिता-पुत्र, दाजुभाइ-दिदीबहिनी, पति-पत्नी, गुरु-शिष्य आदिलाई पतित नभईकन पनि एकापसमा त्याग गर्ने यिनीहरूलाई पनि सयसय पणको दण्ड लगाउनुपर्दछ । धोबीले अर्काका लुगा लगायो भने तीन पण र बेच्यो, भाडामा दियो अथवा बन्धक राख्यो या कसैले माग्दा दियो भने दस पण आर्थिक जरिवाना तिराउनुपर्दछ। ढक-तराजु, माना-पाथी आदि र मापदण्डको चिह्न अङ्कित गरिएका नापतौलमा ठगी गर्ने र किर्ते साधनले नापतौल गर्ने यी दुवैलाई छुट्टाछुट्टै उत्तम साहसका दण्डले दण्डित गर्नुपर्दछ। मुद्राको परिक्षण गर्नेले असलीलाई नक्कली वा नक्कली मुद्रालाई असली भन्यो भने राजाले त्यसलाई पनि प्रथम साहसको दण्ड भुक्तान गराउनुपर्दछ। जसले आयुर्वेद नजानीकनै बैद्य हुँ भन्दै मानिस, पशु र राजाका कर्मचारी आदिलाई ओखतीमुलो गरिहिँड्छ त्यस्तालाई क्रमशः प्रथम, मध्यम र उत्तम साहस दण्ड तिराउनुपर्दछ। कुनै राजपुरुषले निरपराधीलाई राजाको आज्ञा नपाई कैद गर्‍यो भने र कुनै थुन्नै पर्नेलाई अभियोग निर्णयमा नपुग्दै छोडिदियो भने त्यस्तालाई उत्तम साहसको दण्ड दिनुपर्ने हुन्छ। व्यापारीले जाली नापद्वारा किनबेचका सामग्रीको आठ प्रतिशत ठगी गर्‍यो भने त्यो दुई

द्वाविंशतिपणान् दाप्यो वृद्धौ हानौ च कल्पितम् ।३८।
भेषजस्नेहलवणगन्धधान्यगुडादिषु ।
पण्येषु प्रक्षिपन्हीनं पणान्दाप्यस्तु षोडश ।३९।
सम्भूय कुर्वतामर्घं सबाधं कारुशिल्पिनाम् ।
अर्थस्य ह्रासं वृद्धिं वा सहस्रो दण्ड उच्यते ।४०।
राजनि स्थाप्यते योऽर्थः प्रत्यहं तेन विक्रयः ।
क्रयो वा निस्रवस्तस्माद्वणिजां लाभकृत्स्मृतः ।४१।
स्वदेशपण्ये तु शतं वणिग्गृह्णीत पञ्चकम् ।
दशकं पारदेश्ये तु यः सद्यः क्रयविक्रयी ।४२।
पण्यस्योपरि संस्थाप्य व्ययं पण्यसमुद्भवम् ।
अर्थोऽनुग्रहकृत्कार्य्यः क्रेतुर्विक्रेतुरेव च ।४३।
गृहीतमूल्यं यः पण्यं क्रेतुर्नैव प्रयच्छति ।
सोदयं तस्य दाप्योऽसौ दिग्लाभं वा दिगागते ।४४।
विक्रीतमपि विक्रेयं पूर्वे क्रेतर्य्यगृह्णति ।
हानिश्चेत्क्रेतृदोषेण क्रेतुरेव हि सा भवेत् ।४५।
राजदैवोपघातेन पण्ये दोषमुपागते ।
हानिर्विक्रेतुरेवासौ याचितस्याप्रयच्छतः ।४६।
अन्यहस्ते च विक्रीतं दुष्टं वाऽदुष्टवद्यदि ।
विक्रीनीते दमस्तत्र तन्मूल्याद्द्विगुणो भवेत् ।४७।
क्षयं वृद्धिं च वणिजा पण्यानामविजानता ।
क्रीत्वा नानुशयः कार्य्यः कुर्वन्षड्भागदण्डभाक् ।४८।
समवायेन वणिजां लाभार्थं कर्म कुर्वताम् ।

सय पणको दण्डले दण्डित हुनुपर्छ । आठ अंशभन्दा कम या बढी भयो भने दण्ड पनि उसै अनुसार कमबेसी हुन्छ । औषधि, घिउ, तेल, नुन, सुगन्धित वस्तु, खाद्यान्न र गुड आदि व्यापारिक वस्तुमा जसले कमसल वस्तुको मिसावट गर्दछ राजाले त्यसमाथि सोह्र पण दण्ड लगाउनुपर्छ । यदि व्यापारीहरू सङ्गठित भएर राजाद्वारा निश्चित गरिएको भाव जानेर पनि लोभका कारण कामदार, ज्यामीहरूलाई दुःख दिने गरी मूल्य वृद्धि वा कमी गरे भने राजाले तिनीहरूमाथि एक हजार पणको दण्ड लगाउनुपर्दछ। राजाका निकटवर्ती हुन् भने उनीहरूले जुन वस्तुको मूल्य निर्धारित गरिएको छ प्रत्येक दिन व्यापारीहरूले त्यसै दरमा किनबेच गर्नुपर्दछ । त्यसमा हुने जुन बचत हो, व्यापारीको लाभ भनेर त्यसैलाई मान्नुपर्दछ। व्यापारीले आफ्नै देशका उत्पादित वस्तुमाथि पाँच प्रतिशत र तत्काल बिक्रीवितरण हुने आयातीत द्रव्यमा दस प्रतिशत लाभ लिनुपर्छ। राजाले पसलको खर्च बिक्री गरिने वस्तुमाथि राखेर जतिले क्रेता र विक्रेता दुवैलाई लाभ हुन्छ उसै किसिमले मूल्य तोक्नुपर्दछ।२२-४३।

जुन व्यापारीले मूल्य लिएर पनि ग्राहकलाई माल दिएन भने त्यससित ब्याजसहित त्यो माल ग्राहकलाई दिलाउनुपर्दछ। यदि ग्राहक परदेशको हो भने उसका देशमा लगेर बेच्दा जस्तो लाभ हुन्छ त्यही लाभसहित राजाले त्यो वस्तु व्यापारीबाट ग्राहकलाई दिलाउनुपर्दछ । यदि पहिलो ग्राहकले मालमाथि केही सन्देह मानेर वस्तु लिन खोजेन भने व्यापारीले त्यो बेचिएको वस्तु पनि अर्कालाई बेच्न सक्दछ। यदि विक्रेताले दिँदा पनि ग्राहकले लिएन र त्यो व्यापारको वस्तु राजा या दैवका कारण नष्ट भयो भने त्यो हानि क्रेताकै कारणले भएको हुनाले उसैले त्यो हानि खप्नुपर्दछ, बेच्नेले होइन। यदि ग्राहकले माग्दा पनि त्यो बेचिएको वस्तु बेच्नेले दिएन र त्यो व्यापारिक वस्तु राजा या दैव लागेर मासियो भने व्यापारीको हानि हुन्छ। आफूले बेचेको वस्तु जुन व्यापारीले अर्कालाई फेरि बेच्दछ अथवा बिग्रेका वस्तुलाई असल भनेर बेच्छ राजाले त्यसमाथि वस्तुको मूल्यभन्दा दोब्बर आर्थिक जरिवाना लगाउनुपर्दछ । जानीबुझीकन किनेका वस्तुको मूल्य किनिसकेपछि घट्यो वा बढ्यो भने त्यसबाट हुने लाभ या हानिका विषयमा नजान्ने ग्राहकले पनि त्यो माल लिनमा अन्कनाउनु हुँदैन । विक्रेताले पनि दाम बढेर आफूलाई घाटा लागेको छ भन्ने नजाने पनि माल दिनमा अन्कनाउनु हुँदैन । यसबाट किनबेचपछि यदि ग्राहकलाई घाटा देखिएको छ भने उसले माल लिनमा आपत्ति जनाउन सक्छ। यसै गरी विक्रेताले पनि त्यही भाउमा माल दिँदा हानि हुने देख्यो भने त्यो माल रोक्न सक्छ। यदि अनुशय (आनाकानी) गर्नु नपर्ने स्थितिमा क्रेता या विक्रेताले अनुशय गरे भने तिनीहरूमाथि व्यापारिक वस्तुका मूल्यको छैटौं अंश दण्ड लगाउनुपर्दछ। जुन व्यापारीहरू सङ्गठित भएर लाभका लागि

लाभालाभौ यथा द्रव्यं यथा वा संविदा कृतौ ।४९।
प्रतिषिद्धमनादिष्टं प्रमादाद्यच्च नाशितम् ।
स तद्दद्याद्विप्लवाच्च रक्षिताद्दशमांशभाक् ।५०।
अर्थप्रक्षेपणाद्विंशं भागं शुल्कं नृपो हरेत् ।
व्यासिद्धं राजयोग्यं च विक्रीतं राजगामि तत् ।५१।
मिथ्या वदन्परीमाणं शुल्कस्थानादपक्रमन् ।
दाप्यस्त्वष्टगुणं यश्च सव्याजक्रयविक्रयी ।५२।
देशान्तरगते प्रेते द्रव्यं दायादबान्धवाः ।
ज्ञातयो वा हरेयुस्तदागतास्तैर्विना नृपः ।५३।
जिह्मं त्यजेयुर्निर्लोभमशक्तोऽन्येन कारयेत् ।
अनेन विधिराख्यात ऋत्विक्कर्षककर्मिणाम् ।५४।
ग्राहकैर्गृह्यते चौरो लोप्त्रेणाथ पदेन वा ।
पूर्वकर्मापराधी वा तथैवाशुद्धवासकः ।५५।
अन्येऽपि शङ्कया ग्राह्या जातिनामादिनिह्नवैः ।
द्यूतस्त्रीपानशक्ताश्च शुष्कभिन्नमुखस्वराः ।५६।
परद्रव्यगृहाणां च पृच्छका गूढचारिणः ।
निराया व्ययवन्तश्च विनष्टद्रव्यविक्रयाः ।५७।
गृहीतः शङ्कया चौर्य्ये नात्मानं चेद्विशोधयेत् ।
दापयित्वा हृतं द्रव्यं चौरदण्डेन दण्डयेत् ।५८।
चौरं प्रदाप्यापहृतं घातयेद्विविधैर्वधैः ।
सचिह्नं ब्राह्मणं कृत्वा स्वराष्ट्राद्विप्रवासयेत् ।५९।

व्यापार गर्दछन् उनीहरू आफ्नो लगानी धनअनुसार अथवा पहिलेको सम्झौताअनुसार लाभहानिमा भाग लिनुपर्दछ। यदि उनीहरूमा कसैले आफ्नो साझेदारीलाई अस्वीकार गर्दछ भने या अनुमति दिँदैन भने अथवा ठूलो भएर कुनै वस्तुमा हानि गर्दछ भने त्यसको क्षतिपूर्ति उसैले दिनुपर्दछ। यदि तिनीहरूमध्ये कसैले नोक्सानीबाट व्यापारिक वस्तुलाई जोगाउँछ भने उसले दस भागको एक भाग लाभांश प्राप्त गर्दछ। व्यापारिक वस्तुको मूल्य निश्चित गरिदिएका कारण राजाले मूल्यको बीसौँ भाग आफ्नो करका रूपमा लिनुपर्दछ। यदि कुनै व्यापारीले राजाले रोक लगाएको एवं राज्यका लागि काम लाग्ने वस्तुलाई पनि नाफा कमाउने लोभले अर्का कुनैका हातमा बेचिदिन्छ भने राजाले त्यो वस्तु मूल्य नतिरीकन लिन सक्छन्। जुन मानिसले मूल्यका स्थानमा वस्तुको परिमाण ढाँट्छ वा त्यस ठाउँबाट भाग्ने कोसिस गर्दछ अथवा कुनै निहुँ पारेर कुनै विवादास्पद वस्तुको किनबेच गर्दछ यी सबैमाथि व्यापारिक वस्तुका मूल्यको आठ गुना जरिवाना लगाउनुपर्दछ। यदि साझेदारीमा काम गर्नेहरूमा कसैको अर्का देशमा गएका बेलामा मृत्यु भयो भने त्यसका भागको धन अंशियार, बान्धव, अथवा सजातीय आदिले लिनुपर्दछ। उनीहरू कोही छैनन् भने त्यस धनलाई राजाले नै लिनुपर्दछ। साझेदारीमा काम गर्ने कुनै ठग वा कुटिल भयो भने उसलाई कति पनि लाभको अंश नदिईकन साझेदारीबाट बाहिर निकालिदिनुपर्दछ। तिनीहरूमा आफ्नो काम गर्न जो स्वयं समर्थ हुँदैन उसले अर्काबाट गराउनुपर्दछ। होता आदि ऋत्विजहरू, किसान तथा सिप गरेर खाने कर्मीज्यामी, नर्तकनर्तकी आदि यी सबैको रहनसहनको ढाँचा पनि माथिकै कथनबाट स्पष्ट पारिएको छ। कसैकहाँ चोरी भयो भने राजकीय पुरुषहरू वा सुरक्षा विभागका सिपाहीहरूले जो चोरका रूपमा चिनिएको वा सबैले चोर भन्ने गरेको वा चोरको चिह्न लगाइएको अथवा चोरीको दसीप्रमाण भएका मानिसलाई पक्रनुपर्दछ। अथवा चोरिएका दिनदेखि नै चोरका पाइलाहरू पछ्याउँदै जाँदा चोरको ठम्याइयो भने उसलाई थुन्नुपर्दछ। जो पहिले पनि चोरीका काममा अपराधी भइसकेको छ र जसको कुनै निश्चित थातबास छैन त्यस्ता मानिसलाई पनि शङ्का गरेर थुन्नुपर्दछ। सोधखोज गर्दा जसले आफ्नो नाम र जाति लुकाउँछ, जो जुवा खेल्न, वेश्यागमन गर्न र मद्यपान गर्नमा आसक्त हुन्छ, चोरीका विषयमा सोध्दा जसको मुख सुक्छ र बोली बिग्रिन्छ, जो अर्काको धन र घरका विषयमा खोजीनिती गर्दछ, जो गोप्य रूपमा हिँडडुल गर्दछ, जसका आयस्रोत नदेखिए पनि धेरै खर्चिलो छ र जो भत्केका पुराना वस्तुहरू बेचबिखन गर्दछ त्यस्ता अन्य मानिसहरूलाई पनि चोरीका सन्देहमा पक्राउ गर्नुपर्दछ। जुन मानिस चोरीका शङ्कामा पक्राउ परेको छ, त्यसले यदि आफ्नो निर्दोषिता प्रमाणित गर्न सकेन भने राजाले त्यसबाट चोरीको धन असुल गराएर चोरका लागि दिइने दण्ड दिनुपर्दछ। राजाले चोरबाट चोरीको धन तिराएर त्यसलाई

घातितेऽपहृते दोषो ग्रामभर्तुरनिर्गते ।

स्वसीम्नि दद्याद्ग्रामस्तु पदं वा यत्र गच्छति ।६०।

पञ्चग्रामी बहिः क्रोशाद्दशग्राम्यथ वा पुनः ।

वन्दिग्राहांस्तथा वाजिकुञ्जराणां च हारिणः ।६१।

प्रसह्य घातिनश्चैव शूलमारोपयेन्नरान् ।

उत्क्षेपकग्रन्थिभेदौ करसन्दंशहीतकौ ।६२।

कार्य्यौ द्वितीयापराधे करपादैकहीनकौ ।

भक्तावदंशाग्न्युदकमन्त्रोपकरणव्ययान् ।६३।

दत्त्वा चौरस्य हन्तुर्वा जानतो दम उत्तमः ।

शस्त्रावपाते गर्भस्य पातने चोत्तमो दमः ।६४।

उत्तमो वाऽधमो वापि पुरुषस्त्रीप्रमापणे ।

शिलां बद्ध्वा क्षिपेदप्सु नरघ्नीं विशदां स्त्रियम् ।६५।

विषाग्निदां निजगुरुनिजापत्यप्रमाप्रणीम् ।

विकर्णकरनासौष्ठीं कृत्वा गोभिः प्रमापयेत् ।६६।

क्षेत्रवेश्मवनग्रामविवीतखलदाहकाः ।

राजपत्न्यभिगामी च दग्धव्यास्तु कटाग्निना ।६७।

पुमान्सङ्ग्रहणे ग्राह्यः केशाकेशीपरस्त्रियाः ।

स्वजातावुत्तमो दण्ड आनुलोम्ये तु मध्यमः ।६८।

प्रातिलोम्ये वधः पुंसां नार्य्याः कर्णावकर्त्तनम् ।

नीवीस्तनप्रावरणनाभिकेशावमर्दनम् ।६९।

अदेशकालसम्भाषं सहावस्थानमेव च ।

अनेकौँ खालका शारीरिक दण्डहरू दिँदै मारिदिनुपर्दछ। यस्तो दण्ड धेरै मूल्यवान् वस्तुहरू धेरै चोरिए भने मात्रै दिनुपर्ने हुन्छ; तर चोर्ने मानिस ब्राह्मण रहेछ भने उसका निधारमा चिनो लगाएर त्यसलाई आफ्ना राज्यबाट निकालिदिनुपर्दछ। यदि गाउँमा कुनै मानिसको हत्या भयो अथवा धनको चोरी भयो भने चोर गाउँबाट निस्केर कतै भागेको चिनो केही देखियो भने सम्पूर्ण दोष गाउँका गस्तीको मुखियालाई जान्छ। उसैले चोरलाई पक्रेर राजाका जिम्मा लगाउनुपर्दछ। यदि त्यसो गर्न सकेन भने जसका घरमा धनको चोरी भएको छ त्यस घरधनीलाई चोरीको सबै धन आफ्ना घरबाट तिर्नुपर्दछ। यदि गाउँबाट चोर बाहिर निस्केर गएको कुनै चिह्न देखाउन सक्यो भने चोर जुन ठाउँबाट पसेको छ त्यस ठाउँका अधिपतिले नै त्यस चोरलाई पक्राउ गर्नुपर्दछ अथवा चोरी भएको धन आफ्ना घरबाट तिर्नुपर्दछ। यदि विवीत स्थानमा अपहरणको घटना भएको छ भने विवीत स्वामी नै त्यसको दोषी हुन्छ यदि मार्गमा वा विवीत स्थानभन्दा बाहिरको अर्का क्षेत्रमा चोरीको वस्तु भेटियो या चोरको चिह्न देखियो भने चोर पक्रने काममा खटिएका गस्ती अथवा त्यस दिशाका संरक्षकमाथि दोष आउँछ। यदि गाउँभन्दा बाहिर तर गाउँको सीमाको भित्रको क्षेत्रमा चोरी आदिका घटना घटित भए भने त्यसै गाउँका निवासीले क्षतिपूर्ति गर्नुपर्दछ। उनीहरूमाथि यसको उत्तरदायित्व चोरका पाइला गाउँबाट बाहिर गएको देखाउन नसकुन्जेल रहेकै हुन्छ। यदि सीमाबाहिर गएको देखियो भने जुन गाउँ आदिमा त्यसको प्रवेश भएको छ त्यहीँका मानिस ने चोरलाई पक्राउ गर्न र चोरीका वस्तु फिर्ता गर्नमा जिम्मेदार हुन्छन्। यदि अनेकौँ गाउँका बीचमा एक कोसभन्दा बाहिरको सीमामा हत्या र चोरीको घटना घटित भएको छ र धेरै मानिसको कुदाकुदले चोरका पाइला मेटिए भने पाँच गाउँका मानिस अथवा दस गाउँमा मानिस मिलेर चोर पक्रने र चोरिएको माल फिर्ता गर्ने उत्तरदायित्व आफूमाथि लिनुपर्दछ। बन्दीलाई गोप्य रूपमा जेलबाट छुटाएर भगाउने, घोडा र हात्तीहरू चोर्ने तथा बलपूर्वक कसैको हत्या गर्ने मानिसलाई राजाले शूलीमाथि चढाउनुपर्दछ। लुगा आदि चोर्ने बगली मार्ने आदिलाई राजाले पहिलो अपराधमा क्रमशः बुढी औँलो र चोरी औँलो काटिदिनुपर्छ र फेरि पनि त्यही अपराध गर्दा ती दुवैलाई राजाले क्रमशः एउटा हात र एउटा खुट्टो नभएको बनाइदिनुपर्दछ जुन मानिसले जानीबुझीकन चोर वा हत्यारालाई खाने, बस्ने जाडोमा आगो ताप्ने, तिर्खा लाग्दा पानी खाने, चोर्ने तौरतरिका सिकाउने, चोरीका साधन जुटाइदिने, त्यसै कामका लागि अन्यत्र जाने बाटोखर्च जुटाइदिने आदि गर्दछ त्यसलाई उत्तम साहसको दण्ड दिनुपर्दछ। अर्काका शरीरमा धारिलो हतियार हान्ने अथवा गर्भवती स्त्रीको गर्भपतन गराइदिनेलाई पनि उत्तम साहसकै दण्ड दिनु राम्रो हुन्छ।४४-६४।

कुनै पुरुष वा स्त्रीको हत्या गर्दा उसको शील र आचारला

स्त्रीनिषेधेशतं दद्याद्धिशतं तु दमं पुमान् ।७०।
प्रतिषेधे तर्योदण्डो यथा सङ्ग्रहणे तथा ।
पशून्गच्छंञ्छतं दाप्यो हीनां स्त्रीं गाश्च मध्यमम् ।७१।
अवरुद्धासु दासीषु भुजिष्यासु तथैव च ।
गम्यास्वपि पुमान्दाप्यः पञ्चाशत्पणिकं दमम् ।७२।
प्रसह्य दास्यभिगमे दण्डो दशपणः स्मृतः ।
कुबन्धेनाङ्क्य गमयेदन्त्याप्रव्रजितागमे ।७३।
न्यूनं वाप्यधिकं वापि लिखेद्यो राजशासनम् ।
पारदारिकचौरं वा मुञ्चतो दण्ड उत्तमः ।७४।
अभक्षैर्दूषयन्विप्रं दण्ड उत्तमसाहसम् ।
कूटस्वर्णव्यवहारी विमांसस्य च विक्रयी ।७५।
अङ्गहीनश्च कर्त्तव्यो दाप्यश्चोत्तमसाहसम् ।
शक्तो ह्यमोक्षयन्स्वामी दंष्ट्रिणः शृङ्गिणस्तथा ।७६।
प्रथमं साहसं दद्याद्विक्रुष्टे द्विगुणं तथा ।
अचौरं चौरेऽभिवदन्दाप्यः पञ्चशतं दमम् ।७७।
राज्ञोऽनिष्टप्रवक्तारं तस्यैवाक्रोशकं तथा ।
मृताङ्गलग्नविक्रेतुर्गुरोस्ताडयितुस्तथा ।७८।
तन्मन्त्रस्य च भेत्तारं छित्त्वा जिह्वां प्रवासयेत् ।
राजयानासनारोढुर्दण्डो मध्यमसाहसः ।७९।
द्विनेत्रभेदिनो राजद्विष्टादेशकृतस्तथा ।
विप्रत्वेन च शूद्रस्य जीवतोऽष्टशतो दमः ।८०।

ख्याल गरेर उत्तम या अधम साहसको दण्ड दिनुपर्दछ। जसले पुरुषलाई हत्या गर्छे तथा अर्कालाई विष खुवाएर मार्दछे त्यस्ती (गर्भिणीबाहेक) स्त्रीलाई गलामा ढुङ्गा बाँधेर पानीमा फ्याँकिदिनुपर्दछ। विष खुवाउने, आगो लगाउने, आफ्नो पति, गुरु, सन्तानलाई मार्ने स्त्रीलाई कान, हात, नाक र ओठ काटेर त्यसलाई साढेँले कुल्चाएर मार्नुपर्दछ। खेत, घर, वन, गाउँ, आरक्षित भूभाग अथवा खलामा आगो लगाउने र राजाकी पत्नीसित समागम गर्ने मानिसलाई सुकेका नर्कटका सिन्काले पुरेर डढाइदिनुपर्दछ। कपाल समातेर परस्त्रीसित खेल्ने पुरुषलाई व्यभिचारको अपराधमा पक्रनुपर्दछ। सजातीय नारीसित समागम गर्नेलाई एक हजार पण, आफूभन्दा सानो जातकी स्त्रीसित सम्भोग गर्नेलाई पाँच सय पण र उच्च जातिकी स्त्रीसित समागम गर्नेलाई वधको दण्ड दिनुपर्दछ र यस्तो गर्ने स्त्रीका नाककान काटिदिनुपर्दछ। जुन पुरुषले परस्त्रीको कम्मरको लुगा, स्तन, चोली, नाभी र केश पक्रन्छ, अनुचित ठाउँमा र समयमा कुराकानी गर्दछ, एउटै आसनमा बस्छ त्यसलाई पनि व्यभिचारको दोषमा पक्रनुपर्दछ। जुन स्त्री रोक लगाउँदा पनि परपुरुषसँग गफ गर्दछे उसलाई सय पण र रोक लगाउँदा पनि परस्त्रीसँग गफ गर्ने पुरुषलाई दुई सय पण दण्ड दिनुपर्दछ। रोक लगाउँदा पनि यदि ती दुवै गफ गरिरहेका भेटिन्छन् भने तिनीहरूलाई व्यभिचारको दण्ड दिनुपर्दछ। पशुसित मैथुन गर्नेलाई सय पण तथा नीच जातिकी स्त्रीसित या गाईसित समागम गर्नेलाई पाँच सय पणको दण्ड दिनुपर्दछ। कसैले किनेकी दासी तथा रखैल स्त्रीसित उसले समागम गर्न हुन्छ तापनि त्यस पुरुषलाई पचास पणको दण्ड लगाउनुपर्दछ। दासीसित बलात्कार गर्नेका लागि दस पणको विधान छ। चाण्डाल्नी या संन्यासिनीसित समागम गर्ने मानिसका निधारमा भगको चिह्न बनाइदिएर देशनिकाला गरिदिनुपर्दछ। जुन मानिसले राजाको आज्ञालाई घटबढ पारेर लेख्छ अथवा व्यभिचारी या चोरलाई छोडिदिन्छ राजाले त्यसलाई उत्तम साहसको दण्ड दिनुपर्दछ। ब्राह्मणलाई अभक्ष खुवाएर दूषित गराउने उत्तम साहस दण्डको भागी हुनेछ। नक्कली सुनको व्यापार गर्नेलाई र मासु बेच्नेलाई एक हजार पणको दण्ड दिनुपर्दछ र त्यसलाई नाक, कान र हात यी तीनै अङ्ग नभएको बनाइदिनुपर्दछ। यदि पशुको धनी सक्ने हुँदा हुँदै पनि आफ्ना सिङ, दाँत भएका पशुले अर्कालाई हान्दा टोक्दा छुट्याउँदैन भने त्यसलाई प्रथम साहसको दण्ड दिनुपर्दछ। यदि पशुको आक्रमणको सिकार भएको मानिसले ठूलो स्वरले चिच्याउँदै गुहार गुहार भनेका अवस्थामा पनि पशुका धनीले उसको ज्यान बचाएन भने उसलाई त्यसको दोब्बर दण्ड दिनुपर्ने हुन्छ। आफ्ना घरभित्र पसेको जारलाई जसले कुलको इज्जत जान्छ भन्ने डरले चोर पसेको भन्दै लखेट्दछ त्यसमाथि पाँच सय पण दण्ड लगाउनुपर्दछ। जसले राजालाई राम्रो नलाग्ने खालका कुरा गर्दछ, राजाकै निन्दा गर्दछ र राजाको गोप्य मन्त्रणा प्रकट गराएर शत्रुका कानसम्म पुऱ्याउँछ त्यस मानिसको जिब्रो काटेर

योे मन्येताजितोऽस्मीति न्यायेनाभिपराजितः ।
तमायान्तं पुनर्जित्वा दण्डयोद्द्विगुणं दमम् ।८१।
राज्ञाऽन्यायेन यो दण्डो गृहीतो वरुणाय तम् ।
निवेद्य दद्याद्विप्रेभ्यः स्वयं त्रिंशद्गुणीकृतम् ।८२।
धर्मश्चार्थश्च कीर्त्तिश्च लोकपङ्क्तिरुपग्रहः ।
प्रजाभ्यो बहुमानं च स्वर्गस्थानं च शाश्वतम् ।
पश्यतो व्यवहारांश्च गुणाः स्युः सप्त भूपतेः ।८३।

त्यसलाई राज्यबाट निकालिदिनुपर्दछ । मृतकका शरीरबाट निकालिएका लुगा आदि बेच्ने, गुरुलाई कुट्ने र राजाको सवारी र आसनमा बस्नेलाई राजाले उत्तम साहसको दण्ड दिनुपर्दछ। जसले क्रोधमा आएर कसैका दुवै आँखा फोरिदियो भने त्यस अपराधीलाई, राजाको अत्यन्त हितचिन्तक नभईकन पनि राजाको अनिष्ट भविष्यवाणी गर्ने ज्योतिषिलाई र ब्राह्मण बनेर जीविका चलाइरहेका शूद्रलाई आठ सय पण दण्डले दण्डित गर्नुपर्दछ। जुन मानिस न्यायबाट पराजित हुँदा पनि आफूले हारेका स्वीकार नगरीकन फेरि न्यायका लागि उपस्थित हुन्छ त्यसलाई धर्मपूर्वक जितेर त्यसमाथि दोब्बर दण्ड लगाउनुपर्दछ। राजाले अन्यायपूर्वक जुन आर्थिक दण्ड लिएका हुन्छन् त्यसलाई तीस गुना गराएर वरुणलाई चढाइसकेपछि स्वयं त्यो ब्राह्मणहरूलाई बाँडिदिऊन्। जुन राजाले धर्मपूर्वक व्यवहारलाई विचार गर्दछन् उनलाई धर्म, अर्थ, कीर्ति, धन, प्रजाको सम्मान र स्वर्गलोकमा सनातन स्थान यी सात कुरा प्राप्त हुन्छन् ।६५-८३।

२५९. ऊनषष्ट्यधिकद्विशततमोऽध्यायः

ऋग्विधान

अग्निरुवाच
ऋग्यजुःसामाथर्वविधानं पुष्करोदितम् ।
भुक्तिमुक्तिकरं जप्याद्धोमाद्रामाय तद्वदे ।१।
पुष्कर उवाच
प्रतिवेदं तु कर्माणि कार्य्याणि प्रवदामि ते ।
प्रथमं ऋग्विधानं वै शृणु त्वं भुक्तिमुक्तिदम् ।२।
अन्तर्जले तथा होमे जपतो मनसेप्सितम् ।
कामं करोति गायत्री प्राणायामाद्विशेषतः ।३।
गायत्र्या दशसाहस्रो जपो नक्ताशिनो द्विज ।
बहुस्नातस्य तत्रैव सर्वकल्मषनाशनः ।४।
दशायुतानि जप्त्वाऽथ हविष्याशी स मुक्तिभाक् ।
प्रणवो हि परं ब्रह्म तज्जपः सर्वपापहा ।५।
ओङ्कारशतजप्तं तु नाभिमात्रोदके स्थितः ।
जलं पिबेत्स सर्वैस्तु पापैर्वै विप्रमुच्यते ।६।
मात्रात्रयं त्रयो वेदास्त्रयो देवास्त्रयोग्नयः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म महर्षि पुष्करद्वारा परशुरामलाई भनिएको ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदको विधान भन्दछु। त्यसअनुसारको मन्त्रको जप र होम गर्नाले मानिसलाई भोग र मोक्ष प्राप्त हुन्छ ।१।

पुष्करले भने– हे परशुराम ! अब म प्रत्येक वेदअनुसारका तिम्रा लागि कर्तव्य र कर्मको वर्णन गर्दछु। पहिले तिमी भोग र मोक्ष प्रदान गर्ने ऋग्वेदको विधान सुन । गायत्री मन्त्रलाई विशेषतः प्राणायामपूर्वक पानीमा उभिएर र होमका समयमा जप गर्ने पुरुषका सबै मनोकामनाहरू गायत्रीदेवीले पूरा गरिदिन्छिन्। हे ब्राह्मण ! जसले दिनभरि उपवास गरेर केवल रातमा भोजन गर्दछ र उसै दिन अनेकौँपटक स्नान गरेर गायत्री मन्त्रका दसदस हजार जप गर्दछ उसको त्यो जप सबै खालका पापहरूलाई नाश गर्ने हुन्छ। जसले गायत्रीको एक लाख जप गरेर हवन गर्दछ ऊ मोक्षको अधिकारी हुन्छ। प्रणव परब्रह्म नै हो। त्यसको जप पनि सबै पाप नाश गर्ने हुन्छ। नाभीसम्म पानीमा उभिएर ओङ्कारको सयपटक जप गरेर अभिमन्त्रित गरिएको जल जसले पिउँछ ऊ सबै पापबाट मुक्त हुन्छ। गायत्रीको प्रथम अक्षर प्रणवमा भएका अकार, उकार र मकार यी तीन मात्रा नै ऋक्, यजुष् र साम वेद हुन् । यिनीहरू ब्रह्मा, विष्णु र शिव यी तीन देवताहरू पनि हुन् र यिनीहरू

महाव्याहृतयः सप्त लोका होमोऽखिलाघहा ।७।
गायत्री परमा जप्या महाव्याहृतयस्तथा ।
अन्तर्जले तथा राम प्रोक्तश्चैवाघमर्षणः ।८।
अग्निमीले पुरोहितं सूक्तोऽयं वह्निदैवतः ।
शिरसा धारयन्वह्निं यो जपेत्परिवत्सरम् ।९।
होमं त्रिषवणं भैक्ष्यमनग्निज्वलनं चरेत् ।
अतः परमृचः सप्त वाय्वाद्या याः प्रकीर्त्तिताः ।१०।
ता जपन्प्रयतो नित्यमिष्टान्कामान्समश्नुते ।
मेधाकामो जपन्नित्यं सदसन्यमितित्यृचम् ।११।
अन्वयो यन्निमाः प्रोक्ताः नवर्चो मृत्युनाशनाः ।
शुनःशेफमृषिं बद्धः सन्निरुद्धोऽथ वा जपेत् ।१२।
मुच्यते सर्वपापेभ्यो गदी वाप्यगदो भवेत् ।
य इच्छेच्छाश्वतं कामं मित्रं प्राज्ञं पुरन्दरम् ।१३।
ऋग्भिः षोडशभिः कुर्य्यादिन्द्रस्येति दिने दिने ।
हिरण्यस्तूपमित्येतज्जपञ्छत्रून्प्रबाधते ।१४।
क्षेमी भवति चाध्वानो ये ते पन्था जपन्नरः ।
रौद्रीभिः षड्भिरीशानं स्तुयाद्यो वै दिने दिने ।१५।
चरुं वा कल्पयेद्रौद्रं तस्य शान्तिः परा भवेत् ।
उदित्युद्यन्तमादित्यमुपतिष्ठन्दिने दिने ।१६।
क्षिपेज्जलाञ्जलीन्सप्त मनोदुःखविनाशनम् ।
द्विषन्तमित्यथार्द्धर्च्चं यद्विप्रान्तं जपन्स्मरेत् ।१७।
आगस्कृत्सप्तरात्रेण विद्वेषमधिगच्छति ।
आरोग्यकामी रोगी वा प्रस्कन्नस्योत्तमं जपेत् ।१८।
उत्तमस्तस्य चार्द्धर्च्चो जपेद्वै विविधासने ।
उदयत्यायुरक्षय्यं तेजो मध्यन्दिने जपेत् ।१९।
अस्तं प्रति गते सूर्ये द्विषन्तं प्रतिबाधते ।
न वयश्चेति सूक्तानि जपञ्छत्रून्नियच्छति ।२०।
एकादश सुपर्णस्य सर्वकामान्विनिर्दिशेत् ।
आध्यात्मिकीः क इत्येता जपन्मोक्षमवाप्नुयात् ।२१।
आ नो भद्रा इत्यनेन दीर्घमायुरवाप्नुयात् ।
त्वं सोमेति च सूक्तेन नवं पश्येन्निशाकरम् ।२२।

गार्हपत्य, आहवनीय एवं दक्षिणाग्नि नामका तीन अग्नि पनि हुन् । गायत्रीका जुन सात महाव्याहृतिहरू छन्, सात लोक भनेका तिनै हुन्। यिनीहरूको उच्चारणका साथ गायत्री मन्त्रले गरिएको होमले सबै खालका पापहरूलाई नाश गर्दछ। सम्पूर्ण गायत्री मन्त्र र महाव्याहृतिहरू यी सबै नै जप गर्न योग्य एवं उत्कृष्ट मन्त्र हुन् । हे परशुराम ! अघमर्षण मन्त्र भनेको ऋतं च सत्यं च मन्त्रले जलभित्र डुबुल्की लगाएर जप गरिन्छ भने सबै पापहरू नाश हुन्छन्। अग्निमीडे पुरोहितम् यो ऋग्वेदको पहिलो सूक्त अग्निदेवताको हो । जसले शिरमा अग्निको पात्र एक वर्षसम्म राखेर यस मन्त्रको जप गर्दछ, गृहस्थका चुलामा आगो निभेपछि उनीहरूका घरबाट अन्न ल्याएर निर्वाह गर्दछ र उक्त प्रथम सूक्तभन्दा पछि वायु आदि देवतासम्बन्धी अरू सात सूक्तको पनि शुद्ध चित्तले जप गर्दछ त्यसले मनले चिताएको कुरो प्राप्त गर्दछ। जसले बुद्धि प्राप्त गर्न खोजेको हुन्छ उसले प्रतिदिन सदसस्पति इत्यादि तीन ऋचाहरूको जप गर्नुपर्दछ। अम्बयो यन्त्यध्वभिः आदि नौ ऋचाहरू अकालमृत्यु नाश गर्ने हुन् भनिएको छ। कैदमा थुनिएर रहेको वा जुन नजरबन्द द्विज हो त्यसले शुनःशेपो यमह्वद्गृभीतः इत्यादि तीन ऋचाहरूको जप गर्नुपर्दछ। यसको जप गर्नाले पापी पनि समस्त पापबाट छुट्दछ र रोगी पनि रोगमुक्त हुन्छ। जसले शाश्वत कामनाको सिद्धि र बुद्धिमान् मित्रको खोजी गर्दछ उसले प्रतिदिन इन्द्रदेवताको इन्द्रस्थ आदि सोह्र ऋचाहरूको जप गर्नुपर्दछ। हिरण्यस्तूपः इत्यादि मन्त्रको जप गर्नेले शत्रुको क्रियाकलापमा बाधा हाल्न सक्छ। ये ते पन्थाः मन्त्रको जप गर्नाले मानिसले मार्गमा कुशलता प्राप्त गर्दछ। जसले रुद्रदेवतासम्बन्धी छवटा ऋचाहरूले प्रतिदिन शिवको स्तुति गर्दछ अथवा रुद्रदेवतालाई चरु अर्पित गर्दछ उसलाई अत्यन्त शान्ति प्राप्त हुन्छ। जसले प्रतिदिन उद्वयं तमसः तथा उदुत्यं जातवेदसम् आदि यी ऋचाहरूको उदीयमान सूर्यलाई प्रतिदिन जपध्यान गर्छ, उनका लागि प्रतिदिन सातपटक जलको अञ्जली दिन्छ त्यसका मानसिक दुःखहरू विनाश हुन्छन्। द्विषन्तं इत्यादि मन्त्रदेखि लिएर यद्विप्राः सम्मका मन्त्रहरूको जप र चिन्तन गर्दा त्यसका प्रभावले अपराधी मानिस सातै दिनमा नै अरूका विद्वेषको पात्र हुन्छ। रोगबाट मुक्त हुन खोज्ने रोगीले पुरीष्यासोऽग्नयः भन्ने यस ऋचाको जप गर्नुपर्दछ। यसै ऋचाको आधा भाग शत्रुनाशका लागि उत्तम हुन्छ। अर्थात् शत्रुको बाधा हटाउनका लागि यसको जप गर्नुपर्दछ। सूर्योदयका समयमा यसको जप गर्नाले दीर्घ आयु प्राप्ति, मध्याह्नमा जप गर्नाले अक्षय तेज प्राप्ति र सूर्यास्तका समयमा जप गर्नाले शत्रुनाश हुन्छन्। नव यः आदि सूक्तको जप गर्नेले शत्रुलाई दमन गर्दछ। सुपर्णसम्बन्धी एघार मन्त्रहरूको जप सबै खालका कामना

उपतिष्ठेत्समित्पाणिर्वासांस्याप्नोत्यसंशयम् ।
आयुरीप्सन्निममिति कौत्सं सूक्तं सदा जपेत् ।२३।
अपनः शोशुचदिति स्तुत्वा मध्ये दिवाकरम् ।
यथा मुञ्चति चेषीका तथा पापं प्रमुञ्चति ।२४।
जातवेदस इत्येतज्जपेत्स्वस्त्ययनं पथि ।
भयैर्विमुच्यते सर्वः स्वस्तिमानाप्नुयाद्गृहान् ।२५।
व्युष्टायां च तथा रात्र्यामेतद्दुःस्वप्ननाशनम् ।
प्रमन्दिनेति सूयन्त्या जपेद्गर्भविमोचनम् ।२६।
जपन्निन्द्रमिति स्नातो वैश्वदेवं तु सप्तकम् ।
मुञ्चत्याज्यं तथा जुह्वत्सकलं किल्विषं नरः ।२७।
इमामिति जपञ्छश्वत्कामानाप्नोत्यभीप्सितान् ।
मा नस्तोक इति द्वाभ्यां त्रिरात्रोपोषितः शुचिः ।२८।
औदुम्बरीश्च जुहुयात्समिधश्चाज्यसंस्कृताः ।
छित्त्वा सर्वान्मृत्युपाशान् जीवेद्रोगविवर्जितः ।२९।
ऊर्ध्वबाहुरनेनैव स्तुत्वा शम्भुं तथैव च ।
मानस्तोकेति च ऋचा शिखाबन्धे कृते नरः ।३०।
अधृष्यः सर्वभूतानां जायते संशयं विना ।
चित्रमित्युपतिष्ठेत त्रिसन्ध्यं भास्करं तथा ।३१।
समित्पाणिर्नरो नित्यमीप्सितं धनमाप्नुयात् ।
अथ स्वप्नेति च जपन्प्रातर्मध्यन्दिने दिने ।३२।
दुःस्वप्नं चार्दते कृत्स्न भोजनं चाप्नुयाच्छुभम् ।
उभे पुमानिति तथा रक्षोघ्नः परिकीर्त्तितः ।३३।
उभे वासा इति ऋचो जपन्कामानवाप्नुयात् ।
न सागन्निति च जपन्मुच्यते चाततायिनः ।३४।
कया शुभेति च जपञ्जातिश्रैष्ठमवाप्नुयात् ।
इमं नृसोममित्येतत्सर्वान्कामानवाप्नुयात् ।३५।
पितरित्युपतिष्ठेत नित्यमर्थमुपस्थितम् ।
अग्ने नयेति सूक्तेन घृतहोमश्च मार्गगः ।३६।
वीरान्नयमवाप्नोति सुश्लोकं यो जपेत्सदा ।
कङ्कतो नेति सूक्तेन विषान्सर्वान्व्यपोहति ।३७।
यो जात इति सूक्तेन सर्वान्कामानवाप्नुयात् ।

पूरा गराउने हुन्छ । अध्यात्मलाई प्रतिपादन गराउने क आदि ऋचाहरूको जप गर्दा मोक्ष प्राप्त गराउँछन् ।२-२१।

आ नो भद्राः यस ऋचाको जप गर्नाले दीर्घ आयु प्राप्त हुन्छ। हातमा समिधा लिएर त्वं सोम यस ऋचाले शुक्लपक्षको द्वितीया तिथिका दिन चन्द्रमाको दर्शन गर्नुपर्दछ । हातमा समिधा लिएर जसले उक्त मन्त्रद्वारा चन्द्रमाको उपस्थान गर्दछ उसलाई निश्चय पनि वस्त्र प्राप्ति हुन्छ । दीर्घ आयु खोज्नेले इमं आदि कौत्स सूक्तको सधैँ जप गर्नुपर्दछ । जसले मध्याह्न कालमा अप नः शोशुचदघम् इत्यादि ऋचाले सूर्यको स्तुति गर्दछ उसले आफ्ना पापहरूलाई कुनै मानिसले सिन्काले फोहोर फ्याँकेझैँ त्यागिदिन्छ। यात्रा गर्ने मानिसले मार्गमा जातवेदसे इत्यादि मङ्गलमयी मन्त्रको जप गर्नुपर्दछ। यसो गर्नाले ऊ सबै खालका डरहरूबाट मुक्त हुन्छ र कुशलतापूर्वक घरमा फर्कन्छ । बिहानका समयमा यसको जप गर्दा दुःस्वप्नहरू नाश हुन्छन्। प्र मन्दिने पितुमदर्चता यस ऋचाको जप गर्नाले स्त्रीले सुबिस्तासाथ प्रसव गर्न सक्दछन्। इन्द्रम् इत्यादि ऋचाको जप गर्दै सातपटक बलिवैश्वदेव कर्म गरेर घिउको होम गर्ने मानिस समस्त पापबाट छुट्दछ। इमाम् यस ऋचाको सधैँ जप गर्नेले अभीष्ट कामनाहरूलाई प्राप्त गर्दछ । तीन दिन उपवास गरेर पवित्रतापूर्वक मा नस्तोके आदि दुई ऋचाहरू पाठ गर्दै गुलरको फूलसँगै घिउसहितका समिधा हवन गर्नुपर्दछ । यसो गर्दा मानिसले मृत्युका सबै फन्दाहरू छिनाएर रोगविहीन जीवन बिताउँछ। दुवै बाहु माथि उचालेर मा नस्तोके आदि ऋचाहरूले भगवान् शङ्करको स्तुति गरेर शिखा बाँध्दा मानिस सम्पूर्ण प्राणीका लागि अजेय हुन्छ भन्नेमा कुनै शङ्का छैन । जुन मानिस हातमा समिधा लिएर चित्रं देवानाम् इत्यादि मन्त्रले प्रतिदिन तीनवटै सन्ध्याकालमा भगवान् भास्करको आराधना गर्दछ उसले मनोवाञ्छित धन प्राप्त गर्दछ। स्वप्नेनाभ्युप्या चुमुरिम् आदि ऋचाको बिहान, दिउँसो र बेलुका जप गर्नाले सबै खालका दुःस्वप्नहरू नाश हुन्छन् र उत्तम भोजन प्राप्त हुन्छ । उभे पुनामि रोदसी भन्ने मन्त्रले राक्षसको विनाश गर्दछ भनिएको छ। उभयासो जातवेदः आदि ऋचाहरूको जप गर्नेले मन पराएका वस्तुहरू पाउँछ। तमागन्म सोमरयः ऋचाको जप गर्ने मानिस आततायीहरूका भयबाट छुटकारा पाउँछ। कया शुभा सवयसः इत्यादि ऋचाको जप गर्नेले आफ्ना जातिमा श्रेष्ठता प्राप्त गर्दछ। इमं नु सोमम् यस ऋचाको जप गर्नाले मानिस समस्त कामना सफल गर्दछ । पितुं नु स्तोषम् यस ऋचाको नित्य जप गर्नाले सधैँ अन्नको प्राप्ति हुन्छ । अग्ने नय सुपथा यस सूक्तले घिउको होम गरियो भने त्यसले परलोकमा उत्तम मार्ग प्रदान गर्दछ। जसले सधैँ त्यस सुश्लोकको जप गर्दछ उसले वीरहरूलाई

गणानामिति सूक्तेन स्निग्धमाप्नोत्यनुत्तमम् ।३८।
यो मे राजन्नितीमां तु दुःस्वप्नशमनीनृचम् ।
अध्वनि प्रस्थितो यस्तु पश्येच्छत्रुं समुत्थितम् ।३९।
अप्रशस्तं प्रशस्तं वा कुविदङ्ग इमं जपेत् ।
द्वाविंशकं जपन्सूक्तमाध्यात्मिकमनुत्तमम् ।४०।
पर्वसु प्रयतो नित्यमिष्टान्कामान्समश्नुते ।
कृणुष्वेति जपन्सूक्तं जुह्वदाज्यं समाहितः ।४१।
अरातीनां हरेत्प्राणान्रक्षांस्यपि विनाशयेत् ।
उपतिष्ठेत्स्वयं वह्निं परित्यृचा दिने दिने ।४२।
तं रक्षति स्वयं वह्निर्विश्वतो विश्वतोमुखः ।
हंसः शुचिषदित्येतच्छुचिरीक्षेद्दिवाकरम् ।४३।
कृषिं प्रपद्यमानस्तु स्थालीपाकं यथाविधि ।
जुहुयात्क्षेत्रमध्ये तु स्वनी स्वाहास्तु पञ्चभिः ।४४।
इन्द्राय च मरुद्भ्यस्तु पर्जन्याय भगाय च ।
यथालिङ्गं तु विहरेल्लाङ्गलं तु कृषीवलः ।४५।
युक्तो धान्याय सीतायै सुनासीरमथोत्तरम् ।
गन्धमाल्यैर्नमस्कारैर्यजेदेताश्च देवताः ।४६।
प्रवापने प्रलवने खलसीतापहारयोः ।
अमोघं कर्म भवति वर्द्धते सर्वदा कृषिः ।४७।
समुद्रादिति सूक्तेन कामानाप्नोति पावकात् ।
विश्वानर इति द्वाभ्यां य ऋग्भ्यां वह्निमर्हति ।४८।
स तरत्यापदः सर्वा यशः प्राप्नोति चाक्षयम् ।
विपुलां श्रियमाप्नोति जयं प्राप्नोत्यनुत्तमम् ।४९।
अग्नेत्वमिति च स्तुत्वा धनमाप्नोति वाञ्छितम् ।
प्रजाकामो जपेन्नित्यं वरुणं दैवतत्रयम् ।५०।
स्वस्त्या त्रयं जपेत्प्रातः सदा स्वस्त्ययनं महत् ।
स्वस्ति पन्था इति प्रोच्य स्वस्तिमान्व्रजतेऽध्वनि ।५१।
विजिगीषुर्वनस्पते शत्रूणां व्याधितं भवेत् ।
स्त्रिया गर्भप्रमूढाया गर्भमोक्षणमुत्तमम् ।५२।
अच्छावदेति सूक्तं च वृष्टिकामः प्रयोजयेत् ।
निराहारः क्लिन्नवासा न चिरेण प्रवर्षति ।५३।

न्यायको मार्गमा लैजान्छ । कङ्कतो त कङ्कतो यस सूक्तको जपले सबै खालका विघ्नको प्रभावलाई पर हटाउँछ। यो जात एव प्रथमो यस सूक्तको जप गर्नेले सबै कामनाहरूलाई प्राप्त गर्दछ । गणानां त्वा सूक्तको जप गर्नाले गजबसँग चिल्लो पदार्थ प्राप्त हुन्छ । यो मे राजन् भन्ने ऋचाले दुःस्वप्न नाश गराउँछ । मार्गमा प्रस्थान गर्दै गरेको जुन मानिसले आफ्ना अगाडि धेरै या थोरै नै शत्रुलाई उभिएको देख्दछ भने उसले कुविदङ्ग इत्यादि मन्त्रको जप गर्नुपर्दछ। यसबाट उसको रक्षा हुन्छ। पर्वकालमा बाईसौँ उत्तम आध्यात्मिक सूक्तको जप गर्ने मानिसले सम्पूर्ण अभीष्ट कामनाहरूलाई प्राप्त गर्दछ। कृणुष्व पाजः यस सूक्तको जप गर्दै एकाग्र चित्तले घिउको आहुति दिने गरेको मानिसले शत्रुको ज्यान लिन सक्छ र राक्षसको पनि विनाश गर्न सक्छ। जसले स्वयं नै परि इत्यादि सूक्तद्वारा प्रतिदिन अग्निको आराधना गर्दछ, विश्वतोमुख अग्निले स्वयं नै उसलाई सबैतर्फबाट रक्षा गर्दछन् । हंसः शुचिषत् इत्यादि मन्त्रको जप गर्दै सूर्यको दर्शन गर्नुपर्दछ। यस्तो गर्नाले मानिस पवित्र हुन्छ।२२-४३।

खेतीमा लागेका गृहस्थले मौन रहेर खेतका माझमा विधिपूर्वक स्थालीपाक होम गर्नुपर्दछ । उसले इन्द्राय स्वाहा मरुद्भ्यः स्वाहा पर्जन्याय स्वाहा भगाय स्वाहा भनेर तीती देवताहरूका उद्देश्यले अग्निमा आहुति हाल्नुपर्दछ। त्यसपछि जसरी स्त्रीका योनीमा बीज स्थापनका लागि जननेन्द्रियलाई प्रयोग गरिन्छ उसै गरी किसानले बालीको बिउ छर्नका लागि हलो नार्नुपर्दछ र शुनासीराविमां भन्ने ऋचाको पनि जप गराउनुपर्दछ । त्यसपछि गन्ध, माल्य र नमस्कारपूर्वक ती सबैका अधिष्ठाता देवताहरूलाई पूजा गर्नुपर्दछ । त्यसो गर्नाले बिउ छर्ने, बाली काट्ने र बालीलाई खेतबाट उठाएर खलामा ल्याउने बेलामा गरेका सबै कर्महरू सफल हुन्छन्, कुनै असफल हुँदैनन् । यसबाट सधैँ कृषिको वृद्धि नै हुन्छ। समुद्रादूर्मिर्मधुमान् भन्ने सूक्तको जप गर्नाले मानिसले अग्निदेवताबाट अभीष्ट वस्तुहरू प्राप्त गर्दछ। जसले विश्वानिनो दुर्गहा आदि दुई ऋचाले अग्निदेवताको पूजा गर्दछ उसले सबै खालका विपत्तिहरूबाट मुक्ति पाउँछ र अक्षय यश पनि प्राप्त गर्दछ। त्यति मात्रै होइन, उसले विपुल सम्पत्ति र उत्तम विजय पनि फेला पार्दछ। अग्ने त्वम् भन्ने ऋचाले अग्निको स्तुति गर्दा मनोवाञ्छित धनको प्राप्ति हुन्छ । सन्तानको आशा गर्नेले वरुणदेवतासम्बन्धी तीन ऋचाहरूको नित्य जप गर्नुपर्दछ।४४-५०।

स्वस्ति न इन्द्रो आदि तीन ऋचाहरूको बिहान सधैँ जप गर्नुपर्दछ। यो नै महान् स्वस्तिवाचन हो। स्वस्ति पन्थामनु चरेम

मनसः काम इत्येतां पशुकामो नरो जपेत् ।
कर्दमेन इति स्नायात्प्रजाकामः शुचिव्रतः ।५४।
अश्वपूर्वामिति स्नायाद्राज्यकामस्तु मानवः ।
रोहिते चर्मणि स्नायाद्ब्राह्मणस्तु यथाविधि ।५५।
राजा चर्मणि वैयाघ्रे छागे वैश्यस्तथैव च ।
दशसाहस्रिको होमः प्रत्येकं परिकीर्त्तितः ।५६।
आगार इति सूक्तेन गोष्ठे गां लोकमातरम् ।
उपतिष्ठेद्व्रजेच्चैव यदिच्छेत्ताः सदाक्षयाः ।५७।
उपेति तिसृभी राज्ञो दुन्दुभिमभिमन्त्रयेत् ।
तेजो बलं च प्राप्नोति शत्रुं चैव नियच्छति ।५८।
तृणपाणिर्जपेत्सूक्तं रक्षोघ्नं दस्युभिर्वृतः ।
ये के च ज्मेत्यृचं जप्त्वा दीर्घमायुरवाप्नुयात् ।५९।
जीमूतसूक्तेन तथा सेनाङ्गान्यभिमन्त्रयेत् ।
यथा लिङ्गं ततो राजा विनिहन्ति रणे रिपून् ।६०।
आग्नेयेति त्रिभिः सूक्तैर्धनमाप्नोति चाक्षयम् ।
अमीवहेति सूक्तेन भूतानि स्थापयेन्निशि ।६१।
सम्बाधे विषमे दुर्गे बन्धो वा निर्गतः क्वचित् ।
पलायन्वा गृहीतो वा सूक्तमेतत्तथा जपेत् ।६२।
त्रिरात्रं नियतोपोष्य श्रापयेत्पायसं चरुम् ।
तेनाहुतिशतंपूर्णं जुहुयात्र्यम्बकेत्यृचा ।६३।
समुद्दिश्य महादेवं जीवेदब्दशतं सुखम् ।
तच्चक्षरित्यृचा स्नात उपतिष्ठेद्दिवाकरम् ।६४।
उद्यन्तं मध्यगं चैव दीर्घमायुर्जिजीविषुः ।
इन्द्रा सोमेति सूक्तं तु कथितं शत्रुनाशनम् ।६५।
यस्य लुप्तं व्रतं मोहाद्व्रात्यैर्वा संसृजेत्सह ।
उपोष्याज्यं स जुहुयात्त्वमग्ने व्रतपा इति ।६६।
आदित्येत्यृक् च सम्राजं जप्ता वादे जयी भवेत् ।
महीति च चतुष्केण मुच्यते महतो भयात् ।६७।
ऋचं जप्त्वा यदि ह्येतत्सर्वकामानवाप्नुयात् ।
द्वाचत्वारिंशतं चैन्द्रं जप्त्वा नाशयते रिपून् ।६८।
वाचं महीति जप्त्वा च प्राप्नोत्यारोग्यमेव च ।

यस ऋचाको उच्चारण गरेर मानिसले मार्गमा कुशल यात्रा गर्न सक्छ । वि जिहीष्व वनस्पते भन्ने मन्त्रको जपले शत्रुलाई रोगग्रस्त पार्दछ। यसैको जप गर्नाले गर्भका पीडाले सताइएका स्त्रीहरूले पनि गर्भबाट राम्ररी छुटकारा पाउँछन्। वर्षाको कामना गर्नेहरूले निराहार रहँदै भिजेको वस्त्र लगाएर अच्छ वद आदि सूक्तको जप गर्नुपर्दछ। पशुधनको इच्छा गर्ने मानिसले मनसः कामम् इत्यादि ऋचाहरूको जप गर्नुपर्दछ। सन्तानको अभिलाषा गर्ने पुरुषले पवित्र व्रत लिएर कर्दमेन भन्ने श्रीसूक्तको मन्त्रले स्नान गर्नुपर्दछ। राज्यको कामना गर्ने मानिसले अश्वपूर्वाम् भन्ने श्रीसूक्तका मन्त्रहरूको जप गर्दै स्नान गर्नुपर्दछ । ब्राह्मणले विधिवत् रोहितचर्ममा, क्षत्रियले व्याघ्रचर्ममा एवं वैश्यले बाखाका चर्ममा स्नान गर्नुपर्दछ । प्रत्येकका लागि दसदस सहस्र होम गर्नुपर्ने विधान रहेको छ। सधैँभरि अक्षय गोधनको अभिलाषा जसले गरेको हुन्छ उसले गोठमा गएर आ गावो अग्मन्नुत भद्रम् भन्ने ऋचाको जप गर्दै लोकमाता गाईलाई प्रणाम गर्नुपर्दछ र गाई चर्ने ठाउँसम्म सँगै जानुपर्दछ। राजाले उप आदि तीन ऋचाहरूले आफ्ना दुन्दुभिहरूलाई मन्त्रिनुपर्दछ । यसो गर्नाले त्यसले तेज र बल प्राप्त गर्दछ र शत्रुमाथि पनि नियन्त्रण गर्दछ । दस्युहरूबाट घेरिएका अवस्थामा मानिसले हातमा तृण लिएर रक्षेघ्न सूक्तको जप गर्नुपर्दछ। ये के च ज्मा यस ऋचाको जप गर्नाले दीर्घायु प्राप्त हुन्छ। राजाले जीमूत सूक्तले सेनाका सबै अङ्गहरूलाई उसका चिह्नअनुसार मन्त्रिनुपर्दछ। त्यो गर्दा ऊ रणक्षेत्रमा शत्रुलाई विनाश गर्नमा समर्थ हुन्छ। प्राग्नये आदि तीन सूक्तहरूको जपबाट मानिसलाई अक्षय धन प्राप्त हुन्छ। अमीवहा भन्ने सूक्तको पाठ गरेर रातमा भूतहरूको स्थापना गर्नुपर्दछ। त्यसपछि सङ्कट, विषम एवं दुर्गम स्थलमा, बन्धनमा या बन्धनमुक्त अवस्थामा, भागिरहँदा वा पक्राउ परेका अवस्थामा सहायता प्राप्तिका इच्छाले यस सूक्तको जप गर्नुपर्दछ। तीन दिन नियमपूर्वक उपवास राखेर खिर र चरु पकाउनुपर्दछ। त्यसपछि त्र्यम्बकं यजामहे भन्ने मन्त्रले त्यसको सय आहुति भगवान् महादेवका लागि अग्निमा हालिदिनुपर्दछ र त्यसैले पूर्णाहुति गर्नुपर्दछ। लामो समयसम्म जीवित रहन इच्छा गर्ने मानिसले स्नान गरेर तच्चक्षुर्देवहितम् यस ऋचाले उदय कालका र मध्याह्न कालका सूर्यलाई ध्यान गर्नुपर्दछ। न हि आदि चार ऋचाहरूको पाठबाट मानिस ठूला भयबाट मुक्त हुन्छ। पर ऋणा सावीः आदि दुई ऋचाहरूले होम गर्नाले ऐश्वर्यको उपलब्धि हुन्छ। इन्द्रा सोमा तपतम् बाट प्रारम्भ हुने सूक्तले शत्रुलाई नाश गर्दछ भनिएको छ। अज्ञानताका कारण जसको व्रत भङ्ग भएको छ अथवा व्रात्यको संसर्गले जो पतित भएको छ उसले उपवास गर्दै त्वमग्ने व्रतपा भन्ने ऋचाले घिउको होम गर्नुपर्दछ।४४-६६।

आदित्य र सम्राजा यी दुवै ऋचालाई जप गर्ने शास्त्रार्थमा

शन्नो भवेति द्वाभ्यां तु भुक्त्वान्नं प्रयतः शुचिः ।६९।
हृदयं पाणिना स्पृष्ट्वा व्याधिभिर्नाभिभूयते ।
उत्तमेदामिति स्नातो हुत्वा शत्रुं प्रमापयेत् ।७०।
शन्नोग्न इति सूक्तेन हुतेनान्नमवाप्नुयात् ।
कन्या वारर्षिसूक्तेन दिग्दोषाद्विप्रमुच्यते ।७१।
यदत्य कव्येत्युदिते जप्तेऽवश्यं जगद्भवेत् ।
यद्वागिति च जप्तेन वाणी भवति संस्कृता ।७२।
वाचो विदामिति त्वेतां जपन्वाचं समश्नुते ।
पवित्राणां पवित्रन्तु पावमान्या ह्यृचा मताः ।७३।
वैखानसाऋचस्त्रिंशत्पवित्राः परमा मताः ।
ऋचां द्विषष्टिः प्रोक्ताशच परस्वेत्यृषिसत्तमः ।७४।
सर्वकल्मषनाशाय पावनाय शिवाय च ।
स्वादिष्टयेति सूक्तानां सप्तषष्टिरुदाहृता ।७५।
दशोत्तराण्यृचां चैताः पावमान्यः शतानि षट् ।
एतज्जपंश्च जुह्वंश्च घोरं मृत्युभयं जपेत् ।७६।
आपोहिष्ठेति वारिस्थो जपेत्पापभयार्दने ।
प्रदेवन्नेति नियतो जपेच्च मरुधन्वसु ।७७।
प्राणान्तिके भये प्राप्ते क्षिप्रमायुस्तु विन्दति ।
प्रावेयाभित्यृचमेकां जपेच्च मनसा निशि ।७८।
व्युष्टायामुदिते सूर्य्ये द्यूते जयमवाप्नुयात् ।
मा प्रगामेति मूढश्च पन्थानं पथि विन्दति ।७९।
क्षीणायुरिति मन्येत यं कञ्चित्सुहृदं प्रियम् ।
यत्तेयमिति तु स्नातस्तस्य मूर्द्धानमालभेत् ।८०।
सहस्रकृत्वः पञ्चाहं तेनायुर्विन्दते महत् ।
इदं मध्येति जुहुयाद्घृतं प्राज्ञः सहस्रशः ।८१।
पशुकामो गवां गोष्ठे अर्थकामश्चतुष्पथे ।
वयः सुपर्ण इत्येतां जपन्वै विन्दते श्रियम् ।८२।
हविष्यन्तीयमभ्यस्य सर्वपापैः प्रमुच्यते ।
तस्य रोगा विनश्यन्ति कायाग्निर्वर्द्धते तथा ।८३।
या ओषधयः स्वस्त्ययनं सर्वव्याधिविनाशनम् ।
बृहस्पते अतीत्येतद्वृष्टिकामः प्रयोजयेत् ।८४।

विजयी हुन्छ । मही आदि चार मन्त्रको जप गर्नाले ठूलो त्रासबाट मुक्ति पाइन्छ । यदि इत्यादि ऋचाको जप गर्ने मानिसले सम्पूर्ण कामनाहरू प्राप्त गर्दछ। इन्द्रदेवतासम्बन्धी बयालीसौँ ऋचाको जप गर्नाले शत्रुको नाश हुन्छ । वाचं मही यस ऋचाको जप गरेर मानिसले आरोग्य लाभ गर्दछ। प्रयत्नपूर्वक पवित्र भएर शं नो भव यी दुई मन्त्रको जप गर्दै भोजन गरेर हातले हृदयलाई स्पर्श गर्नुपर्दछ। यसो गर्ने मानिस कहिल्यै पनि रोगव्याधिले ग्रस्त हुँदैन । स्नान गरेर उत्तमेदम् भन्ने मन्त्रले हवन गरेर मानिसले आफ्ना शत्रुलाई विनाश गर्दछ । शं नो अग्नि भन्ने सूक्तले हवन गर्दा मानिसले धन प्राप्त गर्दछ। कन्या वाखायती यस सूक्तको जप गरेर मानिसले दिशाभ्रमको दोषबाट छुटकारा पाउँछ । सूर्योदयका समयमा यदद्यकच्च भन्ने ऋचाको जप गर्दा सम्पूर्ण संसार नै उसका वशमा हुन्छ। यद्वाग् इत्यादि ऋचाहरूको जप गर्नाले वाणी संस्कारयुक्त हुन्छ । वचोविदम् भन्ने ऋचालाई मनमनै जप गर्ने मानिसले वाक्शक्ति प्राप्त गर्दछ। पावमानी ऋचाहरूलाई परम पवित्र मानिएको छ। वैखानससम्बन्धी तीस ऋचाहरू पनि परम पवित्र मानिएका छन् । हे ऋषिश्रेष्ठ परशुराम ! परस्य इत्यादि बैसट्ठी ऋचाहरू पनि पवित्र मानिएका छन्। स्वादिष्ठया इत्यादि सडसट्ठी सूक्तहरू समस्त पापनाशक, सबैलाई पवित्र गराउने र कल्याणकारी हुन्छन् भनिएको छ। छसय दस पावमानी ऋचाहरू छन् भनिएको छ। यिनीहरूको जप र यिनीहरूबाट हवन गर्ने मानिस भयङ्कर मृत्युको भयलाई जित्ने हुन्छ । पापको भय मेटाउनका लागि आ पो हि ष्ठाः इत्यादि ऋचालाई जलमा उभिएर जप गर्नुपर्दछ । प्र देवत्रा ब्रह्मणे यस ऋचालाई मरूप्रदेशमा पुगेका मानिसले ज्यान जाने डर आइलाग्दा नियमपूर्वक जप गर्नुपर्दछ । त्यसबाट चाँडै भयमुक्त भईकन मानिसले दीर्घायु प्राप्त गर्दछ। प्रा वेपा मा बृहतः यस एउटा ऋचाको बिहान घाम भुल्किने बेलामा मनमनै जप गर्नुपर्दछ। यसबाट बाजीमा विजय प्राप्त हुन्छ। मा प्रा गाम भन्ने ऋचाको जप गर्नाले बाटो बिराएको मानिस ठीक बाटामा आउँछ । यदि कुनै प्रिय आफन्तको आयु सकिएको छ भने स्नान गरेर यत्ते यमं यस मन्त्रको जप गर्दै उसको टाउको स्पर्श गर्नुपर्दछ। पाँच दिनसम्म हजारपटक यसो गर्नाले उसले लामो आयु प्राप्त गर्दछ। विद्वान् पुरुषले इदमित्त्था रौद्रं गूर्तवचा भन्ने ऋचाले घिउको एक हजार आहुति दिनुपर्दछ। पशुहरूको इच्छा गर्ने मानिसले गोठमा, धन कमाउन खोज्नेले चौबाटामा हवन गर्नुपर्दछ। वयः सुपर्णा यस ऋचाको जप गर्ने मानिसले लक्ष्मीलाई प्राप्त गर्दछ।६७-८२।

हविष्यान्तमजरं स्वर्विदि यस मन्त्रको जप गरेर मानिस सम्पूर्ण पापबाट मुक्त हुन्छ, उसका रोगहरू नासिन्छन् र

सर्वत्रेति परा शान्तिर्ज्ञेया प्रतिरथस्तथा ।
सूतं सङ्काश्यपं नित्यं प्रजाकामस्य कीर्त्तितम् ।८५।
अहं रुद्रेति इत्येतद्वाग्मी भवति मानवः ।
न योनौ जायते विद्वाञ्जपन्नातीति रात्रिषु ।८६।
रात्रिसूक्तं जपन्रात्रौ रात्रिं क्षेमी नयेन्नरः ।
कल्पयन्तीति च जपन्नित्यं कृत्वारिनाशनम् ।८७।
आयुष्यं चैव वर्चस्यं सूक्तं दाक्षायणं महत् ।
उत देवा इति जपेदामयघ्नं धृतव्रतः ।८८।
अयमग्ने जनीत्येतज्जपेदग्निभये सति ।
अरण्यानीत्यरण्येषु जपेत्तद्भयनाशनम् ।८९।
ब्राह्मीमासाद्य सूक्ते द्वे ऋचं ब्राह्मी शतावरीम् ।
पृथगद्भिर्घृतैर्वाथ मेधां लक्ष्मीं च विन्दति ।९०।
मास इत्यसपत्नघ्नं सङ्ग्रामं विजिगीषतः ।
ब्रह्मणोऽग्निः संविदानं गर्भमृत्युनिवारणम् ।९१।
अपैहीति जपेत्सूक्तं शुचिर्दुःस्वप्ननाशनम् ।
येनेदमिति वै जप्त्वा समाधिं विन्दते परम् ।९२।
मयो भूर्वात इत्येतद्गवां स्वस्त्ययनं परम् ।
शाम्बरीमिन्द्रजालं वा मायामेतेन वारयेत् ।९३।
महीत्रीणामवरोस्त्विति पथि स्वस्त्ययनं जपेत् ।
अग्नये विद्विषन्नेवं जपेच्च रिपुनाशनम् ।९४।
वास्तोष्पतेन मन्त्रेण यजेत गृहदेवताः ।
जपस्यैष विधिः प्रोक्तो हुते ज्ञेयो विशेषतः ।९५।
होमान्ते दक्षिणा देया पापशान्तिर्हुतेन तु ।
हुतं शाम्यति चान्नेन अन्नहेमप्रदानतः ।९६।
विप्राशिषस्त्वमोघाः स्युर्बहिः स्नानं तु सर्वतः ।
सिद्धार्थका यवा धान्यं पयोदधि घृतं तथा ।९७।
क्षीरवृक्षास्तथेध्मं तु होमा वै सर्वकामदाः ।
समिधः कण्टकिन्यश्च राजिका रुधिरं विषम् ।९८।
अभिचारे तथा शैलमशनं सक्तवः पयः ।
दधि भैक्ष्यं फलं मूलमृग्विधानमुदाहृतम् ।९९।

उसको पेटको अग्नि शक्तिशाली हुन्छ। या ओषधयः भन्ने मन्त्र मङ्गलकारक हो । यसको जप गर्दा रोगहरू नासिन्छन् । वर्षा होस् भन्ने मानिसले बृहस्पते अति यदर्यो आदि ऋचाको प्रयोग गर्नुपर्दछ । सर्वत्र इत्यादि मन्त्रको जपबाट अनुपम पराशान्ति प्राप्त हुन्छ भन्ने जान्नुपर्दछ । सन्तानको कामना गर्ने मानिसले सङ्काश्य सूक्तको जप गर्नु सधैँका लागि हितकारी हुन्छ भनिएको छ। अहं रुद्रेभिर्वसुभिः यस ऋचाको जप गर्नाले मानिस प्रवचनमा कुशल हुन्छ । रात्री व्यख्यदायति यस ऋचाको जप गर्ने मानिसले पुनर्जन्म प्राप्त गर्दैन । रातका समयमा रात्रिसूक्त जप गर्ने मानिसले रातहरूलाई कुशलताका साथ व्यतीत गर्दछ। कल्पयन्ती यस ऋचाको नित्य जप गर्ने मानिस शत्रु नाश गर्नमा सक्षम हुनेछ । दाक्षायण सूक्तले महान् आयु एवं तेज प्राप्त हुन्छ। उत देवाः यो रोगनाशक मन्त्र हो । व्रतधारण गर्दै यसको जप गर्नुपर्दछ । अग्निबाट भय भएको छ भने अयमग्ने जरिता त्वे इत्यादि ऋचाको जप गर्नुपर्दछ। जङ्गलमा अरण्यान्यरण्यानि भन्ने मन्त्रको जप गर्ने हो भने भय हराउँछ । ब्राह्मीलाई प्राप्त गरेर ब्रह्मसम्बन्धी दुई ऋचाहरूलाई जप गर्नेपर्दछ र छुट्टाछुट्टै पानीसित ब्राह्मीलता र शीतावरी सेवन गर्नुपर्दछ। यसो गर्नाले मेधाशक्ति र लक्ष्मीको प्राप्ति हुन्छ। शाश इत्था यस मन्त्रलाई शत्रुनाशक मानिएको छ। युद्धमा विजयको आशा गर्ने वीरले यसलाई जप्नुपर्दछ । ब्रह्मणाग्निः संविदानः यो ऋचाले गर्भ नाशलाई निवारण गराउँछ। अपेहि पवित्र भएर यस सूक्तलाई जप गर्नुपर्दछ। यसले दुःस्वप्न नाश गराउँछ। येनेदम् इत्यादि ऋचाको जप गरेर साधक परम समाधिमा स्थिर रहन सक्छ। मयोभूर्वातः यो ऋचा गाईहरूको लागि परम मङ्गलकारी छ। यसद्वारा नै शाम्बरी माया अथवा इन्द्रजाल निवारण गरिन्छ। महि त्रीणामवोऽस्तु यस कल्याणकारी ऋचालाई मार्गमा जप गर्नुपर्दछ । द्वेष पात्रप्रति विद्वेष गर्ने पुरुषले प्राग्नये इत्यादि ऋचाको जप गर्नुपर्दछ। यसबाट शत्रुको नाश हुन्छ। वास्तोष्पते आदि चार मन्त्रले गृहदेवताको पूजा गर्नुपर्दछ। जपको विधि यसरी बताइयो। अब हवनमा जुन विशेष विधि हुन्छ त्यसलाई जान्नुपर्दछ। होम सकिएपछि दक्षिणा दिनुपर्दछ। होमबाट पापको शान्ति, अन्नले होमको शान्ति र स्वर्णदानले अन्नको शान्ति हुन्छ। यसो गर्दा ब्राह्मणबाट पाइएको आशीर्वाद कहिल्यै खेर जाँदैन। यजमानले सम्पूर्ण रूपमा बाहिरी स्नान गर्नुपर्दछ। सस्युँ, जौ, धान, दुध, दही, घिउ, क्षीरवृक्षको समिधा हवनमा प्रयोग भए भने सम्पूर्ण कामना सिद्ध गराउने हुन्छन् र अभिचारकर्ममा काँडा भएका समिधा, रायो, रक्त एवं विषको हवन गरिन्छ। होमका समयमा शिलोञ्छवृत्तिले प्राप्त गरेको अन्न, भिक्षाको अन्न, सातु, दुध, दही र फलमूलको भोजन गर्नुपर्दछ, ऋग्विधान यसरी नै बताइएको छ।८२-९९।

२६०. षष्ट्यधिकद्विशततमोऽध्यायः

यजुर्विधान

पुष्कर उवाच
यजुर्विधानं वक्ष्यामि भुक्तिमुक्तिप्रदं शृणु ।
ओङ्कारपूर्विका राम महाव्यहृतयो मताः ।१।
सर्वकल्मषनाशिन्यः सर्वकामप्रदास्तथा ।
आज्याहुतिसहस्रेण देवानाराधयेद्बुधः ।२।
मनसः कांक्षितं राम मनसेप्सितकामदम् ।
शान्तिकामो यवैः कुर्य्यात्तिलैः पापापनुत्तये ।३।
धान्यैः सिद्धार्थकैश्चैव सर्वकामकरैस्तथा ।
औदुम्बरीभिरिध्माभिः पशुकामस्य शस्यते ।४।
दध्ना चैवान्नकामस्य पयसा शान्तिमिच्छतः ।
अपामार्गसमिद्भिस्तु कामयन्कनकं बहु ।५।
कन्याकामो घृताक्तानि युग्माशो ग्रथितानि तु ।
जातीपुष्पाणि जुहुयाद्ग्रामार्थी तिलतण्डुलान् ।६।
वश्यकर्मणि शाखोटवासापामार्गमेव च ।
विषासृङ्मिश्रसमिधो व्याधिघातस्य भार्गव ।७।
क्रुद्धस्तु जुहुयात्सम्यक्छत्रूणां वधकाम्यया ।
सर्वव्रीहिमयीं कृत्वा राज्ञः प्रतिकृतिं द्विजः ।८।
सहस्रशस्तु जुहुयाद्राजा वशगतो भवेत् ।
वस्त्रकामस्य पुष्पाणि दूर्वा व्याधिविनाशिनी ।९।
ब्रह्मवर्चसकामस्य वासोग्रं च विधीयते ।
प्रत्यङ्गिरेषु जुहुयात्तुषकण्टकभस्मभिः ।१०।
विद्वेषणे च पक्ष्माणि काककौशिकयोस्तथा ।
कापिलं च घृतं हुत्वा तथा चन्द्रग्रहे द्विजः ।११।
वचाचूर्णेन सम्पातात्समानीय च तां वचाम् ।
सहस्रमन्त्रितां भुक्त्वा मेधावी जायते नरः ।१२।
एकादशाङ्गुलं शङ्कु लौहं खादिरमेव च ।
द्विषती वधोऽसीति जपन्निखनेद्रिपुवेश्मनि ।१३।
उच्चाटनमिदं कर्म शत्रूणां कथितं तव ।

पुष्कर भन्दछन्– हे परशुराम ! अब म भोग र मोक्ष प्रदान गर्ने यजुर्विधानको वर्णन गर्दछु, सुन । ओङ्कारसहितका महाव्याहृतिहरूले सबै खालका पापहरू विनाश गर्दछन् र सम्पूर्ण कामनाहरू प्रदान गर्दछन् भन्ने मानिएको छ । विद्वान् पुरुषले यिनीहरूद्वारा एक हजार आहुति दिएर देवताहरूको आराधना गर्नुपर्दछ । हे परशुराम ! यसो गर्दा मनले खोजेको कामना सिद्ध हुन्छ, किनभने यस कर्मले अभीष्ट मनोरथ पूरा गराउँछ । शान्तिको कामना गर्ने मानिसले प्रणवसहितको व्याहृति मन्त्रले जौको आहुति दिनुपर्दछ र पापबाट मुक्ति पाउन खोज्ने जो छ उसले उक्त मन्त्रद्वारा तिलको आहुति दिनुपर्दछ । धान्य र पहेँलो सर्स्युंको हवन गर्दा समस्त कामनाहरूको सिद्धि गर्दछ । अर्काको धन प्राप्त गर्न खोज्नेले गुलरको समिधाले होम गर्नु उपयुक्त हुन्छ भन्ने मानिएको छ । अन्नको कामना गर्ने मानिसका लागि दहीले, शान्तिको कामना गर्नेका लागि दुधले र प्रशस्त सुन कमाउन खोज्नेका लागि अपामार्गको समिधाले हवन गर्नु उत्तम हुन्छ भन्ने मानिएको छ । कन्याको कामना गर्ने मानिसले एकै ठाउँमा गाँसिएका दुईदुईवटा जातिपुष्पलाई घिउमा भिजाएर तिनको आहुति दिनुपर्दछ । गाउँको कामना गर्ने मानिसले तिल र चामलको हवन गर्नुपर्दछ । वशीकरण कर्ममा शाखोट, वासा र अपामार्गका समिधाहरूको होम गर्नुपर्दछ । हे भृगुनन्दन ! रोगको नाश गर्नका लागि विष एवं रक्तले भिजेका समिधाहरू हवन गर्नुपर्दछ । शत्रुलाई मार्ने इच्छा हुँदा उक्त समिधाहरूलाई क्रोधपूर्वक धेरै हवन गर्नुपर्दछ । द्विजले सबै खालका खाद्यान्नले राजाको प्रतिमा निर्माण गरेर त्यसलाई हजारपटक हवन गरेको छ भने त्यसबाट राजा वशमा पर्दछ । वस्त्रको कामना गर्नेले पुष्पले हवन गर्नुपर्दछ । दुबोको होम गर्नाले व्याधिको नाश हुन्छ । ब्रह्मतेजको इच्छा गरेका पुरुषका लागि भगवत्प्रीत्यर्थ उत्तम वस्त्र अर्पण गर्नुपर्दछ भन्ने विधान रहेको छ । विद्वेषण कर्मका लागि प्रत्यङ्गिराले बताएको विधिअनुसार अग्नि स्थापित गरेर त्यसमा धानको भुस, काँडा र भस्मका साथै काग र उल्लुका प्वाँखहरूको हवन गर्नुपर्दछ । हे ब्रह्मन् ! चन्द्रग्रहणका समयमा कैलो गाईको घिउले गायत्री मन्त्रद्वारा आहुति दिन त्यसै घिउमा बोजोको धुलो मिसाएर सम्पात नामको आहुति दिने र बाँकी रहेको बोजोको धुलो लिएर त्यसलाई एक हजारपटक गायत्री मन्त्रले मन्त्रिएर त्यही

चक्षुष्या इति जप्त्वा च विनष्टं चक्षुराप्नुयात् ।१४।
उपयुञ्जत इत्येतदनुवाकं तथान्नदम् ।
तनूनपाग्ने सदिति दूर्वा हुत्वार्त्तिवर्जितः ।१५।
भेषजमसीति दध्याज्यैर्होमः पशूपसर्गनुत् ।
त्रियम्बकं यजामहे होमः सौभाग्यवर्द्धनः ।१६।
कन्यामान गृहीत्वा तु कन्यालाभकरः परः ।
भयेषु तु जपन्नित्यं भयेभ्यो विप्रमुच्यते ।१७।
धुस्तूरपुष्पं सघृतं हुत्वा स्यात्सर्वकामभाक् ।
हुत्वा तु गुग्गुलं राम स्वप्ने पश्यति शङ्करम् ।१८।
युञ्जते मनोऽनुवाकं जप्त्वा दीर्घायुराप्नुयात् ।
विष्णोरराटमित्येतत्सर्वबाधाविनाशनम् ।१९।
रक्षोघ्नं च यशस्यं च तथैव विजयप्रदम् ।
अयं नो अग्निरित्येतत्सङ्ग्रामे विजयप्रदम् ।२०।
इदमापः प्रवहत स्नाने पापापनोदनम् ।
वश्वकर्मन्नु हविषा सूचीं लौहीं दशाङ्गुलम् ।२१।
कन्याया निखनेद्द्वारी साऽन्यस्मै न प्रदीयते ।
देव सवितरेतेन हुतेनैतेन चान्नवान् ।२२।
अग्नौ स्वाहोति जुहुयाद्बलकामो द्विजोत्तमः ।
तिलैर्यवैश्च धर्मज्ञ तथापामार्गतण्डुलैः ।२३।
सहस्रमन्त्रितां कृत्वा तथा गोरोचनां द्विज ।
तिलकं च तथा कृत्वा जनस्य प्रियतामियात् ।२४।
रुद्राणां च तथा जप्यं सर्वाघविनिसूदनम् ।
सर्वकर्मकरो होमस्तथा सर्वत्र शान्तिदः ।२५।
अजाविकानामश्वानां कुञ्जराणां तथा गवाम् ।
मनुष्याणां नरेन्द्राणां बालानां योषितामपि ।२६।
ग्रामाणां नगराणां च देशानामपि भार्गव ।
उपद्रुतानां धर्मज्ञ व्याधितानां तथैव च ।२७।
मरके समनुप्राप्ते रिपुजे च तथा भये ।
रुद्रहोमः परा शान्तिः पायसेन घृतेन च ।२८।
कूष्माण्डघृतहोमेन सर्वान्पापान्व्यपोहति ।
सक्तुयावकभक्षाशी नक्तं मनुजसत्तम ।२९।

बोजो खानाले मानिस मेधावी हुन्छ । फलाम वा खयरको एघार अङ्गुल लामो किलो द्विषतो वधोऽसि आदि मन्त्रले जप गर्दै शत्रुका घरमा गाडिदिनुपर्छ । यो मैले तिमीलाई शत्रुलाई पूरै निमिट्यान्न हुने गरी नाश गर्ने उपाय भनेको हुँ । चक्षुष्या इत्यादि मन्त्र अथवा चाक्षुषी जपले मानिस आफ्नो हराएको नेत्रज्योति फेरि प्राप्त गर्दछ । उपयुञ्जत इत्यादि अनुवाकले अन्नको प्राप्ति गराउँछ । तनूपा अग्नेऽसि इत्यादि मन्त्रद्वारा दुबोको होम गर्नाले मानिसको सङ्कट हट्दछ । भेषजमसि इत्यादि मन्त्रद्वारा दही र घिउको हवन गरियो भने त्यसले पशुमाथि आउने महामारी हटाइदिन्छ । त्र्यम्बकं यजामहे भन्ने मन्त्रले गरिएको होमले सौभाग्यको वृद्धि गराउँछ । कन्याको नाम लिएर अथवा कन्याको उद्देश्य गरेर उक्त मन्त्रको जप गर्ने हो भने त्यसले कन्याको प्राप्ति हुन्छ । डर उपस्थित भएको छ भने यही त्र्यम्बकं यजामहे मन्त्रको नित्य जप गर्नुपर्दछ, सबै डरबाट मुक्ति पाइन्छ । हे परशुराम ! उक्त मन्त्रले घिउसहितको धतुराको फूलको आहुति दिएर साधकले आफ्ना सम्पूर्ण मनोरथहरू पूरा गर्न सक्दछ । यही त्र्यम्बक मन्त्रले जसले गुग्गुलको आहुति दिन्छ त्यस मानिसले सपनामा भगवान् शङ्करलाई देख्छ । युञ्जते मनः भन्ने अनुवाक जप गर्नाले दीर्घ आयु पाइन्छ । विष्णो रराटमसि आदि मन्त्रले सबै खालका बाधाहरू निवारण गर्दछन् । यस मन्त्रले राक्षसको नाश गर्दछ र कीर्ति एवं विजय प्रदान गर्दछ । अयं नो अग्निः इत्यादि मन्त्रले सङ्ग्राममा विजय प्रदान गर्दछ । स्नान गर्ने बेलामा इदमापः प्रवहत इत्यादि मन्त्रको जप गर्नु पापनाशक हुन्छ । दस अङ्गुल लामो फलामको सुइरोलाई विश्वकर्मन् हविषा भन्ने मन्त्रले मन्त्रिएर जुन कन्याका ढोकामा गाडिदिइन्छ त्यो कन्या अरू कसैलाई दिएर पनि दिइन्न । देव सवितः भन्ने मन्त्रले होम गर्नाले मानिस प्रचुर अन्नको रासले सम्पन्न हुन्छ ।१–२२।

हे धर्मको कुरो जान्ने जमदग्नि ! बलको इच्छा गर्ने श्रेष्ठ द्विजले अग्नौ स्वाहा भन्ने मन्त्रले तिल, जौ, अपामार्ग एवं चामल मिसिएको हवनसामग्रीले होम गर्नुपर्दछ । हे विप्रवर ! यसै मन्त्रले गोरोचनलाई हजारपटक मन्त्रिएर त्यसको तिलक लगाउनाले मानिस लोकप्रिय हुन्छ । रुद्र मन्त्रका जपले सम्पूर्ण पापको विनाश हुन्छ । तिनै मन्त्रले गरिएको होम सम्पूर्ण कर्मलाई साध्य बनाउने र सर्वत्र शान्ति प्रदान गर्ने हुन्छन् । हे धर्मज्ञाता भृगुनन्दन ! बाख्रो, घोडा, हात्ती, गाई, मानिस, राजा, बालक, नारी, गाउँ, नगर र देश आदि विविध उपद्रवबाट पीडित र रोगग्रस्त भए भने अथवा महामारी या शत्रुको डर आइलाग्यो भने घिउमा मुछेर खिरको होम रुद्रदेवतालाई

बहिः स्नानरतो मासान्मुच्यते ब्रह्महत्यया ।
मधुवातेति मन्त्रेण होमादितोऽखिलं लभेत् ।३०।
दधिक्राब्णोति हुत्वा तु पुत्रान्प्राप्नोत्यसंशयम् ।
तथा घृतवतीत्येतदायुष्यं स्याद्घृतेन तु ।३१।
स्वस्तिन इन्द्र इत्येतत्सर्वबाधाविनाशनम् ।
इह गावः प्रजायध्वमिति पुष्टिविवर्धनम् ।३२।
घृताहुतिसहस्रेण तथाऽलक्ष्मीविनाशनम् ।
स्रुवेण देवस्य त्वेति हुत्वापामार्गतण्डुलम् ।३३।
मुच्यते विकृताच्छीघ्रमभिचारान्न संशयः ।
रुद्र पातु पलाशस्य समिद्भिः कनकं लभेत् ।३४।
शिवो भवेत्यग्न्युत्पाते व्रीहिभिर्जुहुयान्नरः ।
याः सेना इति चैतच्च तस्करेभ्यो भयापहम् ।३५।
यो अस्मभ्यमवातीयाद्धुत्वा कृष्णतिलान्नरः ।
सहस्रशोऽभिचाराच्च मुच्यते विकृताद्द्विज ।३६।
अन्नेनान्नपतेत्येवं हुत्वा चान्नमवाप्नुयात् ।
हंसः शुचिषदित्येतज्जप्तं तोयेऽघनाशनम् ।३७।
चत्वारि भृङ्गेत्येतत्तु सर्वपापहरं जले ।
देवा यज्ञेति जप्त्वानु ब्रह्मलोके महीयते ।३८।
वसन्तेति च हुत्वाज्यमादित्याद्वरमाप्नुयात् ।
सुपर्णो सीति चेतस्य कर्मव्याहृतिवद्भवेत् ।३९।
नमः स्वाहेति त्रिर्जप्त्वा बन्धनान्मोक्षमाप्नुयात् ।
अन्तर्जले त्रिरावर्त्य द्रुपदा सर्वपापमुक् ।४०।
इह गावः प्रजायध्वं मन्त्रोऽयं बुद्धि वर्द्धनः ।
हुतं तु सर्पिषा दध्ना पयसा पायसेन वा ।४१।
शतं य इति चैतेन हुत्वा पर्णफलानि च ।
आरोग्यं श्रियमाप्नोति जीवितं च चिरं तथा ।४२।
ओषधीः प्रतिमोदध्वं वपने लवनेऽर्थकृत् ।
अश्वावती पायसेन होमाच्छान्तिमवाप्नुयात् ।४३।
तस्मा इति च मन्त्रेण बन्धनस्थो विमुच्यते ।
युवा सुवासा इत्येव वासांस्याप्नोति चोत्तमम् ।४४।
मुञ्चन्तु मा शपथ्यानि सर्वान्तकविनाशनम् ।

दिइयो भने त्यो नै परम शान्तिदायक हुन्छ । रुद्रमन्त्रले दिइएको कुभिन्डो र घिउको होमले सम्पूर्ण पापहरूलाई नाश गर्दछ । हे नरश्रेष्ठ ! जुन मानिसले राति सातु, जौको खोले एवं भिक्षाको अन्न मात्रै खाएर एक महिनासम्म बाहिरको नदी या जलाशयमा स्नान गर्दछ त्यो ब्रह्महत्याका पापबाट पनि मुक्त हुन्छ । मधुवाता इत्यादि मन्त्रले होम आदिको अनुष्ठान गर्दा खोजेको कुरो सबै पाइन्छ । दधिक्राव्णो इस मन्त्रले हवन गरेर गृहस्थले पुत्र प्राप्त गर्दछ भन्ने कुरामा शङ्का गर्नु पर्दैन । त्यसै गरी घृतवती भुवनानामभि भन्ने मन्त्रले गरिएको घिउको होमले आयुलाई बढाउँछ । स्वस्ति न इन्द्रो भन्ने मन्त्रले समस्त बाधाहरूलाई निवारण गर्दछ । इह गावः प्रजायध्वम् यो पुष्टिवर्धक मन्त्र हो । यसैले घिउको एक हजार आहुति दिने हो भने दरिद्रता मेटिएर जान्छ । देवस्य त्वा भन्ने मन्त्रले स्रुवाद्वारा अपामार्ग र चामलको हवन गर्नाले मानिसले विकृत अभिचारबाट छिट्टै छुटकारा पाउँछ, यसमा शङ्का नगरे हुन्छ । रुद्र यत्ते भन्ने मन्त्रले पलाशको समिधाहरूको हवन गर्नाले सुवर्णको उपलब्धि हुन्छ । अग्निको उत्पातमा मानिसले शिवो भव मन्त्रले धान्यको आहुति दिनुपर्दछ । या सेनाः यस मन्त्रले गरिएको हवनले चोरबाट आइलाग्ने डर भाग्दछ । हे ब्रह्मन् ! जुन मानिसले यो अस्मभ्यमरातीयात् भन्ने मन्त्रले कालो तिलको एक हजार आहुति दिन्छ ऊ विकृत अभिचारबाट मुक्त हुन्छ । अन्नपते भन्ने मन्त्रले अन्नको हवन गर्नाले मानिसलाई प्रशस्त अन्न प्राप्त हुन्छ । हंस शुचिषत् इत्यादि मन्त्रको जप पानीमा गर्नाले समस्त पापहरू नाश हुन्छन् । चत्वारि शृङ्गा भन्ने मन्त्रको जप पानीमा गर्नाले सबै पाप नासिन्छन् । देवा यज्ञमतन्वत भन्ने मन्त्रको जप गरेर साधक ब्रह्मलोकमा पूजित हुन्छ । वसन्तो स्यासीद् इत्यादि मन्त्रले घिउको आहुति दिँदा भगवान् सूर्यबाट अभीष्ट वरदान प्राप्त हुन्छ । सुपर्णोऽसि आदि मन्त्रद्वारा साध्य हुने कर्म व्याहृति मन्त्रले साध्य हुने जस्तै हुन् । नमः स्वाहा आदि मन्त्रको तीनपटक जप गरेर मानिस बन्धनबाट मोक्ष प्राप्त गर्दछ । पानीभित्र द्रुपदादिव मुमुचानः इत्यादि मन्त्रको तीन आवृत्ति गरेर मानिसले समस्त पापबाट छुटकारा पाउँछ । इह गावः प्रजायध्वम् भन्ने मन्त्रले घिउ, दही, दुध अथवा खिरको हवन गर्दा बुद्धि बढ्दछ । शं नो देवीः भन्ने मन्त्रले पलाशका फलको आहुति दिने हो भने मानिसले आरोग्य, लक्ष्मी र दीर्घ जीवन प्राप्त गर्दछ । ओषधीः प्रतिमोदध्वम् भन्ने मन्त्रले बिउ छर्ने र बाली काट्ने बेलामा होम गर्ने हो भने धनको प्राप्ति हुन्छ । अश्वावतीर्गोमतीर्न उषासो मन्त्रले खिरको होम गर्नाले शान्ति प्राप्त हुन्छ । तस्मा अरं गमाम आदि मन्त्रले होम गर्नाले बन्धनमा परेको मानिस मुक्त

मा मा हिंसीस्तिलाज्येन हृतं रिपुविनाशनम् ।४५।
नमोऽस्तु सर्वसर्पेभ्यो घृतेन पायसेन तु ।
कृणुध्वं राज इत्येतदभिचारविनाशनम् ।४६।
दूर्वाकाण्डायुतं हुत्वा काण्डात्काण्डेति मानवः ।
ग्रामे जनपदे वापि मरकं तु शमं नयेत् ।४७।
रोगार्त्तो मुच्यते रोगात्तथा दुःखात्तु दुःखितः ।
औदुम्बरीश्च समिधो मधुमान्नो वनस्पतिः ।४८।
हुत्वा सहस्रशो राम धनमाप्नोति मानवः ।
सौभाग्यं महदाप्नोति व्यवहारे तथा जयम् ।४९।
अपां गर्भमिति हुत्वा देवं वर्षापयेद्ध्रुवम् ।
अपः पिबेति च तथा हुत्वा दधि घृतं मधु ।५०।
प्रवर्त्तयति धर्मज्ञ महावृष्टिमनन्तरम् ।
नमस्ते रुद्र इत्येतत्सर्वोपद्रवनाशनम् ।५१।
सर्वशान्तिकरं प्रोक्तं महापातकनाशनम् ।
अध्यवोचदित्यनेन रक्षणं व्याधितस्य तु ।५२।
रक्षोघ्नं च यशस्यं च चिरायुः पुष्टिवर्द्धनम् ।
सिद्धार्थकानां क्षेपेण पथि चैतज्जपन्सुखी ।५३।
असौ यस्ताम्र इत्येतत्पठन्नित्यं दिवाकरम् ।
उपतिष्ठेत धर्मज्ञ सायं प्रातरतन्द्रितः ।५४।
अन्नमक्षयमाप्नोति दीर्घमायुश्च विन्दति ।
प्रमुञ्च धन्वन्नित्येतत्षड्भिरायुधमन्त्रणम् ।५५।
रिपूणां भयदं युद्धे नात्र कार्य्या विचारणा ।
मानो महान्त इत्येवं बालानां शान्तिकारकम् ।५६।
नमो हिरण्यबाहवे इत्यनुवाकसप्तकम् ।
राजिकां कटुतैलाक्तां जुहुयाच्छत्रुनाशिनीम् ।५७।
नमो वः किरिकेभ्यश्च पद्मलक्षैर्हुतैर्नरः ।
राज्यलक्ष्मीमवाप्नोति तथा बिल्वैः सुवर्णकम् ।५८।
इमा रुद्रायेति तिलैर्होमाच्च धनमाप्यते ।
दूर्वाहोमेन चान्येन सर्वव्याधिविवर्जितः ।५९।
आशुः शिशान इत्येतदायुधानां च रक्षणे ।
सङ्ग्रामे कथितं राम सर्वशत्रुनिबर्हणं ।६०।

हुन्छ। युवा सुवासा भन्ने मन्त्रले हवन गर्नाले उत्तम वस्त्र प्राप्त हुन्छ ।२३–४४।

मुञ्चन्तु मा शपथ्यात् इत्यादि मन्त्रले हवन गर्नाले शाप या शपथ आदि समस्त दुःखहरू नाश हुन्छन् । मा मा हिंसीज्जनिताः इत्यादि मन्त्रले घिउ मिसिएको तिलको होमले शत्रुलाई विनाश गर्दछ । नमोऽस्तु सर्पेभ्यो इत्यादि मन्त्रले घिउको होम एवं कृणुष्व पाजः इत्यादि मन्त्रले खिरको होम गर्दा अभिचारको उपसंहार हुन्छ। काण्डात् काण्डात् इत्यादि मन्त्रले दुबाको आहुति दस हजारपटक दिएर होताले गाउँ वा जिल्लामा फैलिएको महामारी शान्त गर्दछ। यसै मन्त्रले रोगी रोगबाट र दुःखी दुःखबाट मुक्त हुन्छ। हे परशुराम ! मधुमान्नो वनस्पति भन्ने मन्त्रले डुम्रीका एक हजार समिधाको हवन गरेर मानिसले धन प्राप्त गर्दछन् र महान् सौभाग्य एवं व्यवहारमा विजय प्राप्त गर्दछन्। अपां गम्भन्सीद मा त्वा इत्यादि मन्त्रले हवन गरेर मानिसले निश्चय नै पर्जन्यदेवबाट वर्षा गराउन सक्दछ । हे धर्मका ज्ञाता परशुराम ! अपः पिबन् वौषधीः इत्यादि मन्त्रले दही, घिउ र महको हवन गरेर यजमानले तत्काल महान् वर्षा गराउन सक्दछ। नमस्ते रुद्र इत्यादि मन्त्रले आहुति दिने हो भने यस कर्मले सबै उपद्रवहरूलाई नाश गर्दै सर्वशान्तिदायक तथा महापातक निवारक हुन्छ भनिएको छ। अध्यवोचदधिवक्ता इत्यादि मन्त्रले आहुति दिने हो भने रोग लागेको मानिसको रक्षा हुन्छ । यस मन्त्रले गरिएको हवन राक्षसलाई नाश गर्ने, कीर्ति प्रदान गर्ने र दीर्घायु एवं पुष्टि बढाउने हुन्छ। बाटमा सेतो तोरी छर्दै यसको जप गर्ने बटुवाले सुख पाउँछ। हे धर्मको ज्ञान भएका भृगुपुत्र ! असौ यस्ताम्रः भन्ने मन्त्रको पाठ गर्दै सधैँ बिहान र बेलुका अल्छी नगरीकन भगवान् सूर्यको आराधना गर्नुपर्दछ। त्यसो गर्दा उसले अक्षय अन्न एवं दीर्घ आयु प्राप्त गर्दछ। प्रमुञ्च धन्वन् इत्यादि छ मन्त्रले हतियारहरू मन्त्रिएर युद्धमा शत्रुलाई तर्साउन सकिन्छ, यसमा कुनै अन्यथा विचार नगरे हुन्छ। मा नो महान्तम् भन्ने मन्त्रको जप एवं होम बालकका लागि शान्तिकारक हुन्छ। नमो हिरण्यबाहवे इत्यादि सात अनुवाकहरूले तोरीको तेलमा रायो मिसाएर आहुति दिइयो भने त्यसले शत्रुलाई नाश गर्ने हुन्छ। नमो वः किरिकेभ्यः यस आधा मन्त्रले एक लाख कमलका फूल हवन गरेर मानिसले राज्यलक्ष्मी प्राप्त गर्न सक्छ र बेलका फलले उति नै आहुति दिने हो भने उसलाई सुनको डङ्गुर फेला पर्दछ। इमा रुद्राय भन्ने मन्त्रले तिलको होम गर्ने हो भने धनको प्राप्ति हुन्छ एवं यसै मन्त्रले घिउमा मुछेको दुबो हवन गर्दा मानिसले समस्त रोगव्याधबाट मुक्ति

राजसामेति जुहुयात्सहस्रं पञ्चभिर्द्विज ।
आज्याहुतीनां धर्मज्ञ चक्षूरोगाद्विमुच्यते ।६१।
शन्नो वनस्पते गेहे होमः स्याद्वास्तुदोषनुत् ।
अग्न आयूंषि हुत्वाज्यं द्वेषं नाप्नोति केनचित् ।६२।
अपां फेनेति लाजाभिर्हुत्वा जयमवाप्नुयात् ।
भद्रा इतीन्द्रियैर्हीनो जपन्स्यात्सकलेन्द्रियः ।६३।
अग्निश्च पृथिवी चेति वशीकरणमुत्तमम् ।
अध्वनेति जपन्मन्त्रं व्यवहारे जयी भवेत् ।६४।
ब्रह्म राजन्यमिति च कर्मारम्भे तु सिद्धिकृत् ।
संवत्सरोऽसीति घृतैर्लक्षहोमादरोगवान् ।६५।
केतुं कृण्वन्नित्येतत्सङ्ग्रामे जयवर्द्धनम् ।
इन्द्रोऽग्निर्धर्म इत्येतद्रणे धर्मनिबन्धनम् ।६६।
धन्वा नागेति मन्त्रश्च धनुर्ग्राहणिकः परः ।
यजीतेति तथा मन्त्रो विज्ञेयो ह्यभिमन्त्रणे ।६७।
मन्त्रश्चाहिरथेत्येतच्छराणां मन्त्रणे भवेत् ।
वह्नीनां पितरित्येतत्तूणमन्त्रः प्रकीर्त्तितः ।६८।
युञ्जन्तीति तथाश्वानां योजने मन्त्र उच्यते ।
आशुः शिशान इत्येतद्यात्रारम्भणमुच्यते ।६९।
विष्णोः क्रमेति मन्त्रश्च रथारोहणिकः परः ।
आजङ्घेतीति चाश्वानां ताडनीयमुदाहृतम् ।७०।
याः सेना अभित्वरीति परसैन्यमुखे जपेत् ।
दुन्दुभ्य इति चाप्येतद्दुन्दुभीताडनं भवेत् ।७१।
एतैः पूर्वहुतैर्मन्त्रैः कृत्वेवं विजयी भवेत् ।
यमेन दत्तमित्यस्य कोटिहोमाद्विचक्षणः ।७२।
रथमुत्पादयेच्छीघ्रं सङ्ग्रामे विजयप्रदम् ।
आ कृष्णेति तथैतस्य कर्म व्याहृतिवद्भवेत् ।७३।
शिवसङ्कल्पजापेन समाधिं मनसो लभेत् ।
पञ्चनद्यः पञ्चलक्षं हुत्वा लक्ष्मीमवाप्नुयात् ।७४।
यदाबधुन्दाक्षायणां मन्त्रेणानेन मन्त्रितम् ।
सहस्रकृत्वः कनकं धारयेद्रिपुवारणम् ।७५।
इमं जीवेभ्य इति च शिलां लोष्ठं चतुर्दिशम् ।

पाउँछ। हे परशुराम ! आशुः शिशानः भन्ने मन्त्र आयुधहरूको रक्षा एवं सङ्ग्राममा सम्पूर्ण शत्रुलाई विनाश गरिदिने हो। हे धर्मको ज्ञान भएका श्रेष्ठ द्विज ! वाजश्च मे इत्यादि पाँच मन्त्रले घिउको एक हजार आहुति दिनुपर्दछ। यसो गर्नाले मानिस नेत्ररोगबाट मुक्त हुन्छ। शं नो वनस्पते भन्ने मन्त्रले घरमा आहुति दिँदा वास्तुदोष नाश हुन्छ। अग्न आयूंषि इत्यादि मन्त्रले घिउको हवन गर्ने मानिस कसैको द्वेषपात्र हुँदैन। अपां फेनेन मन्त्रले लाजाको होम गर्ने योद्धाले विजय प्राप्त गर्दछ। भद्रा उत प्रशस्तयो भन्ने मन्त्रको जपले इन्द्रियहीन अथवा दुर्बल इन्द्रिय भएको मानिस सम्पूर्ण इन्द्रिय शक्तिले सम्पन्न हुन्छ। अग्निश्च पृथिवी च इत्यादि मन्त्र उत्तम वशीकरण मन्त्र हो। अध्वना आदि मन्त्रको जप गर्ने मानिस व्यवहारमा विजयी हुन्छ। कार्यका आरम्भमा ब्रह्म क्षत्रं पवते इत्यादि मन्त्रको जप गर्नाले सिद्धि प्रदान गर्दछ। संवत्सरोऽसि इत्यादि मन्त्रले घिउको एक लाख आहुति दिने मानिस रोगबाट मुक्त हुन्छ। केतुं कृण्वन् इत्यादि मन्त्र सङ्ग्राममा विजय प्रदान गर्ने हुन्छ। इन्द्रोऽग्निर्धर्मः भन्ने मन्त्रले युद्धमा धर्मअनुसारकै विजय प्राप्त गराउँछ।४५-६६।

धन्वना गा भन्ने मन्त्रलाई धनुष पक्रने समयमा जप गर्नु उत्तम हुन्छ भन्ने मानिएको छ। यजीत भन्ने मन्त्र धनुषको ताँदो मन्त्रिनका लागि हो भन्ने जान्नुपर्दछ। अहिरिव भोगैः मन्त्र बाण मन्त्रिनका लागि प्रयोग गर्नुपर्दछ। वह्नीनां पिता भन्ने मन्त्र ठोक्रो मन्त्रिनका लागि हो भनिएको छ। युञ्चन्त्यस्य इत्यादि मन्त्रले अश्वलाई रथमा नार्नु उत्तम हुन्छ भनिएको छ। आशुः शिशानः यो मन्त्र यात्राको आरम्भ गर्दाका समयमा मङ्गलका लागि पढ्नुपर्दछ भनिएको छ। रथमा चढ्ने बेलामा विष्णोः क्रमोऽसि भन्ने मन्त्रको पाठ गर्नुपर्दछ। आजङ्घन्ति इत्यादि मन्त्रले अश्वलाई धपाउनका लागि पहिलोपटक चाबुक चलाउनुपर्दछ। याः सेना अभित्वरीः इत्यादि मन्त्रलाई शत्रुका सेनाका अगाडि जप्नुपर्दछ। दुन्दुभ्यः इत्यादि मन्त्रले नगाडा ठोक्नुपर्दछ। यी मन्त्रहरूले पहिले हवन गरेर त्यसपछि उपर्युक्त कर्म गर्नाले योद्धाले सङ्ग्राममा विजय प्राप्त गर्दछ। विद्वान् पुरुषले यमेन दत्तम् भन्ने मन्त्रले एक करोड आहुति दिएर सङ्ग्रामका लागि शीघ्र नै विजयप्रद रथ तयार गर्दछन्। आकृष्णेन इत्यादि मन्त्रले साध्य हुने कर्महरू व्याहृतिले हुने जति नै हुन्। यज्जाग्रतो इत्यादि शिवसङ्कल्पसम्बन्धी सूक्तको जप गर्नाले साधकको मन एकाग्र हुन्छ। पञ्चनद्यः इत्यादि मन्त्रले पाँच लाख घिउको आहुति दिँदाखेरि लक्ष्मी प्राप्ति हुन्छ। यदाबध्नन् दाक्षायणाः भन्ने मन्त्रले हजारपटक मन्त्रिएको

क्षिपेद्गृहे तदा तस्य न स्याच्चौरभयं निशि ।७६।
परि मे गामनेनेति वशीकरणमुत्तमम् ।
हन्तुमभ्यागतस्तत्र वशी भवति मानवः ।७७।
भक्ष्यताम्बूलपुष्पाद्यं मन्त्रितं तु प्रयच्छति ।
यस्य धर्मज्ञ वशगः सोऽस्य शीघ्रं भविष्यति ।७८।
शन्नो मित्र इतीत्येतत्सदा सर्वत्र शान्तिदम् ।
गणानां त्वा गणपतिं कृत्वा होमं चतुष्पथे ।७९।
वशीकुर्य्याज्जगत्सर्वं सर्वधान्यैरसंशयम् ।
हिरण्यवर्णाः शुचयो मन्त्रोयमभिषेचने ।८०।
शन्नो देवीरभिष्टये तथा शान्तिकरः परः ।
एकचक्रेति मन्त्रेण हुतेनाज्येन भागशः ।८१।
ग्रहेभ्यः शान्तिमाप्नोति प्रसादं न च संशयः ।
गावो भग इति द्वाभ्यां हुत्वाज्यं गा अवाप्नुयात् ।८२।
प्रवादांशः सोपदिति गृहयज्ञे विधीयते ।
देवेभ्यो वनस्पत इति द्रुमयज्ञे विधीयते ।८३।
गायत्री वैष्णवी ज्ञेया तद्विष्णोः परमं पदम् ।
सर्वपापप्रशमनं सर्वकामकरं तथा ।८४।

लगाइएको सुवर्णले शत्रुलाई निवारण गर्दछ । इमं जीवेभ्यः मन्त्रले ढुङ्गो वा माटाको डल्लो मन्त्रिएर घरमा चारैतिर फ्याँकिदिनुपर्दछ। यसो गर्नाले रातमा चोरको डर हुँदैन। परीमे गामनेषत् यो उत्तम वशीकरण्को मन्त्र हो। यस मन्त्रको प्रयोग गर्नाले मार्नका लागि आएको मानिस पनि वशमा पर्दछ। हे धर्मात्मा ! उक्त मन्त्रले मन्त्रिएको खाने कुरो, पानसुपारी, फूल आदि कसैलाई पनि दिइयो भने ऊ चाँडै नै दिनेका वशमा आउँछ। शं नो मित्रः यो मन्त्र सधैँ र सबै ठाउँमा शान्ति प्रदान गर्ने हो । गणानां त्वा गणपति भन्ने मन्त्रले चार दोबाटोमा सप्तधान्यको हवन गर्नेले सम्पूर्ण जगत्लाई नै वशमा गराउँछ, यसमा शङ्का गर्नु पर्दैन । हिरण्यवर्णाः शुकयः यस मन्त्रलाई अभिषेकमा प्रयोग गर्नुपर्दछ । शं नो देवीरभीष्टये यो मन्त्र अत्यन्त शान्तिदायक हो। एकचक्र इत्यादि मन्त्रले आज्यभाग गराईन ग्रहका लागि घिउको आहुति दिँदा साधकले शान्ति पाउँछ र निस्सन्देह उसलाई ग्रहको कृपाप्रसाद सजिलै प्राप्त हुन्छ । गाव उपावतावम् र भग प्रणेतः इत्यादि दुई मन्त्रले घिउको हवन गरेर मानिसले गाईको प्राप्ति गर्दछ। प्रवादां षः सोपत् यस मन्त्रको प्रयोग ग्रहयज्ञमा गर्नुपर्दछ। देवेभ्यो वनस्पते इत्यादि मन्त्रको विनियोग वृक्षयज्ञमा हुन्छ । गायत्रीलाई विष्णुरूप हुन् भनी जान्नुपर्दछ। समस्त पापहरूको नाश एवं समस्त कामनाहरूको सिद्धि गराउने विष्णुको परमपद पनि उही हो ।६७–८४।

२६१. एकषष्ट्यधिकद्विशततमोऽध्यायः

सामविधानम्

पुष्कर उवाच
यजुर्विधानं कथितं वक्ष्ये साम्नां विधानकम् ।
संहितां वैष्णवीं जप्त्वा हृत्वा स्यात्सर्वकामभाक् ।१।
संहिता छान्दसीं साधु जप्त्वा प्रणिति शङ्करम् ।
स्कान्दीं पैत्र्यां संहितां च जप्त्वा स्यात्तु प्रसादवान् ।२।
यत इन्द्रं भजामहे हिंसादोषविनाशनम् ।
अवकीर्णी मुच्यते च अग्निस्तिग्मेति वै जपन् ।३।
सर्वपापहरं ज्ञेयं परितोषं च तासु च ।
अविक्रेयं च विक्रीय जपेद्घृतवतीति च ।४।
अयानो देव सवितर्ज्ञेयं दुःस्वप्ननाशनम् ।

पुष्कर भन्दछन्– हे परशुराम ! मैले यजुर्विधान भनेर सुनाएँ अब सामविधान भन्दछु । वैष्णवी संहिताको जप गरेर त्यसको दशांश होम गर्नुपर्दछ । यसबाट मानिस सम्पूर्ण कामनाहरू पूर्ति गर्ने भागी बन्दछ । छान्दसी संहिताको विधिपूर्वक जप गरेर मानवले भगवान् शङ्करलाई प्रसन्न गर्दछ । स्कन्द संहिता र पितृ संहिताको जप गर्नाले प्रसन्नता प्राप्त हुन्छ । यत इन्द्र भजामहे यस मन्त्रको जपले हिंसाको दोषलाई नाश गर्दछ । अग्निस्तिग्मेन भन्ने मन्त्रको जप गर्ने अवकीर्णी पुरुष पनि आफ्नो पापको दोषबाट मुक्त हुन्छ । परीतोऽषिञ्चता सुतम् भन्ने साममन्त्रले सबै पापहरू नाश गर्दछ भन्ने जान्नुपर्दछ। जसले प्रमादवश निषिद्ध वस्तुको विक्री गरेको छ त्यसले त्यसको प्रायश्चित्तका रूपमा घृतवती भुवना इत्यादि मन्त्रको जप गर्नुपर्दछ। अद्य नो देव सवितः भन्ने

अबोध्यग्निरिति मन्त्रेण घृतं राम यथाविधि ।५।
अभ्युक्ष्य घृतशेषेण मेखलाबन्ध इष्यते ।
स्त्रीणां यासां तु गर्भाणि पतन्ति भृगुसत्तम ।६।
मणिं जातस्य बालस्य बध्नीयात्तदनन्तरम् ।
सोमं राजानमेतेन व्याधिभिर्विप्रमुच्यते ।७।
सर्पसाम प्रयुञ्जानो नाप्नुयात्सर्पजं भयम् ।
माद्य त्वा वाद्यतेत्येतद्धुत्वा विप्रः सहस्रशः ।८।
शतावरिमणिम्बद्ध्वा नाप्नुयाच्छत्रुतो भयम् ।
दीर्घतमसोऽर्क इति हुत्वान्नं प्राप्नुयाद्बहु ।९।
स्वमध्यायन्तीति जपन्न म्रियेत पिपासया ।
त्वमिमा ओषधी ह्येतज्जप्त्वा व्याधिन्नवाप्नुयात् ।१०।
पथि देवव्रतं जप्त्वा भयेभ्यो विप्रमुच्यते ।
यदिन्द्रो मुनये त्वेति हुतं सौभाग्यवर्द्धनम् ।११।
भगो न चित्र इत्येवं नेत्रयोरञ्जनं हितम् ।
सौभाग्यवर्द्धनं राम नात्र कार्य्या विचारणा ।१२।
जपेदिन्द्रेति वर्गं च तथा सौभाग्यवर्द्धनम ।
परि प्रिया हि वः कारीः काम्यां संश्रावयेत्स्त्रियम् ।१३।
सा तं कामयते राम नात्र कार्य्या विचारणा ।
रथन्तरं वामदेव्यं ब्रह्मवर्चसवर्द्धनम् ।१४।
प्राशयेद् बालकं नित्यं वचाचूर्णं घृतप्लुतम् ।
इन्द्रमिद्गाथिनं जप्त्वा भवेत् श्रुतिधरस्त्वसौ ।१५।
हुत्वा रथन्तरं जप्त्वा पुत्रमाप्नोत्यसंशयम् ।
मयि श्रीरिति मन्त्रोऽयं जप्तव्यः श्रीविवर्द्धनः ।१६।
वैरूप्यस्याष्टकं नित्यं प्रयुञ्जानः श्रियं लभेत् ।
सप्ताष्टकं प्रयुञ्जानः सर्वान्कामानवाप्नुयात् ।१७।
गव्येषुणेति यो नित्यं सायं प्रातरतन्द्रितः ।
उपस्थानं गवां कुर्य्यात्तस्य स्युस्ताः सदा गृहं ।१८।
घृताक्तं तु यवद्रोणं वात आवातु भेषजम् ।
अनेन हुत्वा विधिवत्सर्वां मायां व्यपोहति ।१९।
प्रदेवोदासेन तिलान्हुत्वा कार्मणकृन्तनम् ।
अभि त्वा पूर्वपीतये वषट्कारसमन्वितम् ।२०।
वासकेध्मसहस्रं तु हुतं युद्धे जयप्रदम् ।

मन्त्रले दुःस्वप्नहरू नाश गर्दछ । अबोध्यग्निः इत्यादि मन्त्रले विधिवत् घिउको हवन गर्नुपर्दछ र शेष घिउले मेखलाबन्धलाई सेचन गर्नुपर्दछ । त्यो मेखला जुन स्त्रीको गर्भ अडिँदैन त्यस्ती स्त्रीलाई धारण गराउनुपर्दछ । त्यसपछि बालक उत्पन्न भएपछि त्यसलाई उसै मन्त्रले मन्त्रिएको मणि लगाइदिनुपर्दछ । सोमं राजानम् मन्त्रका जपले रोगीले व्याधिबाट छुटकारा पाउँछ । सर्पसामको प्रयोग गर्ने मानिस कहिल्यै सर्पको डरमा पर्दैन । मा पापत्वाय नोः भन्ने मन्त्रले ब्राह्मणले सय आहुति दिएर शतावरीयुक्त मणि बाँधेको छ भने शस्त्रको भय त्यसलाई हुँदैन । दीर्घतमसोऽर्कः भन्ने मन्त्रले हवन गर्दाखेरि प्रचुर अन्न प्राप्ति हुन्छ । समन्या यन्तिः भन्ने सामवेदको मन्त्र जप गर्ने मानिस प्यासले मर्नु पर्दैन । त्वमिमा ओषधिः भन्ने मन्त्रको जप गर्नाले मानिस कहिल्यै पनि व्याधिग्रस्त हुँदैन । मार्गमा देवव्रत सामको जप गरेर मानिस भयबाट छुटकारा पाउँछ । यदिन्द्रो अनुनयत् यस मन्त्रले हवन गर्ने हो भने सौभाग्यको वृद्धि हुन्छ । हे परशुराम ! भगो न चित्रो भन्ने मन्त्रको जप गर्नाले आँखामा लगाइएको अञ्जन हितकारक एवं सौभाग्यवर्द्धक हुन्छ भन्ने कुरामा अन्यथा विचार गर्नु हुँदैन । इन्द्र भन्ने पदबाट आरम्भ हुने मन्त्रहरूको जप गर्ने हो भने त्यसबाट सौभाग्य वृद्धि हुन्छ । परि प्रिया दिवः कविः यो मन्त्र जसलाई पाउन खोजिएको हो त्यस स्त्रीलाई सुनाइदिनुपर्छ । हे परशुराम ! त्यसो गर्ने हो भने त्यस स्त्रीले उसलाई मन पराउन थाल्छे भन्ने कुरामा अन्यथा विचार गर्नु पर्दैन । रथन्तर साम र वामदेव्य सामले ब्रह्मतेजलाई वृद्धि गराउँछन् । इदमिद्गाथिनो इत्यादि मन्त्रको जप गरेर घिउमा मुछिएको बोजोको धुलो प्रतिदिन बालकलाई खुवाउनुपर्दछ । यसबाट ऊ सुनेको सबै कुरो ग्रहण गर्ने हुन्छ । रथन्तर सामको जप एवं त्यसबाट होम गरेर पुरुषले निस्सन्देह पुत्र प्राप्त गर्दछ । मयि श्रीः यो मन्त्र लक्ष्मीलाई वृद्धि गराउने हो । यसको जप गर्नुपर्दछ । प्रतिदिन वैरूप्यांष्टक पाठ गर्नेले लक्ष्मीलाई प्राप्त गर्दछ । सप्ताष्टकको प्रयोगगर्नेले समस्त कामनाहरू प्राप्त गर्दछ । जुन मानिसले प्रतिदिन बिहान र बेलुकाको समयमा आलस्यरहित भएर गव्योषुणो यथा भन्ने मन्त्रले गाईको आराधना गर्दछ त्यसका घरमा सधैँ गाई रहिरहन्छन् । वात आ वातु भेषजम् मन्त्रले एक द्रोण जौ घिउमा मुछेर विधिपूर्वक होम गरेपछि मानिसले सबै खालका मायाहरूलाई नष्ट गर्दछ । प्र दैवोदासो आदि सामका मन्त्रले तिलको होम गरेर मानिसले अभिचार कर्मलाई शान्त गराउन सक्छ । अभि त्वा शूर नानुमो यस साम मन्त्रलाई अन्त्यमा वषट् जोडेर त्यसैले वामदेव्य सामको एकहजार जप गर्दै त्यसैद्वारा होम गर्नाले त्यसले युद्धमा विजय प्रदान गर्दछ ।

हस्त्यश्वपुरुषान्कुर्य्याद् बुधः पिष्टमयाञ्छुभान् ।२१।
परकीयानथोद्देश्य प्रधानपुरुषांस्तथा ।
सुस्विन्नान्पिष्टकवराँन्क्षुरेणोत्कृत्य भागशः ।२२।
अभि त्वा शूर णो नमो मन्त्रेणानेन मन्त्रवित् ।
कृत्वा सर्षपतैलाक्तान्क्रोधेन जुहुयात्ततः ।२३।
एतत्कृत्वा बुधः कर्म सङ्ग्रामे जयमाप्नुयात् ।
गारुडं वामदेव्यं च रथन्तरबृहद्रथौ ।
सर्वपापप्रशमनाः कथिताः संशयं विना ।२४।

विद्वान् पुरुषले पिठाको सुन्दर हात्ती, घोडा एवं मानिस निर्माण गर्नुपर्दछ। त्यसपछि शत्रुपक्षका मुख्यमुख्य वीरहरूलाई लक्ष्य बनाउँदै ती पिठाले बनाइएका पुरुषहरूलाई छुराले टुक्राटुक्रा पार्नुपर्दछ । त्यसपछि मन्त्रवेत्ता पुरुषले तिनलाई तोरीका तेलमा भिजाएर अभि त्वा शूर नोनूमो भन्ने मन्त्रले क्रोधपूर्वक ती टुक्राहरू हवन गर्नुपर्दछ। बुद्धिमान् पुरुषले यस्तो अभिचार कर्म गरेर सङ्ग्राममा विजय प्राप्त गर्दछ। गारुड, वामदेव्य, रथन्तर एवं बृहद्रथ सामले निस्सन्देह सबै पाप नाश गर्छन् भनिएको छ।१–२४।

२६२. द्विषष्ट्यधिकद्विशततमोऽध्यायः

अथर्वविधान

पुष्कर उवाच
साम्नां विधानं कथितं वक्ष्ये चाथर्वणामथ ।
शान्तातीयं गणं हुत्वा शान्तिमाप्नोति मानवः ।१।
भैषज्यं च गणं हुत्वा सर्वान् रोगान्व्यपोहति ।
त्रिसप्तीयं गणं हुत्वा सर्पपापैः प्रमुच्यते ।२।
क्वचिन्नाप्नोति च भयं हुत्वा चैवाभयं गणम् ।
न क्वचिज्जायते राम गणं हुत्वाऽपराजितम् ।३।
आयुष्यं च गणं हुत्वा अपमृत्युं व्यपोहति ।
स्वस्तिमाप्नोति सर्वत्र हुत्वा स्वस्त्ययनं गणम् ।४।
श्रेयसा योगमाप्नोति शर्मवर्मगणं तथा ।
वास्तोष्पत्यगणं हुत्वा वास्तुदोषान्व्यपोहति ।५।
तथा रौद्रगणं हुत्वा सर्वान्दोषान्व्यपोहति ।
एतैर्दशगुणैर्होमो ह्यष्टादशसु शान्तिषु ।६।
वैष्णवी शान्तिरैन्द्री च ब्राह्मी रौद्री तथैव च ।
वायव्या वारुणी चैव कौबेरी भार्गवी तथा ।७।
प्राजापत्या तथा त्वाष्ट्रि कौमारी बह्निदेवता ।
मारुद्गणा च गान्धारी शान्तिर्नैर्ऋतकी तथा ।८।
शान्तिराङ्गिरसी याम्या पार्थिवी सर्वकामदा ।
यस्त्वां मृत्युरिति ह्येतज्जप्तं मृत्युविनाशनम् ।९।
सुपर्णस्त्वेति हुत्वा च भुजगैर्नैव बाध्यते ।

पुष्कर भन्दछन्— हे परशुराम ! सामवेदको विधान भनिसकियो । अब म अथर्वविधानको बयान गर्दछ । शान्तातीयगणलाई लक्षय गरेर हवन गर्दा मानिसले शान्ति प्राप्त गर्दछ। भैषज्यगणलाई लक्ष्य गरेर हवन गर्दा मानिसले सबै रोगहरूलाई पर भगाउँछ। त्रिसप्तीयगणलाई लक्ष्य गरेर आहुति दिने मानिस सम्पूर्ण पापबाट मुक्त हुन्छ। अभयगणका उद्देश्यले होम गर्ने हो भने मानिसले कुनै स्थानमा पनि डराउनु पर्दैन। हे परशुराम ! अपराजितगणलाई लक्ष्य गरेर हवन गर्ने मानिस कहिल्यै पराजित हुँदैन । आयुष्यगणलाई लक्ष्य गरेर आहुति दियो भने मानिसले दुर्गति परेर आउने मृत्युलाई पर हटाउन सक्छ । स्वस्त्ययनगणलाई उद्देश्य गरेर हवन गर्दा सर्वत्र मङ्गल नै प्राप्त हुन्छ। शर्मवर्मगणलाई लक्ष्य गरेर होम गर्ने मानिस कल्याणको भागीदार हुन्छ। वास्तोष्पत्यगणलाई लक्ष्य गरेर आहुति दिने हो भने वास्तुदोष शान्त हुन्छ । रौद्रगणलाई लक्ष्य गरेर हवन गर्ने हो भने सम्पूर्ण दोषहरू विनाश गर्दछ। तल बताइएका अठार किसिमका शान्तिहरूमा यी दस गणहरूका लागि होम गर्नुपर्दछ। ती— वैष्णवी, ऐन्द्रा, ब्राह्मी, रौद्री, वायव्या, वारुणी, कौबेरी, भार्गवी, प्राजापत्या, त्वाष्ट्री, कौमारी, आग्नेयी, मारुद्गणी, गान्धर्वी, नैर्ऋतिकी, आङ्गिरसी, याम्या एवं कामनाहरूलाई पूर्ण गराउने पार्थिवी शान्ति हुन्। यस्त्वां मृत्युः इत्यादि अथर्ववेदीय मन्त्रको जपले मृत्युलाई नाश गर्दछ। सुपर्णस्त्वा यस मन्त्रले होम गर्ने हो भने मानिसलाई सर्पले दुःख दिँदैन। इन्द्रेण दत्तो यस मन्त्रले सम्पूर्ण

इन्द्रेण दत्तमित्येतत्सर्वकामकरं भवेत् ।१०।
इन्द्रेण दत्तमित्येतत्सर्वबाधाविनाशनम् ।
इमा देविति मन्त्रश्च सर्वशान्तिकरः परः ।११।
देवा मरुत इत्येतत्सर्वकामकरः भवेत् ।
यमस्य लोकादित्येतद्दुःस्वप्नशमनं परम् ।१२।
इन्द्रश्च पञ्चवणिजेति पण्यलाभकरं परम् ।
कामो मे वाजीती हुतं स्त्रीणां सौभाग्यवर्द्धनम् ।१३।
तुभ्यमेव जवीमन्नित्ययुतं तु हुतं भवेत् ।
अग्ने गोभिन्न इत्येतन्मेधावृद्धिकरं परम् ।१४।
ध्रुवं ध्रुवेणेतिं हुतं स्थानलाभकरं भवेत् ।
अलकजीवेति शुना कृषिलाभकरं भवेत् ।१५।
अहं ते भग्न इत्येतद्भवेत्सौभाग्यवर्द्धनम् ।
ये मे पाशास्तथाप्येतद्बन्धनान्मोक्षकारणम् ।१६।
शपत्वहन्निति रिपून्नाशयेद्धोमजाप्यतः ।
त्वमुत्तप्रमितीत्येतद्यशोबुद्धिविवर्द्धनम् ।१७।
यथा मृगमतीत्येतत्स्त्रीणां सौभाग्यवर्द्धनम् ।
येन चेह दिशं चैव गर्भलाभकरं भवेत् ।१८।
अत्यन्ते योनिरित्येतत्पुत्रलाभकरं भवेत् ।
शिवः शिवाभिरित्येतद्भवेत्सौभाग्यवर्द्धनम् ।१९।
बृहस्पतिर्नः परिपातु पथि स्वस्त्ययनं भवेत् ।
मुञ्चामि त्वेति कथितमपमृत्युनिवारणम् ।२०।
अथर्वशिरसोऽध्येता सर्वपापैः प्रमुच्यते ।
प्राधान्येन तु मन्त्राणां किञ्चित्कर्म तवेरितम् ।२१।
वृक्षाणां यज्ञियानां तु समिधः प्रथमं हविः ।
आज्यं च व्रीहयश्चैव तथा वै गौरसर्षपाः ।२२।
अक्षतानि तिलाश्चैव दधिक्षीरे च भार्गव ।
दर्भास्तथैव दूर्वाश्च बिल्वानि कमलानि च ।२३।
शान्तिपुष्टिकराण्याहुर्द्रव्याण्येतानिसर्वशः ।
तैलं कणानि धर्मज्ञा राजिका रुधिरं विषम् ।२४।
समिधः कण्टकोपेता अभिचारेषु योजयेत् ।
आर्षं वै दैवतं छन्दो विनियोगज्ञ आचरेत् ।२५।

कामना पूरा गराउँछ । इन्द्रेण दत्तो यही मन्त्र सबै खालका बाधाहरूलाई मेटाउने पनि हो । देवा मरुतः यो मन्त्र समस्त कामनाहरू सिद्ध गराउने हो । यमस्य लोकाद् यस मन्त्रले दुःस्वप्नहरू उत्तम रूपले नाश गर्दछ । इन्द्रश्च पञ्च वणिजः यो मन्त्र परम पुण्य लाभ गराउने हो । कामो मे वाजी यस मन्त्रले हवन गर्दा स्त्रीहरूको सौभाग्य वृद्धि हुन्छ । तुभ्यमेव इत्यादि मन्त्र सधैं दस हजारपटक जप गर्दै त्यसको दशांश हवन गर्नुपर्दछ अनि अग्ने गोभिर्नः मन्त्रले होम गर्ने हो भने उत्तम मेधाशक्ति वृद्धि हुन्छ । ध्रुवं ध्रुवेण इत्यादि मन्त्रले होम गरियो भनेदेखि त्यसले स्थान उपलब्ध गराउँछ । अलक्तजीवेति शुना यस मन्त्रले कृषिमा लाभ गराउँछ । अहं ते भग्नः यस मन्त्रले सौभाग्य वृद्धि गराउँछ । ये मे पाशाः भन्ने मन्त्रले बन्धनबाट मुक्ति प्रदान गर्दछ । शपत्वहन् भन्ने मन्त्रको जप एवं होम गर्नाले मानिस आफ्ना शत्रुलाई वशमा गर्न सक्दछ । त्वमुत्तमम् भन्ने मन्त्रले यश र बुद्धिलाई विस्तार गराउँछ । यथा मृगाः भन्ने मन्त्रले स्त्रीहरूको सौभाग्य वृद्धि गराउँछ । येन चेह दिशं चैव यस मन्त्रले गर्भ प्राप्ति गराउँछ । अयं ते योनिः यस मन्त्रको अनुष्ठान गर्नाले पुत्रलाभ हुन्छ । शिवः शिवाभिः इत्यादि मन्त्र सौभाग्यवर्द्धक हो । बृहस्पतिर्नः परिपातु इत्यादि मन्त्रको जपले मार्गमा मङ्गल गर्दछ । मुञ्चामि त्वा यो मन्त्र अपमृत्युलाई निवारण गर्ने हो । अथर्वशीर्षको पाठ गर्ने मानिस समस्त पापबाट मुक्त हुन्छ । यो मैले तिमीलाई प्रमुखतया मन्त्रहरूबाट साध्य हुने कतिपय कर्मको कुरो भनेको हुँ । हे परशुराम ! यज्ञसम्बन्धी वृक्षका समिधाहरू सबैभन्दा मुख्य हविष्य हुन् । तीबाहेक घिउ, धान्य, सेतो सर्स्युं, अक्षता, तिल, दही, दुध, कुश, दुबो, बेल र कमल यी सबै द्रव्यहरू शान्ति एवं पुष्टिदायक हुन्छन् भनिएको छ । हे धर्मका ज्ञाता ! तेल, कण, रायो, रुधिर, विष एवं काँडा भएका समिधाहरूलाई अभिचार कर्ममा प्रयोग गरिन्छ । मन्त्रका ऋषि, देवता, छन्द र विनियोग आदि जसले जानेको हुन्छ उसैले ती कर्महरूको अनुष्ठान गर्नुपर्दछ ।१–२५।

२६३. त्रिषष्ट्यधिकद्विशततमोऽध्यायः

उत्पातशान्ति

पुष्कर उवाच

श्रीसूक्तं प्रदिवेदं च ज्ञेयं लक्ष्मीविवर्द्धनम् ।
हिरण्यवर्णां हरिणीमृचः पञ्चदश श्रियः ।१।
रथेष्वक्षेषु वाजेति चतस्रो यजुषि श्रियः ।
स्रावन्तीयं तथा साम श्रीसूक्तं सामवेदके ।२।
श्रियं धातर्मयि धेहि प्रोक्तमाथर्वणे तथा ।
श्रीसूक्तं यो जपेद्भक्त्या हुत्वा श्रीस्तस्य वै भवेत् ।३।
पद्मानि चाथ बिल्वानि हुत्वाज्यं वा तिलाञ्छ्रियः ।
एकं तु पौरुषं सूक्तं प्रतिवेदं तु सर्वदम् ।४।
सूक्तेन दद्यान्निष्पापो ह्येकैकया जलाञ्जलिम् ।
स्नात एकैकया पुष्पं विष्णोर्दत्त्वाघहा भवेत् ।५।
स्नात एकैकया दत्त्वा फलं स्यात्सर्वकामभाक् ।
महापापोपपापान्तो भवेज्जप्त्वा तु पौरुषम् ।६।
कृच्छ्रैर्विशुद्धो जप्त्वा च हुत्वा स्नात्वाथ सर्वभाक् ।
अष्टादशभ्यः शान्तिभ्यस्तिस्रोऽन्याः शान्तयो वराः ।७।
अमृता चाभया सौम्या सर्वोत्पातविमर्दनाः ।
अमृता सर्वदैवत्या ह्यभया ब्रह्मदैवता ।८।
सौम्या च सर्वदैवत्या एका स्यात्सर्वकामदा ।
अभयाया मणिः कार्य्यो वरुणस्य भृगूत्तम् ।९।
शतकाण्डाऽमृतायश्च सौम्यायाः शङ्खजो मणिः ।
तद्दैवत्यास्तथा मन्त्राः सिद्धौ स्यान्मणिबन्धनम् ।१०।
दिव्यान्तरिक्षभौमादिसमुत्पातार्दना इमाः ।
दिव्यान्तरिक्षभौमं तु अद्भुतं त्रिविधं शृणु ।११।
अहर्क्षवैकृतं दिव्यमान्तरिक्षं निबोध मे ।
उल्कापातश्च दिग्दाहः परिवेषस्तथैव च ।१२।
गन्धर्वनगरं चैव वृष्टिश्च विकृता च या ।
चरस्थिरभवं भूमौ भूकम्पमपि भूमिजम् ।१३।

पुष्कर भन्दछन्– हे परशुराम ! प्रत्येक वेदका श्रीसूक्तलाई जान्नुपर्दछ । त्यसले लक्ष्मीको वृद्धि गराउँछ । हिरण्यवर्णा हरिणीम्. इत्यादि पन्ध्र ऋचाहरू ऋग्वेदीय श्रीसूक्त हुन् । रथे अक्षराजाय वाजः चतस्र यी चार मन्त्र यजुर्वेदीय श्रीसूक्त हुन् । श्रावयन्ती साम सामवेदीय श्रीसूक्त हो श्रियं धातर्मयि धेहि यो अथर्ववेदको श्रीसूक्त हो भनिएको छ । जसले भक्तिपूर्वक श्रीसूक्तको जप एवं होम गर्दछ उसलाई निश्चय नै लक्ष्मीको प्राप्ति हुन्छ । श्रीदेवीलाई प्रसन्न गर्नका लागि कमल, बेल, घिउ अथवा तिलको आहुति दिनुपर्दछ । प्रत्येक वेदमा एउटै पुरुषसूक्त रहेको पाइन्छ र त्यसले सबै कुरा प्रदान गर्दछ । जसले स्नान गरेर पुरुषसूक्तका एकएक मन्त्रले भगवान् श्रीविष्णुलाई एकएक जलको अञ्जली र एकएक फूल अर्पण गर्दछ त्यो पापरहित भएर अर्काको पाप पनि नाश गराउँछ । स्नान गरेर यस सूक्तका एकएक मन्त्रसँगै श्रीविष्णुलाई फल समर्पित गरेर मानिसले सम्पूर्ण कामना सिद्ध गर्ने भाग्य पाउँछ । पुरुषसूक्तको जपबाट महापातक र उपपातकहरू नाश हुन्छन् । कृच्छ्रव्रत गरेर शुद्ध भएका मानिसले स्नान गरेर पुरुषसूक्तको जप एवं होम गरेमा सबै कुराहरू प्राप्त गर्दछ । अठार शान्तिहरूमा समस्त उत्पातहरूलाई शमन गर्ने अमृता, अभया र सौम्या यी तीन शान्तिहरू सर्वोत्तम हुन् । अमृता शान्ति सर्वदैवत्या, अभया ब्रह्मदैवत्या एवं सौम्या सर्वदैवत्या हुन् । यिनीहरूमा प्रत्येक शान्तिले सम्पूर्ण कामनाहरूलाई प्रदान गर्दछन् । हे भृगुश्रेष्ठ ! अभया शान्तिका लागि वरुणवृक्षका फेदको मणि बनाउनुपर्दछ । अमृता शान्तिका लागि दुबाका फेदको मणि र सौम्या शान्तिका लागि शङ्खमणि धारण गर्नुपर्दछ । त्यसका लागि ती ती शान्तिरुका देवताहरूसित सम्बद्ध मन्त्रहरू सिद्ध गरेर मणि बाँध्नुपर्दछ । यी शान्तिहरूले दिव्य, आन्तरिक्ष र भौम उत्पातहरूलाई शमन गर्दछन् । दिव्य, आन्तरिक्ष र भौम यी उत्पातहरूलाई अद्‌भुत प्रकारका छन् भनिएको छ, सुन । ग्रह एवं नक्षत्रको विकृतिबाट हुने उत्पातहरू दिव्य हुन् भनिएको छ। अब आन्तरिक्ष उत्पातको वर्णन सुन। उल्कापात, दिग्दाह, परिवेश, सूर्यमा घेरो लाग्नु, गन्धर्व नगर देखिनु एवं विकारयुक्त वर्षा यी अन्तरिक्षसम्बन्धी उत्पात हुन् । भूमिमा

सप्ताहाभ्यन्तरे वृष्टावद्भुतं निष्फलं भवेत् ।
शान्तिं विना त्रिभिर्वर्षैरद्भुतं भयकृद्भवेत् ।१४।
देवताच्चर्चाः प्रनृत्यन्ति वेपन्ते प्रज्वलन्ति च ।
आरठन्ति च रोदन्ति प्रस्विद्यन्ते हसन्ति च ।१५।
अच्चर्चाविकारोपशमोऽभ्यर्च्य हुत्वा प्रजापतेः ।
अनग्निर्दीप्यते यत्र राष्ट्रे च भृशनिःस्वनम् ।१६।
न दीप्यते चेन्धनवांस्तद्राष्ट्रं पीड्यते नृपैः ।
अग्निवैकृत्यशमनमग्निमन्त्रैश्च भार्गव ।१७।
अकाले फलिता वृक्षाः क्षीरं रक्तं स्रवन्ति च ।
वृक्षोत्पातप्रशमनं शिवं पूज्य च कारयेत् ।१८।
अतिवृष्टिरनावृष्टिर्दुर्भिक्षायोभयं मतम् ।
अनृतौ त्रिदिनारब्धवृष्टिर्ज्ञेया भयाय हि ।१९।
वृष्टिवैकृत्यनाशः स्यात्पर्जन्येन्द्वर्कपूजनात् ।
नगरादपसर्पन्ते समीपमुपयान्ति च ।२०।
नद्यो ह्रदप्रस्रवणा विरसाश्च भवन्ति च ।
सलिलाशयवैकृत्ये जप्तव्यो वारुणो मनुः ।२१।
अकालप्रसवा नार्य्याः कालतो वा प्रजास्तथा ।
विकृतप्रसवाश्चैव युग्मप्रसवनादिकम् ।२२।
स्त्रीणा प्रसववैकृत्ये स्त्रीविप्रादिं प्रपूजयेत् ।
वडवा हस्तिनी गौर्वा यदि युग्मं प्रसूयते ।२३।
विजात्यं विकृतं वापि षड्भिर्मासैर्म्रियेत वै ।
विकृतं वा प्रसूयन्ते परचक्रभयं भवेत् ।२४।
होमः प्रसूतिवैकृत्ये जपो विप्रादिपूजनम् ।
यानि यानान्ययुक्तानि युक्तानि च वहन्ति च ।२५।
आकाशे तूर्यनादाश्च महद्भयमुपस्थितम् ।
प्रविशन्ति यदा ग्राममारण्या मृगपक्षिणः ।२६।
अरण्यं यान्ति वा ग्राम्या जलं यान्ति स्थलोद्भवाः ।
स्थलं वा जलजा यान्ति राजद्वारादिके शिवाः ।२७।
प्रदोषे कुक्कुटो वासे शिवा चार्कोदये भवेत् ।

एवं चलायमान प्राणीहरूमा हुने उपद्रव तथा भूकम्प यी सबै भौम उत्पात हुन् । यी तीन खालका उत्पातहरू देखिएपछि एक हप्ताभरिमा यदि वर्षा भयो भने त्यो अद्भुत निष्फल हुन्छ । यदि तीन वर्षसम्म अद्भुत उत्पातलाई शान्ति गरिएन भने त्यो लोकका लागि भयकारक हुन्छ । जब देवताका प्रतिमाहरू नाच्छन्, काम्छन्, बल्छन्, शब्द गर्दछन्, रुन्छन् पसिना बगाउँछन् वा हाँस्छन् त्यस बेलामा प्रतिमाहरूको यस्तो विकारको शान्ति गर्नकाल लागि तिनीहरूको पूजा र प्राजापत्य होम गर्नुपर्दछ। जुन राष्ट्रमा नबालीकनै पनि भयङ्कर शब्द गर्दै आगो दन्किन्छ वा इन्धन खन्याउँदा पनि बल्दैन त्यस राष्ट्रले राजाहरूकै कारण दुःख पाउँछ ।१-१६।

हे भृगुनन्दन ! अग्निसम्बन्धी यस्ता विकृतिलाई शान्त गर्नका लागि अग्निदैवत्य मन्त्रहरूले हवन गर्नुपर्दछ भनिएको छ। जब वृक्षले विनासमयमा नै फल दिन लाग्यो, दुध तथा रगत बगाउन थाल्यो भने त्यो वृक्षजनित भौमउत्पात हो भनिएको छ । त्यहाँ शिवको पूजा गरेर उत्पातलाई साम्य गर्नुपर्दछ । अतिवृष्टि र अनावृष्टि यी दुवैलाई अनिकालको कारण मानिएको छ । वर्षाऋतुबाहेक अन्य ऋतुहरूमा तीन दिनसम्म लगातार पानी परिरह्यो भने त्यसलाई डरको कारण मान्नुपर्दछ। पर्जन्य, चन्द्रमा एवं सूर्यको पूजा गर्नाले वृष्टिसम्बन्धी विकृति विनाश हुन्छ। जुन नगरबाट नदीहरू पर हट्दै जान्छन् अथवा अत्यन्त नजिकिँदै आउँछन् र जुन तलाउ एवं झर्नाहरू सुक्दछन् त्यस ठाउँमा जलाशयको यो विकृति हटाउनका लागि वरुणदेवतासम्बन्धी मन्त्रको जप गर्नुपर्दछ । जहाँ स्त्रीहरू बेला नै नभईकन सन्तान जन्माउँछन्, बेला भएपछि पनि सन्तान जन्माउँदैनन्, विकृत सन्तान जन्माउँछन् वा जुम्ल्याहा सन्तान पाउँछन् त्यस ठाउँमा स्त्रीहरूको प्रसवसम्बन्धी विकृति हटाउनका लागि साध्वी स्त्री र ब्राह्मणको पूजा गर्नुपर्दछ। जुन देशमा घोडा, हात्ती या गाईका जुम्ल्याहा बच्चा जन्मन्छन् या विकृतियुक्त, विजातीय सन्तान जन्माउँछन्, छ महिनामै मर्छन् अथवा विकृत गर्भ प्रसव गर्दछन् त्यस राष्ट्रलाई शत्रुहरूको डर हुन्छ। पशुहरूको यस्तो प्रसवसम्बन्धी उत्पातलाई शान्ति गर्ने उद्देश्यले होम, जप एवं ब्राह्मणको पूजा गर्नुपर्दछ। जब अयोग्य पशु सवारीसाधनमा नारिन आउँछ, योग्य पशुले सवारीसाधन बोक्न मान्दैन एवं आकाशमा तूर्यनाद हुन थाल्छ त्यस्ता बेलामा ठूलो डर आइलाग्छ। जब जङ्गली पशुपक्षी गाउँतिर आउँछन्, घरपालुवा पशु जङ्गलतिर भाग्दछन्, स्थलचर प्राणी पानीमा आहाल बस्न

गृहं कपोतः प्रविशेत्क्रव्याद्वा मूर्ध्नि लीयते ।२८।
मधुरां मक्षिकां कुर्यात्काको मैथुनगो दृशि ।
प्रासादतोरणोद्यानद्वारप्राकारवेश्मनाम् ।२९।
अनिमित्तं तु पतनं दृढानां राजमृत्यवे ।
रजसावाथ धूमेन दिशो यत्र समाकुलाः ।३०।
केतूदयोपरागौ च छिद्रता शशिसूर्ययोः ।
ग्रहर्क्षविकृतिर्यत्र तत्रापि भयमादिशेत् ।३१।
अग्निर्यत्र न दीप्येत स्रवन्ते चोदकुम्भकाः ।
मृतिर्भयं शून्यतादिरुत्पातानां फलं भवेत् ।
द्विजदेवादिपूजाभ्यः शान्तिर्जप्यैस्तु होमतः ।३२।

थाल्दछन्, जलचर प्राणी स्थलमा आउँछन्, दरबारनजिक स्याल आउँछन्, कुखुरो प्रदोषकालमा कराउँछ, सूर्योदयका समयमा स्याल रुन्छ, ढुकुरपरेवा घरभित्रै मात्र पस्न थाल्छन्, मांसाहारी पक्षी टाउकामाथि घुम्न थाल्छन्, भिँगाले मह पार्न लाग्यो, सबैका अगाडि नै कागले मैथुन गर्न थाल्यो, बलिया प्रासाद, तोरण, उद्यान, द्वार, पर्खाल र भवनहरू विनाकारण ढल्न थाले भने राजाको मृत्यु हुन्छ। जहाँ धुलो वा धुवाँले दसै दिशाहरू भरिन्छ, केतुको उदय हुन्छ, ग्रहण लाग्छ, सूर्य र चन्द्रमामा प्वाल देखिन्छ भने यस्तो सबै नै ग्रह र नक्षत्रको विकार हो। यस्तो विकार जहाँ देखिन्छ त्यहाँका लागि भयको सूचना दिएको हो। जहाँ आगो बल्दैन पानी भरिएका भाँडा विनाकारण चुहुन थाले भने यस्तो उत्पातको फल मृत्यु, भय र महामारी आदि हुन्छन्। ब्राह्मण र देवताहरूको पूजा गर्नाले र जप एवं होमबाट यी उत्पातहरू शान्त हुन्छन् ।१७–३३।

२६४. चतुःषष्ट्यधिकद्विशततमोऽध्यायः

बलिवैश्वदेव

पुष्कर उवाच
देवपूजादिकं कर्म वक्ष्ये चोत्पातमर्दनम् ।
आपोहिष्ठेति तिसृभिः स्नातोऽर्घ्यं विष्णवेऽर्पयेत् ।१।
हिरण्यवर्णा इति च पाद्यं च तिसृभिर्द्विज ।
शन्न आपो ह्याचमनमिदमापोऽभिषेचनम् ।२।
रथे अक्षे च तिसृभिर्गन्ध युवेति वस्त्रकम् ।
पुष्पं पुष्पवतीत्येवं धूपं धूपोऽसि चाप्यथ ।३।
तेजोऽसि शुक्रं दीपं स्यान्मधुपर्कं दधीति च ।
हिरण्यगर्भ इत्यष्टावृचः प्रोक्ता निवेदने ।४।
अन्नस्य मनुजश्रेष्ठ पानस्य च सुगन्धिनः ।
चामरव्यजनोपानच्छत्रं यानासने तथा ।५।
यत्किञ्चिदेवमादि स्यात्सावित्रेण निवेदयेत् ।
पौरुषं तु जपेत्सूक्तं तदेव जुहुयात्तथा ।६।
अर्च्चाभावे तथा वेद्यां जले पूर्ण घटे तथा ।
नदीतीरेऽथ कमले शान्तिः स्याद्विष्णुपूजनात् ।७।
ततो होमः प्रकर्त्तव्यो दीप्यमाने विभावसौ ।
परिसंमृज्य पर्य्युक्ष्य परिस्तीर्य्य परिस्तरैः ।८।

पुष्कर भन्दछन्– हे परशुराम ! अब म देवपूजा आदि कर्मको बयान गर्दछु र त्यसले उत्पातहरूलाई शान्ति गर्दछ। मानिसले स्नान गरेर आ पो हि ष्ठा आदि तीन मन्त्रले भगवान् श्रीविष्णुलाई अर्घ्य समर्पण गर्नुपर्दछ। त्यसपछि हिरण्यवर्णा आदि तीन मन्त्रले पाद्य समर्पित गर्नुपर्दछ। शं नो आपः यस मन्त्रले आचमन र इदमापः भन्ने मन्त्रले अभिषेक अर्पण गर्नुपर्दछ। रथे अक्षेषु चतस्रः यी तीन मन्त्रले भगवान्का अङ्गहरूमा चन्दनको अनुलेपन गर्नुपर्दछ। युवा सुवासाः यस मन्त्रले वस्त्र र पुष्पवती इत्यादि मन्त्रले पुष्प एवं धूरसि आदि मन्त्रहरूले धुप समर्पण गर्नुपर्दछ। तेजोऽसि शुक्रमसि भन्ने मन्त्रले दीप तथा दधीक्राव्णो भन्ने मन्त्रले मधुपर्क निवेदन गर्नुपर्दछ। हे नरश्रेष्ठ ! त्यसपछि हिरण्यगर्भः आदि आठवटा ऋचाहरू पाठ गरेर अन्न एवं सुगन्धित पेय पदार्थको नैवेद्य चढाउनुपर्दछ। त्यसका अतिरिक्त भगवान्लाई चामर, व्यजन, पादुका, छत्र, यान एवं आसन आदि जेजति गरिने हो सबै सावित्र मन्त्रले समर्पण गर्नुपर्दछ। पुरुषसूक्तको जप गर्नुपर्दछ र त्यसैले आहुति दिनुपर्दछ। भगवान्को मूर्तिका अभावमा वेदिकामाथि रहेको जलपूर्ण कलश अथवा नदीको किनार अथवा कमलका फूलमा भगवान् विष्णुको पूजा गर्नाले उत्पातहरूको शान्ति हुन्छ। भुइँमा रहेको वेदीलाई लिपपोत गरी त्यसका चारैतिर कुश ओछ्याउनुपर्दछ। अनि त्यसमाथि

सर्वान्नाग्रं समुद्धृत्य जुहुयात्प्रयतस्ततः ।
वासुदेवाय देवाय प्रभवे चाव्ययाय च ।९।
अग्नये चैव सोमाय मित्राय वरुणाय च ।
इन्द्राय च महाभाग इन्द्राग्निभ्यां तथैव च ।१०।
विश्वेभ्यश्चैव देवेभ्यः प्रजानां पतये नमः ।
अनुमत्यै तथा राम धन्वन्तरय एव च ।११।
वास्तोष्पत्ये ततो देव्यै ततः स्विष्टिकृतेऽग्नये ।
सचतुर्थ्यन्तनाम्ना तु हुत्वैतेभ्यो बलिं हरेत् ।१२।
तक्षोपतक्षमभितः पूर्वेणाग्निमतः परम् ।
अश्वानामपि धर्मज्ञ ऊर्णनामानि चाप्यथ ।१३।
निरुन्धी धूम्रिणीका च अस्वपन्ती तथैव च ।
मेघपत्नी च नामानि सर्वेषामेव भार्गव ।१४।
आग्नेयाद्याः क्रमेणाथ ततः शक्तिषु निःक्षिपेत् ।
नन्दिन्यै च सुभाग्यै च सुमङ्गल्यै च भार्गव ।१५।
भद्रकाल्यै ततो दत्त्वा स्थूणायां च तथा श्रिये ।
हिरण्यकेश्यै च तथा वनस्पतय एव च ।१६।
धर्माधर्ममयौ द्वारे गृहमध्ये ध्रुवाय च ।
मृत्यवे च बहिर्दद्याद्वरुणायोदकाशये ।१७।
भूतेभ्यश्च बहिर्दद्याच्छरणे धनदाय च ।
इन्द्रायेन्द्रपुरुषेभ्यो दद्यात्पूर्वेण मानवः ।१८।
यमाय तत्पुरुषेभ्यो दद्याद्दक्षिणतस्तथा ।
वरुणाय तत्पुरुषेभ्यो दद्यात्पश्चिमतस्तथा ।१९।
सोमाय सोमपुरुषेभ्यो उदग्दद्यादनन्तरम् ।
ब्रह्मणे ब्रह्मपुरुषेभ्यो मध्ये दद्यात्तथैव च ।२०।
आकाशे च तथा चोर्ध्वे स्थण्डिलाय क्षितौ तथा ।
दिवा दिवाचरेभ्यश्च रात्रौ रात्रिचरेषु च ।२१।
बलिं बहिस्तथा दद्यात्सायं प्रातस्तु प्रत्यहम् ।
पिण्डनिर्वपणं कुर्य्यात्प्रातः सायं न कारयेत् ।२२।
पित्रे तु प्रथमं दद्यात्तत्पित्रे तदनन्तरम् ।
प्रपितामहाय तन्मात्रे पितृमात्रे ततोऽर्पयेत् ।२३।
तन्मात्रे दक्षिणाग्रेषु कुशेष्वेवं यजेत्पितॄन् ।
इन्द्रवारुणवायव्या याम्या वा नैर्ऋताश्च ये ।२४।

अग्नि बालेर त्यसमा होम गर्नुपर्दछ। हे महाशय परशुराम ! मन र इन्द्रियलाई संयममा राख्दै सबै किसिमका खाने कुराहरूबाट अघिल्लो भाग झिकेर गृहस्थ द्विजले क्रमशः वासुदेव आदिका लागि मन्त्र उच्चारण गर्दै नामको पछाडि चतुर्थी विभक्ति लगाएर एकएक गाँस अन्नको आहुति दिनुपर्दछ । त्यसपछि निम्नाङ्कित रीतिले बलि समर्पित गर्नुपर्दछ। हे धर्मका ज्ञाता ! पहिले अग्नि दिशाबाट थालेर तक्षा, उपतक्षा, अश्वा, ऊर्णा, निरुन्धी, धूम्रिणीका, अस्वपन्ती तथा मेघपत्नी नामका यिनीहरूलाई बलि अर्पित गरिदिनुपर्दछ । हे भृगुनन्दन ! सबै बलिको भाग पाउने देवीहरूका नाम यिनै हुन् । क्रमशः आग्नेय आदि दिशाहरूबाट आरम्भ गर्दै तिनलाई बलिको भाग दिनुपर्दछ । हे भार्गव ! त्यसपछि नन्दिनी आदि चार शक्तिहरूका लागि नन्दिन्यै नमः सुभगायै नमः सुमङ्गल्यै नमः भद्रकाल्यै नमः भन्दै र पूर्व आदि चार दिशाहरूमा बलि दिएर कुनै खम्बा अथवा किलामा लक्ष्मी आदिका लागि पनि बलि दिनुपर्दछ ।१-१५।

श्रियै नमः हिरण्यकेश्यै नमः वनस्पतये नमः मन्त्र उच्चारण गर्दै ढोकाको दाहिनेतिर धर्ममयाय नमः देब्रेतिर अधर्ममयाय नमः घरभित्र ध्रुवाय नमः घरबाहिर मृत्यवे नमः र जलाशयमा वरुणाय नमः यी मन्त्रहरूले बलि अर्पित गर्नुपर्दछ। अनि घरबाहिर भूतेभ्यो नमः भन्ने मन्त्रले भूतबलि दिनुपर्दछ । घरभित्र धनदाय नमः भनेर कुबेरलाई बलि दिनुपर्दछ । त्यसपछि मानिसले घरको पूर्व दिशामा इन्द्राय नमः, इन्द्रपुरुषेभ्यो नमः भन्ने मन्त्रले इन्द्र र इन्द्रका पार्षद पुरुषहरूलाई बलि अर्पित गर्नुपर्दछ। त्यसपछि दक्षिणमा यमाय नमः यमपुरुषेभ्यो नमः भन्ने मन्त्रले, वरुणाय नमः वरुणपुरुषाय नमः भन्ने मन्त्रले पश्चिममा सोमाय नमः सोमपुरुषेभ्यो नमः भन्ने मन्त्रले उत्तरमा र ब्रह्मणे वास्तोष्पतये नमः ब्रह्मपुरुषेभ्यो नमः भन्ने मन्त्रले घरका मध्य भागमा बलि दिनुपर्दछ । विश्वेभ्यो देवेभ्यो नमः भन्ने मन्त्रले घरको खाली ठाउँमा मास्तिर बलि दिनुपर्दछ । स्थण्डिलाय नमः भन्ने मन्त्रले पृथ्वीमा बलि दिनुपर्दछ र त्यसपछि दिवाचारिभ्यो भूतेभ्यो नमः भन्ने मन्त्रले दिनमा विचरण गर्नेहरूलाई बलि दिनुपर्दछ र रात्रिचारिभ्यो भूतेभ्यो नमः भन्ने मन्त्रले रात्रिमा चर्ने प्राणीहरूका लागि भन्ने उद्देश्यले बलि दिनुपर्दछ। घरभन्दा बाहिर जुन बलि दिइन्छ त्यो सधैँ नै साँझबिहान दिइरहनुपर्दछ। यदि दिउँसो श्राद्धसम्बन्धी पिण्डदान गरिएको छ भने त्यस दिन साँझमा बलि दिनु पर्दैन। पितृ श्राद्धमा दक्षिणतिर टुप्पो पारिएका कुशमा पहिले पितालाई, अनि पितामहलाई र त्यसपछि प्रपितामहलाई पिण्ड

ते काकाः प्रतिगृह्णन्तु इमं पिण्डं मयोद्धृतम् ।
काकपिण्डं तु मन्त्रेण शुनः पिण्डं प्रदापयेत् ।२५।
विवस्वतः कुले जातौ द्वौ श्वाव शबलौ शुनौ ।
तेषां पिण्डं प्रदास्यामि पथि रक्षन्तु मे सदा ।२६।
सौरभेय्यः सर्वहिता पवित्राः पापनाशनाः ।
प्रतिगृह्णन्तु मे ग्रासं गावस्त्रैलोक्यमातरः ।२७।
गोग्रासं च स्वस्त्ययनं कृत्वा भिक्षां प्रदापयेत् ।
अतिथीन्दीनान्पूजयित्वा गृही भुञ्जीत च स्वयम् ।२८।
ओं भूः स्वाहा ओं भुवः स्वाहा ओं स्वः स्वाहा ओं भूर्भुवः स्वः स्वाहा ओं देवकृतस्यै नसोऽवयजनमसि स्वाहा ओं पितृकृतस्यैनसोऽवयजनमसि स्वाहा ओं आत्मकृतस्यैनसोऽवयजनमसि स्वाहा ओं मनुष्यकतस्यैनसोऽवयजनमसि स्वाहा ओं एनस एनसोऽवयजनमसि स्वाहा यच्चाहमेनो विद्वांश्चकार यच्चाविद्वांस्तस्य सर्वस्यैनसोऽवयजनमसि स्वाहा अग्नयेस्विष्टिकृते स्वाहा ओं प्रजापतये स्वाहा
विष्णुपूजावैश्वदेवबलिस्ते कीर्त्तिता मया ।२९।

दिनुपर्दछ। यसै गरी पहिले मातालाई, अनि मातामहीलाई र प्रपितामहीलाई पिण्ड अथवा जल दिनुपर्दछ। पितृयाग यसरी नै गर्नुपर्दछ। पकाइएका अन्नबाट बलिवैश्वदेव गरिसकेपछि पाँच बलिहरू दिइन्छन्। तिनीहरूमा सबैभन्दा पहिलो गाईका लागि दिइने बलि हो तर यहाँ कागबलिको विधान गरिएको छ। जो इन्द्र, वरुण, वायु, यम एवं निर्ऋति देवतको दिशामा रहन्छ त्यस कागले मद्वारा दिइएको यो पिण्ड ग्रहण गरोस् भन्ने मन्त्रले कागको बलि दिएर तल लेखिएका मन्त्रले कुकुरका लागि अन्नको गाँस बलि दिनुपर्दछ। कालो र छिर्के वर्णका दुई कुकुर विवस्वान्‌का कुलमा उत्पन्न भएका हुन्। म ती दुवैका लागि पिण्ड दिँदै छु। तिनले लोक र परलोकका मार्गमा सधैँ मेरो रक्षा गरून्। त्रैलोक्य जननी, सुरभिपुत्री गाईले सबैको हित गर्दछन्। पवित्र एवं पापलाई नाश गर्दछन्। तिनीहरू मैले दिएको गाँस ग्रहण गरून्। यस मन्त्रले गाईलाई गाँस खुवाएर स्वस्त्ययन गर्नुपर्दछ। अनि मगन्तेलाई भिक्षा दिनुपर्दछ। त्यसपछि प्राणीहरूलाई एवं अतिथिलाई अन्नले सत्कार गरेर गृहस्थ स्वयंले भोजन गर्नुपर्दछ। भोजनको आहुति ओं भूः स्वाहा ओं भुवः स्वाहा इत्यादि मन्त्रले दिनुपर्दछ। मैले यो तिमीसित विष्णुपूजा र बलिवैश्वदेवका विषयमा बताएको हुँ।१६-२९।

२६५. पञ्चषष्ट्यधिकद्विशततमोऽध्यायः

दिक्पालादिस्नान

अग्निरुवाच
सर्वार्थ साधनं स्नानं वक्ष्ये शान्तिकरं शृणु ।
स्नापयेच्च सरित्तीरे ग्रहान्विष्णुं विचक्षणः ।१।
देवालये ज्वरार्त्यादौ विनायकग्रहार्दिते ।
विद्यार्थिनो ह्रदे गेहे जयकामस्य तीर्थके ।२।
पद्मिन्यां स्नापयेन्नारीं गर्भो यस्याः स्रवेत्तथा ।
अशोकसन्निधौ स्नायाज्जातो यस्या विनश्यति ।३।
पुष्पार्थिनां च पुष्पाढ्ये पुत्रार्थिना च सागरे ।
गृहसौभाग्यकामानां सर्वेषां विष्णुसन्निधौ ।४।
वैष्णवे रेवतीपुष्ये सर्वेषां स्नानमुत्तमम् ।

पुष्कर भन्दछन्– हे परशुराम ! अब म सम्पूर्ण अर्थहरूलाई नै सिद्ध गर्ने, शान्तिप्रदायक स्नानका विषयमा वर्णन गर्दछु, सुन। बुद्धिमान् मानिसले नदीका तटमा भगवान् विष्णु एवं ग्रहहरूलाई स्नान गराउनुपर्दछ। ज्वर आदिबाट दुःख पाएका बेलामा र विघ्नराज एवं ग्रहले दुःख दिँदा त्यस पीडाबाट छुटकारा पाउनका लागि पुरुषले देवालयमा स्नान गर्नुपर्दछ। विद्या प्राप्तिको रहर गर्ने छात्रले कुनै जलाशय अथवा घरमा नै स्नान गर्नुपर्दछ र विजयको कामना भएका पुरुषले भने तीर्थको जलमा स्नान गर्नु उचित हुन्छ। जुन नारीको गर्भ खस्दछ उसलाई पुष्करिणीमा स्नान गराउनुपर्दछ। जुन स्त्रीको नवजात शिशु जन्मनेबित्तिकै मर्दछ उसले अशोक वृक्षका नजिकै स्नान गर्नुपर्दछ। रजोदर्शनको कामना गर्ने स्त्रीले फूलले शोभायमान भएको उद्यानमा र पुत्रको कामना गर्ने स्त्रीले समुद्रमा स्नान गर्नुपर्दछ। सौभाग्यको कामना

स्नानकामस्य सप्ताहं पूर्वमुत्सादनं स्मृतम् ।५।
पुनर्नवा रोचनां च शताङ्गं गुरुणीत्वचम् ।
मधूकं रजनी द्वे च तगरं नागकेशरम् ।६।
अम्बरीं चैव मञ्जिष्ठां मांसीयासककर्दमैः ।
प्रियङ्गु सर्षपं कुष्ठं बलां ब्राह्मी च कुङ्कुमम् ।७।
पञ्चगव्यं सक्तुमिश्रं उद्वर्त्त्य स्नामाचरेत् ।
मण्डले कर्णिकायां च विष्णुं ब्रह्माणमर्चयेत् ।८।
दक्षे वामे हरं पूर्वं पत्रे पूर्वादिके क्रमात् ।
लिखेदिन्द्रादिकान्देवान्सायुधान्सहबान्धवान् ।९।
स्नानमण्डलकान्दिक्षु कुर्य्याच्चैव विदिक्षु च ।
विष्णुब्रह्मेशशक्रादींस्तदस्त्राण्यर्घ्य होमयेत् ।१०।
एकैकस्य त्वष्टशतं समिधस्तु तिलान्वृतम् ।
भद्रः सुभद्रः सिद्धार्थः कलशाः पुष्टिवर्द्धनाः ।११।
अमोघश्चित्रभानुश्च पर्जन्योऽथ सुदर्शनः ।
स्थापयेत्तु घटानेतान्साश्विरुद्रमरुद्गणान् ।१२।
विश्वेदेवास्तथा दैत्या वसवो मुनयस्तथा ।
आवेशयन्तु सुप्रीतास्तथान्या अपि देवताः ।१३।
ओषधीर्निक्षिपेत्कुम्भे जयन्तीं विजयां जयाम् ।
शतावरीं शतपुष्पां विष्णुक्रान्तापराजिताम् ।१४।
ज्योतिष्मतीमतिबलां चन्दनोशीरकेसरम् ।
कस्तूरिकां च कर्पूरं बालकं पत्रकं त्वचम् ।१५।
जातीफलं लवङ्गं च मृत्तिकां पञ्चगव्यकम् ।
भद्रपीठे स्थितं साध्यं स्नापयेयुर्द्विजा बलात् ।१६।
राजाभिषेकमन्त्रोक्तदेवानां होमकाः पृथक् ।
पूर्णाहुतिं ततो दत्त्वा गुरवे दक्षिणां ददेत् ।१७।
इन्द्रोऽभिषिक्तो गुरुणा पुरा दैत्याञ्जघान ह ।
दिक्पालस्नानं कथितं सङ्ग्रामादौ जयादिकम् ।१८।

भएका स्त्रीले घरैमा स्नान गर्नुपर्दछ। तर जसले सबै कुराको कामना गरेका हुन्छन् त्यस्ता स्त्रीपुरुषले भगवान् विष्णुको अर्चाविग्रहका नजिकै स्नान गर्नु उचित हुन्छ। श्रवण, रेवती एवं पुष्य नक्षत्रहरूमा सबैका लागि स्नान गर्नु राम्रो मानिएको छ। काम्यस्नान गर्ने मानिसका लागि एक हप्ता पहिलेदेखि नै तेल मालिस गर्ने विधान रहेको छ। पुनर्नवा, रोचना, सताङ्ग, एवं अगुरु वृक्षका बोक्रा, मधूक, दुई किसिमको हल्दी, तगर, नागकेसर, अम्बरी, मञ्जिष्ठा, जटामांसी, यासक, कर्दम, प्रियङ्गु, सर्षप, कुष्ठ, बला, ब्राह्मी, कुङ्कुम एवं सातु मिसाइएको पञ्चगव्य यति कुराहरू जिउमा मालिस गरेर स्नान गर्नुपर्दछ। त्यसपछि ताँवाको थालीमा अष्टदल पद्ममण्डल निर्माण गरेर पहिले त्यसको कर्णिकामा श्रीविष्णुको, तिनका दाहिने भागमा ब्रह्माको र बायाँ भागमा शिवको चित्र बनाएर पूजा गर्नुपर्दछ। त्यसपछि पूर्व आदि दिशाहरूका दलहरूमा क्रमशः इन्द्र आदि दिक्पाललाई तिनका आयुध र बन्धुबान्धवसहित अङ्कित गर्नुपर्दछ। त्यसपछि पूर्व आदि आठ दिशा र अग्नि आदि कोणहरूमा पनि आठ स्नान मण्डलको निर्माण गर्नेपर्दछ। ती मण्डलहरूमा विष्णु, ब्रह्मा, शिव एवं इन्द्र आदि देवताहरूलाई आयुधहरूसहित पूजा गरेर तिनीहरूकै उद्देश्यले होम गर्नुपर्दछ। प्रत्येक देवताका लागि समिधा, तिल वा घिउको एकसय आठ आहुति दिनुपर्दछ। त्यसपछि भद्र, सुभद्र, सिद्धार्थ, पुष्टिवर्धन, अमोघ, चित्रभानु, पर्जन्य एवं सुदर्शन यी आठ कलशहरूको स्थापना गर्नुपर्दछ र तिनीहरूभित्र अश्विनीकुमार, रुद्र, मरुद्गण, विश्वेदेव, दैत्य, वसुगण तथा मुनिहरू एवं अन्य देवताहरूलाई आवाहन गर्नुपर्दछ। तिनीहरूसित प्रार्थना गर्दै— तिमीहरू सबै प्रसन्न हुँदै यी कलशहरूमा पस भन्नुपर्दछ। त्यसपछि ती कलशहरूमा जयन्ती, विजया, जया, शतावरी, शतपुष्पा, विष्णुक्रान्ता नामले प्रसिद्ध अपराजिता, ज्योतिष्मती, अतिबला, उशीर, चन्दन, केसर, कस्तुरी, कपुर, पत्रहरू, बोक्रा, जाइफल, ल्वाङ आदि औषधिहरू तथा माटो र पञ्चगव्य हाल्नुपर्दछ। त्यसपछि ब्राह्मणले खटाएको मानिसलाई भद्रपीठमा बसाएर यी कलशका जलले बलजफ्ती स्नान गराउनुपर्दछ। राज्याभिषेकका मन्त्रले उक्त देवताहरूका निमित्त अलगअलग होम गर्नुपर्दछ। त्यसपछि पूर्णाहुति दिएर आचार्यलाई दक्षिणा दिनुपर्दछ। उहिले नै देवगुरु बृहस्पतिले इन्द्रको अभिषेक यसरी नै गरेका थिए र त्यसैले उनी दैत्यलाई मास्नका लागि समर्थ भएका थिए। मैले यो युद्ध आदि विजय प्राप्त गराउने दिक्पालस्नानका विषयमा भनेको हुँ।१-१८।

२६६. षष्टषष्ट्यधिकद्विशततमोऽध्यायः

विनायकस्नान

पुष्कर उवाच

विनायकोपसृष्टानां स्नानं सर्वकरं वदे ।
विनायकः कर्मविघ्नसिद्ध्यर्थं विनियोजितः ।१।
गणानामाधिपत्ये च केशवेशपितामहैः ।
स्वप्नेऽवगाहनेऽत्यर्थं जलं मुण्डांश्च पश्यति ।२।
विनायकोपसृष्टस्तु क्रव्यादानधिरोहति ।
व्रजमानस्तथात्मानं मन्यतेऽनुगतं परैः ।३।
विमना विफलारम्भः संसीदत्यनिमित्ततः ।
कन्यां वरं न चाप्नोति न चापत्यं वराङ्गना ।४।
आचार्य्यत्वं श्रोत्रियश्च न शिष्योऽध्ययनं लभेत् ।
धनी न लाभमाप्नोति न कृषिं च कृषीवलः ।५।
राजा राज्यं न चाप्नोति स्नपनं तस्य कारयेत् ।
हस्तपुष्याश्वयुक्सौम्ये वैष्णवे भद्रपीठके ।६।
गौरसर्षपकल्केन साज्येनोत्सादितस्य च ।
सर्वौषधैः सर्वगन्धैः प्रलिप्तशिरसस्तथा ।७।
चतुर्भिः कलशैः स्नानं तेषु सर्वौषधीः क्षिपेत् ।
अश्वस्थानाद्गजस्थानाद्वल्मीकात्सङ्गमाद्ध्रदात् ।८।
मृत्तिकां रोचनां गन्धं गुग्गुलं तेषु निक्षिपेत् ।
सहस्राक्षं शतधारमृषिभिः पावनं कृतम् ।९।
तेन त्वामभिषिञ्चामि पावमान्यः पुनन्तु ते ।
भगं ते वरुणो राजा भगं सूर्य्यो बृहस्पतिः ।१०।
भगमिन्द्रश्च वायुश्च भग सप्तर्षयो ददुः ।
यत्ते केशेषु दौर्भाग्यं सीमन्ते यच्च मूर्द्धनि ।११।
ललाटे कर्णयोरक्ष्णोरापस्तद्घ्नन्तु सर्वदा ।

पुष्कर भन्दछन्– हे परशुराम ! जुन मानिसहरू विघ्नराज विनायकबाट पीडित हुन्छन् उनीहरूका लागि सर्वमनोरथसाधक स्नानको विधिका विषयमा भन्दछु। कर्ममा परेको विघ्न र त्यसको सिद्धिका लागि विष्णु, शिव र ब्रह्माले विनायकलाई पुष्पदन्त आदि गणको अधिपतिका पदमा प्रतिष्ठित गरेका हुन्। विघ्नराज विनायकद्वारा जो ग्रस्त भएको छ त्यस पुरुषको लक्षण पहिले सुन । उसले सपनामा गहिरो पानीमा पसेर अत्यधिक स्नान गर्दछ। उसले कपाल खौरिएको र गेरुवा वस्त्र लगाएका मानिसलाई पनि देख्दछ। काँचो मासु खाने गिद्ध आदि हिंसक पशुहरूका पिठ्युँमा चढ्दछ। जागा अवस्थामै जता जाँदा पनि उसलाई कतै मेरा शत्रुले पो मलाई पछ्याउँदै छ कि जस्तो लागिरहेको हुन्छ। उसको मन विक्षिप्त रहेको हुन्छ । उसले थालेका जुनसुकै कार्यहरू निष्फल नै हुन्छन्। ऊ विनाकारण नै खिन्न भएको हुन्छ। विघ्नराजबाट सताइएकी कन्या केटीले हत्तपत्त वर पाउँदिन र विवाहिता स्त्रीले पनि सन्तान पाउँदिन । श्रोत्रियलाई आचार्यपद प्राप्त हुँदैन। शिष्यले अध्ययन गर्न सक्दैन। वैश्यलाई व्यापारमा र किसानलाई खेतीमा लाभ हुँदैन। राजाका छोराले पनि राज्य पाउँदैन। यस्ता पुरुषलाई विधिपूर्वक स्नान गराउनुपर्दछ। हस्त, पुष्य, अश्विनी, मृगशिरा तथा श्रवण नक्षत्रमा कुनै भद्रपीठमा स्वस्तिवाचनका साथ बसाएर उसलाई स्नान गराउने विधान रहेको छ। पहेँलो सस्युँ पिँधेर त्यसलाई घिउमा मुछेर बुकुवा बनाउने र त्यसलाई मानिसका सम्पूर्ण शरीरमा दल्नुपर्दछ । अनि टाउकामा सर्वौषधिसहित सबै खालका सुगन्धित द्रव्यहरू दल्नुपर्दछ। चार कलश पानीले सर्वौषधि छोडेर अरू सबै कुरो पखाल्नुपर्दछ। अश्वशाला, गजशाला, धमिराको गोलो, नदीको सङ्गम र जलाशयहरूबाट ल्याइएको पाँच किसिमको माटो, गोरोचन, सुगन्ध र गुग्गुल यी सबै वस्तुहरू पनि ती कलशका पानीमा मिसाउनुपर्दछ। आचार्यले पूर्वतिर रहेको कलशलाई लिएर निम्नाङ्कित मन्त्रले यजमानलाई अभिषेक गर्नुपर्दछ– सहस्राक्षं शतधारमृषिभिः पावनं कृतम् तेन त्वामभिषिञ्चामि पावमान्यः पुनन्तु ते । हजार आँखा भएका छन्, जसका सयौँ धाराहरू छन् र जसलाई महर्षिहरूले पवित्र बनाएका हुन्, त्यस पवित्र जलले म तिमीलाई अभिषेक गर्दछु । यो पवित्र जलले तिमीलाई पवित्र गरोस् । भगं ते वरुणो राजा भगं सूर्यो बृहस्पतिः भगमिन्द्रश्च वायुश्च भगं सप्तर्षयो ददुः। राजा वरुण, सूर्य, बृहस्पति, इन्द्र, वायु तथा सप्तर्षिगणले तिमीलाई

दर्भपिञ्जलिमादाय वामहस्ते ततो गुरुः ।१२।
स्नातस्य सर्षपं तैलं स्रुवेणोदुम्बरेण च ।
जुहुयान्मूर्द्धनि कुशान्सव्येन परिगृह्य च ।१३।
मितश्च सम्मितश्चैव तथा शालककण्टकौ ।
कूष्माण्डौ राजपुत्रश्च एतैः स्वाहासमन्वितैः ।१४।
नामभिर्बलिमन्त्रैश्च नमस्कारसमन्वितैः ।
दद्याच्चतुष्पथे शूर्पे कुशानास्तीर्य सर्वतः ।१५।
कृताकृतांस्तण्डुलांश्च पललौदनमेव च ।
मत्स्यान्पङ्कांस्तथैवामान्पुष्पं चित्रं सुरां त्रिधा ।१६।
मूलकं पूरिकां पूपांस्तथैवेण्डविकास्रजः ।
दध्यन्नं पायसं पिष्टं मोदकं गुडमर्पयेत् ।१७।
विनायकस्य जननीमुपतिष्ठेत्ततोऽम्बिकाम् ।
दूर्वासर्षपपुष्पाणां दत्त्वार्घ्यं पूर्णमञ्जलिम् ।१८।
रूपं देहि यशो देहि सौभाग्यं सुभगे मम ।
पुत्रं देहि धनं देहि सर्वान्कामांश्च देहि मे ।१९।
भोजयेद्ब्राह्मणान्दद्याद्वस्त्रयुग्मं गुरोरपि ।
विनायकं ग्रहान्प्राच्र्य श्रियं कर्मफलं लभेत् ।२०।

कल्याण प्रदान गरेका छन् । यत्ते केशेषु दौर्भाग्यं सीमन्ते यच्च मूर्धनि ललाटे कर्णयोरक्षणोरापस्तद्घ्नन्तु सर्वदा । तिम्रा कपालमा, सिउँदोमा, टाउकामा, निधारमा, कानमा र आँखामा जेजस्तो दुर्भाग्य छ त्यसलाई जलदेवताले सधैँका लागि शान्त गराऊन् । यसरी स्नान गराइएका यजमानका शिरमा बायाँ हातमा लिइएको कुश राखेर आचार्यले त्यसमाथि गुलरको सुरेले तोरीको तेल उठाएर हालिदिनुपर्दछ । यस किसिमले स्वाहासहित जोडेर यी मित आदि नामहरूले तोरीका तेलको आहुति टाउकामा दिनुपर्दछ। टाउकामा तेल हाल्नु नै हवन हो। त्यसपछि इन्द्र आदिका नामको बलिमन्त्र बनाएर नमः शब्द उच्चारण गर्दै होमशेष चरुले तिनीहरूलाई बलि दिनुपर्दछ । त्यसपछि नाङलामा सबैतिर कुश ओछ्याएर त्यसमा काँचो चामल वा पिसिएको तिल मिसाइएको पकाइएको भात र विभिन्न जातका फूल, तीन किसिमको सुरा, मुला, पुरी, मालपुवा, पिठाको माला दही मिसिएको अन्न, खिर, गुलियो कुरो, लड्डु र गुड यी सबै कुराहरू जम्मा पारेर चौबाटामा लगेर राखिदिनुपर्दछ र त्यो देवता, सुपर्ण, सर्प, ग्रह, असुर, यातुधान, पिशाच, नागमाता, शाकिनी, यक्ष, वेताल, योगिनी र पूतना आदिलाई अर्पित गर्नुपर्दछ। त्यसपछि विनायकजननी भगवती अम्बिकालाई दुबोका पात, सर्स्युं एवं पुष्पले भरिएको अर्घ्यका रूपमा अँजुली दिएर निम्नाङ्कित मन्त्रले उनको आराधना गर्नुपर्दछ— हे सौभाग्यवती अम्बिका ! मलाई रूप, यश, सौभाग्य, पुत्र एवं धन देऊ। मेरा सबै कामनाहरू पूरा गर । यसो भनिसकेपछि ब्राह्मणहरूलाई भोजन गराउनुपर्दछ र आचार्यलाई दुईवटा वस्त्र दान गर्नुपर्दछ । यस किसिमले विनायक र ग्रहहरूको पूजा गरेर मानिसले धन र सबै खालका काममा सफलता प्राप्त गर्दछ ।१-२०।

२६७. सप्तषष्ट्यधिकद्विशततमोऽध्यायः

माहेश्वरस्नान लक्ष-कोटिहोम

पुष्कर उवाच
स्नानं माहेश्वरं वक्ष्ये राजादेर्जयवर्द्धनम् ।
दानवेन्द्राय बलये यज्जगादोशनाः पुरा ।१।
भास्करेऽनुदिते पीठे प्रातः संस्नापयेद् घटैः ओं नमो भगवते रुद्राय च बलाय च पाण्डरोचितभस्मानुलिप्तगात्राय तद्यथा जय जय सर्वान् शत्रून् मुकय कलहविग्रहविवादेषु भञ्जय ओं मथ मथ सर्वपथिकान् योऽसौ युगान्तकाले

पुष्कर भन्दछन्— अब म राजा आदिलाई विजयश्री बढाउने माहेश्वर स्नानको बयान गर्दछु र उहिले नै शुक्राचार्यले दानवेन्द्र बलिलाई यसको शिक्षा दिएका थिए । बिहान सूर्योदयभन्दा पहिले भद्रपीठमा आचार्यले जलपूर्ण कलशद्वारा राजालाई स्नान गराउनुपर्छ । आफ्नो शरीरमा सेतो भस्म लगाएका महाबलशाली भगवान् रुद्रलाई नमस्कार छ। तिम्रो जय होस्, जय होस् । समस्त शत्रुलाई लट्याइदेऊ । कलह, युद्ध एवं विवादमा विभक्त गराऊ, विभक्त गराऊ। मारिदेऊ, मारिदेऊ । जसले सम्पूर्ण लोकहरूलाई भस्म पार्न खोज्दछन्

दिधक्षति इमां पूजां रौद्रमूर्तिः सहस्रांशुः शुक्लः स ते रक्षतु जीवितम् संवर्त्तकाग्नितुल्यश्च त्रिपुरान्तकरः शिवः सर्वदेवमय सोऽपि तव रक्षतु जीवितम् लिखि लिखि खिलि स्वाहा एवं स्नातस्तु मन्त्रेण जुहुयात्तिलतण्डुलम् ।२।

पञ्चामृतैस्तु संस्नाप्य पूजयेच्छूलपाणिनम् ।
स्नानान्यन्यानि वक्ष्यामि सर्वदा विजयाय ते ।३।
स्नानं घृतेन कथितमायुष्यवर्द्धनं परम् ।
गोमयेन च लक्ष्मीः स्याद्गोमूत्रेणाघमर्दनम् ।४।
क्षीरेण बलबुद्धिः स्याद्दध्ना लक्ष्मीविवर्द्धनम् ।
कुशोदकेन पापान्तः पञ्चगव्येन सर्वभाक् ।५।
शतमूलेन सर्वाप्तिर्गोश्रृङ्गोदकतोऽघजित् ।
पलाशबिल्वकमलकुशस्नानं तु सर्व्वदम् ।६।
वचा हरिद्रे द्वे मुस्तं स्नानं रक्षोहणं परम् ।
आयुष्यं च यशस्यं च धर्म्ममेधाविवर्द्धनम् ।७।
हैमाद्भिश्चैव माङ्गल्यं रूप्यताम्रोदकैस्तथा ।
रत्नोदकैस्तु विजयः सौभाग्यं सर्वगन्धकैः ।८।
फलाद्भिश्च तथारोग्यं धात्र्यद्भिः परमां श्रियम् ।
तिलसिद्धार्थकैर्लक्ष्मीः सौभाग्यं च प्रियङ्गुणा ।९।
पद्मोत्पलकदम्बैश्च श्रीर्बलं बलाद्रुमोदकैः ।
विष्णुपादोदकस्नानं सर्वस्नानेभ्य उत्तमम् ।१०।
एकाकी एककामायेत्येकोर्कं विधिवच्चरेत् ।
अक्रन्दयति सूक्तेन प्रबध्नीयान्मणिं करे ।११।
कुष्ठपाठा वचाशुण्ठीशङ्खलोहादिको मणिः ।
सर्वेषामेव कामानामीश्वरो भगवान्हरिः ।१२।
तस्य सम्पूजनादेव सर्वान्कामासमश्नुते ।
स्नापयित्वा घृतक्षीरैः पूजयित्वा च पित्तहा ।१३।
पञ्चमुद्गबलिं दत्त्वा अतिसारात्प्रमुच्यते ।
पञ्चगव्येन संस्नाप्य वातव्याधिं विनाशयेत् ।१४।
द्विस्नेहस्नपनात् श्लेष्मरोगहा चातिपूजया ।
घृतं तैलं तथा क्षौद्रं स्नानं तु त्रिरसं परम् ।१५।

ती रुद्रले सबै विरोधीहरूलाई मारिदिऊन् । यस पूजालाई स्वीकार गरेर उनै रुद्रमूर्ति, हजारौँ किरणले सजिएका, सेतो वर्ण भएका शिवले तिम्रा जीवनको रक्षा गरून् । प्रलयकालीन अग्निजस्तै तेजस्वी, सर्वदेवमय, त्रिपुरनाशक शिवले तिम्रा जीवनको रक्षा गरून् । यस मन्त्रले स्नान र चामलको होम गर्नुपर्दछ ।त्यसपछि त्रिशूलधारी भगवान् शिवलाई पञ्चामृतले स्नान गराएर उनको पूजा गर्नुपर्दछ । अब म तिम्रासामु सबै खालका विजय प्राप्त गराउने अन्य स्नानहरूको वर्णन गर्दछु । घिउको स्नान आयु वृद्धि गराउनमा समर्थ हुन्छ । गोबरले स्नान गर्नाले लक्ष्मीप्राप्ति, गोमूत्रले स्नान गर्नाले पापनाश, दुधले स्नान गर्नाले सम्पत्तिको वृद्धि हुन्छ । कुशपानीले स्नान गर्नाले पापनाश, पञ्चगव्यले स्नान गर्नाले समस्त अभीष्ट वस्तुहरूको प्राप्ति, शतमूले स्नान गर्नाले सबै कामनाहरूको सिद्धि र गोशृङ्गका जलले स्नान गर्नाले पापहरूको शान्ति हुन्छ । पलाश, बिल्वपत्र, कमल एवं कुशको पानीले स्नान गर्नाले सबै कुरा प्राप्त हुन्छन् । बोजो, दुई प्रकारको हल्दी र मोथामिश्रित जलले गरिएका स्नानबाट राक्षसलाई विनाश गर्न सजिलो हुन्छ । त्यति मात्र नभई त्यसले आयु, यश, धर्म र बुद्धिको पनि वृङ्गिका जलले स्नान गर्नाले पापहरूको शान्ति हुन्छ । पलाश, बिल्वपत्र, कमल एवं कुशको पानीले स्नान गर्नाले सबै कुरा प्राप्त हुन्छन् । बोजो, दुई प्रकारको हल्दी र मोथामिश्रित जलले गरिएका स्नानबाट राक्षसलाई विनाश गर्न सजिलो हुन्छ । त्यति मात्र नभई त्यसले आयु, यश, धर्म र बुद्धिको पनि वृद्धि गर्दछ । स्वर्णजलले स्नान गर्नाले मङ्गल हुन्छ । चाँदी र ताँबाका जलले स्नान गर्दा पनि यस्तै फल हुन्छ । रत्नमिश्रित जलले स्नान गर्नाले विजय, सबै किसिमका सुगन्धमिश्रित जलले स्नान गर्नाले सौभाग्य, फलमिश्रित पानीले स्नान गर्नाले आरोग्य र धात्रीफलका जलले स्नान गर्दा उत्तम लक्ष्मी प्राप्त हुन्छ । तिल एवं सेतो सस्युँका जलले स्नान गर्दा लक्ष्मी, प्रियङ्गुका जलले स्नान गर्नाले सौभाग्य, पद्म, उत्पल तथा कदम्ब मिश्रित जलले स्नान गर्नाले लक्ष्मी एवं बलावृक्षका जलले स्नान गर्नाले बलको प्राप्ति हुन्छ । भगवान् श्रीविष्णुका चरणको जलले गरिएको स्नान सबै स्नानभन्दा श्रेष्ठ हुन्छ । मानिसले एक्लै बसेर एउटै कामना लिई स्नान गर्नुपर्दछ । उसले आक्रन्दयति इत्यादि सूक्तले आफ्ना हातमा मनलाई बाँध्नुपर्दछ । उसले मणि, कूट, पाट, वचा, सुठो शङ्ख अथवा फलाम लिनुपर्दछ । सबै खालका कामनाहरूका ईश्वर भगवान् श्रीहरि नै हुन् । त्यसैले उनको पूजा गर्नाले मानिसले सम्पूर्ण कामनाहरूलाई प्राप्त गर्दछ । घिउ मिसिएको दुधले स्नान गराएर श्रीविष्णुको पूजा गर्ने मानिसले पित्तरोगलाई नष्ट गराउँछ । उनका लागि पाँचवटा मुगीको बलि दिएर

स्नानं घृताम्बु द्विस्नेहं समलं घृततैलकम् ।
क्षौद्रमिक्षुरसं क्षीरं स्नानं त्रिमधुरं स्मृतम् ।१६।
घृतमिक्षुरसं तैलं क्षौद्रं च त्रिरसं श्रिये ।
अनुलेपस्त्रिशुक्लस्तु कर्पूरोशीरचन्दनैः ।१७।
चन्दनागरुकर्पूरमृगदर्पैः सकुङ्कुमैः ।
पञ्चानुलेपनं विष्णोः सर्वकामफलप्रदम् ।१८।
त्रिसुगन्धं च कर्पूरं तथा चदनकुङ्कुमैः ।
मृगदर्पं सकर्पूरं मलयं सर्वकामदम् ।१९।
जातीफलं सकर्पूरं चन्दनं च त्रिशीतकम् ।
पीतानि शुक्लवर्णानि तथा शुक्लानि भार्गव ।२०।
कृष्णानि चैव रक्तानि पञ्चवर्णानि निर्दिशेत् ।
उत्पलं पद्मजाती च त्रिशीतं हरिपूजने ।२१।
कुङ्कुमं रक्तपद्मानि त्रिरक्तं रक्तमुत्पलम् ।
धूपदीपादिभिः प्राच्य विष्णुं शान्तिर्भवेन्नृणाम् ।२२।
चतुरस्त्रकरे कुण्डे ब्राह्मणाश्चाष्ट षोडश ।
लक्षहोमं कोटिहोमं तिलाज्ययवधान्यकैः ।
ग्रहानभ्यर्च्य गायत्र्या सर्वशान्तिः क्रमाद्भवेत् ।२३।

मानिसले झाडपखालाबाट छुट्टी पाउँछ। भगवान् श्रीहरिलाई पञ्चगव्यले स्नान गराउने मानिसले वातरोगलाई नाश गर्दछ। द्विस्नेह द्रव्यले स्नान गराएर अत्यन्त श्रद्धाका साथ पूजा गर्ने मानिस कफसम्बन्धी रोगबाट मुक्त हुन्छ। घिउ, तेल र महले स्नान गराउनुलाई त्रिरस स्नान भन्ने मानिएको छ। घिउ र जलले गरिएको स्नान द्विस्नेह स्ना हो र घिउतेलमिश्रित जलको स्नान समल स्नान हो। मह, उखुको रस र दुध यी तीन कुरा मिसिएको जलले गराइएको स्नान त्रिमधुर स्ना हो। घिउ, उखुको रस र मह यस त्रिरस स्नानले लक्ष्मी प्राप्त गराउँछ। कर्पूर, उशीर एवं चन्दनले गरिएको लेपन त्रिशुक्ल हो भनिएको छ। चन्दन, अगुरु, कर्पूर, कस्तुरी एवं कुङ्कुम यी पाँच कुराको मिश्रणले गरिएको अनुलेपन यदि विष्णुलाई अर्पित गर्ने हो भने त्यसले सम्पूर्ण मनका रहरअनुसारको फल प्रदान गराउँछ। कर्पूर, चन्दन र कुङ्कुम अथवा कस्तुरी, कपुर र चन्दन यस्तो त्रिसुगन्ध सबै खालका कामना पूरा गराउने हुन्छ। जाइफल, कपुर र चन्दन यिनलाई शीतत्रय मानिएको छ। पहेँलो, सुगारङ्गी, सेतो, कालो र रातो यिनलाई पञ्चवर्ण भनिएको छ। श्रीहरिको पूजामा उत्पल, कमल, जातीपुष्प तथा त्रिशीत उपयोगी हुन्छन्। कुङ्कुम, रक्तकमल र रातो उत्पल यी त्रिरक्त हुन् भनिएको छ। श्रीविष्णुलाई धुपदीप आदिले पूजा गर्नाले मानिसलाई शान्ति प्राप्त हुन्छ। चार हातको चारकुने कुण्डमा आठ वा सोह्र ब्राह्मणले तिल, घिउ र चामलले लाख अथवा करोडपटक होम गर्नुपर्दछ। ग्रहको पूजा गरेर गायत्री मन्त्रले उक्त होम गर्नाले क्रमशः सबै किसिमका शान्ति सुलभ हुन्दछन् ।१-२३।

२६८. अष्टषष्ट्यधिकद्विशततमोऽध्यायः

नीराजनाविधि

पुष्कर उवाच
कर्म सांवत्सरं राज्ञां जन्मर्क्षे पूजयेच्च तम् ।
मासि मासि च सङ्क्रान्तौ सूर्य्यसोमादिदेवताः ।१।
अगस्त्यस्योदयेऽगस्त्यं चातुर्मास्यं हरिं यजेत् ।
शयनोत्थापने पञ्चदिनं कुर्य्यात्समुत्सवम् ।२।
प्रोष्ठपादे सिते पक्षे प्रतिपत्प्रभृति क्रमात् ।
शिबिरातपूर्वदिग्भागे शक्रार्थं भवनं चरेत् ।३।
तत्र शक्रध्वजं स्थाप्य शचीं शक्रं च पूजयेत् ।
अष्टम्यां वाद्यघोषेण तां तु यष्टिं प्रवेशयेत् ।४।

पुष्कर भन्दछन्— अब म राजाहरूले गर्नुपर्ने सांवत्सर कर्मको वर्णन गर्दछु। राजाले आफ्नो जन्मनक्षत्रमा नक्षत्रदेवताको पूजा गर्नुपर्दछ। उनले प्रत्येक महिनामा, सङ्क्रान्तिको अवसरमा सूर्य र चन्द्रमा आदि देवताहरूको अर्चना गर्नुपर्दछ। अगस्त्य तारा उदाउँदा अगस्त्यको र चातुर्मास्यमा श्रीहरिको यज्ञ गर्नुपर्दछ। श्रीहरिको शयन र उत्थानका एकादशीहरूमा पाँच दिनसम्म उत्सव गर्नुपर्दछ। भाद्रपदको शुक्लपक्षमा, प्रतिपदा तिथिमा शिबिरको पूर्वदिशामा इन्द्रको पूजा गर्नका लागि भवन बनाउनुपर्दछ। उसै भवनमा इन्द्रध्वज स्थापना गरेर त्यहीं प्रतिपदादेखि अष्टमीसम्म शची र इन्द्रको पूजा गर्नुपर्दछ। अष्टमीका दिन वाद्यवादनका साथ त्यस पताकामा

एकादश्यां सोपवासो द्वादश्यां केतुमुत्थितम् ।
यजेद्वस्त्रादिसंवीतं घटस्थं सुरपं शचीम् ।५।
वर्द्धस्वेन्द्र जितामित्र वृत्रहन्पाकशासन ।
देव देव महाभाग त्वं हि भूमिष्ठतां गतः ।६।
त्वं प्रभुः शाश्वतश्चैव सर्वभूतहिते रतः ।
अनन्ततेजा वैराजो यशोजयविवर्द्धनः ।७।
तेजस्ते वर्द्धयन्त्वेते देवाः शक्रः सुवृष्टिकृत् ।
ब्रह्मविष्णुमहेशाश्च कार्त्तिकेयो विनायकः ।८।
आदित्या वसवो रुद्राः साध्याश्च भृगवो दिशः ।
मरुद्गणा लोकपाला ग्रहा यक्षादिनिम्नगाः ।९।
समुद्राः श्रीर्मही गौरी चण्डिका च सरस्वती ।
प्रवर्त्तयन्तु ते तेजो जय शक्र शचीपते ।१०।
तव चापि जयान्नित्यं मम सम्पद्यतां शुभम् ।
प्रसीद राज्ञां विप्राणां प्रजानामपि सर्वशः ।११।
भवत्प्रसादात्पृथिवी नित्यं शस्यवती भवेत् ।
शिवं भवतु निर्विघ्नं शाम्यन्तामीतयो भृशम् ।१२।
मन्त्रेणेन्द्रं समभ्यर्च्य जितभूः स्वर्गमाप्नुयात् ।
भद्रकालीं पटे लिख्य पूजयेदाश्विने जये ।१३।
शुक्लपक्षे तथाष्टम्यामायुधं कामुर्कं ध्वजम् ।
छत्रं च राजलिङ्गानि शस्त्राद्यं कुसुमादिभिः ।१४।
जायन्निशि बलिं दद्याद्द्वितीयेऽह्नि पुनर्यजेत् ।
भद्रकालि महाकालि दुर्गे दुर्गार्त्तिहारिणि ।१५।
त्रैलोक्यविजये चण्डि मम शान्तौ जये भव ।
नीराजनाविधिं वक्ष्ये ह्यैशान्यां मन्दिरं चरेत् ।१६।
तोरणत्रितयं तत्र गृहे देवान् यजेत्सदा ।
चित्रां त्यक्त्वा यदा स्वातिं सविता प्रतिपद्यते ।१७।
ततः प्रभृति कर्त्तव्यं यावत्स्वातौ रविः स्थितः ।
ब्रह्मा विष्णुश्च शम्भुश्च शक्रश्चैवानलानिलौ ।१८।
विनायकः कुमारश्च वरुणो धनदो यमः ।
विश्वेदेवा वैश्रवसो गजाश्चाष्टौ च तान्यजेत् ।१९।
कुमुदैरावणौ पद्मः पुष्पदन्तश्च वामनः ।
सुप्रतीकोऽञ्जनो नीलः पूजा कार्य्या गृहादिके ।२०।

ध्वजदण्ड प्रवेश गराउनुपर्दछ । त्यसपछि एकादशीको व्रत बसेर द्वादशीका दिन ध्वजलाई उचाल्नुपर्दछ। त्यसपछि एउटा कलशमा वस्त्रआदिसहित राखेर देवराज इन्द्र र शचीलाई स्थापना गरेर तिनीहरूको पूजा गर्नुपर्दछ । हे शत्रुविजयी, वृत्रनाशक, पाकशासन, देवाधिदेव ! तिम्रो अभ्युदय होस् । तिमी कृपापूर्वक यस भूतलमा आएका छौ । तिमी सनातन प्रभु, सम्पूर्ण प्राणीका हितमा तत्पर रहेका, अनन्त तेजले सम्पन्न, विराट् पुरुष तथ यश एवं विजयलाई वृद्धि गराउने हौ । तिमी उत्तम वर्षा गराउने हौ, सबै देवताहरूले तिम्रो तेज बढाऊन् । ब्रह्मा, विष्णु, शिव, कार्तिकेय, विनायक, आदित्यगण, वसुगण, रुद्रगण, साध्यगण, भृगुका कुलमा उत्पन्न भएका महर्षि, दिशाहरू, मरुद्गण, लोकपाल, ग्रह, यक्ष, पर्वत, नदीहरू, समुद्र, श्रीदेवी, भूदेवी, गौरी, चण्डिका र सरस्वती यी सबैले तिम्रो तेजलाई प्रदीप्त गरून् । हे शचीपति इन्द्र! तिम्रो जय होस् । तिम्रो विजयले मेरो पनि शुभ होस् । तिमी राजा, ब्राह्मण एवं सम्पूर्ण प्रजाहरूसँग प्रसन्न होऊ । तिम्रो कृपाप्रसादले यो पृथ्वी सधैँ बालीनालीले सम्पन्न होस् । सबैलाई विघ्नरहित कल्याण होस् र दुःखकष्टहरू पूर्ण रूपले शान्त होऊन् । यस किसिमको अर्थ भएको मन्त्रले प्रार्थना गर्दै इन्द्रको पूजा गर्ने राजाले पृथ्वीमा विजय र स्वर्ग प्राप्त गर्दछ । आश्विन महिनाको शुक्लपक्षीको अष्टमी तिथिका दिन कुनै कपडामा भद्रकालीको चित्र बनाएर विजय प्राप्तिका लागि राजाले त्यसमा पूजा गर्नुपर्दछ। त्यसका साथै आयुध, धनुष, ध्वज, छत्र, राजचिह्न र अस्त्रशस्त्र आदिलाई फूल आदि चढाएर पूजा गर्नुपर्दछ । रातका समयमा जागृत रहँदै देवीको बलि अर्पित गर्नुपर्दछ । अर्को दिन भद्रकाली, महाकाली, दुर्गतिहारिणी दुर्गा, त्रैलोक्यविजयिनी चण्डिका ! मलाई शान्ति र विजय प्रदान गर भन्दै प्रार्थना गर्नुपर्दछ। अब म नीराजनको विधि बताउँदछु । ईशान कोणमा देवमन्दिर बनाउनुपर्दछ ।१–१६।

त्यसमा तीनवटा ढोकाहरू राखेर मन्दिरका गर्भगृहमा सधैँ देवताको पूजा गर्नुपर्दछ। सूर्यले जब चित्रा नक्षत्र छोडेर स्वाती नक्षत्रमा प्रवेश गर्दछन् त्यस बेलामा प्रारम्भ गरेर स्वाती नक्षत्रमा सूर्य छउन्जेलसम्म देवताको पूजा गर्नुपर्दछ । ब्रह्मा, विष्णु शिव, इन्द्र, अग्नि, वायु, विनायक, कार्तिकेय, वरुण, विश्रवाका पुत्र कुबेर, यम, विश्वेदेव एवं कुमुद, ऐरावत, पद्म, पुष्पदन्त, वामन, सुप्रतीक, अञ्जन र नील यी आठ दिग्गजहरूलाई गृह आदिमा पूजा गर्नुपर्दछ । त्यसपछि पुरोहितले घिउ, समिधा, सेतो सस्युँ र तिलको होम गर्नुपर्दछ।

पुरोधा जुहुयादाज्यं समित्सिद्धार्थकं तिलाः ।
कुम्भा अष्टौ पूजिताश्च तैः स्नाप्याश्वगजोत्तमाः ।२१।
अश्वाः स्नाप्याः ददेत्पिण्डांस्ततो हि प्रथमं गजान् ।
निष्कामयेत्तोरणैस्तु गोपुरादि न लङ्घयेत् ।२२।
विक्रमेयुस्ततः सर्वे राजलिङ्गं गृहे यजेत् ।
वारुणे वरुणं प्राच्यं रात्रौ भूतबलिं ददेत् ।२३।
विशाखायां गते सूर्य्ये आश्रमे निवसेन्नृपः ।
अलङ्कुर्य्याद्दिने तस्मिन्वाहनं तु विशेषतः ।२४।
पुजिता राजलिङ्गश्च कर्त्तव्या नरहस्तगः ।
हस्तिनं तुरगं छत्रं खड्गं चापं च दुन्दुभिम् ।२५।
ध्वजं पताकां धर्मज्ञ कालज्ञस्त्वाभिमन्त्रयेत् ।
अभिमन्त्र्य ततः सर्वान्कुर्य्यात्कुञ्जरधूर्गतान् ।२६।
कुञ्जरोपरिगौ स्यातां सांवत्सरपुरोहितौ ।
मन्त्रितांश्च समारुह्य तोरणेन विनिर्गमेत् ।२७।
निष्क्रम्य नागमारुह्य तोरणेनाथ निर्गमेत् ।
बलिं विभज्य विधिवद्राजा कुञ्जरधूर्गतः ।२८।
उन्मूकानां तु निचयमादीपितदिगन्तरम् ।
राजा प्रदक्षिणं कुर्य्यात्त्रीन्वारान्सुसमाहितः ।२९।
चतुरङ्गबलोपेतः सर्वसैन्येन नादयन् ।
एवं कृत्वा गृहं गच्छेद्विसर्जितजलाञ्जलिः ।
शान्तिर्नीराजनाख्येयं वृद्धये रिपुमर्दिनी ।३०।

आठवटा कलशको पूजा गरेर तिनीहरूका जलले उत्तम हात्तीहरूलाई स्नान गराउनुपर्दछ । त्यसपछि घोडालाई पनि स्नान गराउनुपर्दछ र ती सबैलाई खान दिनुपर्दछ । पहिले हात्तीहरूलाई तोरणद्वारबाट बाहिर निकाल्नुपर्दछ तर गाईको गोठ आदि नाघ्नु हुँदैन । त्यसपछि सबै मानिस त्यहाँबाट निस्कनुपर्दछ र राजचिह्नहरूलाई घरैमा पूजा गर्नुपर्दछ । शतभिष नक्षत्रमा वरुणको पूजा गरेर रातका समयमा भूतलाई बलि दिनुपर्दछ। सूर्य जब विशाखा नक्षत्रमा जान्छन् त्यस बेला राजाले आश्रममा निवास गर्नुपर्दछ। त्यस दिन वाहनहरूलाई विशेष किसिमले सजाउनुपर्दछ। राजचिह्नहरूलाई पूजा गरेर तिनीहरूलाई अधिकार प्राप्त पुरुषहरूका हातमा दिनुपर्दछ। हे धर्म जानेका परशुराम ! त्यसपछि कालको ज्ञान भएका ज्योतिषिले हात्ती, घोडा, छाता, खड्ग, धनुष, दमाहा, ध्वजा र पताका आदि राजचिह्नहरूलाई मन्त्रिनुपर्दछ। त्यसपछि ती सबै मन्त्रिएका वस्तुहरूलाई हात्तीका पिठ्युँमा राख्नुपर्दछ। ज्योतिषि र पुरोहित पनि हात्तीमा चढ्नुपर्दछ। यस किसिमले मन्त्रिएका वाहनहरूमा चढेर तोरणद्वारबाट निस्कनुपर्दछ । यस किसिमले राजद्वारबाट बाहिर निस्केका राजाले हात्तीको पिठ्युँमा बसेर विधिमुताबिक बलि वितरण गर्नुपर्दछ । त्यसपछि राजाले शान्त चित्तको हुँदै चतुरङ्गिणी सेनासँगै सबै सैन्यसमूहले जयघोष गराउँदै दिग्दिगन्तलाई झलमल्ल पार्ने गरी बालिएका राँकाहरूका साथमा तीनपटक परिक्रमा गर्नुपर्दछ। यस किसिमले पूजा गरेर राजाले जनसाधारणलाई बिदा गर्दै राजभवनमा प्रस्थान गर्नुपर्दछ। यो मैले सबै खालका शत्रु मास्ने नीराजना नामको शान्तिका विषयमा भनेको हुँ र यसले राजालाई अभ्युदय प्रदान गराउँछ।१७-३०।

२६९. ऊनसप्तत्यधिकद्विशततमोऽध्यायः

छत्रादिमन्त्र

पुष्कर उवाच

छत्रादिमन्त्रान्वक्ष्यामि यैस्तत्पूज्य जयादिकम् ।
ब्रह्मणः सत्यवाक्येन सोमस्य वरुणस्य च ।१।
सूर्य्यस्य च प्रभावेन वर्द्धस्व त्वं महामते ।
पाण्डराभप्रतीकाश हिमकुन्देन्दुसुप्रभ ।२।
यथाम्बुदश्छादयते शिवायैनां वसुन्धराम् ।
तथाच्छादय राजानं विजयारोग्यवृद्धये ।३।

पुष्कर भन्दछन्– हे परशुराम ! अब म छत्र आदि राजाका उपकरणहरूको प्रार्थना गर्ने मन्त्रहरू भन्दछु र यिनीहरूले तिनको पूजा गरेर राजाले विजय प्राप्त गर्नेछन् । हे महाबुद्धिमान् छत्र ! तिमी हिउँ, कुन्दपुष्प र चन्द्रमाको जस्तै सफा कान्तिले सजिएका र पाण्डुर वर्णको जस्तै आभा भएका छौ । ब्रह्माजीको सत्य वचन र चन्द्र, वरुण र सूर्यका प्रभावले तिमी सधैं वृद्धिशील होऊ । जसरी यस धर्तीलाई कल्याणका लागि मेघले ढाक्दछ उसै गरी तिमी विजय एवं

गन्धर्वकुलजातस्त्वं मा भूयाः कुलदूषकः।
ब्रह्मणः सत्यवाक्येन सोमस्य वरुणस्य च ।४।
प्रभावाच्च हुताशस्य वर्द्धस्व त्वं तुरङ्गम ।
तेजसा चैव सूर्य्यस्य मुनीनां तपसा तथा ।५।
रुद्रस्य ब्रह्मचर्य्येण पवनस्य बलेन च ।
स्मर त्वं राजपुत्रोऽसि कौस्तुभं तु मणिं स्मर ।६।
यां गतिं ब्रह्महा गच्छेत्पितृहा मातृहा तथा ।
भूम्यर्थेऽनृत्तवादी च क्षत्रियश्च पराङ्मुखः ।७।
व्रजेस्त्वं तां गतिं क्षिप्रं मा तत्पापं भवेत्तव ।
विकृतिं मापगच्छेस्त्वं युद्धेऽध्वनि तुरङ्गम ।८।
रिपून्विनिघ्नन्समरे सह भर्त्रा सुखी भव ।
शक्रकेतो महावीर्य्यः सुवर्णस्त्वामुपाश्रितः ।९।
पतत्त्रिराड्वैनतेयस्तथा नारायणध्वजः ।
काश्यपेयोऽमृताहर्त्ता नागारिर्विष्णुवाहनः ।१०।
अप्रमेयो दुराधर्षो रणे देवारिसूदनः ।
महाबलो महावेगो महाकायोऽमृताशनः ।११।
गरुत्मान्मारुतगतिस्त्वयि सन्निहितः स्थितः ।
विष्णुना देवदेवेन शक्रार्थं स्थापितो ह्यसि ।१२।
जयाय भव मे नित्यं वृद्धयेऽथ बलस्य च ।
साश्ववर्मायुधान्योधान् रक्षास्माकं रिपून्दह ।१३।
कुमुदैरावणौ पद्मः पुष्पदन्तोऽथ वामनः ।
सुप्रतीकोऽञ्जनो नीलो ह्येतेऽष्टौ देवयोनयः ।१४।
तेषां पुत्राश्च पौत्राश्च बलान्यष्टौ समाश्रिताः ।
भद्रो मन्दो मृगश्चैव गजः सङ्कीर्ण एव च ।१५।
वनेवने प्रसूतास्ते स्मर योनिं महागजाः ।
पान्तु त्वां वसवो रुद्रा आदित्याः समरुद्गणाः ।१६।
भर्त्तारं रक्ष नागेन्द्र समयः परिपाल्यताम् ।
ऐरावताधिरूढस्तु वज्रहस्तः शतक्रतुः ।१७।
पृष्ठतोऽनुगतस्त्वेष रक्षतु त्वां स देवराट् ।
अवाप्नुहि जयं युद्धे सुस्थश्चैव सदा व्रज ।१८।
अवाप्नुहि बलं चैव ऐरावतसमं युधि ।
श्रीस्ते सोमाद्बलं विष्णोस्तेजः सूर्य्याज्जवोऽनिलात् ।१९।
स्थैर्य्यं गिरेर्जयं रुद्राद्यशो देवात्पुरन्दरात् ।
युद्धे रक्षन्तु नागास्त्वां दिशश्च सह दैवतैः ।२०।
अश्विनौ सह गन्धर्वैः पान्तु त्वां सर्वतो दिशः ।

आरोग्यको वृद्धिका लागि राजालाई छोपिराख। हे अश्व ! तिमी गन्धर्वका कुलमा उत्पन्न भएका हौ, त्यसैले आफ्नो कुललाई दूषित गराउँदैनौ । ब्रह्माको सत्य वचनले र सोम, वरुण एवं अग्निदेवका प्रभावले, सूर्यका तेजले मुनिवरका तपस्याले रुद्रका ब्रह्मचर्यले र वायुका बलले तिमी सधैँ अगाडि बढिराख । तिमी आफूलाई अश्वराज उच्चैश्रवाको पुत्र हुँ भन्ने नबिर्स । आफैँसित प्रकट भएका कौस्तुभमणिलाई सम्झ । ब्रह्मघाती, पितृघाती, मातृघाती, भूमिका लागि व्यर्थ झगडा गर्ने र युद्धबाट भाग्ने क्षत्रियहरूले जति अधोगति प्राप्त गर्दछन् तिमी पनि पिठ्युँ फर्काएर युद्धबाट भाग्नाले उस्तै दुर्गतिमा पर्दछौ, तर तिमीलाई त्यो पाप र कलङ्क नलागोस्। हे तुरङ्गम ! युद्धका मार्गबाट तिमी विचलित नहुनू । लडाइँका मैदानमा शुत्रलाई विनाश गर्दै आफ्ना स्वामीसँग तिमी सुखी रहन् भन्दै घोडाको प्रार्थना गरिन्छ। कुमुद, ऐरावत, पद्म, पुष्पदन्त, वामन, सुप्रतीक, अञ्जन र नील यी आठ योनीमा उत्पन्न भएका गजराज हुन्। यिनीहरूकै छोरानातिहरू आठवटा वनमा निवास गर्दछन् । भद्र, मन्द, मृग र सङ्कीर्णजातीय गजहरू वनवनमा उत्पन्न भएका छन्। हे महागजराज ! तिमीले आफ्नो जन्मलाई सम्झ। वसुगण, रुद्र, आदित्य एवं मरुद्गणले तिम्रो रक्षा गरून्। हे गजेन्द्र ! आफ्नो स्वामीको रक्षा गर र मर्यादा पालन गर। ऐरावतमाथि चढेका वज्रधारी, देवराज इन्द्र तिम्रा पछिपछि आइरहेका छन्, उनले तिम्रो रक्षा गरून्। तिमी युद्धमा विजय प्राप्त गर र सधैँ स्वस्थ रहेर अगाडि बढ ।१-१८।

युद्धमा तिमीलाई ऐरावतको जति नै बल प्राप्त होस् । तिमी चन्द्रमाबाट कान्ति, विष्णुबाट बल, सूर्यबाट तेज, वायुबाट वेग, पर्वतबाट स्थिरता, रुद्रबाट विजय र देवराज इन्द्रबाट यश प्राप्त गर । युद्धमा दिग्गज, दिशा र दिक्पालहरूले तिमीलाई रक्षा गरून् । गन्धर्वहरूका साथ अश्विनीकुमारले सबैतिरबाट तिम्रो संरक्षण गरून्। मनु, वसु, रुद्र, वायु, चन्द्रमा, महर्षिगण, नाग, किन्नर, यक्ष, भूत, प्रमथ, ग्रह, आदित्य, मातृकाहरूका साथै भूतेश्वर शिव, इन्द्र, देवसेनापति कार्तिकेय र वरुण तिमीभित्र रहेका छन् । उनीहरूले हाम्रा समस्त शत्रुहरूलाई भस्मसात् गरून् र राजाले विजय प्राप्त गरून् भन्दै हात्तीको प्रार्थना गर्नुपर्दछ। हे पताका ! शत्रुहरूले सबैतिर जति घातक प्रयोग गरेका छन्, शत्रुका ती सबै प्रयोगहरू तिम्रा तेजले आहत हुँदै नष्ट होऊन् । तिमी सबै किसिमका कालनेमिको वध एवं त्रिपुरसंहारका युद्धमा, हिरण्यकशिपुका युद्धमा र

२७०. सप्तत्यधिकद्विशततमोऽध्यायः

विष्णुपञ्जर

पुष्कर उवाच

त्रिपुरं जघ्नुषः पूर्वं ब्रह्मणा विष्णुपञ्जरम् ।
शङ्करस्य द्विजश्रेष्ठ रक्षणाय निरूपितम् ।१।
वागीशेन च शक्रस्य बलं हन्तुं प्रयासतः ।
तस्य स्वरूपं वक्ष्यामि तत्त्वं शृणु जयादिमत् ।२।
विष्णुः प्राच्यां स्थितश्चक्री हरिर्दक्षिणतो गदी ।
प्रतीच्यां शार्ङ्गधृग्विष्णुर्जिष्णुः खड्गी ममोत्तरे ।३।
हृषीकेशो विकीर्णेषु तच्छिद्रेषु जनार्दनः ।
क्रोडरूपी हरिर्भूमौ नरसिंहोऽम्बरे मम ।४।
क्षुरान्तममलं चक्रं भ्रमत्येतत्सुदर्शनम् ।
अस्यांशुमाला दुष्प्रेक्ष्या हन्तुं प्रेतनिशाचरान् ।५।
गदा चेयं सहस्रार्चिः प्रदीप्तपावकोज्ज्वला ।
रक्षोभूतपिशाचानां डाकिनीनां च नाशिनी ।६।
शार्ङ्गविस्फूर्जितं चैव वासुदेवस्य मद्रिपून् ।
तिर्य्यङ्मनुष्यकूष्माण्डप्रेतादीन्हन्त्वशेषतः ।७।
खड्गधाराज्ज्वलज्योत्स्नानिर्धूता ये समाहिताः ।
ते यान्तु शाम्यतां सद्यो गरुडेनेव पन्नगाः ।८।
ये कूष्माण्डास्तथा यक्षा ये दैत्या ये निशाचराः ।
प्रेता विनायकाः क्रूरा मनुष्या जम्भगाः खगाः ।९।
सिंहादयश्च पशवो दन्दशूकाश्च पन्नगाः ।
सर्वे भवन्तु ते सौम्याः कृष्णशङ्खरवाहताः ।१०।
चित्तवृतिहरा ये मे ये जनाः स्मृतिहारकाः ।
बलौजसां च हर्त्तारश्छायाविभ्रंशकाश्च ये ।११।
ये चोपभोगहर्त्तारो ये च लक्षणनाशकाः ।
कूष्माण्डास्ते प्रणश्यन्तु विष्णुचक्ररवाहताः ।१२।
बुद्धिस्वास्थ्यं मनःस्वास्थ्यं स्वास्थ्यमैन्द्रियकं तथा ।
ममास्तु देवदेवस्य वासुदेवस्य कीर्त्तनात् ।१३।
पृष्ठे पुरस्तान्मम दक्षिणोत्तरे विकोणतश्चास्तु जनार्दनो हरिः ।
तमीड्यमीशानमनन्तमच्युतं जनार्दनं प्रणिपतितो न सीदति ।१४।
यथा परं ब्रह्म हरिस्तथा परो जगत्सरूपश्च स एव केशवः ।
सत्येन तेनाच्युतनामकीर्त्तनात्प्रणाशयेत्तु त्रिविधं ममाशुभम् ।१५।

पुष्कर भन्दछन्– हे द्विजश्रेष्ठ परशुराम ! उहिले नै भगवान् ब्रह्माले त्रिपुरसंहारका लागि तयार भएका शङ्करको रक्षाका लागि विष्णुपञ्जर नामको स्तोत्र भनेका थिए। यसै गरी बृहस्पतिले बल दैत्यलाई मार्नका लागि जान लागेका इन्द्रको रक्षाका लागि उक्त स्तोत्र उपदेश गरेका थिए। विजय प्रदान गर्ने त्यही विष्णुपञ्जर स्तोत्रको स्वरूप म भन्दछु, सुन । मेरा पूर्वतिर चक्रधारी विष्णु एवं दक्षिणमा गदाधारी श्रीहरि छन्। पश्चिम भागमा शार्ङ्गपाणि विष्णु र उत्तरमा नन्दक खड्ग लिएका जनार्दन विराजमान छन् । भगवान् हृषिकेश दिशाहरूका कोणमा एवं जनार्दन मध्यवर्ती खाली ठाउँमा मेरो रक्षा गरिरहेका छन् । वराह रूपधारी श्रीहरिले भूमिमा र भगवान् नृसिंहले आकाशमा रहेर मेरो रक्षा गर्दै छन् । जसका किनारमा छुरा जडिएका छन् त्यही निर्मल सुदर्शन चक्र घुमिरहेको छ । प्रेत र निशाचरहरूलाई मार्नका लागि त्यो चलेका बेलामा त्यसका किरणतर्फ कसैले पनि सजिलै हेर्न सक्दैन । भगवान् श्रीहरिको यो कौमोदकी गदा हजारौँ ज्वालाले प्रदीप्त अग्निसमान उज्यालो छ। यसले राक्षस, भूत, पिशाच र डाकिनीहरूलाई विनाश गर्दछ। भगवान् वासुदेवको शार्ङ्गधनुषको टङ्कार मेरो शत्रु बनेका मानिस, कूष्माण्ड, प्रेत आदि र तिर्यक् योनिमा जन्मेका जीवहरूलाई पूर्ण रूपमा संहार गर्दछ। जसले भगवान् श्रीहरिको खड्गको धारारूपी ज्योतिमा स्नान गरिसकेका छन् ती मेरा सबै शत्रुहरू छन् ती सबै गरुडले मारेका सर्पहरूजस्तै तत्काल शान्त होऊन् । कूष्माण्ड, यक्ष, राक्षस, प्रेत, विनायक, क्रूर मनुष्य, सिकारी पक्षी, सिंह आदि पशु एवं डुँने सर्प नै भए पनि ती सबै नै सच्चिदानन्द स्वरूप श्रीकृष्णका शङ्खका ध्वनिले थला परेर सेलाऊन् । मेरो चित्तवृत्ति र स्मरणशक्तिलाई हरण गर्ने, मेरो बल र तेजको नाश गर्ने, मेरो कान्ति या तेजलाई मेटाउने, उपभोग्य सामग्री लुट्ने र शुभ लक्षणलाई नाश गर्ने त्यो कूष्माण्डको गण श्रीविष्णुको सुदर्शन चक्रका वेगले घाइते भएर विनाश होस्। देवाधिदेव भगवान् वासुदेवको सङ्कीर्तनले मेरो बुद्धि, मन र इन्द्रियहरूमा स्वास्थ्यलाभ होस् । मेरा अघिपछि, दायाँबायाँ र कोणवर्ती दिशाहरूका सबै ठाउँमा जनार्दन श्रीहरिको निवास होस् । सबैका पूजनीय, मर्यादाबाट कहिल्यै च्युत नभएका अनन्त रूप परमेश्वर जनार्दनका चरणमा प्रणत हुने कहिल्यै दुःखी हुँदैन । भगवान् श्रीहरि परब्रह्म हुन् र उसरी नै परमात्मा केशव पनि जगत् स्वरूप हुन्। यस सत्यका प्रभावले र भगवान् अच्युतका नामकीर्तनले मेरा त्रिविध तापहरू नाश होऊन् ।१-१५।

२७१. एकसप्तत्यधिकद्विशततमोऽध्यायः

वेदशाखादिकीर्त्तन

पुष्कर उवाच

सर्वानुग्राहका मन्त्राश्चतुर्वर्गप्रसाधकाः ।
ऋगथर्व तथा साम यजुःसङ्ख्या तु लक्षकम् ।१।
भेदः साङ्ख्यायनश्चैक आश्वलायनो द्वितीयकः ।
शतानि दश मन्त्राणां ब्राह्मणा द्विसहस्रकम् ।२।
ऋग्वेदो हि प्रमाणेन स्मृतो द्वैपायनादिभिः ।
एकोनद्विसहस्रं तु मन्त्राणां यजुषस्तथा ।३।
शतानि दश विप्राणां षडशीतिश्च शाखिकाः ।
काण्वमाध्यन्दिनी संज्ञा कठी माध्यकठी तथा ।४।
मैत्रायणी च संज्ञा च तैत्तिरीयाभिधानिका ।
वैशम्पायनिकेत्याद्या शाखा यजुषि संस्थिताः ।५।
साम्नः कौथुमसंज्ञैका द्वितीयाथर्वणायनी ।
गानान्यपि च चत्वारि वेद आरण्यकं तथा ।६।
उक्था ऊह चतुर्थं च मन्त्रा नवसहस्रकाः ।
सचतुःशतकाश्चैव ब्रह्मसङ्कटकाः स्मृताः ।७।
पञ्चविंशतिरेवात्र साममानं प्रकीर्त्तितम् ।
सुमन्तुर्जाजलिश्चैव श्लोकाय निरथर्वके ।८।
शौनकः पिप्पलादश्च मुञ्जकेशादयोऽपरे ।
मन्त्राणामयुतं षष्टिशतं चोपनिषच्छतम् ।९।
व्यासरूपी स भगवाञ्छाखाभेदाद्यकारयत् ।
शाखाभेदादयो विष्णुरितिहासः पुराणकम् ।१०।
प्राप्य व्यासात्पुराणादि सूतो वै लोमहर्षणः ।
सुमतिश्चाग्निवर्च्चाश्च मित्रयुः शिंशपायनः ।११।
कृतव्रतोऽथ सावर्णिः षट्शिष्यास्तस्य चाभवन् ।
शांशपायनादयश्चक्रुः पुराणानां तु संहिताः ।१२।
ब्रह्मादीनि पुराणानि हरिविद्या दशाष्ट च ।
महापुराणे ह्याग्नेये विद्यारूपो हरिः स्थितः ।१३।
सप्रपञ्चो निष्प्रपञ्चो मूर्त्तामूर्त्तस्वरूपधृक् ।
तं ज्ञात्वाभ्यर्च्य संस्तूय भुक्तिमुक्तिमवाप्नुयात् ।१४।

पुष्कर भन्दछन्– हे परशुराम ! सम्पूर्ण विश्वमाथि अनुग्रह गर्ने वेदमन्त्रहरू नै हुन् र चार पुरुषार्थका साधक पनि यिनीहरू नै हुन्। ऋक्, यजुः, साम र अथर्व वेद यिनै चार हुन्। यिनीहरूको मन्त्रको सङ्ख्या एक लाख हुन्छ । ऋग्वेदको एक शाखा साङ्ख्यायन र अर्को शाखा आश्वलायन हो । यी दुई शाखाहरूमा एक सहस्र तथा ऋग्वेदका ब्राह्मण भागमा दुई सहस्र मन्त्रहरू छन् । श्रीकृष्णद्वैपायन आदि महर्षिहरूले ऋग्वेदलाई प्रमाण मानेका छन् । यजुर्वेदमा उन्नाईस सय मन्त्रहरू छन्। त्यसका ब्राह्मण ग्रन्थहरूमा एक हजार मन्त्र छन् र शाखाहरूमा एक हजार छयासी मन्त्रहरू छन्। यजुर्वेदमा मुख्य गरी काण्वी, माध्यन्दिनी, कठी, माध्यकठी, मैत्रायणी, तैत्तिरीया एवं वैशम्पायनीयाजस्ता शाखाहरू विद्यमान छन्। सामवेदमा कौथुमी र आथर्वणायनी वा राणायनीया गरी दुई मुख्य शाखाहरू छन्। यस सामवेदमा वेद, आरण्यक, उक्था र ऊह यी चार किसिमका गानहरू छन्। सामवेदमा नौ हजार चार सय पच्चीस मन्त्रहरू छन् र ती ब्रह्मसँग सम्बन्धित छन् । यहाँसम्म सामवेदको परिमाण बताइयो । अथर्ववेदमा सुमन्तु, जाजलि, श्लोकायनि, शौनक, पिप्पलाद र मुञ्जकेश आदि शाखाप्रवर्तक ऋषिहरू छन्। यसमा सोह्रहजार मन्त्र र सय उपनिषद्‌हरू छन्। भगवान् विष्णुले नै व्यासका रूपमा अवतरित भएर वेदका शाखाहरूको विभाग आदि गरेका हुन्। वेदका शाखाहरू, इतिहास र पुराणहरू सबै नै विष्णुकै रूप हुन् । भगवान् व्यासबाट लोमहर्षण सूतले पुराणहरूको उपदेश पाएर तिनको प्रवचन गरे। उनका सुमति, अग्निवर्चा, मित्रयु, शिंशपायन, कृतव्रत र सौवर्णि यी छजना शिष्यहरू थिए । शिंशपायन आदिले पुराणका संहिताहरूको निर्माण गरे । भगवान् श्रीहरि नै ब्राह्म आदि अठार पुराण एवं अठार विद्याका रूपमा रहेका छन् । उनै सप्रपञ्च, निष्प्रपञ्च तथा मूर्त, अमूर्त रूप धारण गर्ने विद्यारूपी श्रीविष्णु नै आग्नेय महापुराणमा रहेका छन्। उनलाई चिनेर उनैको स्तुति अर्चना एवं स्तुति गरेर मानिसले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। भगवान् विष्णु विजयशील, प्रभावसम्पन्न तथा अग्नि–सूर्य आदिका रूपमा रहेका छन् । उनै भगवान् विष्णु नै अग्निका रूपमा

विष्णुर्जिष्णुर्भविष्णुश्च अग्निसूर्य्यादिरूपवान् ।
अग्निरूपेण देवादेर्मुखं विष्णुः परा गतिः ।१५।
वेदेषु सपुराणेषु यज्ञमूर्त्तिश्च गीयते ।
आग्नेयाख्यं पुराणं तु रूपं विष्णोर्महत्तरम् ।१६।
आग्नेयाख्यपुराणस्य कर्त्ता श्रोता जनार्दनः ।
तस्मात्पुराणमाग्नेयं सर्ववेदमयं महत् ।१७।
सर्वविद्यामयं पुण्यं सर्वज्ञानमयं वरम् ।
सर्वात्महरिरूपं हि पठतां शृण्वतां नृणाम् ।१८।
विद्यार्थिनां च विद्यादमर्थिनां श्रीधनप्रदम् ।
राज्यार्थिनां राज्यदं च धर्मदं धर्मकामिनाम् ।१९।
स्वर्गार्थिनां स्वर्गदं च पुत्रदं पुत्रकामिनाम् ।
गवादिकामिनां गोदं ग्रामदं ग्रामकामिनाम् ।२०।
कामार्थिनां कामदं च सर्वसौभाग्यसम्प्रदम् ।
गुणकीर्त्तिप्रदं नृणां जयदं जयकामिनाम् ।२१।
सर्वेप्सूनां सर्वदं तु मुक्तिदं मुक्तिकामिनाम् ।
पापघ्नं पापकतॄणामाग्नेयं हि पुराणकम् ।२२।

देवता आदिका मुख भएका हुन् । उनी नै सबैका परम गति हुन् । उनी वेद तथा पुराणहरूमा यज्ञमूर्तिका नामले प्रशंसा गरिएका हुन्छन् । यो अग्निपुराण विष्णुकै विराट् रूप हो । यस अग्निपुराणका निर्माता र श्रोता श्रीजनार्दन नै हुन् । त्यसै कारण यो महापुराण सर्ववेदमय, सर्वविद्यामय तथा सर्वज्ञानमय छ । यो उत्तम र पवित्र पुराण पढ्ने र सुन्ने मानिसका लागि सबै आत्माहरू नै श्रीहरिसमान हुन् । यो आग्नेय महापुराण विद्या खोज्नेहरूका लागि विद्याप्रदायक, धन खोज्नेहरूका लागि धनदायक, राज्यको कामना गर्नेहरूका लागि राज्यप्रदायक, धर्मको उन्नति गर्न खोज्नेका लागि धर्मदायक, स्वर्गको कामना गर्नेका लागि स्वर्ग प्रदायक र पुत्रको कामना गर्नेका लागि पुत्रप्रदायक छ । गाईरूपी धनको कामना गर्नेका लागि गाई र गाउँको अभिलाषा गर्नेका लागि गाउँ नै प्रदान गर्दछ । कामार्थी मानिसका लागि यसले काम प्रदान गर्दछ र सम्पूर्ण सौभाग्य, गुण तथा कीर्ति प्रदान गर्दछ । विजयको कामना गर्ने पुरुषका लागि यसले विजय प्रदान गर्दछ र सबै कुराको कामना गर्नेलाई सबैथोक दिन्छ । मोक्षको कामना गर्नेलाई मोक्ष दिन्छ र पापीहरूको पाप नाश गराउँछ ।१–२२।

२७२. द्विसप्तत्यधिकद्विशततमोऽध्यायः

दानादिमाहात्म्य

पुष्कर उवाच
ब्रह्मणाभिहितं पूर्वं यावन्मात्रं मरीचये ।
लक्षार्द्धार्द्धं तु तद्ब्राह्मं लिखित्वा सम्प्रदापयेत् ।१।
वैशाख्यां पौर्णमास्यां च स्वर्गार्थी जलधेनुमत् ।
पाद्मं द्वादशसाहस्रं ज्येष्ठे दद्याच्च धेनुमत् ।२।
वराहकल्पवृत्तान्तमधिकृत्य पराशरः ।
त्रयोविंशतिसाहस्रं वैष्णवं प्राह चार्पयेत् ।३।
जलधेनुमदाषाढ्यां विष्णोः पदमवाप्नुयात् ।
चतुर्दशसहस्राणि वायवीयं हरिप्रियम् ।४।
श्वेतकल्पप्रसङ्गेन धर्मान्वायुरिहान्ब्रवीत् ।

पुष्कर भन्दछन्– हे परशुराम ! उहिले नै लोकपितामह ब्रह्माले मरीचिका अगाडि जसको वर्णन गरेका थिए त्यही पच्चीस हजार श्लोकहरू भएको ब्रह्मपुराण लेखेर ब्राह्मणलाई दान दिनुपर्दछ । स्वर्गको अभिलाषा गर्नेले वैशाखको पूर्णिमाका दिन जलधेनुका साथै ब्रह्मपुराण दान गर्नुपर्दछ । पद्मपुराणमा रहेको पद्मसंहिता वा भूमिखण्डमा बाह्र हजार श्लोकहरू छन् । जेष्ठ महिनाको पूर्णिमाका दिन गाईसँगै त्यसको दान गर्नुपर्दछ । महर्षि पराशरले वराहकल्पको वृत्तान्त जानेर तेईस हजार श्लोक भएको विष्णुपराण बताएका छन् । त्यसलाई आषाढको पूर्णिमाका दिन जलधेनुसहित दान गर्नुपर्दछ । यसो गर्नाले मानिसले भगवान् विष्णुको परमपद प्राप्त गर्दछ । चौध हजार श्लोक भएको वायुपुराण भगवान् शङ्करलाई अत्यन्त प्रिय छ । यसका वायुदेवताले श्वेतकल्पका प्रसङ्गमा धर्मको बयान गरेका छन् । यस पुराणलाई लेखेर श्रावणको पूर्णिमामा गुडधेनुसँगै ब्राह्मणलाई दान गर्नुपर्दछ । गायत्री मन्त्रको आश्रय

दद्याल्लिखित्वा तद्विप्रे श्रावण्यां गुडधेनुमत् ।५।
यत्राधिकृत्य गायत्रीं कीर्त्यते धर्मविस्तरः ।
वृत्रासुरवधोपेतं तद्भागवतमुच्यते ।६।
सारस्वतस्य कल्पस्य प्रोष्ठपद्यां तु तद्ददेत् ।
अष्टादशसहस्राणि हेमसिंहसमन्वितम् ।७।
यत्राऽह नारदो धर्मान्बृहत्कल्पाश्रितानिह ।
पञ्चविंशसहस्राणि नारदीयं तदुच्यते ।८।
सधेनुं चाश्विने दद्यात्सिद्धिमात्यन्तिकी लभेत् ।
यत्राधिकृत्य शत्रूणां धर्माधर्मविचारणा ।९।
कार्तिक्यां नवसाहस्रं मार्कण्डेयमथार्पयेत् ।
अग्निना यद्वसिष्ठाय प्रोक्तं चाग्नेयमेव तत् ।१०।
लिखित्वा पुस्तकं दद्यान्मार्गशीर्ष्यां स सर्वदः ।
द्वादशैव सहस्राणि सर्वविद्यावबोधनम् ।११।
चतुर्दशसहस्राणि भविष्यं सूर्य्यसम्भवम् ।
भवस्तु मनवे प्राह दद्यात्पौष्यां गुडादिमत् ।१२।
सावर्णिना नारदाय ब्रह्मवैवर्त्तमीरितम् ।
रथान्तरस्य वृत्तान्तमष्टादशसहस्रकम् ।१३।
माघ्यां दद्याद्वराहस्य चरितं ब्रह्मलोकभाक् ।
यत्राग्निलिङ्गमध्यस्थो धर्मान्प्राह महेश्वरः ।१४।
आग्नेयकल्पे तल्लिङ्गमेकादशसहस्रकम् ।
तद्दत्वा शिवमाप्नोति फाल्गुन्यां तिलधेनुमत् ।१५।
चतुर्दशसहस्राणि वाराहं विष्णुणेरितम् ।
भूमौ वराहचरितं मानवस्य प्रवृत्तितः ।६।
सहेमगरुडं चैत्र्यां पदमाप्नोति वैष्णवम् ।
चतुरशीतिसाहस्रं स्कान्दं स्कन्देरितं महत् ।१७।
अधिकृत्य सधर्माश्च कल्पे तत्पुरुषेऽर्पयेत् ।
वामनं दशसाहस्रं धौमकल्पे हरेः कथाम् ।१८।
दद्याच्छरदि विषुवे धर्मार्थादिनिबोधनम् ।

लिएर बनाइएको जुन पुराणमा भागवत धर्मको विस्तृत बयान छ, सारस्वत कल्पको प्रसङ्ग बताइएको छ र वृत्रासुरवधको कथामा जो आधारित छ त्यसलाई भागवत पुराण भन्दछन् । यसमा अठार हजार श्लोकहरू छन् । यसलाई सुनको सिंहासनका साथ भाद्रपदको पूर्णिमाका दिन दान गर्नुपर्दछ। देवर्षि नारदले बृहत्कल्पको वृत्तान्त बताउँदै धर्मको व्याख्या जुनमा गरेका छन् त्यो नादर पुराण हो । त्यसमा पच्चीस हजार श्लोक छन् । आश्विन महिनाको पूर्णिमाका दिन धेनुसहित त्यसको दान गर्नुपर्दछ । त्यसो गर्नाले अत्यन्त सिद्धि प्राप्त हुन्छ। पक्षीहरूद्वारा धर्म र अधर्मको विवेचना जसमा गरिएको छ र जो नौ हजार श्लोक भएको छ, त्यो मार्कण्डेय पुराण हो र त्यसलाई कार्तिकको पूर्णिमामा दान गर्नुपर्दछ। अग्निदेवले वसिष्ठ मुनिलाई जुन सुनाएका छन् त्यो अग्निपुराण हो । यस ग्रन्थलाई लेखेर मार्गशीर्षको पूर्णिमामा ब्राह्मणको हातामा दिनुपर्दछ । यस पुराणको दानले सबै कुरो प्रदान गराउँछ । यसमा बाह्र हजार श्लोक छन् र यस पुराणले सबै विद्याहरू उपलब्ध गराउँछ। भविष्यपुराण सूर्यबाट उत्पन्न भएको हो । यसमा सूर्यदेवताको महिमा बताइएको छ। यसमा चौध हजार श्लोकहरू छन्। त्यसलाई भगवान् शङ्करले मनुसित भनेका थिए । गुड आदि वस्तुहरूसँगै पौष महिनाको पूर्णिमाका दिन यसलाई दान गर्नुपर्दछ । सावर्ण्य मनुले नारदसित ब्रह्मवैवर्तपुराणको वर्णन गरेका थिए । त्यसमा रथन्तर कल्पको वृत्तान्त बयान गरिएको छ र अठार हजार श्लोक छन्। माघ महिनाको पूर्णिमाका दिन यसको दान गर्नुपर्दछ। वराहको चरित्र बयान गरिएको जुन वाराहपुराण हो त्यसलाई पनि माघ महिनाको पूर्णिमाकै दिन दान गर्नुपर्दछ। यो गर्नाले दातालाई ब्रह्मलोकको प्राप्ति हुन्छ। अग्निमय लिङ्गमा रहेका भगवान् महेश्वरले जहाँ आग्नेय कल्पको वृत्तान्तले भरिएको धर्मको विवेचना गरेका छन् त्यो एघार हजार श्लोक भएको ग्रन्थ लिङ्गपुराण हो । फाल्गुन महिनाको पूर्णिमाका दिन तिलधेनुसँगै त्यसको दान गर्ने मानिसले शिवलोक प्राप्त गर्दछ ।१–१५।

वाराहपुराणमा भगवान् श्रीविष्णुले भूदेवीका प्रति मानवजगत्को प्रवृत्तिलाई अङ्कित गर्दै वराहचरित्र आदि उपाख्यानहरू बताएका छन् । त्यसमा चौबीस हजार श्लोक छन्। चैत्रको पूर्णिमाका दिन त्यो गरुडपुराण सुवर्णसँगै दान दिएर मानिसले विष्णुपद प्राप्त गर्दछ । स्कन्दपुराण चौरासी हजार श्लोकको छ। कुमार स्कन्दले तत्पुरुषकल्पको कथा र शैव मतको आधारमा यस महापुराणको प्रवचन गरेका हुन् । यसलाई पनि चैत्रको पूर्णिमाकै दिन दान दिनुपर्दछ। दस हजार श्लोकले भरिएको वामनपुराण धर्मार्थ आदि पुरुषार्थहरूको

कूर्मं चाष्टसहस्रं च कूर्मोक्तं च रसातले ।१९।
इन्द्रद्युम्नप्रसङ्गेन दद्यात्तद्धेमकूर्मवत् ।
त्रयोदशसहस्राणि मात्स्यं कल्पादितोऽब्रवीत् ।२०।
मत्स्यो हि मनवे दद्याद्विषुवे हेममत्स्यवत् ।
गारुडं चाष्टसाहस्रं विष्णूक्तं तार्क्ष्यकल्पके ।२१।
विश्वाण्डादगरुडोत्पत्तिं तद्दद्याद्धेमहंसवत् ।
ब्रह्मा ब्रह्माण्डमाहात्म्यमधिकृत्याब्रवीत्तु यत् ।२२।
तच्च द्वादशसाहस्रं ब्रह्माण्डं तद्द्विजेर्पयेत् ।
भारते पर्वसमाप्तौ वस्त्रगन्धस्रगादिभिः ।२३।
वाचकं पूजयेदादौ भोजयेत्पायसैर्द्विजान् ।
गोभूग्रामसुवर्णादि दद्यात्पर्वणि पर्वणि ।२४।
समाप्ते भारते विप्रं संहितापुस्तकं यजेत् ।
शुभे देशे निवेश्याथ क्षौमवस्त्रादिनावृतान् ।२५।
नरनारायणौ पूज्यौ पुस्तकाः कुसुमादिभिः ।
गोऽन्नभूहेम दत्त्वाथ भोजयित्वा क्षमापयेत् ।६।
महादानानि देयानि रत्नानि विविधानि च ।
मासकौ द्वौ त्रयश्चैव मासेमासे प्रदापयेत् ।२७।
अयनादौ श्रावकस्य दानमादौ विधीयते ।
श्रोतृभिः सकलैः कार्य्यं श्रावके पूजनं द्विज ।२८।
इतिहासपुराणानां पुस्तकानि प्रयच्छति ।
पूजयित्वायुरारोग्यं स्वर्गमोक्षमवाप्नुयात् ।२९।

ज्ञान गराउने हो । यसमा श्रीहरिको धौमकल्पसित सम्बन्धित कथाको वर्णन गरिएको छ। शरद् पूर्णिमामा विषुवसङ्क्रान्तिका समयमा यसको दान गर्नुपर्दछ । कूर्मपुराणमा आठ हजार श्लोक छन्। कूर्मावतार श्रीहरिले इन्द्रद्युम्नको प्रसङ्गमा यसलाई रसातलमा भनेका थिए । यसलाई सुनको कछुवाका साथमा दान गर्नुपर्दछ। मत्स्यरूपी श्रीविष्णुले कल्पको सुरुमा मनुलाई तेह्र हजार श्लोक भएको मत्स्यपुराण सुनाएका थिए। त्यसलाई सुनले बनाइएको माछाका साथ दान गर्नुपर्दछ। आठ हजार श्लोक भएको गरुडपुराण भगवान् विष्णुले तार्क्ष्यकल्पमा प्रवचन गरेका थिए। यसमा विश्वाण्डबाट गरुडको उत्पत्तिको कथा उल्लेख छ। सुनको हाँसका साथ यसको दान गर्नुपर्दछ। भगवान् ब्रह्माले ब्रह्माण्डके माहात्म्यको आश्रय लिएर जे बताएका छन् बाह्र हजार श्लोक भएको त्यो ब्रह्माण्डपुराणलाई पनि लेखेर ब्राह्मणका हातामा दान गर्नुपर्दछ। महाभारतको कथा सुन्ने बेलामा प्रत्येक पर्वको समाप्तिका अवसरमा पहिले कथवाचकलाई वस्त्र, गन्ध, माला आदिले पूजा गर्नुपर्दछ। त्यसपछि ब्राह्मणहरूलाई खिरको भोजन गराउनुपर्दछ। प्रत्येक पर्वको समाप्तिमा गाई, भूमि, गाउँ तथा सुवर्ण आदिको दान गर्नुपर्दछ। महाभारतको कथा पूर्ण भएपछि कथावाचक ब्राह्मणलाई र महाभारतको पुस्तकलाई पूजा गर्नुपर्दछ। ग्रन्थलाई पवित्र स्थानमा रेसमी कपडाले छोपेर पूजा गर्नुपर्दछ। त्यसपछि भगवान् नरनारायणलाई पुष्प आदिले पूजा गर्नुपर्दछ। गाई, अन्न, भूमि, सुवर्णको दान गर्दै ब्राह्मणहरूलाई भोजन गराएर क्षमा प्रार्थना गर्नुपर्दछ। श्रोताहरूलाई विविध रत्नहरूको महादान गर्नुपर्दछ। प्रत्येक महिनामा कथावाचकहरूलाई दुई या तीन मासा सुन दान गर्नुपर्दछ र अयनको प्रारम्भमा पहिले त्यसका लागि सुवर्ण आदि दान गर्नुपर्छ भन्ने विधान छ। हे द्विजश्रेष्ठ ! समस्त श्रोताहरूले पनि कथावाचकलाई पूजा गर्नुपर्दछ। जुन मानिसले इतिहास एवं पुराणहरूको पूजा गरेर दान गर्दछ उसले आयु, आरोग्य स्वर्ग र मोक्ष पनि प्राप्त गर्दछ।१६-२९।

२७३. त्रिसप्तत्यधिकद्विशततमोऽध्यायः

सूर्य्यवंश

अग्निरुवाच
सूर्य्यवंशं सोमवंशं राज्ञां वंशं वदामि ते ।
हरेर्ब्रह्मा पद्मगोऽभून्मरीचिर्ब्रह्मणः सुतः ।१।
मरीचेः कश्यपस्तस्माद्विवस्वान्तस्य पत्न्यपि ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म तिमीसित सूर्यवंश तथा राजाहरूका वंशको वर्णन गर्दछु । भगवान् विष्णुका नाभीकमलबाट ब्रह्माजी प्रकट भएका हुन् । ब्रह्माजीका पुत्रको नाम मरीचि हो। मरीचिबाट कश्यप तथा कश्यपबाट विवस्वान् वा सूर्यको जन्म भएको हो। सूर्यका संज्ञा, राज्ञी र प्रभा नामका तीनवटी स्त्रीहरू छन्। यिनीहरूमा

संज्ञा राज्ञी प्रभा तिस्रो राज्ञी रैवतपुत्रिका ।२।
रेवन्तं सुषुवे पुत्रं प्रभातं च प्रभा रवेः ।
त्वाष्ट्री संज्ञा मनुं पुत्रं यमलौ यमुनां यमम् ।३।
छाया संज्ञा च सावर्णिं मनुं वैवस्वतं सुतम् ।
शनिं च तपतीं विष्टिं संज्ञायां चाश्विनौ पुनः ।४।
मनोर्वैवस्वतस्यासन्पुत्रा वै न च तत्समाः ।
इक्ष्वाकुश्चैव नाभागो धृष्टः शर्य्यातिरेव च ।५।
नरिष्यन्तस्तथा प्रांशुर्नाभागाद्यष्ट सत्तमाः ।
करुषश्च पृषध्रश्च अयोध्यायां महाबलाः ।६।
कन्येला च मनोरासीद्बुधात्तस्यां पुरूरवाः ।
पुरूरवसमुत्पाद्य सेला सुद्युम्नतां गता ।७।
सुद्युम्नादुत्कलगयौ विनताश्वस्त्रयो नृपाः ।
उत्कलस्योत्कलं राष्ट्रं विनताश्वस्य पश्चिमा ।८।
दिक्सर्वा राजवर्य्यस्य गयस्य तु गया पुरी ।
वसिष्ठवाक्यात्सुद्युम्नः प्रतिष्ठानमवाप ह ।९।
तत्पुरूरवसे प्रादात्सुद्युम्नो राज्यमाप्य तु ।
नरिष्यतः शकाः पुत्रा नाभागस्य च वैष्णवः ।१०।
अम्बरीषः प्रजापालो धार्ष्टकं धृष्टतः कुलम् ।
सुकन्यानर्त्तौ शर्य्यातेर्वैरोह्यनर्त्ततो नृपः ।११।
आनर्त्तविषयश्चासीत्पुरी चासीत्कुशस्थली ।
रेवस्य रैवतः पुत्रः ककुद्मी नाम धार्मिकः ।१२।
ज्येष्ठः पुत्रशतस्यासीद्राप्यं प्राप्य कुशस्थलीम् ।
स कन्यासहितः श्रुत्वा गान्धर्वं ब्रह्मणोऽन्तिके ।१३।
मुहूर्त्तभूतं देवस्य मर्त्ये बहुयुगं गतम् ।
आजगाम जयेनाथ स्वां पुरीं यादवैर्वृताम् ।१४।
कृतां द्वारवतीं नाम बहुद्वारां मनोरमाम् ।
भोजवृष्ण्यधकैर्गुप्तां वासुदेवपुरोगमैः ।१५।
रेवतीं बलदेवाय ददौ ज्ञात्वा ह्यनिन्दिताम् ।
तपः सुमेरुशिखरे तप्त्वा विष्णवालयं गतः ।१६।
नाभागस्य च पुत्रौ द्वौ वैश्यौ ब्राह्मणतां गतौ ।

राज्ञी रैवतकी पुत्री हुन् । उनले रेवन्त नामको पुत्र जन्माइन् । प्रभा नाम भएकी सूर्यकी पत्नीबाट प्रभात नाम भएको पुत्र जन्मियो । संज्ञा विश्वकर्माकी पुत्री हुन् । उनका गर्भबाट वैवस्वत मनु एवं यम र यमुना नामका जुम्ल्याहा सन्तान उत्पन्न भए । संज्ञाको छाया अर्थात् छायासंज्ञाबाट सावर्णि मनु र शनैश्चर नामका पुत्रहरू र तपती एवं विष्टि नामका पुत्रीहरू जन्मिए । त्यसपछि अश्वको रूप भएकी संज्ञाबाट दुई अश्विनीकुमारहरूको जन्म भयो । वैवस्वत मनुका आफूजस्तै तेजस्वी दसवटा पुत्रहरू जन्मिए । तिनीहरूको नाम क्रमशः इक्ष्वाकु, नाभाग, धृष्ट, शर्याति, नरिष्यन्त, प्रांशु, नृग, श्रेष्ठ सत्पुरुष दिष्ट, करूष र पृषध्र हो । यी दसै महाबली राजाहरू अयोध्यामा नै थिए । मनुकी इला नामकी एउटी कन्या पनि थिइन् र तिनकै गर्भबाट बुधको अंशबाट पुरूरवाको जन्म भएको थियो । पुरूरवालाई जन्माएर इला पुरुषका रूपमा परिणत भइन् । त्यसपछि तिनको नाम सुद्युम्न भयो । सुद्युम्नबाट उत्कल, गय र विनताश्व नामका यी तीन राजाहरूको जन्म भयो । उत्कललाई उत्कल प्रान्तको राज्य प्राप्त भयो । विनाश्वको अधिकार पश्चिम दिशामा रह्यो र राजाहरूमा श्रेष्ठ गय पूर्व दिशाका राजा भए र तिनको राजधानी गया नगरी भयो । राजा सुद्युम्न वसिष्ठ ऋषिका आदेशले प्रतिष्ठानपुरमा आए र त्यसलाई आफ्नो राजधानी बनाए । उनले त्यहाँको राज्य पाएर त्यो राज्य पुरूरवालाई दिए । नरिष्यन्तका पुत्र शक नामले प्रसिद्ध भए । नाभागबाट परम वैष्णव अम्बरीषको जन्म भयो । उनी प्रजाहरूलाई अति राम्रोसँग पालन गर्दथे । राजा धृष्टबाट धार्ष्टक वंशको विस्तार भयो । सुकन्या र आनर्त यी दुई शर्यातिका सन्तानहरू भए । आनर्तबाट रेव नामका राजा उत्पन्न भए । आनर्त देशमा उनको राज्य थियो र कुशस्थली उनको राजधानी थियो । रेवका पुत्र रैवत हुन् र उनी ककुद्मी नामबाट प्रसिद्ध धार्मिक पुरुष भए । आफ्ना पिताका सय पुत्रहरूमध्ये उनी जेठा थिए, त्यसैले कुशस्थलीको राज्य उनलाई प्राप्त भयो । कुनै एक समयमा उनी आफ्नी पुत्री रेवतीलाई लिएर ब्रह्माका नजिक गएका थिए र त्यहाँ सङ्गीत सुन्न लागे । त्यहाँ ब्रह्माका समयका हिसाबले दुई घडी मात्रै बितेको थियो तर त्यतिमै मर्त्यलोकका हिसाबले अनेकौं युगहरू बिते । सङ्गीत सुनिसकेर उनी अत्यन्त हतारिँदै आफ्ना पुरीमा फर्किए तर त्यस बेला त्यहाँ त यदुवंशीहरूको अधिकार भइसकेको थियो । उनले कुशस्थलीका ठाउँमा द्वारका नामको पुरी स्थापना गरेका थिए र त्यो अत्यन्त सुन्दर र अनेकौं द्वारहरूले सजिएको पनि थियो । भोज, वृष्णि र अन्धक वंशका वासुदेव आदि वीरहरूले त्यसको सुरक्षा गरेका थिए । त्यहाँ पुगेपछि

करूषस्य तु कारूषाः क्षत्रिया युद्धदुर्मदाः ।१७।
शूद्रत्वं च पृषध्रोऽगाद्धिंसयित्वा गुरोश्च गाम् ।
मनुपुत्रादथेक्ष्वाकोर्विकुक्षिर्देवराडभूत् ।१८।
विकुक्षेस्तु ककुत्स्थोऽभूत्तस्य पुत्रः सुयोधनः ।
तस्य पुत्रः पृथुर्नाम विश्वगाश्वः पृथोः सुतः ।१९।
आयुस्तस्य च पुत्रोऽभूद्युवनाश्वस्तथा सुतः ।
युवनाश्वाच्च श्रावन्तः पूर्वे श्रावन्तिका पुरी ।२०।
श्रावन्ताद् बृहदश्वोऽभूत्कुवलाश्वस्ततो नृपः ।
धुन्धुमारत्वमगमद्धुन्धोर्नाम्ना च वै पुरा ।२१।
धुन्धुमारास्त्रयो भूपा दृढाश्वो दण्ड एव च ।
कपिलोऽथ दृढाश्वात्तु हर्य्यश्वश्च प्रमोदकः ।२२।
हर्य्यश्वाच्च विकुम्भोऽभूत्संहताश्वो निकुम्भतः ।
अकृशाश्वो रणाश्वश्च संहताश्वसुतावुभौ ।२३।
युवनाश्वो रणाश्वस्य मान्धाता युवनाश्वतः ।
मान्धाता पुरुकुत्सोऽभून्मुचुकुन्दो द्वितीयकः ।२४।
पुरुकुत्सात्त्रसद्दस्युः सम्भूतो नर्मदाभवः ।
सम्भूतस्य सुधन्वाऽभूत्त्रिधन्वाथ सुधन्वनः ।२५।
त्रिधन्वनस्तु तरुणस्तस्य सत्यव्रतः सुतः ।
सत्यव्रतात्सत्यरथो हरिश्चन्द्रश्च तत्सुतः ।२६।
हरिश्चन्द्राद्रोहिताश्वो रोहिताश्वाद्वृकोऽभवत् ।
वृकाद्बाहुश्च बाहोश्च सगरस्तस्य च प्रिया ।२७।
प्रभाषष्टिसहस्राणां सुतानां जननी ह्यभूत् ।
तुष्टादौर्वान्नृपादेकं भानुमत्यसमञ्जसम् ।२८।
खनन्तः पृथिवीं दग्धा विष्णुना बहुसागराः ।
असमञ्जसोंशुमांश्च दिलिपोंशुमतोऽभवत् ।२९।
भगीरथो दिलीपात्तु येन गङ्गावतारिता ।
भगीरथात्तु नाभागो नाभागादम्बरीषकः ।३०।
सिन्धुद्वीपोऽम्बरीषात्तु श्रुतायुस्तत्सुतः स्मृतः ।
श्रुतायोर्ऋतपर्णोऽभूतस्य कल्माषपादकः ।३१।
कल्माषाङ्घ्रेः सर्वकर्मा ह्यनरण्यस्ततोऽभवत् ।

रैवतले आफ्नी छोरी रेवतीको विवाह बलरामसित गराए र संसारको अनित्यतालाई बुझ्दै सुमेरु पर्वतका शिखरमा गएर तपस्या गर्न थाले। अन्त्यमा उनले विष्णुलोक पनि प्राप्त गरे। नाभागका दुई पुत्र वैश्य जातीय पत्नीबाट उत्पन्न भएका थिए र तिनले तपस्याका बलले ब्राह्मणत्व प्राप्त गरे। करूषका पुत्र कारूष नामले प्रसिद्ध क्षत्रिय थिए र उनी युद्धमा उन्मत्त भएर उर्लिन्थे। पृषध्रले भुलवश आफ्ना गुरुको गाई हत्या गरे र शाप पाएर उनी शूद्र भए। मनुका पुत्र इक्ष्वाकुका पुत्र विकुक्षि हुन् र उनी केही समयका लागि देवताहरूका राज्यमा आसीन पनि भए। विकुक्षिका पुत्र ककुत्स्थ हुन्। ककुत्स्थका पुत्र सुयोधन नामले प्रसिद्ध भए। उनका पुत्रको नाम पृथु हो। पृथुबाट विश्वगश्वको जन्म भयो। उनका पुत्र आयु हुन् र आयुका पुत्र युवनाश्व हुन्। युवनाश्वबाट श्रावन्त जन्मिए र उनैले पूर्व दिशामा श्रावन्तिकी नामको पुरी स्थापना गरे।१-२०।

श्रावन्तबाट बृहदश्व र बृहदश्वबाट कुवलाश्व नामका राजा जन्मिए। यिनले उहिले नै धुन्धु नामको प्रसिद्ध दैत्यको वध गरेका थिए त्यसैले उनका नामसँगै धुन्धुमार भन्ने पदवी जोडियो। धुन्धुमारका तीन छोराहरू थिए। ती तीनैजना राजा थिए। तिनीहरूको नाम– दृढाश्व, दण्ड र कपिल थियो। दृढाश्वबाट हर्यश्व र प्रमोदक जन्मिए। हर्यश्वबाट निकुम्भ र निकुम्भबाट संहताश्व जन्मिएका हुन्। संहताश्वका दुई पुत्र थिए। तिनीहरूको नाम अकृशाश्व र रणाश्व थियो। रणाश्वका पुत्र युवनाश्व र युवनाश्वका पुत्र राजा मान्धाता हुन्। मान्धाताका पनि दुई पुत्र थिए। तिनीहरूमा एउटाको नाम पुरुकुत्स र अर्काको नाम मुचुकुन्द थियो। पुरुकुत्सबाट त्रसद्दस्युको जन्म भयो। उनी नर्मदाका गर्भबाट जन्मिएका थिए। उनको अर्को नाम सम्भूत पनि हो। सम्भूतका सुधन्वा र सुधन्वाका पुत्र त्रिधन्वा थिए। त्रिधन्वाका तरुण र तरुणका पुत्र सत्यव्रत थिए। सत्यव्रतबाट सत्यरथ जन्मिए र उनैका पुत्र हरिश्चन्द्र हुन्। हरिश्चन्द्रबाट रोहिताश्वको जन्म भयो, रोहिताश्वबाट वृक जन्मिए र वृकबाट बाहु अनि बाहुबाट सगरको उत्पत्ति भएको हो। सगरकी प्यारी पत्नी प्रभा हुन् र और्व मुनि प्रसन्न भई कृपा गर्दा उनी साठी हजार पुत्रकी माता भइन्। त्यसै गरी उनकी अर्की पत्नी भानुमतीले राजाबाट एउटै पुत्र उत्पन्न गरिन् र त्यसको नाम असमञ्जस थियो। सगरका साठी हजार पुत्रले पृथ्वीलाई खने, त्यस बेलामा भगवान् कपिल रिसाएका कारण भस्म पनि भए। असमञ्जसका पुत्र अंशुमान र अंशुमानका पुत्र दिलीप हुन्। दिलीपबाट भगीरथको जन्म भयो र उनैले गङ्गालाई पृथ्वीमा ओरालेका थिए। भगीरथबाट

अनरण्यात्तु निघ्नोऽथ ह्यनमित्रस्ततो रघुः ।३२।
रघोरभूद्दिलीपस्तु दिलीपाच्चाप्यजो नृपः ।
दीर्घबाहुरजात्कालस्त्वजापालस्ततोऽभवत् ।३३।
तथा दशरथो जातस्तस्य पुत्रचतुष्टयम् ।
नारायणात्मकाः सर्वे रामस्तस्याग्रजोऽभवत् ।३४।
रावणान्तकरो राजा ह्ययोध्यायां रघूत्तमः ।
वाल्मीकिर्यस्य चरितं चक्रे तन्नारदश्रवात् ।३५।
रामपुत्रौ कुशलवौ सीतायां कुलवर्धनौ ।
अतिथिश्च कुशाज्जज्ञे निषधस्तस्य आत्मजः ।३६।
निषधात्तु नलो जज्ञे नभोऽजायत वै नलात् ।
नभसः पुण्डरीकोऽभूत्सुधन्वा च ततोऽभवत् ।३७।
सुधन्वनो देवानीको ह्यहीनाश्वश्च तत्सुतः ।
अहीनाश्वात्सहस्राश्वश्चन्द्रलोकस्ततोऽभवत् ।३८।
चन्द्रावलोकतस्तारापीडोऽस्माच्चन्द्रपर्वतः ।
चन्द्रगिरेर्भानुरथः श्रुतायुस्तस्य चात्मजः ।
इक्ष्वाकुवंशप्रभवाः सूर्य्यवंशधराः स्मृताः ।३९।

नाभाग र नाभागबाट अम्बरीष उत्पन्न भए । अम्बरीषका पुत्र सिन्धुद्वीप र सिन्धुद्वीपका पुत्र श्रुतायु हुन् । श्रुतायुका पुत्र ॠतुपर्ण र ॠतुपर्णका पुत्र कल्माषपाद थिए । कल्माषपादबाट सर्वकर्मा र सर्वकर्माबाट अनरण्य उत्पन्न भए । अनरण्यका निघ्न र निघ्नका पुत्र दिलीप भए । राजा दिलीपका रघु र रघुका पुत्र अज थिए । अजबाट राजा दशरथको जन्म भयो । दशरथका चार पुत्र थिए र तिनीहरू सबै भगवान् नारायणकै स्वरूप थिए । ती सबैमध्ये जेठा श्रीरामचन्द्र हुन् । उनले रावणको वध गरे । ती रघुनाथ अयोध्याका सर्वश्रेष्ठ राजा भए । महर्षि वाल्मीकिले नारदका मुखबाट उनको प्रभाव सुनेर उनको चरित्र बयान गरे । श्रीरामचन्द्रबाट कुलको कीर्ति बढाउने दुई पुत्र थिए । उनीहरू सीताका गर्भबाट उत्पन्न भएर कुश र लवका नामले प्रसिद्ध भए । कुशबाट अतिथिको जन्म भयो । अतिथिका पुत्रको नाम निषध हो । निषधबाट नलको जन्म भयो । नलबाट नभ नामका राजा उत्पन्न भए । नभबाट पुण्डरीक र पुण्डरीकबाट सुधन्वा उत्पन्न भए । सुधन्वाका पुत्र देवादीक र देवानीकका पुत्र अहीनाश्व हुन् । अहीनाश्वबाट सहस्राश्व र सहस्रास्वबाट चन्द्रालोक जन्मिए । चन्द्रालोकबाट तारापीड, तारापीडबाट चन्द्रगिरि र चन्द्रगिरिबाट भानुरथको जन्म भयो । भानुरथका पुत्र श्रुतायु नामले प्रसिद्ध भए । यी इक्ष्वाकुका वंशमा उत्पन्न भएका राजाहरू नै सूर्यवंशको विस्तार गराउने हुन् भन्ने मानिएको छ ।२१-३९।

२७४. चतुःसप्तत्यधिकद्विशततमोऽध्यायः

सोमवंश

अग्निरुवाच
सोमवंशं प्रवक्ष्यामि पठितं पापनाशनम् ।
विष्णुनाभ्यब्जजो ब्रह्मा ब्रह्मपुत्रोऽत्रिरत्रितः ।१।
सोमश्चक्रे राजसूयं त्रैलोक्यं दक्षिणां ददौ ।
समाप्तेऽवभृथे सोमं तद्रूपालोकनेच्छवः ।२।
कामबाणाभितप्ताङ्ग्यो नरदेव्यः सिषेविरे ।
लक्ष्मीर्नारायणं त्यक्त्वा सिनीवाली च कर्दमम् ।३।
द्युतिर्विभावसुं त्यक्त्वा पुष्टिर्धातारमव्ययम् ।
प्रभा प्रभाकरं त्यक्त्वा हविष्मन्तं कुहूः स्वयम् ।४।
कीर्तिर्जयन्तं भर्त्तारं वसुर्मारीचकश्यपम् ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म सोमवंशको वर्णन गर्दछु । यसको पाठ गर्नाले पापको नाश हुन्छ । विष्णुका नाभीकमलबाट ब्रह्मा उत्पन्न भए । ब्रह्माका पुत्र महर्षि अत्रि भए । अत्रिबाट सोमको उत्पत्ति भयो । सोमले राजसूय यज्ञ गरे र त्यसको दक्षिणाका रूपमा तीनै लोकका राज्यहरू दान गरे । जब यज्ञको अन्त्यमा अवभृथ स्नान समाप्त भयो त्यस बेला उनको रूप हेर्ने मन गरेर नौवटी देवी चन्द्रमाका नजिक आए र कामबाणले सन्तप्त भएर उनको सेवा गर्न थाले । लक्ष्मीले नारायणलाई छोडेर आइन् । त्यसरी नै सिनीवालीले कर्दमलाई, द्युतिले अग्निलाई र पुष्टिले आफ्ना अविनाशी पति धातालाई छोडेर आए । प्रभाले प्रभाकरलाई र कुहूले हविष्मान्लाई छोडेर स्वयं सोमका नजिक आइन् । कीर्तिले आफ्नो स्वामी

धृतिस्त्यक्त्वा पतिं नन्दीं सोममेवाभजत्तदा ।५।
स्वकीया इव सोमोऽपि कामयामास तास्तदा ।
एवं कृतापचारस्य तासां भर्तृगणस्तदा ।६।
न शशाकापचाराय शापैः शस्त्रादिभिः पुनः ।
सप्तलोकैकनाथत्वमावाप्तस्तपसा ह्युत ।७।
विवभ्राम मतिस्तस्य विनयादनयाऽहता ।
बृहस्पतेः स वै भार्य्यां तारां नाम यशस्विनीम् ।८।
जहार तरसा सोमो ह्यवमान्याङ्गिरःसुतम् ।
ततस्तद्युद्धमभवत्प्रख्यातं तारकामयम् ।९।
देवानां दानवानां च लोकक्षयकरं महत् ।
ब्रह्मा निवार्य्यौशनसं तारामङ्गिरसे ददौ ।१०।
तामन्तःप्रसवां दृष्ट्वा गर्भं त्यजाब्रवीद्गुरुः ।
गर्भस्त्यक्तः प्रदीप्तोऽथ प्राहाहं सोमसम्भवः ।११।
एवं सोमाद्‌बुधः पुत्रः पुत्रस्तस्य पुरूरवाः ।
स्वर्गं त्यक्त्वोर्वशी सा तं वरयामास चाप्सराः ।१२।
तया सहाचरद्राजा दशवर्षाणि पञ्च च ।
पञ्च षट् सप्त चाष्टौ च दश चाष्टौ महामुने ।१३।
एकोऽग्निरभवत्पूर्वं तेन त्रेता प्रवर्त्तिता ।
पुरूरवा योगशीलो गान्धर्वं लोकमीयिवान् ।१४।
आयुर्दृढायुरश्वायुर्धनायुर्धृतिमान्वसुः ।
दिविजातः शतायुश्च सुषुवे चोर्वशी नृपान् ।१५।
आयुषो नहुषः पुत्रो वृद्धशर्मा रजिस्तथा ।
दर्भो विपाप्मा पञ्चाग्न्यं रजेः पुत्रशतं ह्यभूत् ।१६।
राजेया इति विख्याता विष्णुदत्तवरो रजिः ।
देवासुरे रणे दैत्यानवधीत्सुरयाचितः ।१७।
गतायेन्द्राय पुत्रत्वं दत्वा राज्यं दिवं गतः ।
रजेः पुत्रैर्हृतं राज्यं शक्रस्याथ सुदुर्मनाः ।१८।
ग्रहशान्त्यादिविधिना गुरुरिन्द्राय तद्ददौ ।
मोहयित्वा रजिसुतानासंस्ते निजधर्मगाः ।१९।
नहुषस्य सुताः सप्त यतिर्य्ययातिरुत्तमः ।
उद्भवः पञ्चकश्चैव शर्य्यातिमेघपालकौ ।२०।

जयन्तलाई छोडेर आइन् र वसुले मरीचिपुत्र कश्यपलाई तथा धृतिले पनि आफ्ना पति नन्दिलाई छोडेर सोमकै सेवामा संलग्न भइन् । त्यस बेलामा चन्द्रमाले पनि ती देवीहरूलाई आफ्नै पत्नीसरह नै कामसहितका भावनाले अपनाए । सोमले यस किसिमको अत्याचार गरेको भए पनि ती देवीहरूका पतिले हतियार वा शापद्वारा सोमको केही अनिष्ट गर्न सकेनन् बरु त सोम नै भूलोक आदि सातै लोकमा एकमात्र स्वामी भए । यस्तो अनीतिबाट ग्रस्त भएर चन्द्रमाको बुद्धि विनयभ्रष्ट एवं भ्रान्त भयो र उनले अङ्गिराका पुत्र बृहस्पतिलाई अपमान गर्दै उनकी यशस्विनी पत्नी तारालाई पनि बलपूर्वक अपहरण गरे । त्यसकै कारणले देवता र दानवहरूका बीचमा संसारकै विनाश गर्ने खालका भयानक युद्ध भयो र त्यो नै तारकामय सङ्ग्राम भन्ने नामले विख्यात पनि भयो । अन्त्यमा ब्रह्माले शुक्राचार्यलाई रोकेर बृहस्पतिलाई तारा फिर्ता गराइदिए । तारालाई गर्भिणी देखेर देवगुरु बृहस्पतिले यस गर्भलाई त्यागिदेऊ भनेपछि उनको आज्ञामुताबिक ताराले गर्भ त्याग गरिन् र त्यसबाट अत्यन्त तेजस्वी कुमार उत्पन्न हुँदै– म चन्द्रमाको पुत्र हुँ भन्यो । यस किसिमले सोमबाट बुधको जन्म भयो । उनका पुत्र पुरूरवा हुन् र उर्वशी नामकी अप्सराले स्वर्ग छोडेर पुरूरवालाई वरण गरिन् । हे महामुनि ! राजा पुरूरवाले उर्वशीका साथमा उनन्साठी वर्षसम्म विहार गरे । उहिलेका समयमा अग्नि एउटै थिए । राजा पुरूरवाले नै उनलाई गार्हपत्य, आहवनीय र दक्षिणाग्नि भन्ने तीन रूपमा प्रकट गराए । ती राजा योगी थिए । उनले अन्त्यमा गन्धर्व लोकको प्राप्ति गरे । उर्वशीले राजा पुरूरवाबाट आयु, दृढाय, अश्वायु, धनायु, धृतिमान्, वसु, दिविजात र शतायु यी आठ पुत्रहरू उत्पन्न गरिन् । आयुका नहुष, वृद्धशर्मा, रजि, दम्भ र विपाप्मा गरी पाँच पुत्र भए । रजिबाट सय पुत्र जन्मिए र तिनीहरू राजेय भन्ने नामबाट प्रसिद्ध भए । रजि राजालाई विष्णुबाट वरदान प्राप्त भएको थियो । उनले देवासुर सङ्ग्राममा देवताहरूको प्रार्थना गरेर दैत्यहरूलाई वध गरेका थिए । रजि राजाले इन्द्रलाई नै पुत्रका रूपमा प्राप्त गरे । रजिले स्वर्गको राज्य इन्द्रलाई दिएर आफू दिव्यलोकमा वास गर्न थाले । केही समयपछि रजिका पुत्रहरूले इन्द्रको राज्य खोसे । यसो हुँदा उनी मनमनमा धेरै दुःखी भए । त्यसपछि देवगुरु बृहस्पतिले ग्रहशान्ति आदिका विधिले रजिका पुत्रहरूलाई मोहित गराएर राज्य फेरि इन्द्रलाई फिर्ता गराए । त्यस बेलामा रजिका पुत्रहरू आफ्नो धर्मबाट भ्रष्ट भइसकेका थिए । राजा नहुषका सात छोरा थिए । उनीहरूको नाम– यति, ययाति, उत्तम, उद्‌भव, पञ्चक, शर्याति र मेघपालक थियो । यति कुमार अवस्थाकै

यतिः कुमारभावेऽपि विष्णुं ध्यात्वा हरिं गतः ।
देवयानी शुक्रकन्या ययातेः पत्न्यऽभूत्तदा ।२१।
वृषपर्वजा शर्मिष्ठा ययातेः पञ्च तत्सुताः ।
यदुं च तुर्वसुञ्चैव देवयानी व्यजायत ।द्व।२२।
द्रुह्युं चानुं च पूरुं च शर्मिष्ठा वार्षपर्वणी ।
यदुः पुरुश्चाभवतां तेषां वंशविवर्धनौ ।२३।

भए पनि भगवान् विष्णुको ध्यान गरेर उनैका स्वरूपमा पुगे । त्यस बेलामा शुक्राचार्यकी कन्या देवयानी तथा वृषपर्वाकी पुत्री शर्मिष्ठा यी दुवै ययाति राजाका पत्नीहरू भइसकेका थिए । यी दुई स्त्रीहरूबाट राजाका पाँच पुत्र उत्पन्न भएका थिए । देवयानीले यदु र तुर्वसुलाई जन्माइन् भने वृषपर्वाकी पुत्री शर्मिष्ठाले द्रुह्यु, अनु र पुरु यी तीन पुत्रहरू उत्पन्न गरिन् । यिनीहरूमध्ये यदु र पूरु यी दुई मात्रै सोमवंशको विस्तार गराउने भए ।१-२३।

२७५. पञ्चसप्तत्यधिकद्विशततमोऽध्यायः

यदुवंश

अग्निरुवाच
यदोरासन्पञ्चपुत्रा ज्येष्ठस्तेषु सहस्रजित् ।
नीलाञ्जिको रघुः क्रोष्टुः शतजिच्च सहस्रजित् ।१।
शतजिद्धैहयो रेणुहयो हय इति त्रयः ।
धर्मनेत्रो हैहयस्य धर्मनेत्रस्य संहन ।२।
महिमा संहनस्यासीन्महिम्नो भद्रसेनकः ।
भद्रसेनाद्दुर्गमोऽभूद्दुर्गमात्कनकोऽभवत् ।३।
कनकात्कृतवीर्य्यस्तु कृताग्निः करवीरकः ।
कृतौजाश्च चतुर्थोऽभूत्कृतवीर्य्यात्तु सोऽर्जुनः ।४।
दत्तोऽर्जुनाय तपते सप्तद्वीपमहीशताम् ।
ददौ बाहुसहस्रं च ह्यजेयत्वं रणेऽरिणा ।५।
अधर्मे वर्तमानस्य विष्णुहस्तान्मृतिर्ध्रुवा ।
दशयज्ञसहस्राणिसोऽर्जुनः कृतवान्नृपः ।६।
अनष्टद्रव्यता राष्ट्रे तस्य संस्मरणादभूत् ।
न नूनं कार्त्तवीर्य्यस्य गतिं यास्यन्ति वै नृपाः ।७।
यज्ञैर्दानैस्तपोभिश्च विक्रमेण श्रुतेन च ।
कार्त्तवीर्य्यस्य च शतं पुत्राणां पञ्च वै पराः ।८।
सूरसेनश्च सूरश्च धृष्टोक्तः कृष्ण एव च ।
जयध्वजश्च नामासीदावन्त्यो नृपतिर्महान् ।९।
जयध्वजात्तालजङ्घस्तालजङ्घात्ततः सुताः ।
हैहयानां कुलाः पञ्च भोजाश्चावन्तयस्तथा ।१०।
वीतिहोत्राः स्वयं जाताः शौण्डिकेयास्तथैव च ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! यदुका नीलाञ्जिक, रघु, क्रोष्टु शतजित् र सहस्रजित् गरी पाँचवटा छोरा थिए । यिनीहरूमा सहस्रजित् सबैभन्दा जेठा थिए । शतजित्का हैहय, रेणुहय र हय नामका तीनवटा पुत्र भए । हैहयका धर्मनेत्र र धर्मनेत्रका पुत्र संहत भए । संहतका पुत्र महिमा र महिमाका पुत्र भद्रसेन थिए । भद्रसेनका दुर्गम र दुर्गमबाट कनकको जन्म भयो । कनकबाट कृतवीर्य, कृताग्नि, करवीक र चौथो कृतौजा नामका पुत्रहरू उत्पन्न भए । कृतवीर्यबाट अर्जुन उत्पन्न भए । अर्जुनले तपस्या गरे । त्यसबाट प्रसन्न भएर भगवान् दत्तात्रेयले उनलाई सातै द्वीपहरू भएको पृथ्वीको आधिपत्य, एक हजार बाहु र सङ्ग्राममा अजेय हुने वरदान दिए । त्यसका साथै अधर्ममा लागेपछि भगवान् विष्णुबाट अवश्य मारिनेछौ भन्ने वरदान दिए । राजा अर्जुनले दस हजार यज्ञको अनुष्ठान गरेका थिए । उनको स्मरणमात्रै गर्दा पनि राष्ट्रमा कसैका धनको नाश हुँदैनथ्यो । यज्ञ, दान, तपस्या, पराक्रम र शास्त्रज्ञानमा कृतवीर्यका छोरा ती अर्जुनलाई कुनै पनि राजाले भेट्न सकेका थिएनन् । ती कार्तवीर्यका सयवटा छोराहरूमा पाँचवटा प्रमुख थिए । तिनीहरू— शूरसेन, शूर, धृष्टोक्त, कृष्ण र जयध्वज थिए । जयध्वज अवन्ती देशका राजा थिए । जयध्वजबाट तालजङ्घको जन्म भयो र तालजङ्घका अनेकौं पुत्रहरू उत्पन्न भए र तालजङ्घकै नामबाट प्रसिद्ध पनि भए । हैहय वंशका क्षत्रियहरूका पाँचवटा कुल छन् । भोज, अवन्ति, वीतिहोत्र, स्वयंजात र शौण्डिकेय । वीतिहोत्रबाट अनन्तको जन्म भयो र अनन्तबाट दुर्जय नामका राजा जन्मिए । अब क्रोष्टुका वंशको वर्णन गर्दछु र त्यहाँ साक्षात् भगवान् विष्णुले अवतार धारण गरेका थिए । क्रोष्टुबाट वृजिनीवान् र वृजिनीवान्बाट

वीतिहोत्रादनन्तोऽभूदनन्तादुर्जयो नृपः ।११।
क्रोष्टोर्वंशं प्रवक्ष्यामि यत्र जातो हरिः स्वयम् ।
क्रोष्टोस्तु वृजिनीवांश्च स्वाहाऽभूद्वृजिनीवतः ।१२।
स्वाहापुत्रो रुषद्गुश्च तस्य चित्ररथः सुतः ।
शशविन्दुश्चित्ररथाच्चक्रवर्ती हरौ रतः ।१३।
शशबिन्दोश्च पुत्राणां शतानामभवच्छतम् ।
धीमतां चारुरूपाणां भूरिद्रविणतेजसाम् ।१४।
पृथुश्रवाः प्रधानोऽभूत्तस्य पुत्रः सुयज्ञकः ।
सुयज्ञस्योशनाः पुत्रस्तितिक्षुरुशतःसुतः ।१५।
तितिक्षोस्तु मरुत्तोऽभूत्तस्मात्कम्बलबर्हिषः ।
पञ्चाशद्रुक्मकवचाद्रुक्मेषु पृथुरुक्मकः ।१६।
हविर्ज्यामघः पापघ्नो ज्यामघः स्त्रीजितोऽभवत् ।
सेव्यायां ज्यामघादासीद्विदर्भस्तस्य कौशिकः ।१७।
लोमपादः ऋथः श्रेष्ठात्कृतिः स्याल्लोमपादतः ।
कौशिकस्य चिदिः पुत्रस्तस्माच्चैद्या नृपाः स्मृताः ।१८।
ऋथाद्विदर्भपुत्राश्च कुन्तिः कुन्तेस्तु धृष्टकः ।
धृष्टस्य निधृतिस्तस्य उदर्काख्यो विदूरथः ।१९।
दशार्हपुत्रो व्योमस्तु व्योमाज्जीमूत उच्यते ।
जीमूतपुत्रो विकलस्तस्य भीमरथः सुतः ।२०।
भीमरथान्नवरथस्ततो दृढरथोऽभवत् ।
शकुन्तिश्च दृढरथाच्छकुन्तेश्च करम्भकः ।२१।
करम्भाद्देवलातोऽभूद्देवक्षेत्रश्च तत्सुतः ।
देवक्षेत्रान्मधुर्नाम मधोर्द्रवरसोऽभवत् ।२२।
द्रवरसात्पुरुहूतोऽभूज्जन्तुरासीत्तु तत्सुतः ।
गुणी तु यादवो राजा जन्तुपुत्रस्तु सात्वतः ।२३।
सात्वताद्भजमानस्तु वृष्णिरन्धक एव च ।
देवावृधश्च चत्वारस्तेषां वंशास्तु विश्रुताः ।२४।
भजमानस्य वाह्योऽभूद्वृष्टिः कृमिर्निमिस्तथा ।
देवावृधाद्बभ्रुरासीत्तस्य श्लोकोऽत्र गीयते ।२५।
यथैव शृणुमो दूराद्गुणांस्तद्वत्समन्तिकात् ।
बभ्रुः श्रेष्ठो मनुष्याणां देवैर्देवावृधः समः ।२६।
चत्वारश्च सुता बभ्रोर्वासुदेवपरा नृपाः ।
कुकुरो भजमानस्तु शिनिः कम्बलबर्हिषः ।२७।

स्वाहाको जन्म भयो । स्वाहाका पुत्र रुषद्गु र उनका पुत्र चित्ररथ थिए। चित्ररथबाट शशबिन्दु जन्मिएर चक्रवर्ती राजा भए। उनी सधैँ भगवान् विष्णुकै भजनमा हुन्थे। शशबिन्दुका दस हजार पुत्र थिए र ती सबै नै बुद्धिमान्, सुन्दर, अधिक धनवान् र अत्यन्त तेजस्वी थिए। उनीहरूमा पृथुश्रवा जेठा थिए। उनका पुत्रको नाम सुयज्ञ थियो। सुयज्ञका पुत्र उशना र उशनाका पुत्र तितिक्षु थिए। तितिक्षुबाट मरुत्त र मरुत्तबाट कम्बलबर्हिष वा रुक्मकवच जन्मिए । रुक्मकवचबाट रुक्मेषु, पृथुरुक्मक, हवि, ज्यामघ र पापघ्न आदि पचास पुत्र उत्पन्न भए। यिनीहरूमा ज्यामघ आफ्नै स्त्रीका वशमा रहेका थिए। त्यसो हुँदा उनकी पत्नी शैव्याका गर्भबाट विदर्भ उत्पन्न भए। विदर्भका कौशिक, लोमपाद र ऋथ नामका पुत्र भए। यिनीहरूमा लोमपाद ज्येष्ठ थिए । उनीबाट कृतिको जन्म भयो । कौशिकका पुत्रको नाम चिदि हो । चिदिका वंशज राजा चैद्य भन्ने नामबाट प्रसिद्ध भए ।१–१८।

विदर्भका पुत्र ऋथबाट कुन्ति र कुन्तिबाट धृष्टक जन्मिए । धृष्टकका पुत्र धृति र धृतिका पुत्र विदूरथ भए। यी दशार्ह नामले पनि प्रसिद्ध थिए। दशार्हका पुत्र व्योम हुन् र व्योमका पुत्र जीमूत हुन् भनिएको छ। जीमूतका पुत्रको नाम विकल हो र उनका पुत्र भीमरथ नामले प्रसिद्ध भए। भीमरथबाट नवरथ र नवरथबाट दृढरथ उत्पन्न भए । दृढरथबाट शकुन्ति र शकुन्तिबाट करम्भ उत्पन्न भए । करम्भबाट देवरात जन्मिए । देवरातका पुत्र देवक्षेत्र भन्ने थिए। देवक्षेत्रबाट मधु नामका पुत्र भए र मधुबाट द्रवरस जन्मिए। द्रवरसका पुत्र पुरुहूत र पुरुहूतका पुत्र जन्तु थिए। जन्तुका पुत्रको नाम सात्वत थियो र यिनै यदुवंशीहरूमा गुणवान् राजा थिए । सात्वतका भजमान, वृष्णि, अन्धक तथा देवावृध यी चार पुत्र भए। यी चारैका वंशहरू प्रसिद्ध छन्। भजमानका बाह्य, वृष्टि, कृमि र निमि नामका पुत्रहरू थिए। देवावृधबाट बभ्रुको जन्म भयो उनका विषयमा यस्तो श्लोक हाल्ने गरिएको छ– टाढा जस्तो सुन्छौँ हामी नजिकै उस्तो देख्दछौं। बभ्रु मानिसमा श्रेष्ठ देवावृध देवतुल्य छन्। बभ्रुका चार पुत्र थिए । ती सबै भगवान् वासुदेवका भक्त थिए। उनीहरूको नाम कुकुर, भजमान, शिनि र कम्बलबर्हिष थियो । कुकुरका धृष्णु नाम भएका पुत्र जन्मिए। धृष्णुबाट धृति जन्मिए। धृतिबाट कपोतरोमा र उनका पुत्र तित्तिरि भए। तित्तिरिका पुत्र नर र उनका पुत्र आनकदुन्दुभि नामले प्रसिद्ध भए। आनकदुन्दुभिकै पुस्तामा पुनर्वसु र उनका पुत्र आहुक

कुहुरस्य सुतो धृष्णुर्धृष्णोस्तु तनयो धृतिः ।
धृतेः कपोतरोमाभूत्तस्य पुत्रस्तु तित्तिरिः ।२८।
तित्तिरेस्तु नरः पुत्रस्तस्य चन्दनदुन्दुभिः ।
पुनर्वसुस्तस्य पुत्र आहुकश्चाहुकीसुतः ।२९।
आहुकाद्देवका जज्ञे उग्रसेनस्ततोऽभवत् ।
देववानुपदेवश्च देवकस्य सुताः स्मृताः ।३०।
तेषां स्वसारः सप्तासन्वसुदेवाय ता ददौ ।
देवकी श्रुतदेवी च मित्रदेवी यशोधराः ।३१।
श्रीदेवी सत्यदेवी च सुरापी चेति सप्तमी ।
नवोग्रसेनस्य सुताः कंसस्तेषां च पूर्वजः ।३२।
न्यग्रोधश्च सुनामा च कङ्कः शङ्कुश्च भूमिपः ।
सुतनू राष्ट्रपालश्च युद्धमुष्टिः सुमुष्टिकः ।३३।
भजमानस्य पुत्रोऽथ रथमुख्यो विदूरथः ।
राजाधिदेवः शूरश्च विदूरथसुतोऽभवत् ।३४।
राजाधिदेवपुत्रौ द्वौ शोणाश्वः श्वेतवाहनः ।
शोणाश्वस्य सुताः पञ्च शमी शत्रुजिदादयः ।३५।
शमीपुत्रः प्रतिक्षेत्रः प्रतिक्षेत्रस्य भोजकः ।
भोजस्य हृदिकः पुत्रो हृदिकस्य दशात्मजाः ।३६।
कृतवर्मा शतधन्वा देवार्हो भीषणादयः ।
देवार्हात्कम्बलबर्हिरसमौजास्ततोऽभवत् ।३७।
सुदंष्ट्रश्च सुवासश्च धृष्टोऽभूदसमोजसः ।
गान्धारी चैव माद्री च धृष्टभार्य्ये बभूवतुः ।३८।
सुमित्रोऽभूच्च गान्धार्य्यां माद्री जज्ञे युधाजितम् ।
अनमित्रः शिनिर्धृष्टात्ततो वै देवमीढुषः ।३९।
अनमित्रसुतो निघ्नो निघ्नस्यापि प्रसेनकः ।
सत्राजितः प्रसेनोऽथ मणिं सूर्य्यात्स्यमन्तकम् ।४०।
प्राप्यारण्ये चरन्तं तु सिंहो हत्वा ग्रहीन्मणिम् ।
हतो जाम्बवता सिंहो जाम्बवान्हरिणा जितः ।४१।
तस्मान्मणिं जाम्बवतीं प्राप्यागाद्द्वारकां पुरीम् ।
सत्राजिताय प्रददौ शतधन्वा जघान तम् ।४२।
हत्वा शतधनुं कृष्णो मणिमादाय कीर्तिभाक् ।
बलयादवमुख्याग्रे ह्यक्रूरे मणिमार्पयत् ।४३।
मिथ्याभिशस्तिं कृष्णस्य त्यक्त्वा स्वर्गी च सम्पठन् ।

भए । यिनीहरू आहुकीका गर्भबाट उत्पन्न भएका थिए । आहुकबाट देवक र उग्रसेन भए । देवकबाट देववान्, उपदेव, सहदेव र देवरक्षित यी चार पुत्र भए । यिनीहरूका सातवटी दिदीबहिनी थिए र देवकले यी सबैको विवाह वसुदेवसित गराइदिए । ती सातको नाम– देवकी, श्रुतदेवी, मित्रदेवी, यशोधरा, श्रीदेवी, सत्यदेवी र सातौँको नाम सुरापी थियो । उग्रसेनका नौ पुत्र थिए र उनीहरूमा कंस जेठो थियो । बाँकी आठ पुत्रको नाम यस प्रकार छ– न्यग्रोध, सुनामा, कङ्क, राजा शङ्कु, सुतनु, राष्ट्रपाल, युद्धमुष्टि र सुमुष्टिक । भजमानका पुत्र विदूरथ रथीहरूमा प्रधान थिए । उनका पुत्र राजाधिदेव र शूर नामले विख्यात भए । राजाधिदेवका दुई पुत्र थिए । शोणाश्व र श्वेतवाहन । शोणाश्वका शमी र शत्रुजित् आदि पाँच पुत्र थिए । शमीका पुत्र प्रतिक्षेत्र, प्रतिक्षेत्रका पुत्र भोज र भोजका पुत्र हृदिक थिए । हृदिकका दस पुत्र थिए ।१९-३६।

तिनीहरूमा कृतवर्मा, शतधन्वा, देवार्ह र भीषण आदि प्रमुख हुन् । देवार्हबाट कम्बलबर्हि र कम्बलबर्हिबाट असमौजाको जन्म भयो । असमौजाका सुदंष्ट्र, सुवास र धृष्ट नामका पुत्रहरू भए । धृष्टका गान्धारी र माद्री नामका दुईवटी पत्नीहरू थिए । यिनीहरूमा गान्धारीबाट सुमित्र जन्मिए र माद्रीबाट युधाजित् जन्मिए । धृष्टबाट अनमित्र र शिनि पनि जन्मिए । शिनिबाट देवमीढुष उत्पन्न भए । अनमित्रका पुत्र निघ्न र निघ्नका पुत्र प्रसेन एवं सत्राजित् भए । प्रसेनका भाइ सत्राजित्लाई सूर्यबाट स्यमन्तकमणि प्राप्त भएको थियो र त्यो लिएर प्रसेन जङ्गलमा सिकार खेल्दै घुम्दै थिए । उनलाई एउटा सिंहले मारेर त्यो मणि लग्यो । त्यसपछि जाम्बवान्ले त्यस सिंहलाई मारे । त्यसपछि भगवान् श्रीकृष्णले जाम्बवान्लाई युद्धमा पराजित गरे र जाम्बवतीसँगै त्यो मणि पनि लिएर द्वारकातिर फिर्ता भए । त्यहाँ आएर उनले त्यो मणि सत्राजित्लाई दिए तर मणिका लोभले शतधन्वाले सत्राजित्लाई मार्‍यो । श्रीकृष्णले शतधन्वालाई मारेर त्यो मणि खोसे अनि यश कमाए । उनले बलराम र मुख्य यदुवंशीहरूका अगाडि त्यो मणि अक्रुरलाई जिम्मा लगाए । यसो भएपछि श्रीकृष्णमाथि लागेको आरोप पनि मेटियो । जसले यस प्रसङ्गको पाठ गर्दछ उसले स्वर्ग प्राप्त गर्दछ । सत्राजित्को भङ्गकार भन्ने नामले प्रसिद्ध पुत्र थियो र सत्यभामा नाम भएकी पुत्री पनि थिइन्, पछि उनी भगवान् श्रीकृष्णकी प्यारी पटरानी भइन् । अनमित्रबाट शिनि जन्मिए । शिनिका पुत्र सत्यक हुन् । सत्यकबाट सात्यकिको उत्पत्ति भयो । उनी

सत्राजितो भयङ्कारः सत्यभामा हरेः प्रिया ।४४।
अनमित्राच्छिनिर्जज्ञे सत्यकस्तु शिनेः सुतः ।
सत्यकात्सात्यकिर्जज्ञे युयुधानाद् धुनिर्ह्यभूत् ।४५।
धुनेर्युगन्धरः पुत्रः स्वाह्यो ऽभूत्सायुधाजितः ।
ऋषभक्षेत्रकौ तस्य ऋषभाच्च श्वफल्ककः ।४६।
श्वफल्कपुत्रो ह्यक्रूरश्चाक्रूराच्च सुधन्वकः ।
शूरात्तु वसुदेवाद्याः पृथा पाण्डोः प्रिया ऽभवत् ।४७।
धर्माद्युधिष्ठरः पाण्डोर्वायोः कुन्त्यां वृकोदरः ।
इन्द्राद्धनञ्जयो माद्र्यां नकुलः सहदेवकः ।४८।
वसुदेवाच्च रोहिण्यां रामः सारणदुर्गमौ ।
वसुदेवाच्च देवक्यामादौ जातः सुसेनकः ।४९।
कीर्त्तिमान्भद्रसेनश्च जारुख्यो विष्णुदासकः ।
भद्रदेहः कंस एतान्षड्गर्भान्निजघान ह ।५०।
ततो बलस्ततः कृष्णः सुभद्रा भद्रभाषिणी ।
चारुदेष्णश्च साम्बाद्याः कृष्णाज्जाम्बवतीसुताः ।५१।

युयुधान नामले पनि प्रसिद्ध थिए । उनका धुनि नामको पुत्र थियो र धुनिको पुत्र युगन्धर हो । युधाजित्‌बाट स्वाह्यको जन्म भयो । स्वाह्यबाट ऋषभ र क्षेत्रक जन्मिए । ऋषभबाट श्वफल्क उत्पन्न भए । श्वफल्कका पुत्रको नाम अक्रुर हो र अक्रुरबाट सुधन्वक जन्मिए । शूरबाट वसुदेव आदि पुत्र र पृथा नामकी कन्या उत्पन्न भए । पछि उनी राजा पाण्डुकी प्यारी पत्नी भइन् । पाण्डुकी पत्नी पृथा अथवा कुन्तीका गर्भमा धर्मका अंशबाट युधिष्ठिर, वायुका अंशबाट भीम र इन्द्रका अंशबाट अर्जुन उत्पन्न भए । अर्को पत्नी माद्रीका गर्भबाट अश्विनीकुमारका अंशबाट नकुल र सहदेव उत्पन्न भए । वसुदेवबाट रोहिणीका गर्भबाट बलराम, सारण र दुर्गम यी तीन पुत्र जन्मिए र देवकीका पेटबाट पहिले सुषेणको जन्म भयो, त्यसपछि कीर्तिमान, भद्रसेन, जारुख्य, विष्णुदास र भद्रदेह जन्मिए । यी छवटै बच्चाहरू कंसले मारिदियो । त्यसपछि बलराम र कृष्णको उत्पत्ति भयो र अन्त्यमा कल्याणमय वचन बोल्ने सुभद्राको जन्म भयो । भगवान् श्रीकृष्णबाट चारुदेष्ण र साम्ब आदि पुत्र उत्पन्न भए । साम्ब आदि पुत्र रानी जाम्बवतीका थिए ।३७-५१।

२७६. षट्सप्तत्यधिकद्विशततमोऽध्यायः

द्वादशसङ्ग्राम

अग्निरुवाच
कश्यपो वसुदेवोऽभूद्देवकी चादितिर्वरा ।
देवक्यां वसुदेवात्तु कृष्णोऽभूत्तपसान्वितः ।१।
धर्मसंरक्षणार्थाय ह्यधर्महरणाय च ।
सुरादेः पालनार्थं च दैत्यादेर्मथनाय च ।२।
रुक्मिणी सत्यभामा च सत्या नग्नजिती प्रिया ।
सत्यभामा हरेः सेव्या गान्धारी लक्ष्मणा तथा ।३।
मित्रविन्दा च कालिन्दी देवी जाम्बवती तथा ।
सुशीला च तथा माद्री कौशल्या विजया जया ।४।
एवमादीति देवीनां सहस्राणि तु षोडश ।
प्रद्युम्नद्याश्च रुक्मिण्यां भीमाद्याः सत्यभामया ।५।
जाम्बवत्या च साम्बाद्याः कृष्णस्यासंस्तथापरे ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! महर्षि कश्यप वसुदेवका रूपमा अवतीर्ण भएका थिए र नारीहरूमा श्रेष्ठ अदितिको आविर्भाव देवकीका रूपमा भएको थियो । वसुदेव र देवकीबाट भगवान् श्रीकृष्णको प्रादुर्भाव भयो । उनी ठूला तपस्वी थिए । धर्मको रक्षा, अधर्मको नाश, देवता आदिको पालन र दैत्यहरूको विनाश यही नै उनका अवतारको उद्देश्य थियो । रुक्मिणी, सत्यभामा र नग्नजित्‌की पुत्री सत्या यिनीहरू भगवान्‌का प्रिय रानीहरू थिए । यिनीहरूमा पनि सत्यभामा उनकी आराध्य देवीजस्तै थिइन् । यिनीहरूबाहेक गान्धार राजकुमारी लक्ष्मणा, मित्रविन्दा, कालिन्दीदेवी जाम्बवती, सुशीला, माद्री, कौसल्या, विजया र जया आदि सोह्र हजार देवीहरू भगवान् श्रीकृष्णका पत्नी थिए । रुक्मिणीका गर्भबाट प्रद्युम्न आदि पुत्रहरू उत्पन्न भएका थिए र सत्यभामाबाट भीम आदि जन्मिएका थिए । जाम्बवतीका गर्भबाट साम्ब आदि जन्मिए । श्रीकृष्णका यिनीहरू र अरू पनि धेरै पुत्र थिए । परम बुद्धिमान् भगवान्‌का पुत्रहरूको सङ्ख्या एक करोड अस्सी हजार जति थियो । समस्त यादवहरू भगवान्‌बाट

शतं शतसहस्राणां पुत्राणां तस्य धीमतः ।६।
अशीतिश्च सहस्राणि यादवाः कृष्णरक्षिता ।
प्रद्युम्नस्य तु वैदर्भ्यामनिरुद्धो रणप्रियः ।७।
अनिरुद्धस्य वज्राद्या यादवाः सुमहाबलाः ।
तिस्रः कोट्यो यादवानां षष्टिर्लक्षाणि दानवाः ।८।
मनुष्ये बाधका ये तु तन्नाशाय बभूव सः ।
कर्त्तुं कर्मव्यवस्थानं मनुष्यो जायते हरिः ।९।
देवासुराणां सङ्ग्रामा दायार्थं द्वादशाभवन् ।
प्रथमो नारसिंहस्तु द्वितीयो वामनो रणः ।१०।
सङ्ग्रामस्त्वथ वाराहश्चतुर्थोऽमृतमन्थनः ।
ताराकामयसङ्ग्रामः षष्ठो ह्याजीवको रणः ।११।
त्रैपुरश्चान्धकवधो नवमो वृत्रघातकः ।
जितो हालाहलश्चाथ घोरः कोलाहलो रणः ।१२।
हिरण्यकशिपोश्चोरो विदार्य्य च नखैः पुरा ।
नारसिंहो देवपालः प्रह्लादं कृतवान्नृपम् ।१३।
देवासुरे वामनश्च छलित्वा बलिमूर्जितम् ।
महेन्द्राय ददौ राज्यं काश्यपोऽदितिसम्भवः ।१४।
वराहस्तु हिरण्याक्षं हत्वा देवानपालयत् ।
उज्जहार भुवं मग्नां देवदेवैरभिष्टुतः ।१५।
मन्थानं मन्दरं कृत्वा नेत्रं कृत्वा तु वासुकिम् ।
सुरासुरैश्च मथितं देवेभ्यश्चामृतं ददौ ।१६।
तारकामयसङ्ग्रामे तदा देवाश्च पालिताः ।
निवार्य्येन्द्रं गुरुन्देवान्दानवान् सोमवंशकृत् ।१७।
विश्वामित्रवसिष्ठात्रिकवयश्च रणे सुरान् ।
अपालयन्ते निर्वार्य्य रागद्वेषादिदानवान् ।१८।
पृथ्वीरथे ब्रह्मयन्तुरीशस्य शरणो हरिः ।
ददाह त्रिपुरं देवपालको दैत्यमर्दनः ।१९।
गौरीं जिहीर्षुणा रुद्रमन्धकेनार्दितं हरिः ।
अनुरक्तश्च रेवत्यां चक्रे चान्धासुरार्दनम् ।२०।
अपां फेनमयो भूत्वा देवासुररणे हरन् ।

सुरक्षित थिए । प्रद्युम्नबाट विदर्भ राजकुमारी रुक्मवतीका गर्भबाट अनिरुद्ध नामका पुत्र जन्मिएका थिए । अनिरुद्धलाई युद्ध धेरै प्रिय लाग्दथ्यो । अनिरुद्धका पुत्रहरू वज्र आदि थिए । सबै यादवहरू अत्यन्त बलवान् थिए । यादवहरूको सङ्ख्या जम्माजम्मी तीन करोड थियो । त्यस बेलामा साठी लाख दानवहरू मानव योनीमा उत्पन्न भएका थिए र तिनले मानिसहरूलाई दुःख दिइरहेका थिए । उनीहरूको विनाश गर्नका लागि भगवान्ले अवतार लिएका थिए । धर्मको मर्यादा जोगाउनका लागि भगवान् श्रीहरि मानिसका रूपमा प्रकट हुने गर्दछन् । देवता र असुरहरूमा अंशबन्डाका लागि बाह्रवटा सङ्ग्राम भएका थिए । तिनीहरूमा पहिलो नारसिंह र दोस्रो वामन नाम भएका युद्धहरू हुन् । तेस्रो वाराह सङ्ग्राम हो भने चौथो अमृत मन्थन हो । पाँचौँ तारकामय सङ्ग्राम हो र छैटौँ आजीवक नामको युद्ध भएको थियो । सातौँ त्रैपुर, आठौँ अन्धकवध र नवौँ वृत्रविघातक सङ्ग्राम हो । दसौँ जित्, एघारौँ हालाहाल र बाह्रौँ घोर कोलाहल नामका युद्ध भएका थिए । उहिले नै देवताहरूका रक्षक भगवान् नरसिंहले हिरण्यकशिपुको छाती फोरेर प्रह्लादलाई दैत्यहरूका राजा बनाएका थिए । त्यसपछि देवासुर सङ्ग्रामका अवसरमा कश्यप र अदितिबाट वामनका रूपमा प्रकट भएर भगवान्ले बल र प्रतापले मात्तिएका बलि राजालाई छलेर इन्द्रलाई त्रिलोकको राज्य दिएका थिए । भगवान्ले वराह अवतार लिएर हिरण्याक्षलाई मारेका बेलामा वाराह नामको युद्ध भएको थियो र त्यसै बेला देवताहरूको रक्षा र पानीमा डुबेकी पृथ्वीको उद्धार गरेका थिए । त्यस बेलामा ठूला देवताहरूले भगवान्को स्तुति गरेका थिए । एकपटक देवता र असुरहरू मिलेर मन्दराचल पर्वतलाई मदानी र वासुकी नागलाई त्यसको नेती बनाएर समुद्रलाई मन्थन गरी अमृत निकालेका थिए तर भगवान्ले त्यो सबै अमृत देवताहरूलाई नै खान दिए र युद्ध भयो । तारकामय युद्धका अवसरमा भगवान् ब्रह्माले इन्द्र, बृहस्पति आदि देवताहरू र दानवहरूलाई युद्धबाट रोकेर देवताहरूको रक्षा गरेका थिए र सोमवंशलाई स्थापित गराए । आजीवक युद्धमा विश्वामित्र, वसिष्ठ र अत्रि आदि ऋषिहरूले रागद्वेष आदि दानवहरूलाई निवारण गरेर देवताहरूको पालन गरे । पृथ्वीरूपी रथमा वेदरूपी घोडाहरूलाई जोतेर भगवान् शङ्कर त्यसमा बसेका थिए । त्यस बेलामा देवताहरूका रक्षक र दैत्यको विनाश गर्ने भगवान् श्रीहरिले शङ्करलाई शरण दिए र बाण बनेर स्वयंले त्रिपुरलाई डढाएका थिए । गौरीको अपहरण गर्ने विचारले अन्धकासुरले रुद्रदेवलाई धेरै दुःख दिएको थियो । त्यो जानेर रेवतीमाथि धेरै अनुराग भएका श्रीहरिले त्यस असुरको विनाश गरे । देवताहरू र

वृत्रं देवहरं विष्णुर्देवधर्मानपालयत् ।२१।
शाल्वादीन्दानवाञ्जित्वा हरिः परशुरामकः ।
अपालयत्सुरादींश्च दुष्टक्षत्रं निहत्य च ।२२।
हालाहलं विषं दैत्यं निराकृत्य महेश्वरात् ।
भयं निर्णशयामास देवानां मधुसूदनः ।२३।
देवासुरे रणे यश्च दैत्यः कोलाहलो जितः ।
पालिताश्च सुराः सर्वे विष्णुना धर्मपालनात् ।२४।
राजानो राजपुत्राश्च मुनयो देवता हरिः ।
यदुक्त यच्च नैवोक्तमवतारा हरेरिमे ।२५।

असुरहरूका युद्धमा वृत्रको नाश गर्नका लागि भगवान् विष्णु पानीको फिँज बनेर इन्द्रका वज्रमा टाँसिए । यस किसिमले उनले देवताहरूलाई देवराज इन्द्रको र देवधर्मको रक्षा गर्ने देवताहरूलाई आपद्बाट जोगाए । भगवान् श्रीहरिले परशुराम अवतार धारण गरेर शाल्व आदि दानवहरूमाथि विजय प्राप्त गरे र क्षत्रियहरूको दुष्टताबाट देवता आदिलाई रक्षा गरेका थिए । मधुसूदनले हालाहाल विषका रूपमा प्रकट भएका दैत्यहरूलाई शङ्करद्वारा नाश गराएर देवताहरूलाई भयमुक्त गराए । देवासुर सङ्ग्राममा कोलाहल नामको जुन दैत्य थियो त्यसलाई जितेर भगवान् विष्णुले धर्मको पालन गर्दै सम्पूर्ण देवताहरूको रक्षा गरे । राजा, राजकुमार, ऋषिमुनि र देवता यी सबै भगवान्का स्वरूप हुन् । मैले यहाँ जति भनैं र जसको नाम उल्लेख गरिनँ ती सबै श्रीहरिकै अवतार हुन् ।१-२५।

२७७. सप्तसप्तत्यधिकद्विशततमोऽध्यायः

राजवंश

अग्निरुवाच
तुर्वसोश्च सुतो वर्गो गोभानुस्तस्य चात्मजः ।
गोभानोरासीत्त्रैशानिस्त्रैशानेस्तु करन्धमः ।१।
करन्धमान्मरुत्तोऽभूदुष्यन्तस्तस्य चात्मजः ।
दुष्यन्तस्य वरूथोऽभूद्गाण्डीरस्तु वरूथतः ।२।
गाण्डीराच्चैव गान्धारः पञ्च जानपदास्ततः ।
गान्धाराः केरलाश्चोलाः पाण्ड्या कोला महाबलाः ।३।
द्रुह्यस्तु बभ्रुसेतुश्च बभ्रुसेतोः पुरोवसुः ।
ततो गान्धारा गान्धारैर्घर्मो घर्माद्घृतोऽभवत् ।४।
घृतात्तु विदुषस्तस्मात्प्रचेतास्तस्य वै शतम् ।
आनद्रश्च सभानरश्चाक्षुषः परमेषुकः ।५।
सभानरात्कालानलः कालानलजः सृञ्जयः ।
पुरञ्जयः सृञ्जयस्य तत्पुत्रो जनमेजयः ।६।
तत्पुत्रस्तु महाशालस्तत्पुत्रोऽभून्महामनाः ।
तस्मादुशीनरो ब्रह्मन्नृगायां तु नृगस्ततः ।७।
नरायां तु नरश्चासीत्कृमिस्तु कृमितः सुतः ।
दशायां सुव्रतो जज्ञे दृषद्वत्यां शिबिस्तथा ।८।
शिबेः पुत्रास्तु चत्वारः पृथुदर्भश्च वीरकः ।
कैकेयो भद्रकस्तेषां नाम्ना जनपदाः शुभाः ।९।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! तुर्वसुका पुत्र वर्ग र वर्गका पुत्र गोभानु हुन् । गोभानुबाट त्रैशानि, त्रैशानिबाट करन्धम र करन्धमबाट मरुत्तको जन्म भयो । उनका पुत्र दुष्यन्त हुन् । दुष्यन्तबाट वरूथ र वरूथबाट गाण्डीरको जन्म भयो । गाण्डीरबाट गान्धार भए । गान्धारका पाँचवटा पुत्र थिए र तिनीहरूकै नामबाट गान्धार, केरल, चोल, पाण्ड्य तथा कोल यी पाँच देशहरू प्रसिद्ध भए । यी सबै महान् बलवान् थिए । द्रुह्युबाट बभ्रुसेतु र बभ्रुसेतुबाट पुरोवसुको जन्म भयो । उनीबाट गान्धार नामका पुत्रहरू जन्मिए । गान्धारहरूले धर्मलाई जन्माए र धर्मबाट घृत उत्पन्न भए । घृतबाट विदुष र विदुषबाट प्रचेता उत्पन्न भए । प्रचेताका सय पुत्र थिए । तिनीहरूमा अनड्, सुभानु, चाक्षुष र परमेषु यी प्रमुख हुन् । सुभानुबाट कालानल र कालानलबाट सृञ्जय उत्पन्न भए । सृञ्जयका पुरञ्जय र पुरञ्जयका पुत्र जनमेजय भएका थिए । जनमेजयका पुत्र महाशाल र उनका पुत्र महामना भए । हे ब्राह्मण ! महामनाबाट उशीनरको जन्म भयो र महामनाकी नृगा नामकी पत्नीबाट नृग राजा जन्मिएका हुन् । नृगकी पत्नी नराबाट नर उत्पन्न भएका हुन् र कृमि नाम भएकी पत्नीका गर्भबाट कृमिका जन्मिए । यसै गरी नृगकी दशा नाम भएकी पत्नीबाट सुव्रत र दृषद्वतीबाट शिवि उत्पन्न भए । शिविका चार पुत्र थिए । पृथुदर्भ, वीरक, कैकेय र भद्रक यी चारैका

तितिक्षुरुशीनरजस्तितिक्षोश्च रुषद्रथः ।
रुषद्रथादभूत्पैलः पैलाच्च सुतपाः सुतः ।१०।
महायोगी बलिस्तस्मादङ्गावङ्गश्च मुख्यकः ।
पुण्ड्रः कलिङ्गो बालेयो बलिर्योगी बलान्वितः ।११।
अङ्गाद्दधिवाहनोऽभूत्तस्माद्दिविरथो नृपः ।
दिविरथाद्धर्मरथस्तस्य चित्ररथः सुतः ।१२।
चित्ररथात्सत्यरथो लोमपादश्च तत्सुतः ।
लोमपादाच्चतुरङ्गः पृथुलाक्षश्च तत्सुतः ।१३।
पृथुलाक्षाच्च चम्पोऽभूच्चम्पाद्धर्य्यङ्गकोऽभवत् ।
हर्य्यङ्गाच्च भद्ररथो बृहत्कर्मा च तत्सुतः ।१४।
तस्मादभूद्बृहद्भानुर्बृहद्भानोर्बृहात्मवान् ।
तस्माज्जयद्रथो ह्यासीज्जयद्रथाद्बृहद्रथः ।१५।
बृहद्रथाद्विश्वजिच्च कर्णो विश्वजितोऽभवत् ।
कर्णस्य वृषसेनस्तु पृथुसेनस्तदात्मजः ।
एतेऽङ्गवंशजा भूपाः पुरोवंशं निबोध मे ।१६।

नामबाट ठूला जनपदहरू प्रसिद्ध भए। उशीनरका पुत्र तितिक्षु हुन्, तितिक्षुबाट रुषद्रथ, रुषद्रथबाट पैल र पैलबाट सुतपा नामका पुत्रहरू जन्मिए । सुतपाबाट महायोगी बलिको जन्म भयो। बलिबाट अङ्ग, बङ्ग, मुख्यक, पुण्ड्र र कलिङ्ग नामका पुत्र उत्पन्न भए। यी सबैलाई बालेय भनियो। बलि योगी र बलवान् थिए। अङ्गबाट दधिवाहन, दधिवाहनबाट राजा दिविरथ र दिविरथबाट धर्मरथ उत्पन्न भए। धर्मरथका पुत्रको नाम चित्ररथ थियो। चित्ररथका सत्यरथ र उनका पुत्र लोमपाद भए। लोमपादका पुत्र चतुरङ्ग र चतुरङ्गका पुत्र पृथुलाक्ष भए। पृथुलाक्षबाट चम्प, चम्पबाट हर्यङ्ग र हर्यङ्गबाट भद्ररथ जन्मिए। भद्ररथका पुत्रको नाम बृहत्कर्मा थियो। बृहत्कर्माबाट बृहद्भानु, बृहद्भानुबाट बृहात्मवान्, तिनीबाट जयद्रथ र जयद्रथबाट बृहद्रथको जन्म भएको थियो। बृहद्रथबाट विश्वजित् र विश्वजित्का पुत्र कर्ण भए। कर्णका पुत्र वृषसेन र वृषसेनका पुत्र पृथुसेन थिए। अङ्ग वंशमा उत्पन्न भएका राजाहरूका विषयमा यही भनियो। अब मबाट पुरु वंशका राजाहरूको वर्णन सुन ।१–१६।

२७८. अष्टसप्तत्यधिकद्विशततमोऽध्यायः

पुरुवंश

अग्निरुवाच
पुरोर्जनमेजयोऽभूत्प्राचीन्नन्तस्तु तत्सुतः ।
प्राचीनन्तान्मनस्युस्तु तस्माद्वीतमयो नृपः ।१।
शुन्धुर्वीतमयाच्चाभूच्छुन्धोर्बहुविधः सुतः ।
बहुविधाच्च संयाती रहोवादी च तत्सुतः ।२।
तस्य पुत्रोऽथ भद्राश्वो भद्राश्वस्य दशात्मजाः ।
ऋचेयुश्च कृषेयुश्च सन्नतेयुस्तथात्मजः ।३।
घृतेयुश्च चितेयुश्च स्थण्डिलेयुश्च सत्तमः ।
धर्मेयुः सन्नतेयुश्च कृचेयुर्मतिनारकः ।४।
तंसुरोधः प्रतिरथः पुरस्तो मतिमारजाः ।
आसीत्प्रतिरथात्कण्वः कण्वान्मेधातिथिस्त्वभूत् ।५।
तंसुरोधाच्च चत्वारो दुष्यन्तोऽथ प्रवीरकः ।
सुमन्तश्चानयो वीरो दुष्यन्ताद्भरतोऽभवत् ।६।
शकुन्तलायां तु बली यस्य नाम्ना तु भारताः ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! पुरुबाट जनमेजय, जनमेजयबाट प्राचीवान् नामका पुत्र उत्पन्न भए। प्राचीवान्बाट मनस्यु र मनस्युबाट राजा वीतमयको जन्म भयो। वीतयमबाट शुन्धु, शुन्धुबाट बहुविध नामका पुत्रको जन्म भयो। बहुविधबाट संयाति र संयातिका पुत्र रहोवादी भए। रहोवादीका पुत्रको नाम भद्राश्व थियो। भद्राश्वका दस पुत्रहरू— ऋचेय, कृषेयु, सन्तनेयु, घृतेयु, चितेयु, स्थण्डिलेयु, धर्मेयु, अर्को सन्तनेयु, कृतेयु र मतिनार हुन्। मतिनारका तंसुरोध, प्रतिरथ र पुरस्त नामका तीन पुत्रहरू भए। प्रतिरथबाट कण्व र कण्वबाट मेधातिथिको जन्म भयो। तंसुरोधबाट— दुष्यन्त, प्रवीरक, सुमन्त र अनय यी चार पुत्र भए। दुष्यन्तबाट भरत जन्मिए र भरत शंकुन्तलाका महाबली पुत्र हुन्। राजा भरतकै नामअनुसार उनका वंशका क्षत्रियहरूलाई भारत भन्ने गरिएको छ। भरतका पुत्रहरू आफ्नै आमाका क्रोधबाट नष्ट भए, त्यसपछि राजाले यज्ञ गर्दा मरुद्गणले बृहस्पतिका पुत्र भरद्वाजलाई ल्याएर उनलाई पुत्रका रूपमा अर्पण गर। ती भरद्वाज वितथ नामले प्रसिद्ध भए र वितथका— सुहोत्र, सुहोता, गय, गर्भ र कपिल

सुतेषु मातृकोपेन नष्टेषु भरतस्य च ।७।
ततो मरुद्भिरानीय पुत्रः स तु बृहस्पतेः ।
सङ्क्रामितो भरद्वाजः क्रतुभिर्वितथोऽभवत् ।८।
स चापि वितथः पुत्राञ्जनयामास पञ्च वै ।
सुहोत्रं च सुहोतारं गयं गर्भं तथैव च ।९।
कपिलश्च महात्मानं सुकेतुं च सुतद्वयम् ।
कौशिकं च गृत्सपतिं तथा गृत्सपतेः सुताः ।१०।
ब्राह्मणाः क्षत्रिया वैश्याः काशे दीर्घतमाः सुताः ।
ततो धन्वन्तरिश्चासीत्तत्सुतोऽभूच्च केतुमान् ।११।
केतुमानो हेमरथो दिवोदास इति श्रुतः ।
प्रतर्दनो दिवोदासाद्भर्गवत्सौ प्रतर्दनात् ।१२।
वत्सादनर्क आसीच्च ह्यनर्कात्क्षेमकोऽभवत् ।
क्षेमकाद्वर्षकेतुश्च वर्षकेतोर्विभुः स्मृतः ।१३।
विभोरानर्त्तः पुत्रोऽभूद्विभोश्च सुकुमारकः ।
सुकुमारात्सत्यकेतुर्वत्सभूमिस्तु वत्सकात् ।१४।
सुहोत्रस्य बृहत्पुत्रो बृहतस्तनयास्त्रयाः ।
अजमीढो द्विमीढश्च पुरुमीढश्च वीर्य्यवान् ।१५।
अजमीढस्य केशिन्यां जज्ञे जह्नुः प्रतापवान् ।
जह्नोरभूदजकाश्वो बलाकश्वस्तदात्मजाः ।१६।
बलाकाश्वस्य कुशिकः कुशिकात् गाधिरिन्द्रकः ।
गाधेः सत्यवती कन्या विश्वामित्रः सुतोत्तमः ।१७।
देवरातः कतिमुखा विश्वामित्रस्य ते सुताः ।
शुनःशेपोऽष्टकाश्चान्यो ह्यजमीढात्सुतोऽभवत् ।१८।
नीलिन्यां शान्तिरपरः पुरुजातिः सुशान्तितः ।
पुरुजातेस्तु बाह्याश्वो बाह्याश्वात्पञ्च पार्थिवाः ।१९।
मुकुलः सृञ्जयश्चैव राजा बृहदिषुस्तथा ।
यवीनरश्च कृमिलः पाञ्चाला इति विश्रुता ।२०।
मुकुलस्य तु मौकुल्याः क्षेत्रोपेता द्विजातयः ।
चञ्चाश्वो मुकुलाज्जज्ञे चञ्चाश्वान्मिथुनं ह्यभूत् ।२१।
दिवोदासो ह्यहल्या च त्वहल्यायां शरद्वतात् ।
शतानन्दः शतानन्दात्सत्यधृङ्मिथुनं ततः ।२२।
कृपःकृपी दिवोदासान्मैत्रेयः सोमपस्ततः ।
संजयात्पञ्चधनुषः सोमदत्तश्च तत्सुतः ।२३।
सहदेवः सोमदत्तात्सहदेवात्तु सोमकः ।
आसीच्च सोमकाज्जन्तुर्जन्तोश्च पृषतः सुतः ।२४।

नामका यी पाँच पुत्र भए । यिनीहरूबाट उनीबाट महात्मा र सुकेतु नामका यी दुई पुत्र उत्पन्न भए। त्यसपछि उनले कौशिक र गृत्सपतिलाई जन्माए । गृत्सपतिका अनेकौँ पुत्रहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य सबै थिए। काश र दीर्घतमा पनि उनकै पुत्र थिए। दीर्घतमाका पुत्र धन्वन्तरि हुन् र धन्वन्तरिका पुत्र केतुमान् हुन् । केतुमान्‌बाट हिमरथको जन्म भयो र उनी नै दिवोदासका नामले प्रसिद्ध भए । दिवोदासबाट प्रतर्दन र प्रतर्दनबाट भर्ग एवं वत्स नामका दुई पुत्र भए । वत्सबाट अनर्क र अनर्कबाट क्षेमकको उत्पत्ति भयो। क्षेमकका वर्षकेतु र वर्षकेतुका पुत्र विभु भए भनिएको छ। विभुबाट आनर्त र सुकुमार नामका पुत्र भएका थिए । सुकुमारबाट सत्यकेतुको जन्म भयो । राजा वत्सबाट वत्सभूमि नामका पुत्रको पनि उत्पत्ति भएको थियो । वितथकुमार सुहोत्रबाट बृहत् नामका पुत्र उत्पन्न भए। बृहत्का तीन पुत्र थिए । अजमीढ, द्विमीढ र पराक्रमी पुरुमीढ। अजमीढको केशिनी नामकी पत्नीबाट जह्नु नामका पराक्रमी जन्मिए । जह्नुबाट अजकाश्व जन्मिए र अजकाश्वबाट बलाकाश्व भए । बलाकाश्वका पुत्रको नाम कुशिक हो । कुशिकबाट गाधि उत्पन्न भए र उनले इन्द्रको पद प्राप्त गरेका थिए । गाधिबाट सत्यवती नामकी कन्या र विश्वामित्र नामका पुत्र भए । देवरात र कतिमुख आदि विश्वामित्रका पुत्रहरू थिए। अजमीढबाट शुनःशेप र अष्टक नामका अन्य पुत्रहरूको पनि जन्म भयो । उनकी नीलिनी नामकी पत्नीका गर्भबाट एउटा शान्ति नामको पुत्र जन्मिए। शान्तिबाट पुरुजाति, पुरुजातिबाट बाह्याश्व र बाह्याश्वबाट— मुकुल, सृञ्जय, बृहदिषु, यवीनर र कृमिल यी पाँच राजाहरू जन्मिए र पाञ्चाल नामले प्रसिद्ध भए।१–२०।

मुकुलका वंशजहरू मौकुल्य भए । यिनीहरू क्षात्रधर्मसहितका ब्राह्मण हुन्। मुकुलबाट चाञ्चश्वको जन्म भयो र चाञ्चश्वबाट एक पुत्र र अर्कोपटक दिवोदास नामका पुत्र र अहल्या नामकी कन्या जुम्ल्याहा जन्मिए। अहल्याका गर्भबाट गौतमका पुत्र शरद्वत शतानन्दको जन्म भयो । शतानन्दबाट सत्यधृक् जन्मिए । सत्यधृक्‌बाट पुत्रको नाम कृप र पुत्रीको नाम कृपी भएको जुम्ल्याहा सन्तान जन्मिए। दिवोदासबाट मैत्रेय र मैत्रेयबाट सोमक जन्मिए। सृञ्जयबाट पञ्चधनुष जन्मिएका थिए । उनका पुत्रको नाम सोमदत्त थियो। सोमदत्तबाट सहदेव, सहदेवबाट सोमक र सोमकबाट जन्तु जन्मिएका थिए । जन्तुका पुत्रको नाम पृषत् थियो । पृषत्‌बाट द्रुपदको जन्म भयो र द्रुपदका पुत्र धृष्टद्युम्न थिए र धृष्टद्युम्नबाट धृष्टकेतुको जन्म भयो। महाराज अजमीढकी पत्नी धूमिनीबाट ऋक्ष नाम भएका पुत्र जन्मिए। ऋक्षबाट

पृषताद्द्रुपदस्तस्माद्धृष्टद्युम्नोऽथ तत्सुतः।
धृष्टकेतुश्च धूमिन्यामृक्षोऽभूदजमीढतः।२५।
ऋक्षात्संवरणो जज्ञे कुरुः संवरणात्ततः।
यः प्रयागादपाक्रम्य कुरुक्षेत्रं चकार ह।२६।
कुरोः सुधन्वा सुधनुः परिक्षिच्चारिमेजयः।
सुधन्वनः सुहोत्रोऽभूत्सुहोत्राच्च्यवनो ह्यभूत्।२७।
वसिष्ठपरिचाराभ्यां सप्तासन्गिरिका सुताः।
बृहद्रथः कुशो वीरो यदुः प्रत्यग्रहो बलः।२८।
मत्स्यकाली कुशाग्रोऽतो ह्यासीद्राज्ञो बृहद्रथात्।
कुशाग्राद्वृषभो जज्ञे तस्य सत्यहितः सुतः।२९।
सुधन्वा तत्सुतश्चोर्जं ऊर्जादासीच्च सम्भवः।
सम्भवाच्च जरासन्धः सहदेवश्च तत्सुतः।३०।
सहदेवादुदापिश्चाप्युदापेः श्रुतकर्मकः।
परीक्षितस्य दायादो धार्मिको जनमेजयः।३१।
जनमेजयात्त्रसद्दस्युर्जह्नोस्तु सुरथः सुतः।
श्रुतसेनोग्रसेनौ च भीमसेनश्च नामतः।३२।
जनमेजयस्य पुत्रौ तु सुरथो महिमांस्तथा।
सुरथाद्विदूरथोऽभूद्दक्ष आसीद्विदूरथात्।३३।
ऋक्षस्य तु द्वितीयस्य भीमसेनोऽभवत्सुतः।
प्रतीपो भीमसेनात्तु प्रतीपस्य तु शन्तनुः।३४।
देवापिर्बाह्लिकश्चैव सोमदत्तस्तु शान्तनोः।
बाह्लिकात्सोमदत्तोऽभूद्भूरिर्भूरिश्रवाः शलः।३५।
गङ्गायां शान्तनोर्भीष्मः काल्यायां विचित्रवीर्य्यकः।
कृष्णद्वैपायनश्चैव क्षेत्रे वै चित्रवीर्य्यके।३६।
धृतराष्ट्रं च पाण्डुं च विदुरं चाप्यजीजनत्।
पाण्डोर्युधिष्ठिरः कुन्त्यां भीमश्चैवार्जुनस्त्रयः।३७।
नकुलः सहदेवश्च पाण्डोर्माद्यां च दैवतः।
अर्जुनस्य च सौभद्रः परीक्षिदभिमन्युतः।३८।
द्रौपदी पाण्डवानां च प्रिया तस्यां युधिष्ठिरात्।
प्रतिविन्ध्यो भीमसेनात् श्रुतकीर्त्तिर्धनञ्जयात्।३९।
सहदेवात् श्रुतकर्मा शतानीकस्तु नाकुलिः।
भीमसेनाद्धिडम्बायामन्य आसीद्घटोत्कचः।४०।
एते भूता भविष्याश्च नृपाः सङ्ख्या न विद्यते।
गताः कालेन कालो हि हरिस्तं पूजयेद्द्विज।
होममग्नौ समुद्दिश्य कुरु सर्वप्रदं यतः।४१।

संवरण र संवरणबाट कुरुको जन्म भयो र उनैले प्रयागबाट गएर कुरुक्षेत्रको तीर्थको स्थापना गरे। कुरुबाट सुधन्वा, सुधनु, परीक्षित् र रिपुञ्जय नामका चार पुत्र जन्मिए। सुधन्वाबाट सुहोत्र र सुहोत्रबाट च्यवन उत्पन्न भए। च्यवनकी पत्नी महारानी गिरिकाका वसुश्रेष्ठ उपरिचरका अंशबाट सात पुत्र जन्मिए। उनीहरूको नाम— बृहद्रथ, कुश, वीर, यदु, प्रत्यग्रह, बल र मत्स्यकाली थियो। राजा बृहद्रथबाट कुशाग्रको जन्म भयो। कुशाग्रबाट वृषभको र वृषभबाट सत्यहित जन्मिए। सत्यहितबाट सुधन्वा, सुधन्वाबाट ऊर्ज, ऊर्जबाट सम्भव र सम्भवबाट जरासन्ध उत्पन्न भए। जरासन्धका पुत्रको नाम सहदेव थियो। सहदेवबाट उदापि र उदापिबाट श्रुतकर्माको जन्म भयो। कुरुनन्दन परीक्षित्का पुत्र जनमेजय हुन्। उनी धेरै धार्मिक थिए। जनमेजयबाट त्रसद्दस्यु जन्मिए। राजा अजमीढका जह्नु नामका पुत्रबाट सुरथ, श्रुतसेन, उग्रसेन र भीमसेन यी चार पुत्र उत्पन्न भए। परीक्षित्का पुत्र जनमेजयका सुरथ र महिमान् नामका दुई पुत्र थिए। सुरथबाट विदूरथ र विदूरथबाट ऋक्ष जन्मिएका हुन्। यस वंशमा यी ऋक्ष नामका दोस्रो प्रसिद्ध राजा हुन्। यिनका पुत्रको नाम भीमसेन थियो। भीमसेनका पुत्रक प्रतीप र प्रतीपका पुत्रको शन्तनु थिए। शन्तनुका देवापि, बाह्लिक र सोमदत्त नामका तीन पुत्रहरू भए। बाह्लिकबाट सोमदत्त र सोमदत्तबाट भूरि, भूरिश्रवा र शल जन्मिए। शन्तनुबाट गङ्गाका गर्भबाट भीष्म उत्पन्न भए र उनकी काल्या वा सत्यवती नामकी पत्नीबाट विचित्रवीर्यको जन्म भयो। विचित्रवीर्यका पत्नीबाट श्रीकृष्णद्वैपायनका धृतराष्ट्र, पाण्डु र विदुर जन्मिए। पाण्डुकी रानी कुन्तीका गर्भबाट युधिष्ठिर, भीम र अर्जुन यी तीन पुत्र जन्मिए र माद्री नामकी पत्नीबाट नकुल र सहदेव जन्मिएका थिए। पाण्डुका यी पाँच पुत्रहरू देवताहरूका अंशबाट जन्मिएका हुन्। अर्जुनका पुत्रको नाम अभिमन्यु थियो। उनी सुभद्राका गर्भबाट उत्पन्न भएका थिए। अभिमन्युबाट राजा परीक्षित् जन्मिए। द्रौपदी पाँचै पाण्डवकी पत्नी हुन्। उनका गर्भबाट युधिष्ठिरबाट प्रतिविन्ध्य, भीमसेनबाट सुतसोम, अर्जुनबाट श्रुतकीर्ति, सहदेवबाट श्रुतशर्मा र नकुलबाट शतानीकको जन्म भएको थियो। भीमसेनको हिडिम्बाबाट जन्मिएको घटोत्कच नाम भएको अर्को एउटा पुत्र पनि थियो। यिनीहरू विगतका राजाहरू हुन्। भविष्यमा पनि धेरै राजाहरू होलान् तर तिनीहरूको केही गणना हुन सक्दैन। सबैलाई समयअनुसार कालले निल्नेछ। हे विप्रवर! काल भगवान् विष्णुकै स्वरूप हो। त्यसैले तिनको पूजा गर्नुपर्दछ। उनकै उद्देश्यले अग्निमा हवन गर, किनभने सबै कुरो दिने भगवान् उनै हुन्।२१-४१।

२७९. ऊनशीत्यधिकद्विशततमोऽध्यायः

सिद्धौषध

अग्निरुवाच
आयुर्वेदं प्रवक्ष्यामि सुश्रुताय यमब्रवीत् ।
देवो धन्वन्तरिः सारं मृतसञ्जीवनीकरम् ।१।
सुश्रुत उवाच
आयुर्वेदं मम ब्रूहि नराश्वेभरुगर्दनम् ।
सिद्धयोगात्सिद्धमन्त्रान्मृतसञ्जीवनीकरान् ।२।
धन्वन्तरिरुवाच
रक्षन्बलं हि ज्वरितं लंघितं भोजयेद्भिषक् ।
सविश्वं लाजमण्डं तु तृड्ज्वरान्तं शृतं जलम् ।३।
मुस्तपर्पटकोशीरचन्दनोदीच्यनागरैः ।
षडहे च व्यतिक्रान्ते तिक्तकं पाययेद् ध्रुवम् ।४।
स्नेहयेत्त्यक्तदोषं तु ततस्तं च विरेचयेत् ।
जीर्णाः षष्टिकनीवाररक्तशालिप्रमोदकाः ।५।
तद्विधास्ते ज्वरेष्विष्टा यवानां विकृतिस्तथा ।
मुद्गा मसूराश्चणकाः कुलत्थाश्च सकुष्ठकाः ।६।
आटक्यो नारकाद्याश्च कर्कोटककटोल्बकम् ।
पटोलं सफलं निम्बं पर्पटं दाडिमं ज्वरे ।७।
अधोगे वमनं शस्तमूर्ध्वगे च विरेचनम् ।
रक्तपित्ते तथा पानं षडङ्गं शुण्ठिवर्जितम् ।८।
सक्तुगोधूमलाजाश्च यवशालिमसूरकाः ।
सकुष्टचणका मुद्गा भक्ष्या गोधूमका हिताः ।९।
साधिता घृतदुग्धाभ्यां क्षौद्रं वृषरसो मधु ।
अतीसारे पुराणानां शालीनां भक्षणं हितम् ।१०।
अनभिष्यन्दि यच्चान्नं लोध्रवल्कलसंयुतम् ।
मारुतं वर्जयेद्यत्नः कार्य्यो गुल्मेषु सर्वथा ।११।
वाट्यं क्षीरेण चाश्नीयाद्वास्तूकं घृतसाधितम् ।
गोधूमशालयस्तिक्ता हिता जठरिणामथ ।१२।
गोधूमशालयो मुद्गा ब्रह्मार्क्षखदिरोऽभया ।
पञ्चकोलं जाङ्गलाश्च निम्बधात्र्यः पटोलकाः ।१३।
मातुलुङ्गरसा जातिशुष्कमूलकसैन्धवाः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! म अब धन्वन्तरिले सुश्रुतलाई सुनाएको आयुर्वेदको वर्णन गर्दछु। यो आयुर्वेदको सार हो र यसको प्रयोगद्वारा मरेकालाई पनि बचाउन सक्छ।१।

सुश्रुतले भने– हे भगवान् ! मलाई मानिस, घोडा र हात्तीको रोग नाश गराउने आयुर्वेद शास्त्रको ज्ञान देऊ । त्यसका साथै सिद्ध योगहरू, सिद्ध मन्त्रहरू र मृतसञ्जीवनी औषधिहरूको पनि वर्णन गर ।२।

धन्वन्तरिले भने– हे सुश्रुत ! वैद्यले ज्वरो आएका व्यक्तिको बललाई रक्षा गर्दै उसलाई उपवास गराउनुपर्दछ । त्यसपछि सुठो मिसाइएको राता धानको माड तथा नागरमोथा, पित्तपापडा, खस, रातो चन्दन, सुगन्धबाला र सुठोका साथमा तातो पानी जरो निको पार्नका लागि दिनुपर्दछ । छ दिन बितेपछि चिरौतोजस्ता औषधिको झोल पकाएर अवश्य दिनुपर्दछ। ज्वरो निकाल्नका लागि पसिना निकाल्नुपर्दछ । रोगीका रोगहरू निको भएपछि विरेचन द्रव्य दिएर विरेचन गराउनुपर्दछ। विविध धानहरूको पुरानो चामल ज्वरो आएका बेलामा हितकारी हुन्छन्। जौको पदार्थ पनि लाभदायक हुन्छ। मुगी, मुसुरो, चना, कुलथी, मोंठ, अरहर, खेखशा, कायफर, उत्तम फलसहितक पर्बल, निमको बोक्रो, पित्तपापडा एवं अनार पनि ज्वरोमा काम लाग्ने हुन्छन् । रक्तपित्त नामको रोग यदि उँधोबाट भएको छ भने त्यसलाई वमन गराउनु हितकारी हुन्छ र उँभोको छ भने विरेचन गराउनु राम्रो हुन्छ। यसमा सुठोबिनाको षडङ्गको झोल पकाएर दिनुपर्दछ। यस रोगमा जौको सातु, गहुँको पिठो, धानको लावा, जौका विभिन्न पदार्थहरू, मंसिरे धानको चामल, मसुरो, मोंठ, चना र मुगी खानु राम्रो हुन्छ। घिउ र दुधले तयार गरिएको गहुँको पदार्थ, दलिया, हलुवा आदि पनि लाभकारी नै हुन्छन्। बलवर्धक रस र साना खालका मौरीको मह पनि लाभदायी हुन्छ। पखाला लागेका बेला पुरानो चामल राम्रो हुन्छ । गुल्मरोगमा कफ उत्पन्न नगर्ने अन्न र पठानी लोधको बोक्राको झोल पकाएर दिनुपर्दछ । त्यस्ता रोगमा वायुकारक अन्न त्याग्नुपर्दछ र वायुबाट रोगीलाई जोगाउनुपर्दछ। रोग निको पार्न यो प्रयास सर्वथा गर्नै पर्दछ। पेटको रोगमा दुधसित बाटी खानुपर्दछ। घिउमा पकाएको बेथु, गहुँ अथवा चामलको खाने कुरो र तितो औषधि पेटका रोगीका लागि हितकारी हुन्छ । गहुँ,

था शस्तं पानार्थे खदिरोदकम् ।१४।
यार्थे भोज्या जीर्णाश्च शालयः ।
शाकैर्जाङ्गलानां तथा रसः ।१५।
मुस्तं कुष्ठं लोध्रं सुवर्चिका ।
ालेपः कुष्ठहा मूत्रपेषितः ।१६।
माषयवाद्या मेहिनां हिताः ।
ार्मुद्गा कुलत्था जीर्णशालयः ।१७।
शाकानि तिक्तानि हरितानि च ।
ाग्रुकविभीतकेङ्गुदानि च ।१८।
ोधूमा धान्यं वर्षस्थितं च यत् ।
: शस्तो भोजने राजयक्ष्मिणाम् ।१९।
कोलाद्यैः शुष्कमूलकजाङ्गलैः ।
ः सिद्धैर्दधिदाडिमसाधितैः ।२०।
द्रद्राक्षव्योषादिसंस्कृतैः ।
यन्नैर्भोजयेच्छ्वासकासिनम् ।२१।
स्नाकुलत्थैरूपसाधिताः ।
क्वाथाः श्वासहिक्कानिवारणाः ।२२।
लत्थमूलजाङ्गलजैरसैः ।
यन्नं जीर्णं सोशीरमाचरेत् ।२३।
ां पथ्यां खादेद्वा गुडनागरम् ।
ं चौभौ ग्रहणीरोगनाशनौ ।२४।
मशालयो जाङ्गलो रसः ।
र्जूरमृद्वीकाबदराणि च ।२५।
: शक्रं निम्बपर्पटकौ वृषम् ।
ास्यन्ते सततं वातरोगिणाम् ।२६।
च्यास्तु पिप्पल्यो हिक्किनां हिताः ।
न्धूनि मुक्तानि शिशिराम्भसा ।२७।
ाजादि मद्यं शस्तं मदात्यये ।
ाक्षां पिबेच्च क्षतवान्नरः ।२८।
ारो वह्निसंरक्षणाज्जयेत् ।
ा रक्ता नीवारकलमादयः ।२९।
र्मांसं शाकं सौवर्चलं शटी ।
सां यन्मण्डं तक्रं च वारिणा ।३०।

चामल, मुगी, पलाशबीज, खयर, हर्रो, पञ्चकोल, जाङ्गलरस, निमको पञ्चाङ्ग, अमला, पर्बल, कागतीको रस, कालो वा सेतो जिरा, सुकेको मुला र सिधो नुन यी कुष्ठ रोगीका लागि हितकारी हुन्छन् । खयर मिसाएर तयार गरेको पानी पिउनु राम्रो हुन्छ । मुगी या मुसुरोको दाल पिउनु पनि राम्रो हुन्छ । खानका लागि पुराना चामलको प्रयोग गर्नुपर्दछ । निम तथा पित्तपापडाको साग र जाङ्गलरस पनि कुष्ठ रोगमा हितकारी हुन्छन् । बायबिडङ्ग, मरिच, मोथा, कूट, पठानी लोध, हुरहुर, मैनसिल र बोजो यिनीहरूलाई गहुँतमा पिसेर लगाउनाले कुष्ठ रोग नासिन्छ । प्रमेह रागीका लागि पुवा, कूट, कुल्माष र जौ आदि लाभदायक हुन्छन् । जौका भोज्यपदार्थ, मुगी, कुलथी, पुरानो चामल, तितो रुखो एवं तितो हरियो साग हितकारी हुन्छ। तिल, सहजन, बहेडा र इङ्गुदीको तेल पनि लाभदायक हुन्छ । मुगी, जौ, गहुँ, एक वर्षभन्दा पुराना धानको चामल र जाङ्गलको रस यी राजयक्ष्मा रोगीका लागि खाने राम्रा कुराहरू हुन् ।३-१९।

श्वास, खोकीका रोगीलाई कुलथी, मुगी, रास्ना, सुकेको मुला, मुगीको पुवा, दही र अनारको रसमा पकाएको विष्किर, जाङ्गलको रस, बिजौराको रस, मधु, दाख र व्योष मिसाएर बनाएको जौ, गहुँ र चामल खान दिनुपर्दछ । दशमूल, बला, रास्ना र कुलथीले बनाइएको तथा पूपरस मिसाइएको झोलले श्वास र हिक्का निको पार्दछ। सुकेको मुला, कुलथी, दशमूल, जाङ्गलरस, पुरानो जौ, गहुँ र चामललाई खससँग खानुपर्दछ। यसो गर्दा श्वास र खोकी निको हुन्छ। सुन्निएकोमा गुडसहित हर्रो अथवा गुडसहित सुठो खानुपर्दछ । चित्रक र मोई यी दुवैले ग्रहणी रोग निको पार्दछन् । सधैं वातरोगले सताइएकालाई पुरानो जौ, गहुँ, चामल, जाङ्गलको रस, मुगी, अमला, खजुर, मुनक्का, बयर, मह, घिउ, दुध, इन्द्रयव, निम, पित्तपापडा र बल बढाउने वस्तु र तक्रारिष्ट हितकारी हुन्छन्। हृदयका रोगीहरू विरेचन योग्य हुन्छन्। हिक्का छुट्ने रोगीलाई पिप्पली हितकारक हुन्छ। छाछ आरनाल, सीधु, मोती यी सबै चिसो पानीमा लिनुपर्दछ। यसले हिक्काको रोग निको पार्दछ। मदात्यय रोगमा मोती, नुनजिरा मिसेको र मह हितकारी हुन्छ। उरःक्षत रोगीले मधु र दुधमा लाह लिनुपर्दछ । जटामांसीको रस खानाले अग्निसंरक्षणबाट क्षयरोगलाई जित्न सकिन्छ । क्षयरोगीका लागि भोजनमा लाल अगहनी धानको चामल, नीवार, कलम आदि हितकारी हुन्छन् । अर्श रोगमा जौका अन्नको परिकार, निम, जटामांसी, साग, नुन, कचूर, हर्रो, माड र पातलो मोई हितकारी हुन्छ। मूत्रकृच्छ्रमा मोथा, बेसारसित

मुस्ताभ्यासस्तथा लेपाश्चित्रकेण हरिद्रया ।
यवान्नविकृतिः शालिर्वास्तूकं ससुवर्चलम् ।३१।
त्रपुषैर्वारुगोधूमाः क्षीरेक्षुघृतसंयुताः ।
मूत्रकृच्छ्रे च शस्ताः स्युः पाने मण्डसुरादयः ।३२।
लाजा सक्तुस्तथा क्षौद्रं शूल्यं मांसं परूषकम् ।
वार्त्ताकुलावशिखिनश्छर्दिघ्नाः पानकानि च ।३३।
शाल्यन्नं तोयपयसी केवलोष्णे शृतेऽपि वा ।
तृष्णाघ्ने मुस्तगुडयोर्गुटिका वा मुखे धृता ।३४।
यवान्नविकृतिः पूपं शुष्कमूलकजं तथा ।
शाकं पटोलवेत्राग्रमूरुस्तम्भविनाशनम् ।३५।
मुद्गाढकमसूराणां सतिलैर्जाङ्गलै रसैः ।
ससैन्धवघृतद्राक्षाशुण्ठ्यामलककोलजैः ।३६।
यूषैः पुराणगोधूमयवशाल्यन्नमभ्यसेत् ।
विसर्पी ससिताक्षाद्रमृद्वीकादाडिमोदकम् ।३७।
रक्तयष्टिकगोधूमयवमुद्गादिकं लघु ।
काकमाची च वेत्राग्रं वास्तुकं च सुवर्चला ।३८।
वातशोणितनाशाय तोयं शस्तं सितं मधु ।
नासारोगेषु च हितं घृतं दूर्वाप्रसाधितम् ।३९।
भृङ्गराजरसे सिद्धं तैलं धात्रीरसेऽपि वा ।
नस्यं सर्वामयेष्विष्टं मूर्धजं तूद्भवेषु च ।४०।
शीततोयान्नपानं च तिलानां विप्र भक्षणम् ।
द्विजदार्ढ्यकरं प्रोक्त तथा तुष्टिकरं परम् ।४१।
गण्डूषं तिलतैलेन द्विजदार्ढ्यकरं परम् ।
विडङ्गचूर्णं गोमूत्रं सर्वत्र कृमिनाशने ।४२।
धात्रीफलान्यथाज्यं च शिरोलेपनमुत्तमम् ।
शिरोरोगविनाशाय स्निग्धमुष्णं च भोजनम् ।४३।
तैलं वा वस्तमूत्रं च कर्णपूरणमुत्तमम् ।
कर्णशूलविनाशाय सर्वशुक्तानि वा द्विज ।४४।
गिरिमृच्चन्दनं लाक्षां मालती कलिका तथा ।
संयोज्य या कृता वर्त्तिः क्षतशुक्रहरी तु सा ।४५।
व्योषं त्रिफलया युक्तं तुच्छकं च तथा जलम् ।
सर्वाक्षिरोगशमनं तथा चैव रसाञ्जनम् ।४६।
आज्यभृष्टं शिलापिष्टं लोध्रकाञ्जिकसैन्धवैः ।

चित्रकको लेप, जौको अन्न, शालिधान, बेथु, नुन, लाह, दुध, उखुको रस र घिउसहितको गहुँको अन्न खाने हो भने लाभकारी हुन्छ र पिउनका लागि माड र सुरा आदि दिनुपर्दछ । उल्टी हुँदा लावा, सातु, मधु, परूषक, भ्यान्टाको भुट्वा, मयूरपङ्खी र पानक लाभदायक हुन्छन् । चौलानी, तातो या चिसो दुधले तिर्खा मेटाउँछ । मोथा र गुडले बनेका दुईवटा गोली मुखमा राख्ने हो भने तिर्खाले घाँटी सुक्दैन । जौको खाने कुरो, पुवा, सुकेको मुला, पर्बलको साग, बेतको कलिलो टुप्पो र करेलले तिघ्रा दुख्ने रोग निको पार्दछ । घाउखटिराका रोगीले मुगी, अरहर, मुसुरो, तिलसहितको जाङ्गलको रस, सिधोनुन, घिउ, अङ्गुर, सुठो, अमला र उन्नावको यूषसँग पुरानो गहुँ, जौ वा धानको चामल आदिको अन्न खाने गर्नुपर्दछ र चिनीसँगै मह, मुनक्का र अनारबाट बनेको रस पिउनुपर्दछ । वातरोगका रागीका लागि लाल साठीको चामल, गहुँ, जौ, मुगी आदि जस्तो हल्का अन्न दिनुपर्दछ । काकमाची, वेत्राग्र, बेथु, सुवर्चला आदि शाक दिनुपर्दछ । मधु र मिस्रीसहितको जल पिउन दिनुपर्दछ । नाकको रोगमा दुबोलाई घिउमा पकाएर लगाउनु राम्रो हुन्छ । अमला या भृङ्गराजका रसले पकाइएका तेलको लेपन लगाउनाले शिरका सबै खालका रोगका लागि लाभप्रद हुन्छ ।२०–४०।

हे विप्रवर ! शीतल जलसित लिइएको अन्न र तिल खाने गर्दा दाँत बलिया हुन्छन् र अत्यन्त सन्तुष्टि पाइन्छ । तिलको तेलले कुल्ला गर्दा दाँत धेरै बलिया हुन्छन् । सबै खालका कीटाणु मार्नका लागि बायविडङ्गको धुलो र गहुँत खानुपर्दछ । अमला घिउमा पिसेर त्यसको लेपन शिरमा लगाउने हो भने टाउकाको रोगका लागि उत्तम हुन्छ भन्ने मानिएको छ । चिल्लो र तातो भोजन पनि यसका लागि हितकारी नै हुन्छ । हे द्विजोत्तम ! कान दुखेको छ भने बाखाका मूत्र र तेलले कान भर्नु राम्रो हुन्छ । यसले कानको दुखाइ निको पार्दछ । सबै खालका शिरको रोग पनि यसैले निको पार्दछ । पहाडको माटो, सेतो चन्दन, लाहा, मालती फूलको कोपिला यी सबैलाई पिसेर बनाइएको बत्तीले छाती दुखेको तथा शुक्रदोष भएको निको पार्दछ । व्योष र त्रिफला तथा तुथोलाई अलिकति पानीमा मिसाएर आँखामा हाल्ने हो भने यसले रसाञ्जनको र आँखाका सबै खालका रोगको औषधिका रूपमा काम गर्दछ । लोध, कागती र सिधोनुन घिउमा फुराएर ढुङ्गाले पिसेर आँखामा लेपन गर्नाले आँखाका सबै खालका रोगमा राम्रो काम गर्दछ । आँसु झरिरहने त ठ्याम्मै निको हुन्छ । पहाडको माटो र सेतो चन्दनको बाहिरी लेपनले पनि आँखालाई हित गर्दछ र सधैँ त्रिफलाको सेवन पनि गर्नु राम्रो

आश्च्योतनविनाशाय सर्वनेत्रामये हितम् ।४७।
गिरिमृच्चन्दनैर्लेपो बहिर्नेत्रस्य शस्यते ।
नेत्रामयविधातार्थं त्रिफलां शीलयेत्सदा ।४८।
रात्रौ तु मधुसर्पिभ्यो दीर्घमायुर्जिजीविषुः ।
शतावरीरसे सिद्धौ वृष्यौ क्षीरघृतौ स्मृतौ ।४९।
कलम्बिकानि माषाश्च वृष्यौ क्षीरघृतौ तथा ।
आयुष्या त्रिफला ज्ञेया पूर्ववन्मधुकान्विता ।५०।
मधुकादिरसोपेता वलीपलितनाशिनी ।
वचा सिद्धघृतं विप्र भूतदोषविनाशनम् ।५१।
कव्यं बुद्धिप्रदं चैव तथा सर्वार्थ साधनम् ।
वलाकल्ककषायेण सिद्धमभ्यञ्जने हितम् ।५२।
रास्नासहचरैर्वापि तैलं वातविकारिणाम् ।
अनभिष्यन्दि यच्चान्नं तद्व्रणेषु प्रशस्यते ।५३।
सक्तुपिण्डी तथैवाम्ला पाचनाय प्रशस्यते ।
पक्वस्य च तथा भेदे निम्बचूर्णं च रोपणे ।५४।
तथा सूच्युपचारश्च बलिकर्म विशेषतः ।
सूतिका च तथा रक्षा प्राणिनां तु सदा हिता ।५५।
भक्षणं निम्बपत्राणां सर्पदष्टस्य भेषजम् ।
तालनिम्बदलं केश्यं जीर्णं तैलं यवा घृतम् ।५६।
धूपो वृश्चिकदष्टस्य शिखिपत्रघृतेन वा ।
अर्कक्षीरेण संपिष्टं लोपो बीजं पलाशजम् ।५७।
वृश्चिकार्त्तस्य कृष्णा वा शिवा च फलसंयुता ।
अर्कक्षीरं तिलं तैलं पललं च गुडं समम् ।५८।
पानाज्जयति दुर्वारं श्वविषं शीघ्रमेव तु ।
पीत्वा मूलं त्रिवृत्तुल्यं तण्डुलीयस्य सर्पिषा ।५९।
सर्पकीटविषाण्याशु जयत्यतिबलान्यपि ।
चन्दनं पद्मकं कुष्ठं लताम्बूशीरपाटला ।६०।
निर्गुण्डी शारिवा सेलुर्लूताविषहरो गदः ।
शिरोविरेचनं शस्तं गुडनागरकं द्विजः ।६१।
स्नेहपाने तथा वस्तौ तैलं घृतमनुत्तमम् ।
स्वेदनीयः परो वह्निः शीताम्भः स्तम्भनं परम् ।६२।
त्रिवृद्धि रेचने श्रेष्ठा वमने मदनं तथा ।
वस्तिविरिको वमनं तैलं सर्पिस्तथा मधु ।
वातपित्तबलासानां क्रमेण परमौषधम् ।६३।

हुन्छ। दीर्घजीवी हुने रहर भएका मानिसले घिउमा मिसाएको त्रिफला सधैँ राति खाने गर्नुपर्दछ। शतावरी रसमा पकाइएको दुध र घिउले बल र आयु बढाउँछ। कलम्बिका र मासको दाल पनि त्यसै खालका बलवर्धक हुन्छन्। दुध र घिउ पनि बलवर्धक नै हुन्। पहिले भनेझैँ मुलेठीका साथ खाइएका त्रिफलाले पनि आयु बढाउँछ। महुवाको फूलको रससँग त्रिफला खाने हो भने बुढ्यौलीको चिह्नका रूपमा देखिने चाउरीहरू र कपाल फुल्ने आदि हराउँछन्। हे विप्रवर ! बोजो मिसाएर पकाइएका घिउले भूतदोषलाई नाश गर्दछ। त्यसका पेयले बुद्धि बढाउँछ र सम्पूर्ण मनोरथहरू सिद्ध गराउँछ। कल्कलाई सिलौटामा पिसेर बनाइएको झोलद्वारा अञ्जन बनाएर आँखालाई हित गर्न सकिन्छ। रास्ना वा सहचरीले बनाइएको तेल वातरोगीका लागि काम लाग्ने हुन्छ। श्लेष्माकारीविनाको अन्न घाउचोटसम्बन्धी रोगमा श्रेष्ठ मानिएको छ। सातुका डल्ला र आमडा पाचन राम्रो पार्नका लागि हुन्छन्। घाउ फोर्न र भर्नका लागि निमको धुलो उत्तम हुन्छ। उसै गरी घाउ निको पार्नका लागि चिरफारको उपचार पनि राम्रै हुन्छ। बलिककर्मले सूतिकालाई लाभ हुन्छ र रक्षाकर्म प्राणीका लागि सधैँ हित गर्ने हुन्छ। निमका पात खाने हो भने सर्पले ठुँगेको औषधि हुन्छ। पताल निमका पात पिसेर, पुरानो तेल अथवा पुरानो घिउ कपालका लागि हितकारी हुन्छन्। बिच्छीले टोकेकालाई मयूरको प्वाँख र घिउको धुवाँ लगाउनु राम्रो हुन्छ अथवा आँकको चोपमा पिसेर पलाशका बियाँको लेपन लगाउनाले पनि बिच्छीको विष ओर्लन्छ। बिच्छीले टोकेका मानिसलाई पिपल वा ठूलो हरड जायफलसँग पिउन दिनुपर्दछ। आँकको चोप, तिल, तेल, पलल र गुड यी सबै समान मात्रामा लिएर पियाउनाले कुकुरको भयङ्कर विष पनि चाँडै निको हुन्छ। चौराईको मूल र निशोथ समान मात्रामा घिउमा पिसेर पिउनाले मानिस अत्यन्त बलवान् हुन्छ र उसले सर्पको विष एवं किराहरूको विषमा पनि चाँडै नियन्त्रण प्राप्त गर्दछ। सेतो चन्दन, पद्माख, कूठ, लताम्बु, उशीर, पाटला, निर्गुण्डी, शारिवा, सेलु यी सबै माकुराको विष नाश गर्नका लागि हुन्। हे द्विजश्रेष्ठ ! गुडसहित सुठो शिरको रोग थाम्नका लागिहितकारी हुन्छन्। स्नेहपान र वस्तिकर्ममा तेल र घिउ सर्वोत्तम हुन्छन्। पसिना निकाल्नमा अग्नि र रोक्नमा चिसो पानीले काम गर्दछन्। वमन गर्नका लागि मैनफल र निशोथ वमन थाम्नका लागि हुन् भन्नेमा शङ्का छैन। वस्ति, विरेचन एवं वमन यी तीनमा क्रमशः तेल, घिउ र मधु यी तीनले क्रमशः वात, पित्त एवं कफका लागि ठूलो औषधि हुन्छन्।४१-६३।

२८०. अशीत्यधिकद्विशततमोऽध्यायः

सर्वरोगहरौषध

धन्वन्तरिरुवाच

शरीरमानसागन्तुसहजा व्याधयो मताः ।
शरीरा ज्वरकुष्ठाद्याः क्रोधाद्या मानसा मताः ।१।
आगन्तवो विधातोत्थाः सहजाः क्षुज्जरादयः ।
शरीरागन्तुनाशाय सूर्य्यवारे घृतं गुडम् ।२।
लवणं सहिरण्यं च विप्रायापूपमर्पयेत् ।
चन्द्रे चाभ्यङ्गदो विप्रे सर्वरोगैः प्रमुच्यते ।३।
तैलं शनैश्चरे दद्यादाश्विने गोरसान्नदः ।
घृतेन पयसा लिङ्गं संस्नाप्य स्याद्रुगुज्झितः ।४।
गायत्र्या जुहुयाद्वह्नौ दूर्वां त्रिमधुरप्लुताम् ।
यस्मिन्भे व्याधिमाप्नोति तस्मिन्स्नानं बलिः शुभे ।५।
मानसानां रुजादीनां विष्णोः स्तोत्रं हरं भवेत् ।
वातपित्तकफा दोषा धातवश्च तथा शृणु ।६।
भुक्तं पक्वाशयादन्नं द्विधा याति च सुश्रुत ।
अंशेनैकेन किट्टत्वं रसतां चापरेण च ।७।
किट्टभागो मलस्तत्र विण्मूत्रस्वेददूषिकाः ।
नासामलं कर्णमलं तथा देहमलं च यत् ।८।
रसभागाद्रसस्तत्र समाच्छोणिततो व्रजेत् ।
मांसं रक्तात्ततो मेदो मेदसोऽस्थ्नश्च सम्भवः ।९।
अस्थ्नो मज्जा ततः शुक्रं शुक्राद्रागस्तथौजसः ।
देशमार्त्ति बलं शक्तिं कालं प्रकृतिमेव च ।१०।
ज्ञात्वा चिकित्सितं कुर्य्याद्भिषजस्य तथा बलम् ।
तिथिं रिक्तां त्यजेद्भौमं मन्दभं दारुणोग्रकम् ।११।
हरिगोद्विजचन्द्रार्कसुरादीन्प्रतिपूज्य च ।
शृणु मन्त्रमिमं विद्वन्भेषजारम्भमाचरेत् ।१२।
ब्रह्मदक्षाश्विरुद्रेन्द्रभूचन्द्रार्काऽनिलानलाः ।
ऋषयश्चौषधिग्रामा भूतसङ्घाश्च पान्तु ते ।१३।
रसायनमिवर्षीणां देवानाममृतं यथा ।
सुधेवोत्तमनागानां भैषज्यमिदमस्तु ते ।१४।
वातश्लेष्मातको देशो बहुवृक्षो बहूदकः ।

धन्वन्तरि भन्दछन्– हे सुश्रुत ! शारीर, मानस, आगन्तुक र सहज यी चार किसिमका रोगहरू हुन्छन् । ज्वर, कुष्ठ आदि शारीर रोग हुन्; क्रोध मानस रोग हो, घाउचोट लाग्नु आगन्तुक र भोक, तिर्खा बुढ्यौली आदि सहज रोग हुन् । शारीर र आगन्तुक व्याधि नाश गर्नका लागि आइतवारका दिन ब्राह्मणलाई पूजा गरेर घिउ, गुड, नुन र सुन दान गर्नुपर्दछ । जसले सोमवारका दिनका लागि ब्राह्मणलाई तेल मालिस गराउँछ उसका सबै रोगहरू छुट्दछन् । शनिवारका दिन तेल दान गर्नुपर्दछ । आश्विनका महिनामा गाईको दुध, घिउ र दही तथा अन्न दान गर्ने सबै रोगबाट मुक्त हुन्छ । घिउ र दुधले शिवलिङ्गलाई स्नान गराउने मानिस निरोगी हुन्छ । त्रिमधुरमा डुबाइएको दुबो गायत्री मन्त्रले हवन गर्दा मानिस सबै रोगहरूबाट छुट्दछ । जुन नक्षत्रमा रोग लागेको छ त्यसै शुभ नक्षत्रमा स्नान गर्नुपर्दछ र बलि दिनुपर्दछ । भगवान् विष्णुको स्तोत्र पाठ गर्दा मानस रोग निको हुन्छ । अब वात, पित्त र कफ आदिसम्बन्धी दोषहरूका र रस, रक्त, मांस, मेद, अस्थि, मज्जा, शुक्र आदि धातुहरूको वर्णन सुन । हे सुश्रुत ! खाइएको अन्न पक्वाशयबाट दुई भागमा विभाजित हुन्छ । त्यसको एक अंश कठिन हुन्छ र दोस्रो अंश रस हुन्छ । किट्ट वा कठिन अंश नै मल हो र त्यो दिसापिसाब, पसिना आदिमा बदलिन्छ । त्यो नै आँखाका चिप्रा, कानेगुजी, सिँगान, जिउको मैलो आदि हो भनिन्छ । रसको सम्पूर्ण भाग नै रक्तका रूपमा परिणत भएको हुन्छ । रक्तबाट नै मांस, मांसबाट मेद, मेदबाट अस्थि, अस्थिबाट मज्जा, मज्जाबाट शुक्र, शुक्रबाट राग एवं ओज उत्पन्न हुन्छन् । चिकित्सकले देश, काल, पीडा, बल, शक्ति, प्रकृति र औषधिको बल परीक्षण गरेर त्यसै अनुसार चिकित्सा गर्नुपर्दछ । औषधका प्रयोग प्रारम्भ गर्दा रिक्ता तिथि, भौमबार एवं मन्द, दारुण तथा उग्र नक्षत्र छोड्नुपर्दछ । विष्णु, गाई, ब्राह्मण, चन्द्रमा, सूर्य आदि देवताहरूको पूजा गरेर रोगीको नाममा ब्रह्मदक्षाश्विरुद्रेन्द्रभूचन्द्रार्कानिलानलाः ऋषयश्चौषधीग्रामा भूतसंघाश्च पान्तु ते । रसायनमिवर्षीणां देवानाममृतं यथा सुधैवोत्तमनागानां भैषज्यमिदमस्तु ते भन्ने मन्त्र उच्चारण गर्दै औषधि प्रारम्भ गर्नुपर्दछ । मन्त्रको अर्थ ब्रह्मा, दक्ष, अश्विनीकुमार, रुद्र, इन्द्र, भूमि, चन्द्रमा, सूर्य, अनिल, अनल, ऋषि, औषधिहरू र भूतहरूले तिमीलाई रक्षा गरून् भन्ने हो । ऋषिहरूका लागि रसायन, देवताहरूका लागि अमृत र श्रेष्ठ नागहरूका लागि सुधा उत्तम एवं गुणकारी भएझैँ यो औषधि

अनूप इति विख्यातो जाङ्गलस्तद्विवर्जितः ।१५।
किञ्चिवृक्षोदको देशस्तथा साधारणः स्मृतः ।
जाङ्गलः पित्तबहुलो मध्यः साधारणः स्मृतः ।१६।
सूक्ष्मः शीतश्चलो वायुः पित्तमुष्णं कटुत्रयम् ।
स्थिराम्लस्निग्धमधुरं बलाशं च प्रचक्षते ।१७।
वृद्धिः समानैरेतेषां विपरीतैर्विपर्य्ययः ।
रसाः स्वाद्वम्ललवणाः श्लेष्मला वायुनाशनाः ।१८।
कटुतिक्तकषायाश्च वातलाः श्लेष्मनाशना ।
कट्वम्ललवणा ज्ञेयास्तथापित्तविवर्धनाः ।१९।
तिक्तस्वादुकषायाश्च तथा पित्तविनाशनाः ।
रसस्यैतद् गुणं नास्ति विपाकस्यैतदिष्यते ।२०।
वीर्य्योष्णाः कफवातघ्नाः शीताः पित्तविनाशनाः ।
प्रभावतस्तथा कर्म ते कुर्वन्ति च सुश्रुत ।२१।
शिशिरे च वसन्ते च निदाघे च तथा क्रमात् ।
चयप्रकोपप्रशमाः कफस्य तु प्रकीर्तिताः ।२२।
निदाघवर्षारात्रौ च तथा शरदि सुश्रुत ।
चयप्रकोपप्रशमाः पवनस्य प्रकीर्त्तिताः ।२३।
मेघकाले च शरदि हेमन्ते च यथाक्रमात् ।
चयप्रकोपप्रशमास्तथा पित्तस्य कीर्त्तिताः ।२४।
वर्षादयो विसर्गास्तु हेमन्ताद्यास्तथा त्रयः ।
शिशिराद्यास्तथाऽऽदानं ग्रीष्मान्ता ऋतवस्त्रयः ।२५।
सौम्यो विसर्गस्त्वादानमाग्नेयं परिकीर्त्तितम् ।
वर्षादींस्त्रीनृतून्सोमश्चरन्पर्य्यायशो रसान् ।२६।
जनयत्यम्ललवणमधुरास्त्रीन्यथाक्रमम् ।
शिशिरादीनृतूनर्कश्चरन्पर्य्यायसो रसान् ।२७।
विवर्धयेत्तथा तिक्तकषायकटुकान्क्रमात् ।
यथा रजन्यो वर्धन्ते बलमेकं हि वर्धते ।२८।
क्रमशोऽथ मनुष्याणां हीयमानासु हीयते ।
रात्रिभुक्तदिनानां च वयसश्च तथैव च ।२९।
आदिमध्यवसानेषु कफपित्तसमीरणाः ।
प्रकोपं यान्ति कोपादौ काले तेषां चयः स्मृतः ।३०।
प्रकोपोत्तरके काले शमस्तेषां प्रकीर्त्तिताः ।
अतिभोजनतो विप्र तथा चाभोजनेन च ।३१।
रोगा हि सर्वे जायन्ते वेगोदीरणधारणैः ।

तिम्रा लागि गुणकारी होओस् । धेरै बोटबिरुवा र प्रशस्त पानी भएका देशलाई अनूप भनिन्छ। त्यस्तो ठाउँ कफ र वात उत्पन्न गराउने हुन्छ । जाङ्गल देश अनूप देशको गुण र प्रभावबाट मुक्त रहेको हुन्छ । थोरै बोटबिरुवा र पानी पनि थोरै भएको देश साधारण मानिन्छ। जाङ्गल देश धेरै पित्त उत्पन्न गराउने हुन्छ र साधारण देश मध्यम स्तरको हुन्छ। रुखो, शीत र चल गरी वायुका तीन प्रकार छन् । पित्त उष्ण हुन्छ र कटुत्रयले पित्त बढाउँछन् । कफ स्थिर, अम्ल, स्निग्ध र मधुर गरी चार किसिमको हुन्छ। समान वस्तुको प्रयोगले यिनीहरूको वृद्धि र असमान वस्तुहरूको सेवनले हानि हुन्छ। मधुर, अम्ल र लवण यी रसहरू कफकारक र वायुनाशक हुन्छन् । कटु, तिक्त एवं कषाय रसले वायुको वृद्धि गर्दछन् र कफ नाश गर्दछन् । यसै गरी कटु, अम्ल र लवण रसले पित्त बढाउँछन् । तिक्त, स्वादु र कषय रस पित्तनाशक हुन्छन् । यो गुण वा प्रभाव रसको होइन, त्यसका विपाकको हो भन्ने मानिएको छ । उष्ण वीर्य कफनाशक र शीत वीर्य पित्तनाशक हुन्छ । हे सुश्रुत ! यी सबैले प्रभावकै कारण त्यस्तो कार्य गरेका हुन्। शिशिर, वसन्त र शरद्मा क्रमशः कफको सञ्चय, प्रकोप तथा प्रशमन हुन्छ भनिएको छ । अर्थात् कफको सञ्चय शिशिर ऋतुमा, प्रकोप वसन्त ऋतुमा र प्रशमन ग्रीष्म ऋतुमा हुन्छ। हे सुश्रुत ! वायुको सञ्चय ग्रीष्ममा, प्रकोप वर्षा एवं रात्रिमा र शमन शरद्मा हुन्छ भनिएको छ। यसै गरी पित्तको सञ्चय वर्षामा, प्रकोप शरद्मा र शमन हेमन्त ऋतुमा हुन्छ भनिएको छ ।१–२४।

वर्षादेखि हेमन्तसम्मका यी तीन ऋतुहरूलाई विसर्ग काल मानिएको छ र शिशिरदेखि ग्रीष्मसम्मका तीन ऋतुहरूलाई औषधिका लागि आदान काल भनिएको छ। विसर्ग काललाई सौम्य र आदान काललाई आग्नेय भनिएको छ । वर्षा आदि तीन ऋतुहरूमा गतिशील रहेका चन्द्रमाले औषधिहरूमा अम्ल, लवण र मधुर रस उत्पन्न गर्दछ । शिशिर आदि तीन ऋतुहरूमा विचरण गर्दै सूर्यले क्रमशः तिक्त, कषाय र कटु रसहरू बढाउँछ। जति बेला रातहरू लामा हुँदै जान्छन् त्यसै अनुसार औषधिहरूको बल बढिरहन्छ। रात छोटिन लागेपछि मानिसको बल क्रमशः घट्न थाल्दछ। राति, दिउँसो र भोजन गरिसकेपछि आयुको सुरु, मध्य एवं अन्त्यका समयमा कफ, पित्त एवं वायुको प्रकोप बढेको हुन्छ । प्रकोपका सुरुमा यिनीहरूको सञ्चय हुन्छ र प्रकोपभन्दा पछि यिनीहरूको शमन हुन्छ भनिएको छ। हे विप्रवर ! अधिक भोजन र अधिक उपवासले तथा मलमूत्र आदिको वेगलाई रोक्नाले सबै खालका रोगहरू उत्पन्न हुन्छन् । त्यसै कारण पेटको दुई भाग अन्नले र एक भाग जलले भर्नुपर्दछ। बाँकी एक भागलाई वायु आदिको सञ्चालनका लागि खाली छोडिदिनुपर्दछ। व्याधिको निदान

अन्नेन कुक्षेर्द्वावंशावेकं पानेन परिपूरयेत् ।३२।
आश्रयं पवनादीनां तथैकमवशेषयेत् ।
व्याधेर्निधानस्य तथा विपरीतमथोषधम् ।३३।
कर्त्तव्यमेतदेवात्र मया सारं प्रकीर्त्तितम् ।
नाभेरूर्ध्वमधश्चैव गुदश्रोण्योस्तथैव च ।३४।
बलाशपित्तवातानां देहे स्थानं प्रकीर्त्तितम् ।
तथापि सर्वगाश्चैते देहे वायुर्विशेषतः ।३५।
देहस्य मध्ये हृदयं स्थानं तन्मनसः स्मृतम् ।
कृशोऽल्पकेशश्चपलो बहुवाग्विषमानलः ।३६।
व्योमगश्च तथा स्वप्ने वातप्रकृतिरुच्यते ।
अकालपलितः क्रोधी प्रस्वेदी मधुरप्रियः ।३७।
स्वप्ने च दीप्तिमत्प्रेक्षी पित्तप्रकृतिरुच्यते ।
दृढाङ्गः स्थिरचित्तश्च सुप्रभः स्निग्धमूर्द्धजः ।३८।
शुद्धाम्बुदर्शी स्वप्ने च कफप्रकृतिको नरः ।
तामसा राजसाश्चैव सात्त्विकाश्च तथा स्मृताः ।३९।
मनुष्या मुनिशार्दूल वातपित्तकफात्मकाः ।
रक्तपित्तं व्यवायाच्च गुरुकर्मप्रवर्त्तनैः ।४०।
कदन्नभोजनाद्वायुर्देहे शोकाच्च कुप्यति ।
विदाहिनां तथोल्कानामुष्णान्नाध्वनिषेविनाम् ।४१।
पित्तं प्रकोपमायाति भयेन च तथा द्विजः ।
अत्यम्बुपानगुर्वन्नभोजिनां भुक्तशायिनाम् ।४२।
श्लेष्मा प्रकोपमायाति तथा ये चालसा जनाः ।
वाताद्युत्थानि रोगाणि ज्ञात्वा शाम्यानि लक्षणैः ।४३।
अस्थिभङ्गः कषायत्वमास्ये शुष्कास्यता तथा ।
जृम्भणं लोमहर्षश्च वातिकव्याधिलक्षणम् ।४४।
नखनेत्रशिराणां तु पीतत्वं कटुता मुखे ।
तृष्णा दाहोष्णता चैव पित्तव्याधिनिदर्शनम् ।४५।
आलस्यं च प्रसेकश्च गुरुता मधुरास्यता ।
उष्णाभिलाषिता चेति श्लैष्मिकव्याधिलक्षणम् ।४६।
स्निग्धोष्णमन्नमभ्यङ्गस्तैलपानादि वातनुत् ।
आज्यं क्षीरं सिताद्यं च चन्द्ररश्म्यादि पित्तनुत् ।४७।
सक्षौद्रं त्रिफलातैलं व्यायामादि कफापहम् ।
सर्वरोगप्रशान्त्यैस्याद्विष्णोर्ध्यानं च पूजनम् ।४८।

र विपरीत औषधि गर्नुपर्दछ। यिनीहरूको सार नै मैले जे भनें त्यही नै हो। नाभीभन्दा माथि पित्तको स्थान र तलका नितम्ब र गुदालाई वातको स्थान भनिएको छ। त्यसो भनिएको भए तापनि ती सबै समस्त शरीरमा घुम्दछन्। तिनीहरूमा पनि वायु विशेष रूपले सञ्चरण गरेकै हुन्छ। यसपछि अब म दोषहरूको स्थानका विषयमा भन्दछु। तिनीहरूमध्ये सङ्क्षिप्त रूपमा वायुको स्थान गुदा र श्रोणी नै हुन् भनिएको छ। त्यसभन्दा माथि र नाभीको तल्लो भागमा पक्वाशय हुन्छ। पक्वाशय र आमाशयका बीचमा पित्तको स्थान हुन्छ। शरीरको माझमा हृदय हुन्छ र त्यो मनको स्थान हो। जो स्वभावतः दुर्बल, थोरै कपाल भएको, चञ्चल, अधिक बोल्नु र विषम अनलको छ र जसको पाचन क्रियाले कहिले राम्ररी काम गर्छ र कहिले गर्दैन, जसले स्वप्नमा आकाशमा उडेको देख्छ त्यो नै वात प्रकृतिको मानिस हो। बेला नै नभईकन जसको कपाल फुल्न वा झर्न थाल्छ, जो रिसाहा हुन्छ, जसलाई पसिना अधिक आउँछन् जो गुलियो कुरो खान रुचाउँछ र स्वप्नमा अग्निलाई धेरै देख्छ त्यो पित्त प्रकृतिको मानिस हो। जो बलिया अङ्गहरू भएको, स्थिर चित्त भएको, सुन्दर, कान्तियुक्त, चिल्लो कपाल भएको र स्वप्नमा सफा जल देख्छ भने त्यस किसिमको मानिस कफ प्रकृतिको हो भनिएको छ। यसै गरी तामस, राजस र सात्त्विक यी तीन प्रकारका पनि मानिस हुन्छन्। हे मुनिश्रेष्ठ ! सबै मानिसहरू वात, पित्त र कफले युक्त नै हुन्छन्। मैथुन र कडा परिश्रममा लागिराख्नाले रक्तपित्त हुन्छ। कुअन्न खानाले र शोकले वायुको विकार हुन्छ। हे द्विजोत्तम ! तातोपिरो पदार्थ, तितोटर्रो रस भएको पदार्थ खाँदा, बाटामा हिँड्दा र डराउँदा पित्तको प्रकोप बढ्छ। अधिक जल पिउने, धेरै अन्न खाने, खानेबित्तिकै सुत्ने र अल्छीहरूलाई कफले दुःख दिन्छ। यसरी उत्पन्न भएका वात आदि रोगहरूलाई लक्षणद्वारा चिनेर तिनको औषधि गर्नुपर्दछ। हड्डी भाँचियो, मुखको स्वाद बिग्रियो, मुख सुक्यो, हाईहाई आयो र आङ जिरिङ्ग गऱ्यो भने वायुबाट उत्पन्न रोगको लक्षण हो। नङ, आँखा र नसनाडीहरू पहेँलिए भने मुख तितो भइरह्यो भने तिर्खा बढी लाग्यो भने शरीर पोल्यो भने, गर्मी धेरै भयो भने यस्ता पित्तको रोगका लक्षण हुन्। अल्छी, वाक्वाकी, जिउ भारी हुनु, मुख तम्तमाइलो हुनु, तातोमा बस्न मन लाग्नु यी सबै कफबाट उत्पन्न हुने रोगका लक्षण हुन्। चिल्लो र तातो भोजन गर्नाले, तेलको मालिस गर्नाले वात रोग निको हुन्छ। घिउ, दुध, मिस्री आदि एवं चन्द्रमाको किरण आदिले पित्तको रोग निको पार्दछन्। महसित त्रिफलाको तेल खाँदै व्यायाम गर्दा कफरोग निको हुन्छ। सबै खालका रोगहरूको शान्तिका लागि भगवान् विष्णुको ध्यान र पूजा गर्नु सर्वोत्तम औषधि हो।२५-४८।

२८१. एकाशीत्यधिकद्विशततमोऽध्यायः

रसादिलक्षण

धन्वन्तरिरुवाच
रसादिलक्षणं वक्षे भेषजानां गुणं शृणु ।
रसवीर्य्यविपाकज्ञो नृपादीन् रक्षयेन्नरः ।१।
रसाः स्वाद्वम्ललवणाः सोमजाः परिकीर्त्तिताः ।
कटुतिक्तकषायाणि तथाग्नेया महाभुज ।२।
त्रिधा विपाको द्रव्यस्य कट्वम्ललवणात्मकः ।
द्विधा वीर्य्यं समुद्दिष्टमुष्णं शीतं तथैव च ।३।
अनिर्देश्यप्रभावश्च ओषधीनां द्विजोत्तम ।
मधुरश्च कषायश्च तिक्तश्चैव तथा रसः ।४।
शीतवीर्य्याः समुद्दिष्टाः शेषास्तूष्णाः प्रकीर्त्तिताः ।
गुडूची तत्र तिक्तापि भवत्युष्णाति वीर्य्यतः ।५।
उष्णा कषायापि तथा पथ्या भवति मानद ।
मधुरोऽपि तथा मांस उष्ण एव प्रकीर्त्तितः ।६।
लवणो मधुरांश्चैव विपाकमधुरो स्मृतौ ।
आम्लोष्णश्च तथा प्रोक्तः शेषाः कटुविपाकिनः ।७।
वीर्य्यपाके विपर्य्यस्तप्रभावात्तत्र निश्चयः ।
मधुरोऽपि कटुः पाके यच्च क्षौद्रं प्रकीर्त्तितम् ।८।
क्वाथयेत्षोडशगुणं पिबेद्द्रव्याच्चतुर्गुणम् ।
कल्पनैषा कषायस्य यत्र नोक्तो विधिर्भवेत् ।९।
कषायं तु भवेत्तोयं स्नेहपाके चतुर्गुणम् ।
द्रव्यतुल्यं समुद्धृत्य द्रव्यं स्नेहं क्षिपेद्बुधः ।१०।
तावत्प्रमाणं द्रव्यस्य स्नेह पादं ततः क्षिपेत् ।
तोयवर्जं तु यद्द्रव्यं स्नेहद्रव्यं तथा भवेत् ।११।
संवर्त्तितौषधः पाकः स्नेहाना परिकीर्त्तिताः ।
तत्तुल्यता तु लेह्यस्य तथा भवति सुश्रुत ।१२।
स्वच्छमल्पौषधं क्वाथं कषायं चोक्तवद्भवेत् ।
अक्षं चूर्णस्य निर्दिष्टं कषायस्य चतुष्पलम् ।१३।
मध्यमैषा स्मृता मात्रा नास्ति मात्राविकल्पना ।

धन्वन्तरि भन्दछन्– हे सुश्रुत ! अब म औषधिका रस आदिको लक्षण र तिनका गुणको वर्णन गर्दछु, ध्यान दिएर सुन । जसले औषधिको रस, वीर्य र विपाकका विषयमा जान्दछ उही चिकित्सकले राजा आदिको रक्षा गर्न सक्छ। हे महाबाहु ! मधुर, अम्ल र लवण रस चन्द्रमाबाट उत्पन्न भएका हुन् र कटु, तिक्त एवं कषाय रस अग्निबाट उत्पन्न भएका हुन् भनिएको छ। कटु, अम्ल र लवण रूपमा द्रव्यको विपाक तीन प्रकारको हुन्छ। शीत र उष्ण गरी वीर्य दुई प्रकारको हुन्छ। हे द्विजोत्तम ! औषधिहरूको प्रभाव बयान गरी नसक्नु हुन्छ। मधुर, तिक्त र कषाय रस शीत वीर्य हुन् भनिएको छ र बाँकीलाई उष्ण वीर्य मानिन्छ तर पनि गुडूची तिक्त रसकै भए पनि अत्यन्त वीर्यप्रद हुनाले उष्ण हो। हे मानद ! यसै गरी हरड कषाय रसको भए पनि उष्ण वीर्य नै हो र जटामांसी मधुर रसको भए पनि उष्ण वीर्य नै हो भनिएको छ। लवण र मधुर यी दुवै रस विपाकमा मधुर नै मानिएका छन्। अम्लोष्णको विपाक पनि मधुर नै हुन्छ। बाँकी रसहरू विपाकमा कटु हुन्छन्। विशेष वीर्ययुक्त द्रव्यका विपाकमा उसकै प्रभावका कारण विपरीतता पनि पनि आउन सक्छ भन्ने कुरामा सन्देह छैन किनभने मह मधु नै भए पनि विपाकमा त्यो कटु नै हुन्छ। द्रव्यभन्दा सोह्र गुणा बढी पानी लिएर क्वाथ बनाउनुपर्दछ। राखिएको द्रव्यभन्दा चार गुणा पानी बाँकी रहेपछि क्वाथलाई छानेर पिउनुपर्दछ। क्वाथ निर्माणको विधि यही हो। जहाँ क्वाथको विधि बताइएको छैन, त्यहाँ यसै प्रमाणलाई जान्नुपर्दछ। तेल घिउ आदि चिल्लो पदार्थको पाकका विधिअनुसार स्निग्ध पदार्थको चार गुणा क्वथित द्रव्य अथवा तेलघिउजति नै विभिन्न क्वाथ बनाइने द्रव्य लिनुपर्दछ। तेलको पाकमा हालिएको वस्तु प्रशस्त गल्ने गरी पाकेर सेलाएपछि हातमा घोट्दा बत्तीजस्तो बन्यो भने तेलको परिपाक भएको मान्नुपर्दछ। त्यस बत्तीमा आगो सल्काउँदा च्वारच्वार नगरीकन बल्यो भने सिद्धतैल भएको मान्नुपर्दछ, यो त्यसको विशेष कुरो हो। हे सुश्रुत ! लेह्य औषध द्रव्यहरूमा पनि यसैका जस्तै प्रक्षेप आदि हुन्छन्। निर्मल तथा उचित औषध प्रक्षेपद्वारा निर्मित क्वाथ उत्तम हुन्छ। चूर्णको मात्रा एक तोला र क्वाथको मात्रा चार पल हुन्छ। यसलाई मध्यम मात्रा भनिएको छ। त्यसो मात्राको परिमाण खासै निश्चित छैन। हे महाभाग ! रोगीका अवस्था, बल, अग्नि,

वयः कालं बलं वह्निं देशं द्रव्यं रुजं तथा ।१४।
समवेक्ष्य महाभाग मात्रायाः कल्पना भवेत् ।
सौम्यास्तत्र रसाः प्रायो विज्ञेया धातुवर्धना ।१५।
मधुरास्तु विशेषेण विज्ञेया धातुवर्धना ।
दोषाणां चैव धातूनां द्रव्यं समगुणं तु यत् ।१६।
तदेव वृद्धये ज्ञेयं विपरीतं क्षयावहम् ।
उपस्तम्भत्रयं प्रोक्तं देहेऽस्मिन्मनुजोत्तम ।१७।
आहारो मैथुनं निद्रा तेषु यत्नः सदा भवेत् ।
असेवनात्सेवनाच्च अत्यन्तं नाशमाप्नुयात् ।१८।
क्षयस्य बृंहणं कार्य्यं स्थूलदेहस्य कर्षणम् ।
रक्षणं मध्यकायस्य देहभेदास्त्रयो मताः ।१९।
उपक्रमद्वयं प्रोक्तं तर्पणं वाप्यतर्पणम् ।
हिताशी च मिताशी च जीर्णाशी च तथा भवेत् ।२०।
ओषधीनां पञ्चविधा तथा भवति कल्पना ।
रसः कल्कः शृतः शीत फाण्टश्च मनुजोत्तम ।२१।
रसश्च पीडको ज्ञेयः कल्क आलोडिताद्भवेत् ।
क्वथितश्च शृतो ज्ञेयः शीतः पर्य्युषितो निशाम् ।२२।
सद्योऽभिशृतपूतं यत्तत्फाण्टन्मभिधीयते ।
करणानां शतं चैव षष्टिं चैवाधिका स्मृता ।२३।
यो वेत्ति स ह्यजेयः स्यात्सम्बन्धे बाहुशौण्डिकः ।
आहारशुद्धिरग्न्यर्थमग्निमूलं बलं नृणाम् ।२४।
ससिन्धुत्रिफलां चाद्यात्सुराज्ञि अभिवर्णदाम् ।
जाङ्गलं च रसं सिन्धुयुक्तं दधि पयः कणाम् ।२५।
रसाधिकं समं कुर्य्यान्नरो वाताधिकोऽपि वा ।
निदाघे मर्दनं प्रोक्त शिशिरे च समं बहु ।२६।
वसन्ते मध्यमं ज्ञेयं निदाघे मर्दनोल्बणम् ।
त्वचस्तु प्रथमं मर्द्यमङ्गञ्च तदनन्तरम् ।२७।
स्नायुरुधिरदेहेषु अस्थि भातीव मांसलम् ।
स्कन्धौ बाहू तथैवेह तथा जङ्घं सजानुनी ।२८।
अरिवन्मर्दयेत्प्राज्ञो जत्रु वक्षश्च पूर्ववत् ।
अङ्गसन्धिषु सर्वेषु निष्पीड्य बहुलं तथा ।२९।
प्रसार यदेङ्गसन्धीन्न च क्षेपेण चाक्रमात् ।

देश, काल, द्रव्य र रोगलाई विचार गरेर मात्राको अनुमान हुने गर्दछ । त्यसमा सौम्य रसहरूलाई प्रायः धातुवर्धक हुन् भन्ने जान्नुपर्दछ । विशेषतः मधुर रस शरीरको धातु वृद्धि गर्नका लागि हो भनेर जान्नुपर्दछ । दोष, धातु र द्रव्य समान गुणले सम्पन्न भएमा शरीरलाई वृद्धि गराउँछन् र यसको विपरीत भयो भने हानिकारक हुन्छन् । हे नरश्रेष्ठ ! यस शरीरमा आहार, मैथुन र निद्रा गरी तीन उपस्तम्भ हुन् भनिएको छ । मानिसले यिनीहरूप्रति सधैं सावधान रहनुपर्दछ । यिनीहरूको सर्वथा परित्याग या अत्यन्त सेवनले शरीरलाई हानि गर्दछ ।१–१८।

ख्याउटे शरीरको पोषण, स्थूल शरीरको कर्षण र मध्यम शरीरको रक्षण गर्नुपर्दछ । यसरी शरीरका तीन भेद मानिएको छ । तर्पण र अतर्पण यस किसिमले आहार आदि उपक्रमहरूलाई दुई भेद गरिएको छ । मानिसले सधैं नै हितकारी पदार्थ खाने हिताशी, थोरै खाने मिताशी र पहिलेको पचाएपछि खाने जीर्णाशी हुनुपर्दछ । हे नरश्रेष्ठ ! औषधिको निर्माणविधि– रस, कल्क, क्वाथ, शीतकषाय र फाण्ट गरी पाँच प्रकारको हुन्छ भनिएको छ । औषधिहरूलाई निचोर्नाले रस हुन्छ, मन्थन गर्नाले कल्क बन्छ, पकाउनाले क्वाथ हुन्छ र रातभरि राख्नाले शीतकषाय र तत्काल पानी हालेर तताएर छान्दा फाण्ट हुन्छ । यसै किसिमले चिकित्साका एकसय आठ साधन हुन्छन् । जुन वैद्यले तिनीहरूलाई जानेको छ ऊ अजेय हुन्छ । अर्थात् चिकित्सामा ऊ कतै पनि असफल हुँदैन । त्यसलाई बाहुशौण्डिक भनिन्छ । अग्निको संरक्षण, संवर्द्धन एवं संशुद्धि आदिका लागि आहारशुद्धि आवश्यक हुन्छ । किनभने मानिसका बलको मूल नै अग्नि हो । बलका लागि नुनिलो त्रिफला, कान्तिप्रद उत्तम पेय, जाङ्गल रस, सैन्धवयुक्त दही र दुध तथा पिप्पली सेवन गर्नुपर्दछ । जुन रस वा धातु बढी हुन्छ मानिसले त्यसलाई चाहिँदो पार्नुपर्दछ । वातप्रधान प्रकृतिका मानिसले आफ्नो परिस्थितिअनुसार ग्रीष्म ऋतुमा शरीरको मालिस गर्नुपर्दछ । शिशिर ऋतुमा साधारण या अधिक, वसन्त ऋतुमा मध्यम र ग्रीष्म ऋतुमा विशेष रूपले शरीरलाई मर्दन गर्नुपर्दछ । पहिले त्वचाको, त्यसपछि मात्रै मर्दन गर्न योग्य अङ्गहरूको मर्दन गर्नुपर्दछ । स्नायु र रुधिरले परिपूर्ण शरीरमा अस्थिसमूह अत्यन्त मांसपेशी भएका देखिन्छन् । यसै गरी काँध, बाहु, घुँडा, तिघ्रा, पिँडुलाका भाग पनि मांसपेशीयुक्त नै देखिन्छन् । बुद्धिमान् मानिसले शत्रुलाई जत्तिकै यिनीहरूलाई पनि माड्नुपर्दछ । जत्रु, वक्षस्थल आदिलाई पनि पूर्ववत् साधारण प्रकारले मालिस गर्नुपर्छ र सम्पूर्ण जोर्नीहरूलाई पनि मालिस गर्दै फैलाउनुपर्दछ । तिनीहरूलाई फैलाउने काम एक्कासि र क्रमविरुद्ध गर्नु हुँदैन । अजीर्ण हुँदा, भोजन

नार्जीर्णे तु श्रमं कुर्य्यान्न भुक्त्वा पीतवान्नरः ।३०।
दिनस्य तु चतुर्भाग ऊर्ध्वं तु प्रहरार्द्धके ।
व्यायामं नैव कर्त्तव्यं स्नानाच्छीताम्बुना सकृत् ।३१।
वार्य्युष्णं च श्रमं जह्याद्धृदा श्वासं न धारयेत् ।
व्यायामश्च कफं हन्याद्वान्तं हन्याच्च मर्दनम् ।३२।
स्नानं पित्ताधिकं हन्यात्तस्यान्ते चातपाः प्रियाः ।
आतपक्लेशकर्मादौ क्षेमव्यायामिनो नराः ।३३।

गरेपछि र पानी खानेबित्तिकै मानिसले परिश्रम गर्नु हुँदैन। एक दिनमा चार प्रहर हुन्छन्। पहिलो प्रहरको आधाजति बितेपछि व्यायाम गर्नु हुँदैन। चिसो पानीले एकपटक स्नान गर्नुपर्दछ। तातो पानीले थकाइ मेटाउँछ। हृदयको श्वासलाई अवरुद्ध गर्नु हुँदैन। व्यायामले कफलाई नष्ट गर्दछ र मालिसले वायुको नाश गर्दछ। स्नानले पित्त अधिक भएकोलाई शमन गर्दछ। स्नान गरिसकेपछि घाम ताप्नु राम्रो हुन्छ। व्यायाम गरेका मानिसले घाम र परिश्रमपूर्वक गरिने कार्यहरूलाई खप्न सक्छ।१९-३३।

२८२. द्व्यशीत्यधिकद्विशततमोऽध्यायः
वृक्षआयुर्वेद

धन्वन्तरिरुवाच
वृक्षायुर्वेदमाख्यास्ये प्लक्षश्चोत्तरतः शुभः ।
प्राग्वटो याम्यतस्त्वाम्र आप्येऽश्वत्थः क्रमेण तु ।१।
दक्षिणां दिशमुत्पन्नाः समीपे कण्टकद्रुमाः ।
उद्यानं गृहवासे स्यात्तिलान्वाप्यथ पुष्पितान् ।२।
गृह्णीयाद्रोपयेद् वृक्षान्द्विजं चन्द्रं प्रपूज्य च ।
ध्रुवाणि पञ्च वायव्यं हस्तं प्राजेशवैश्णवम् ।३।
नक्षत्राणि तथा मूलं शस्यन्ते द्रुमरोपणे ।
प्रवेशयेन्नदीवाहान्पुष्करिण्यां तु कारयेत् ।४।
हस्तो मघा तथा मैत्रमाद्यं पुष्पं सवासवम् ।
जलाशयसमारम्भे वारुणं चोत्तरात्रयम् ।५।
सम्पूज्य वरुणं विष्णुं पर्जन्यं तत्समाचरेत् ।
अरिष्टाशोकपुन्नागशिरीषाः सप्रियङ्गवः ।६।
अशोकः कदली जम्बूस्तथा वकुलदाडिमाः ।
सायं प्रातस्तु घर्मर्त्तौ शीतकाले दिनान्तरे ।७।
वर्षारात्रौ भुवः शोषे सेक्तव्या रोपिता द्रुमाः ।
उत्तमा विंशतिर्हस्ता मध्यमाः षोडशान्तराः ।८।
स्थानात्स्थानान्तरं कार्य्यं वृक्षाणां द्वादशावरम् ।
विफलाः स्युर्घना वृक्षाः शस्त्रेणादौ हि शोधनम् ।९।
विडङ्गघृतपङ्काक्तान्सेचयेच्छीतवारिणा ।
फलनाशे कुलत्थैश्च माषैर्मुद्गैर्यवैस्तिलैः ।१०।

धन्वन्तरि भन्दछन्– हे सुश्रुत ! अब म वृक्ष आयुर्वेदको विषयमा वर्णन गर्दछु। क्रमशः घरका उत्तरमा प्लक्ष, पूर्वमा वट, दक्षिणमा आम्र र पश्चिममा अश्वत्थ वृक्ष लगाउनु मङ्गल मानिएको छ। घरका नजिकै दक्षिण दिशामा उत्पन्न भएका काँडे रुखहरूलाई पनि शुभ मानिएको छ। आवास स्थानका वरिपरि उद्यानको निर्माण गर्नुपर्दछ अथवा सबैतिरको भाग फूल फुल्ने बोटबिरुवाले सजाउनुपर्छ। ब्राह्मण र चन्द्रमाको पूजा गरेर वृक्षहरू रोप्नुपर्दछ। वृक्षारोपणका लागि तीनवटै उत्तरा, स्वाती, हस्त, रोहिणी, श्रवण र मूल यी नक्षत्रहरू अत्यन्त प्रशस्त हुन्छन्। उद्यानभित्र पोखरीको निर्माण गराउनुपर्दछ र त्यसमा नदीको प्रवाह पसाउनुपर्दछ। जलाशयको थालनी गर्नका लागि हस्त, मघा, अनुराधा, पुष्य, ज्येष्ठा, शतभिषा, उत्तराषाढा, उत्तराभाद्रपदा र उत्तराफाल्गुनी नक्षत्र उपयुक्त हुन्छन्। वरुण, विष्णु र इन्द्रको पूजा गरेर यस कर्मको थालनी गर्नुपर्दछ। निम, अशोक, पुन्नाग, शिरीष, प्रियङ्गु, अशोक, कदली, जम्बू, वकुल र अनार वृक्षहरू रोपेर ग्रीष्म ऋतुमा बिहान र बेलुका, शीत ऋतुमा दिउँसोका समयमा एवं वर्षा ऋतुमा राति भुईं सुकेको छ भने पानी हालिदिनुपर्दछ। वृक्षहरूका बीचमा बीस हातको अन्तर हुनुलाई उत्तम, सोह्र हातलाई मध्यम र बाह्र हातको अन्तरलाई अधम भनिएको छ। बाह्र हातको अन्तर भएका वृक्षहरूलाई अर्का ठाउँमा सार्नुपर्दछ। बाक्ला वृक्षहरू बाँफिन्छन्। तिनीहरूलाई पहिले काटछाँट गरेर शुद्ध गर्नुपर्दछ। त्यसपछि विडङ्ग, घृत र पङ्कमिश्रित शीतल जलले तिनीहरूलाई सेचन गर्नुपर्दछ। वृक्षका फलहरू नाश भएका

घृतशीतपयः सेकः फलपुष्पाय सर्वदा ।
आविकाजशकृच्चूर्णं यवचूर्णं तिलानि च ।११।
गोमांसमुदकं चैव सप्तरात्रं निधापयेत् ।
उत्सेकः सर्ववृक्षाणां फलपुष्पादिवृद्धिदः ।१२।
मत्स्याम्भसा तु सेकेन वृद्धिर्भवति शाखिनः ।
विडङ्गतण्डुलोपेतं मत्स्यं मांसं हि दोहदम् ।
सर्वेषामविशेषेण वृक्षाणां रोगमर्दनम् ।१३।

बेला कुलथी, मास, मुगी, जौ, तिल र घिउ मिश्रित शीतल जलले यदि सेचन गरियो भने वृक्षमा फल र फूलको वृद्धि सधैं हुन्छ। भेडाबाख्राका बडकौंलाको धुलो, तिल र पानी जम्मा पारेर सात दिनसम्म एक ठाउँमा थुपारेर राख्नुपर्दछ र त्यसपछि त्यसैले सिँचाइ गर्ने हो भने सबै वृक्षका फल र फूल बढ्दछन्। माछा भएका ठाउँको पानीले सेचन गर्ने हो भने पनि वृक्षहरू बढ्छन्। विडङ्ग चामलसँगै यस्तो पानी वृक्षले मन पराएको हुन्छ। यसको सेचन साधारणतया वृक्षका सबै रोगलाई निको पार्ने हुन्छ ।१-१३।

२८३. त्र्यशीत्यधिकद्विशततमोऽध्यायः

नानारोगहरऔषध

धन्वन्तरिरुवाच
सिंही शटी निशायुग्मं वत्सकं क्वाथसेवनम् ।
शिशोः सर्वातिसारेषु स्तन्यदोषेषु शस्यते ।१।
शृङ्गीं सकृष्णातिविषां चूर्णितां मधुना लिहेत् ।
एका चातिविषा कासच्छर्दिज्वरहरी शिशोः ।२।
बालैः सेव्या वचा साज्या सदुग्धा वाथ तैलयुक् ।
यष्टिकां शङ्खपुष्पीं वा बालः क्षीरान्वितां पिबेत् ।३।
वाग्रूपसम्पद्युक्तायुर्मेधा श्रीर्वर्धते शिशोः ।
वचा ह्यग्निशिखावासाशुण्ठीकृष्णानिशागदम् ।४।
सयष्टिसैन्धवं बालः प्रातर्मेधाकरं पिबेत् ।
देवदारुमहाशिग्रुफलत्रयपयोमुचाम् ।५।
क्वाथः सकृष्णा मृद्वीका कल्कः सर्वान्कृमीन् हरेत् ।
त्रिफलाभृङ्गविश्वानां रसेषु मधुसर्पिषोः ।६।
मेषीक्षीरे च गोमूत्रे सिक्तं रोगे हितं शिशोः ।
नासारक्तहरो नस्याद्दूर्वारस इहोत्तमः ।७।
लशुनार्द्रकशिग्रूणां रसः कर्णस्य पूरणम् ।
तैलमार्द्रकजाप्यं वा शूलहा चौष्ठरोगनुत् ।८।
जातीपत्रं फलं व्योषं कवलं मूत्रकं निशा ।
दुग्धक्वाथेऽभयाकल्के सिद्धं तैलं द्विजार्त्तिनुत् ।९।
धान्याम्बु नारिकेलं गोमूत्रं क्रमुकविश्वयुत् ।
क्वाथितं कवलं कार्य्यमधिजिह्वाप्रशान्तये ।१०।

धन्वन्तरि भन्दछन्— अडूसा, मुलहठी, दुवै किसिमको हल्दी र इन्द्रयव यिनीहरूको क्वाथ बालकका सबै खालका दिसा लाग्दा र आमाको दुधसम्बन्धी रोगमा काम लाग्ने हुन्छ। पीपल र अतीसका साथमा काकडाशृङ्गीको अथवा अतीसको मात्रै धुलो बनाएर बालकलाई महसित चाट्न दिनुपर्दछ। यसले खोकी, उल्टी र ज्वरो आउने निको हुन्छ। बालकलाई दुध, घिउ अथवा तेलसित बोजो खुवाउने वा मुलहठी र शङ्खपुष्पी दुधसित खुवाउने हो भने त्यसबाट बालकको बोल्ने शक्ति र रूप सँगसँगै आयु, बुद्धि र कान्ति पनि वृद्धि हुन्छ। बोजो, कलिहारी, अडूसा, सुठो, पिपल, हल्दी, कूट, मुलहठी र सैन्धव यति कुराको चूर्ण बनाएर बालकलाई बिहान सधैं खुवाउने हो भने त्यसले बुद्धि बढाउँछ। देवदारु, बडा, सहजन, त्रिफला र नागरमोथा यिनीहरूको क्वाथ अथवा पीपल र मुनक्काको कल्क सबै खालका कृमि नाश गर्ने हुन्छ। शुद्ध राँगैलाई त्रिफला, भृङ्गराज तथा अदुवाको रस वा मह-घिउमा अथवा भेडाको मूत्र वा गोमूत्रमा अञ्जन बनाउने हो भने नेत्ररोगमा लाभ हुन्छ। दुबाका रसको नस्यले नाकबाट रगत बग्ने रोग निको पार्दछ। लसुन, अदुवा र सहजनको रसले कान भर्ने हो भने अथवा अदुवाको रस या तेलले कान भर्ने हो भने त्यसले कानको दुखाइ निको पार्दछ र ओठको रोग पनि निको पार्दछ। जायफल, त्रिफला, व्योष, गोमूत्र, हल्दी, गाईको दुध र ठूलो हर्रोको कल्कले सिद्ध गरिएको तिलको तेलले कुल्ला गर्ने हो भने दाँत दुखेको निको हुन्छ। कागती, नरिवलको पानी, गडँत, सुपारी र सुठो यिनीहरूको क्वाथले मुख भरेर राख्ने हो भने जिब्राको रोग नाश गर्दछ। कलिहारीको कल्कमा निर्गुण्डीको रससित पकाइएको तेलको नस्य लिने

साधितं लाङ्गलीकल्के तैलं निर्गुण्डिकारसैः ।
गण्डमालागलगण्डौ नाशयेन्नस्यकर्मणा ।११।
पल्लवैरर्कपूतीकस्नुहीरुग्घातजातिकैः ।
उद्वर्त्तयेत्सगोमूत्रैः सर्वत्वग्दोषनाशनैः ।१२।
वाकुची सतिला भुक्ता वत्सरात्कुष्ठनाशिनी ।
पथ्या भल्लातकी तैलगुडपिण्डी तु कुष्ठजित् ।१३।
पूतिकवह्निरजनी त्रिफलाव्योषचूर्णयुक् ।
तक्रं गुदाङ्कुरे पेयं भक्ष्या वा सगुडाऽभया ।१४।
फलदार्वीविषाणां तु क्वाथौ धात्रीरसोऽथ वा ।
पातव्यो रजनीकल्कः क्षौद्राक्षौद्रप्रमेहिणा ।१५।
वासागर्भो व्याधिघातक्वाथ एरण्डतैलयुक् ।
वातशोणितहृत्पानात्पिप्पली स्यात्प्लीहाहरी ।१६।
सेव्या जठरिणा कृष्णा स्नुक्क्षीरबहुभाविता ।
पयो वा रुच्यदन्त्याग्निविडङ्गव्योषकल्कयुक् ।१७।
ग्रन्थिकोग्राभया कृष्णा विडङ्गाक्ता घृते स्थिता ।
मांसं तक्रं ग्रहण्यर्शः पाण्डुगुल्मकृमीन्हरेत् ।१८।
फलत्रयामृता वासा तिक्तभूनिम्बजस्तथा ।
क्वाथः समाक्षिको हन्यात्पाण्डुरोगं सकामलम् ।१९।
रक्तपित्ती पिबेद्वासासुरसं ससितं मधु ।
वरीद्राक्षाबलाशुण्ठीसाधितं वा पयः पृथक् ।२०।
वरी विदारी पथ्या च बलात्रयं सवासकम् ।
श्वदंष्ट्रा मधुसर्पिर्भ्यामालिहेत्क्षयरोगवान् ।२१।
पथ्याशिग्रुकरञ्जार्कत्वक्सारं मधुसिन्धुमत् ।
समूत्रं विद्रधिं हन्ति परिपाकाय तन्त्रजित् ।२२।
त्रिवृता जीवती दन्ती मञ्जिष्ठा शर्वरीद्वयम् ।
तार्क्षजं निम्बपत्रं च लेपः शस्तो भगन्दरे ।२३।
रुग्घातरजनीलाक्षाचूर्णाजक्षौद्रसंयुता ।
वासोवर्त्तिर्व्रणे योज्या शोधिनी गतिनाशिनी ।२४।
श्यामायष्टिनिशालोध्रपद्मकोत्पलचन्दनैः ।
समरीचैः शृतं तैलं क्षीरे स्याद् व्रणरोहणम् ।२५।
श्रीकार्पासदलैर्भस्मफलोपलवणा निशा ।
तत्पिण्डीस्वेदनं ताम्रे सतैलं स्यात्क्षतौषधम् ।२६।

हो भने गण्डमालासम्बन्धी रोग निको हुन्छ । सबै खालका चर्मरोगहरूलाई निको पार्नका लागि आक, काठ्, करञ्ज, थूहर, अमलतास र चमेलीका पातलाई गोमूत्रमा पिसेर जिउ मालिस गर्नुपर्दछ । तिलसँग एक वर्षसम्म वाकुची खाने हो भने त्यत्तिमै कुष्ठरोग निको हुन्छ । हर्रै, भिलावा, तेल, गुड र पिण्डखजूर यिनीहरू पनि कुष्ठनाशक औषधि हुन् । पाठा, चित्रक, हल्दी, त्रिफला र व्योष यिनीहरूको चूर्ण मोईसित खाने हो भने अथवा गुडसित हरीतकी खाने हो भने अर्श रोग नाश हुन्छ । प्रमेह रोगीले त्रिफला, दारुहल्दी, ठूलो इन्द्रायण र नागरमोथाको क्वाथ अथवा अमलाको रस, हल्दी, कल्क र मधुसित पिउनुपर्दछ । अडूसाको जरो गिलोय र अमलतासका क्वाथमा शुद्ध एरण्डको तेल मिसाएर पिउने हो भने वातरक्त रोग निको हुन्छ र पिप्पलीले प्लीहा रोग निको पार्दछ । पेटका रोगीले थूहरका दुधमा अनेकौँपटक पकाइएको पिप्ला सेवन गर्नुपर्दछ। चित्रक, विडङ्ग तथा त्रिकटुका कल्कमा पकाइएको दुधले खान नरुच्ने रोगलाई निको पार्दछ ।१-१७।

पीपलामूल, वच, हर्रै, पीपल र विडङ्गलाई घिउमा मिसाएर खाने वा केवल एक महिनासम्म मोई नै खाने हो भने ग्रहणी, अर्श, पाण्डु, गुल्म र कृमिरोगहरू हराउँछन् । त्रिफला, गिलोय, अडूसा, कुटकी, चिरैतो यतिको क्वाथ महसित पिउनाले कामलासहित पाण्डुरोग निको हुन्छ । अडूसाको रसलाई मिस्री र मह मसाएर पिउने अथवा शतावरी, दाख, खरेटी र सुठो यी मिसाएर दुध पिउने हो भने रक्तपित्त रोग नाश हुन्छ । क्षयरोगका रोगीले शतावरी, विदारीकन्द, बडी हर्रै, तीनवटै खरेटी, असहगन्ध, गदहपूर्ना र गोखरूको चूर्णलाई मह र घिउसित चाट्ने गर्नुपर्दछ । हर्रै, सहजन, करञ्ज, आँक, दालचिनी, पुनर्नवा, सुठो र सैन्धव यिनीहरूलाई गोमूत्रसँग मिसाएर लेपन गर्ने हो भने यो विद्रधि खटिरो पकाउने उत्तम उपाय हुनेछ । निशोथ, जीवन्ती, दन्तीमूल, मञ्जिष्ठा, दुवै खालको हल्दी, रसाञ्जन र निमका पातको लेपन भगन्दरका लागि काम लाग्ने हुन्छ । अमलतास, हरिद्रा, लाक्षा र अडूसा यिनीहरूको चूर्ण गाईको घिउ र महसित बत्ती बनाएर नासूरमा लगाउनुपर्दछ । यसबाट नासूर निको हुन्छ र घाउ भरिन्छ । पिप्ला, मुलहठी, हल्दी, लोध, पद्मकाष्ठ, कमल र रातो चन्दन एवं खुर्सानी यिनीहरूसित गाईका दुधमा पकाइएको तेलले घाउ निको पार्दछ । श्रीताड, कपासका पत्तीको भस्म, त्रिफला, मरिच, खरेटी र हल्दी यिनीहरूको गोली बनाएर घाउलाई सेक्ने र यी औषधिहरूलाई नै घाउमा लगाउनु पनि पर्दछ । दुधमा पकाएको कुम्भीसारलाई आगामा डढाएर घाउमा लगाउने अथवा जलकुम्भी डढाएर दुधमा मिसाएर लगाउने हो भने पनि सबै खालका चोटहरू निको हुन्छन् । यसै गरी नरिवलका

कुम्भीसारं पयोयुक्तं वह्निदग्धं व्रणे लिपेत् ।
तदेव नाशयेत्सेकान्नारीकेलरजोघृतम् ।२७।
विश्वाजमोदसिन्धूत्थचिञ्चात्वग्भिः समाभया ।
तक्रेणोष्णाम्बुना वाथ पीतातीसारनाशिनी ।२८।
वत्सकातिविषाविश्वबिल्वमुस्तशृतं जलम् ।
सामे पुराणेऽतीसारे सासृक् शूले च पाययेत् ।२९।
अङ्गारदग्धं सुगतं सिन्धुमुष्णाम्बुना पिबेत् ।
शूलवानथ वा तद्धि सिन्धुहिङ्गुकणाभया ।३०।
कटुरोहोत्कणातलाजचूर्णं मधुप्लुतम् ।
वस्त्रच्छिद्रगतं वक्त्रे न्यस्तं तृष्णां विनाशयेत् ।३१।
पाठादार्वीजातिदलं द्राक्षामूलफलत्रयैः ।
साधितं समधुकाथं कवलं मुखपाकहृत् ।३२।
कृष्णातिविषतिक्तेन्द्रदारुपाठापयोमुचाम् ।
क्वाथो मूत्रे शृतः क्षौद्री सर्वकण्ठगदापहः ।३३।
पथ्यागोक्षुरदुस्पर्शराजवृक्षशिलाभिदाम् ।
कषायः समधुः पीतो मूत्रकृच्छ्रं व्यपोहति ।३४।
वंशत्वग्वरुणक्वाथः शर्कराश्मविघातनः ।
शाखोटक्वाथसक्षौद्रक्षीराशी श्लीपदी भवेत् ।३५।
माषार्कत्वक्पयस्तैलं मधुसिक्तं च सैन्धवम् ।
पादरोगं हरेत्सर्पिर्जालकुक्कुटजं तथा ।३६।
शुण्ठीसौवर्चलाहिङ्गुचूर्णं शुण्ठीरसैर्घृतम् ।
रुजं हरेदथ क्वाथो विड्बिबद्धाग्निसाधने ।३७।
सौवर्चलाग्निहिङ्गूनां सदीप्यानां रसैर्युतम् ।
विडदीप्यकयुक्तं वा तक्रं गुल्मातुरः पिबेत् ।३८।
धात्रीपटोलमुद्गानां क्वाथः साज्यो विसर्पहा ।
शुण्ठीदारुनवाक्षीरक्वाथो मूत्रान्वितोऽपरः ।३९।
सव्योषायोरजः क्षारः फलक्वाथश्च शोधहृत् ।
गुडशिग्रुत्रिवृद्भिश्च सैन्धवानां रजोयुतः ।४०।
त्रिवृताफलकः क्वाथः सगुडः स्याद्विरेचनः ।
वचाफलकषायोत्थं पयो वमनकृद्भवेत् ।४१।
त्रिफलायाः पलशतं पृथग्भृङ्गजभावितम् ।
विडङ्गं लोहचूर्णं च दशभागसमन्वितम् ।४२।

जराको माटो घिउमा मिसाएर सेक्ने हो भने पनि घाउ थाक्छ। सुठो, अजमोद, सिधोनुन, इमलीको बोक्रो यी कुराहरूजति नै हर्रैलाई मोई वा तातो पानीमा पिउनाले झाडा लागेको निको हुन्छ। इन्द्रयव, अतीस, सुठो, बेलगिरि र नागरमोथाको क्वाथ बनाएर आऊँसहितको पुरानो अतिसारमा र शूलसहितको रक्तअतिसारमा पनि खान दिनुपर्दछ। ठन्डा थूहरमा सिधोनुन हालेर आगामा पोल्ने अनि चाहिएको मात्रामा पेट दुखेकालाई तातो पानीसँग दिने अथवा सिधोनुन, हिङ, पिपल, हर्रैलाई तातो पानीसँग खान दिनुपर्दछ। वरको वरोह, कमल र धानको लावाको पिठोलाई महमा मुछेर कपडामा पोको पारेर मुखमा राख्ने र त्यसलाई चुसिराख्ने हो भने त्यसले तिर्खा मेटाइरहन्छ। अथवा कुटकी, पीपल, मीठो कूट, एवं धानको लावा मह पोको पारेर मुखमा चुसिराख्ने हो भने तिर्खा हटाइरहन्छ। पाठा, दारुहल्दी, चमेलीका पात, मुनक्काको जरो र त्रिफला यतिलाई क्वाथ बनाएर त्यसमा मह मिसाउने र त्यसलाई मुखमा लिइराख्ने हो भने मुखपाक नामको रोग निको हुन्छ। पीपल, अतीस, कुटकी, इन्द्रयव, देवदारु, पाठा र नागरमोथा यिनीहरूलाई गहुँतमा क्वाथ बनाएर महसित खाने हो भने सबै खालका घाँटीका रोगहरू निको हुन्छन्। हर्रै, गोखरू, जवासा, अमलतास र पाषणभेद यिनीहरूलाई क्वाथ बनाएर महसित मिसाएर पिउने हो भने मूत्रकृच्छ्र नामको रोगले दुःख दिएको हराउँछ। बाँस र वरुणको बोक्राको क्वाथले शर्करा र अश्मरी रोग निवारण गर्दछ। श्लीपद रोग लागेका मानिसले शाखोटकको बोक्राको क्वाथ मह र दुधसित खानुपर्दछ।१८-३५।

मास, मदारको पत्ती र दुध, तेल, मैन र सुधोनुन यिनीहरूको मिश्रण गोडाको रोग निको पार्ने हुन्छन्। सुठो कालो नुन र हिङको धुलो सुठोका रससँग पकाएर घिउ अथवा यिनको क्वाथ बनाएर पिउनाले मलबन्ध कब्जी भएको अथवा गोटा बाँधिएको जस्ता रोगहरू निको हुन्छन्। गुल्मरोगी सर्जक्षार, चित्रक, हिङ र अजमोदका रससित विडङ्ग एवं चित्रकसित मोही पान गर्नुपर्दछ। अमला, परवल पर्बल र मुगीको क्वाथ घिउसित सेवन गर्दा विसर्परोग निको हुन्छ। अथवा सुठो, देवदारु र पुनर्नवा या वंशलोचनलाई दुधसहितको क्वाथ बनाएर खानु पनि हितकारी हुन्छ। गहुँतसित सुठो, खुर्सानी, पिपल, लोहचूर, यवक्षार र त्रिफलाको क्वाथले सुन्निएको निको पार्दछ। गुड, सहिजन एवं निशोथ, सैन्धव नुनको चूर्ण वा क्वाथले पनि सुन्निएको निको पार्दछ। निशोथ एवं गुडसित त्रिफलाको क्वाथ भयो भने विरेचन गर्दछ। बोजो र मैनफलको क्वाथले वमन गराउँछ। भृङ्गराजको रसमा सय पलजति त्रिफला मिसाइएको बायविडङ्ग र लोहचूर दस भाग एवं शतावरी, गिलोय र चिचक पच्चीस पल लिएर त्यसको

शतावरीगुडूच्यग्निपलानां शत विंशतिः।
मध्वाज्यतिलजैर्लिह्याद्वलीपलितवर्जितः ।४३।
शतमब्दं हि जीवेत सर्वरोगविवर्जितः।
त्रिफला सर्वरोगघ्नीसमधुः शर्करान्विता ।४४।
सितामधुघृतैर्युक्ता सकृष्णा त्रिफला तथा।
पथ्याचित्रकशुण्ठ्यश्च गुडूचीमुशलीरजः ।४५।
सगुडं भक्षितं रोगहरं त्रिशतवर्षकृत्।
किञ्चिच्चूर्णं जवापुष्पं पिण्डितं विसृजेज्जले ।४६।
तैलं भवेद् घृताकारं किञ्चिच्चूर्णं जलान्वितम्।
धूपार्थं दृश्यते चित्रं वृषदंशजरायुना ।४७।
पुनर्माक्षिकधूपेन दृश्यते तद्यथापुरा।
कर्पूरजलकाभेकतैलं पाटलिमूलयुक् ।४८।
पिष्ट्वा लिप्य पदे द्वे च चरेदङ्गारके नरः।
तृणोत्थानादिकं व्यूह्यं दर्शयन्वै कुतूहलम् ।४९।
विषग्रहरुजध्वंसक्षुद्रनर्म च कामिकम्।
तत्ते षट्कर्मकं प्रोक्तं सिद्धिद्वयसमाश्रयम् ।५०।
मन्त्रध्यानौषधिकथामुद्रेज्या यत्र मुष्टयः।
चतुवर्गफलं प्रोक्तं यः पठेत्स दिवं व्रजेत् ।५१।

चूर्ण बनाउनुपर्दछ। त्यस चूर्णलाई मह, घिउ र तेलसित चाट्ने हो भने मानिस चाउरी पर्न र खुइलो हुनबाट जोगिन्छ। अर्थात् उसको मुखमा चाउरी देखिँदैन र फुल्दैन। त्यसबाहेक ऊ जुनसुकै रोगबाट मुक्त भएर सय वर्षसम्म जीवित रहन्छ। मधु र शर्करसँगै त्रिफला सेवन गर्दा सर्वरोगनाशक हुन्छ। त्रिफला र पीपलको मिश्रण, मधु र घिउसित खाने हो भने पनि पहिले बताइएका सबै फल प्राप्त हुन्छन्। हर्रे, चित्रक, सुठो, गिलोय र मुसलीको चूर्ण गुडसित खाने हो भने रोगहरू हराउँछन्। जपा पुष्पलाई अलिअलि माडेर पानीमा मिसाउने। त्यस पानीलाई अलिकति पानीमा हाल्ने हो भने घिउजस्तो हुन्छ। बिरालाका सालको धुप लगाउँदा चित्र देखिँदैन। अनि फेरि महको धुप लगाउँदा पहिलेकै जसरी देखिन्छ। पारडको जरो, कपुर, जुको र भ्यागुताको तेल यी सबै कुरा पिसेर दुवै गोडामा लगाएका मानिसले बलिरहेको आगाको भुङ्ग्रोमा हिँड्दै सिन्काहरू आगामा हाल्दै डढाउँदै अचम्मका खेल देखाउन सक्छ। विषलाई रोकथाम गर्नु, रोग हटाउनु यी साधारण कामनाहरू हुन्। इहलौकिक र पारलौकिक दुवै सिद्धि प्रदान गर्ने कर्महरूका विषयमा मैले तिमीलाई भनेँ र यो छवटा कर्मले युक्त छ। मन्त्र, ध्यान, औषधि, कथा, मुद्रा र यज्ञ। यी छवटा कर्म जहाँ मुठी हुन्छन् त्यस कार्यले धर्म, अर्थ, काम र मोक्षरूपी चार वर्गका फल प्रदान गर्दछन् भनिएको छ। यसलाई पढ्ने पनि स्वर्गमा जान्छ।३६–५१।

२८४. चतुरशीत्यधिकद्विशततमोऽध्यायः

मन्त्ररूपौषध

धन्वन्तरिरुवाच

आयुरारोग्यकर्त्तार ओङ्काराद्यश्च नाकदाः।
ओङ्कारः परमो मन्त्रस्तं जप्त्वा चामरो भवेत् ।१।
गायत्री परमो मन्त्रस्तं जप्त्वा भुक्तिमुक्तिभाक्।
ओं नमो नारायणाय मन्त्रः सर्वार्थसाधकः ।२।
ओं नमो भगवते वासुदेवाय सर्वदः।
ओं हूं नमो विष्णवे मन्त्रोऽयं चौषधं परम् ।३।
अनेन देवा ह्यसुराः सश्रियो निरुजोऽभवन्।
भूतानामुपकारश्च तथा धर्मो महौषधम् ।४।

धन्वन्तरि भन्दछन्– हे सुश्रुत! ओङ्कार आदि मन्त्रहरू आयु प्रदान गर्ने र सबै खालका रोग नाश गरेर आरोग्य प्रदान गर्ने हुन्छन्। त्यति मात्रै होइन, शरीर छुटिसकेपछि पनि स्वर्गको प्राप्ति गराउने तिनीहरू नै हुन्। ओङ्कार सबैभन्दा उत्कृष्ट मन्त्र हो। त्यसको जप गरेर मानिस अमर नै हुन्छ; आत्माको अमरत्व बोध गर्दछ अथवा देवत्व नै प्राप्त गर्दछ। गायत्री पनि उत्कृष्ट मन्त्र हो। त्यसको जप गरेर मानिसले भोग र मुक्तिको भाग प्राप्त गर्दछ। ओं नमो नारायणाय भन्ने यस अष्टाक्षर मन्त्रले समस्त मनका रहरहरू पूरा गराउँदछ। ओं नमो भगवते वासुदेवाय भन्ने यस द्वादशाक्षर मन्त्रले सबै कुरो उपलब्ध गराइदिन्छ। ओं हूं विष्णवे नमः भन्ने यो मन्त्र उत्तम औषधि हो। यस मन्त्रको जप गर्नाले देवता र असुर श्रीसम्पन्न तथा निरोगी भएका छन्। संसारका समस्त प्राणीहरूको उपकार र धर्मको आचरण गर्ने यो महान् औषधि हो। धर्मः सद्धर्मकृत्

धर्मः सद्धर्मकृद्धर्मी एतैर्धर्मैश्च निर्मलः ।
श्रीदः श्रीशः श्रीनिवासः श्रीधरः श्रीनिकेतनः ।५।
श्रियः पतिः श्रीपरम एतैः श्रियमवाप्नुयात् ।
कामी कामप्रदः कामः कामपालस्तथा हरिः ।६।
आनन्दो माधवश्चैव नाम कामाय वै हरेः ।
रामः परशुरामश्च नृसिंहो विष्णुरेव च ।७।
त्रिविक्रमश्च नामानि जप्तव्यानि जिगीषुभिः ।
विद्या त्वभ्यस्यतां नित्यं जप्तव्यः पुरुषोत्तमः ।८।
दामोदरो बन्धहरः पुष्कराक्षोऽक्षिरोगनुत् ।
हृषिकेशो भयहरो जपेदोषधकर्मणि ।९।
अच्युतं चामृतं मन्त्रं सङ्ग्रामे चापराजितः ।
जलतारे नारसिंहं पूर्वादौ क्षेमकामवान् ।१०।
चक्रिणं गदिनं चैव शार्ङ्गिणं खड्गिनं स्मरेत् ।
नारायणं सर्वकालं नृसिंहोऽखिलभीतिनुत् ।११।
गरुडध्वजश्च विषहृद्वासुदेवं सदा जपेत् ।
धान्यादिस्थापने स्वप्ने ह्यनन्ताच्युतमीरयेत् ।१२।
नारायणं च दुःस्वप्ने दाहादौ जलशायिनम् ।
हयग्रीवं च विद्यार्थी जगत्सूतिं सुताप्तये ।
बलभद्रं शौर्यकार्य्ये एकं नामार्थसाधकम् ।१३।

धर्मी भन्ने यस धर्मसम्बन्धी मन्त्रको जप गर्दा मानिस पवित्र हुन्छ। श्रीदः श्रीशः श्रीनिवासः श्रीधरः श्रीनिकेतनः श्रियःपतिः तथा श्रीपरमः यस श्रीपतिसम्बन्धी मन्त्रका पदहरूको जप गर्दा मानिसले धनलक्ष्मी प्राप्त गर्दछ। कामी कामप्रदः कामः कामपालः हरिः आनन्दः माधवः यी श्रीहरिका नामरूपी मन्त्रहरूको जप र कीर्तनले समस्त कामनाहरू पूर्ति हुन्छन्। रामः परशुरामः नृसिंहः विष्णुः त्रिविक्रमः यस्ता श्रीहरिका नाम युद्धमा विजयको आश गर्ने योद्धाले जप्नुपर्दछ। सधैँ विद्याको अभ्यास गर्ने विद्यार्थीले श्रीपुरुषोत्तम नामको जप गर्नुपर्दछ। दामोदर भन्ने नामले बन्धन हटाइदिन्छ। पुष्कारक्ष भन्ने नामको मन्त्रले नेत्ररोग निवारण गर्दछ। हृषिकेश भन्ने नामको मन्त्र स्मरण गर्ने हो भने भय हराउँछ। औषधि दिँदा वा लिँदा यी सबै नामहरूको जप गर्नुपर्दछ। औषधि लिनेदिने कर्ममा अच्युत भन्ने अमृत मन्त्रको जप पनि गर्नुपर्दछ। सङ्ग्राममा अपराजित नामको जप र जलाशय तर्दा नृसिंह नामको जप गर्नुपर्दछ। पूर्व दिशातिरको यात्रा गर्ने वा क्षेत्रको कामना गर्ने जोजो हुन्छन् तिनीहरूले क्रमशः चक्री, गदी, शार्ङ्गी र खड्गी भन्ने नामहरूको स्मरण गरिरहनुपर्दछ। झैँझगडामा भक्तिपूर्वक सर्वेश्वर अजितलाई सम्झनुपर्दछ। नारायणको स्मरण जुनसुकै समयमा गर्नुपर्दछ। भगवान् नृसिंहलाई सम्झना गरियो भने सम्पूर्ण खालका डरहरू भाग्दछन्। गरुडध्वज भन्ने नामले विष हरण गर्दछ। वासुदेव भन्ने नाम त सधैँ नै जप गरिरहनुपर्दछ। अन्नबाली घरमा थन्क्याउँदा र सुत्ने बेलामा अनन्त र अच्युत भन्ने नामहरूको उच्चारण गर्नुपर्दछ। दुःस्वप्न देखिएका अवस्थामा नारायणको र दुखाइपिराइ हुँदा जलशायी भगवान्‌को नाम स्मरण गर्नुपर्दछ। विद्यार्थीले हयग्रीवलाई चिन्तन गर्नुपर्दछ। पुत्र प्राप्तिका लागि जगत्सूति भन्ने नामको र शौर्यको कामना गर्ने हो भने श्रीबलभद्रको नाम स्मरण गर्नुपर्दछ। यिनीहरूमध्ये सबै नाम नै मनोरथ सिद्ध गराउने हुन्छन्।१-१३।

२८५. पञ्चाशीत्यधिकद्विशततमोऽध्यायः

मृतसञ्जीवनीसिद्धि

धन्वन्तरिरुवाच
सिद्धयोगान्पुनर्वक्ष्ये मृतसञ्जीवनीकरान् ।
आत्रेयभाषितान्दिव्यान्सर्वव्याधिविमर्दनान् ।१।
आत्रेय उवाच
बिल्वादिपञ्चमूलस्य क्वाथः स्याद्वातिके ज्वरे ।
पावनं पिप्पलीमूलं गुडूची विश्वजोथ वा ।२।
आमलक्यभया कृष्णा वह्निः सर्वज्वरान्तकः ।

धन्वन्तरि भन्दछन्— हे सुश्रुत ! अब म आत्रेयले भनेको मृतसञ्जीवन गराउने दिव्य सिद्ध योगका विषयमा भन्दछु। यसले सबै खालका रोगव्याध नाश गर्दछन्।१।

आत्रेयले भने— वातज्वरमा बिल्व आदि पञ्चमूल बेल, सोनापाठा, गम्भार, पाटल र अरणीको रस पकाएर दिनुपर्दछ र पाचनका लागि पिप्पलीमूल, गिलोय र सुठोको झोल दिनुपर्दछ। अमला, हर्रो, पीपल र चित्रक यस आमलक्यादि झोलले सबै खालका ज्वरोलाई समाप्त गर्दछ। बिल्वमूल,

बिल्वाग्निमन्थश्योनाककाश्मर्य्यः पारला स्थिरा ।३।
त्रिकण्टकं पृश्निपर्णी बृहतीकण्टकारिकाः ।
ज्वराविपाकपार्श्वार्त्तिकाशनुत्कुशमूलकम् ।४।
गुडूची पर्पटी मुस्तं किरातं विश्वभेषजम् ।
वातपित्तज्वरे देयं पञ्चभद्रमिदं स्मृतम् ।५।
त्रिवृद्विशालकटुकात्रिफलारग्वधैः कृतः ।
संस्कारो भेदनः क्वाथः पेयः सर्वज्वरापहः ।६।
देवदारुबलावासात्रिफलाव्योषपद्मकैः ।
सविडङ्गैः सितातुल्यं तच्चूर्णं पञ्चकासजित् ।७।
दशमूलीशटीरास्नापिप्पलीबिल्वपौष्करैः ।
शृङ्गीतामलकीभार्गीगुडूचीनागवल्लिभिः ।८।
यवाग्रं विधिना सिद्धां कषायं वा पिबेन्नरः ।
कासहृद् ग्रहणीपार्श्वहिक्काश्वासप्रशान्तये ।९।
मधुकं मधुना युक्तं पिप्पलीं शर्करान्विताम् ।
नागरं गुडसंयुक्तं हिक्काघ्नं लवणत्रयम् ।१०।
कारव्यजाजीमरिचं द्राक्षा वृक्षाम्लदाडिमम् ।
सौवर्चलं गुडं क्षौद्रं सर्वारोचननाशनम् ।११।
शृङ्गवेररसं चैव मधुना सह पाययेत् ।
अरुचिश्वासकासघ्नं प्रतिश्यायकफान्तकम् ।१२।
वटं शृङ्गी शिलालोध्रदाडिमं मधुकं मधु ।
पिबेत्तण्डुलतोयेन छर्दितृष्णानिवारणम् ।१३।
गुडूचीवासकं लोध्रं पिप्पलीक्षोद्रसंयुतम् ।
कफान्वितं जयेद्रक्तं तृष्णाकासज्वरापहम् ।१४।
वासकस्य रसस्तद्वत्समधुस्ताम्रजो रसः ।
शिरीषपुष्पसुरसभावितं मरिचं हितम् ।१५।
सर्वार्त्तिनुन्मसूरोऽथ पित्तमुक्तण्डुलीयकम् ।
निर्गुण्डी शारिवा शेलुरङ्कोलश्च विषापहः ।१६।
महौषधंमृतांक्षुद्रांपुष्करंग्रान्थिकोद्भवम् ।
पिबेत्कणायुतं क्वाथं मूर्च्छायां च मदेषु च ।१७।
हिङ्गुसौवर्चलव्योषैद्विपलांशैर्घृताढकम् ।
चतुर्गुणे गवां मूत्रे सिद्धमुन्मादनाशनम् ।१८।
शङ्खपुष्पीवचाकुष्ठैः सिद्धं ब्राह्मीरसैर्युतम् ।
पुराणं हन्त्यपस्मारं सोन्मादं मेध्यमुत्तमम् ।१९।
पञ्चगव्यं घृतं तद्वत्कुष्ठनुच्चाभयायुतम् ।

अरणी सोनापाठा, गम्भारी, पाटल, शालपर्णी, गोखरु, पृष्टपर्णी, बृहती र कण्टकारिका यी दसमूल हुन् भनिएको छ। यिनको भोल तथा कुशका जराको भोल जरो, अपच, कोखा घोच्ने र खोकी निको पार्ने हुन्छ। गिलोय, पित्तपापडा, नागरमोथा, चिराइतो र सुठो यिनले पञ्चभद्र क्वाथ बन्दछ र पित्तज्वरमा दिइन्छ। निशोथ, विशाला, कुटकी, त्रिफला र अमलतास यिनीहरूको भोलमा यवक्षार मिसाएर पिउनुपर्दछ। यो विरेचक र सबै जरो निको पार्ने हुन्छ। देवदारु, खरेटी, अडुसा, त्रिफला र व्योष, पद्मकाष्ठ, वायविडङ्ग र मिस्री यी सबैको धुलो समान भागमा हवुँदा पाँच प्रकारको खोकीलाई नामेट गराउँदछ। रोगी मानिसले मुटुरोग, आउँ, ढाड, पार्श्वरोग, हिक्का, श्वास र खोकी निको पार्नका लागि दशमूल, कचूर, रास्ना, पीपल, बिल्व, पोकरमूल, काकडासिङ्गी, भुइँ अमला, भार्गी, गिलोय र पान यिनीहरूबाट विधिवत् तयार गरिएको काढा वा माड खानुपर्दछ। मुलहठीको धुलोसित मधु, शर्करासँगै पीपल, गुडसँग नागर र तीनै खालको नुनले हिक्का छुट्ने निको पार्दछन्। कालोजिरा, जिरा, मरिच, किसमिस, इमली, अनारदाना, कालो नुनु र गुड यी सबैको समान मात्राले बनेको धुलो महसित मिसाउँदा कारव्यादि बटी बन्छ र यसले सबै खालका अरुचिहरू नाश गर्दछ। अदुवाका रससित मह मिसाएर रोगीलाई खुवाउँदा अरुचि हुने, श्वास, खोकी, रुघा र कफसम्बन्धी रोग निको हुन्छ। वटाङ्कुर, काकडसिङ्गी, शिलाजित, लोथ, अनारदाना र मुलहठीको धुलो बनाएर त्यो धुलो जति नै मिस्री मिसार्य महसित चटनी बनाउनुपर्दछ। यस वटशुङ्गादि अवलेहलाई चौलानीसँग खाने हो भने त्यसले तिर्खा मेट्ने र उल्टी हुने निको हुन्छ। गिलोय, अडुसा, लोथ र पीपलको चूर्ण महसित खाँदा कफमा रगत आउँने, मुख सुक्ने र जरो आउने निको हुन्छ। यसै गरी अडुसको रसलाई समान मात्रामा महसित मिसाएको रस र ताम्रभस्मले खोकी सन्चो गर्दछ। शिरिषको फूलको आफ्नै रसमा सेतो खुर्सानीको धुलोले खोकी र सर्पको विष लागेकामा काम गर्छ। मुसुराले सबै खाले दुखाइ नाश गर्दछ र चाँसुरको सागले पित्तदोष हटाउँछ। मेउड, शारिवा, सेरुकी र अङ्कोल यी विषनाशक औषधी हुन्। सुठो, गिलोय, कष्टकारिका, पोकरमूल, पीपलामूल र पीपल यिनीहरूका भोल मूर्छा र मदात्यय रोगमा लिनुपर्दछ। हिङ, कालोनुन एवं व्योष यिनीहरूको दुई दुई पललाई चार सेर घिउ र घिउको चारगुना गउँतमा पकाउनाले उन्माद हटाउने औषधि बन्छ। शङ्खपुष्पी, बोजो र मधुर कूटमा पकाइएको ब्राह्मी रसलाई मिलाएर यी सबैका गोली बनाउने र खाने हो भने त्यसले पुरानो उन्माद (बौलाहापन) र अपस्मार रोग निको पार्दछ र यो बुद्धिवर्धक उत्तम औषधि हुन्छ। हर्रोसँग पञ्चगव्य या घिउको प्रयोगले

पटोलत्रिफलानिम्बगुडूचीधावनीवृषैः ।२०।
सकरञ्जैर्घृतं सिद्धं कुष्ठनुद्वज्रकं स्मृतम् ।
निम्बं पटोलं व्याघ्री च गुडूची वासकं तथा ।२१।
कुर्य्याद्दशपलान्भागानेकैकस्य सकुट्टितान् ।
जलद्रोणे विपक्तव्यं यावत्पादावशेषितम् ।२२।
घृतप्रस्थं पचेत्तेन त्रिफलागर्भसंयुतम् ।
पञ्चतिक्तमिति ख्यातं सर्पिः कुष्ठविनाशनम् ।२३।
अशीतिं वातजान्रोगांश्चत्वारिंशश्च पैत्तिकान् ।
विंशतिं श्लैष्मिकान्कासपीनसार्शोव्रणादिकान् ।२४।
हन्त्यन्यान्योगराजोऽयं यथार्कस्तिमिरं खलु ।
त्रिफलायाः कषायेण भृङ्गराजरसेन च ।२५।
व्रणप्रक्षालनं कुर्य्यादुपदंशप्रशान्तये ।
पटोलदलचूर्णेन दाडिमत्वग्रजोऽथ वा ।२६।
गुण्डयेच्च गजेनापि त्रिफलाचूर्णकेन च ।
त्रिफलायोरजोयष्टिमार्कवोत्पलमारिचैः ।२७।
ससैन्धवैः पचेत्तैलमभ्यङ्गाच्छर्दिकापहम् ।
सक्षीरान्मार्कवरसान्द्विप्रस्थमधुकोत्पलैः ।२८।
पचेत्तु तैलकुडवं तन्नस्यं पलितापहम् ।
निम्बं पटोलं त्रिफला गुडूची खदिरं वृषम् ।२९।
भूनिम्बपाठात्रिफलागुडूचीरक्तचन्दनम् ।
योगद्वयं ज्वरं हन्ति कुष्ठविस्फोटकादिकम् ।३०।
पटोलामृतभूनिम्बवासारिष्टकपर्पटैः ।
खदिरान्तयुतैः क्वाथो विस्फोटज्वरशान्तिकृत् ।३१।
दशमूलीछिन्नरुहा पथ्या दारु पुनर्नवा ।
ज्वरविद्रधिशोथेषु शिग्रुविश्वजिता हिताः ।३२।
मधूकं निम्बपत्राणि लेपः स्याद्व्रणशोधनः ।
त्रिफला खदिरो दार्वी न्यग्रोधातिबलाकुशाः ।३३।
निम्बमूलकपत्राणां कषायाः शोधने हिताः ।
करञ्जारिष्टनिर्गुण्डीरसो हन्याद् व्रणकृमीन् ।३४।
धातकीचन्दनबलासमङ्गामधुकोत्पलैः ।
दार्वीमेदोन्वितैर्लेपः ससर्पिर्व्रणरोपणः ।३५।
गुग्गुलुत्रिफलाव्योषसमांशैर्घृतयोगतः ।
नाडीदुष्टव्रणं शूलं भगन्दरमुखं हरेत् ।३६।
हरितकीं मूत्रसिद्धां सतैललवणान्विताम् ।

कुष्ठरोग नाश गर्दछ। पर्बलको पात, त्रिफला, निमको बोक्रो, गिलोय, पृश्निपर्णी, अडुसाका पत्ता र करञ्ज घिउमा पकाएर सेवन गर्दा कुष्ठ रोग निको हुन्छ। यस औषधिलाई वज्रक भन्दछन्। निमको बोक्रो, पर्बल, कण्टकारी, पञ्चाङ्ग, गिलोय र अडुसा यी दसदस पल लिएर राम्ररी कुटेपछि सोह्र सेर पानीमा झोल बनाएर त्यसमा एक सेर घिउ, बीस तोला त्रिफला चूर्ण मिसेर घोट्दै चौथाइ मात्रै रहने गरी पकाउनुपर्छ। यो पाञ्चतिक्त घृत हो र यसले कुष्ठरोग निको पार्दछ।२-२३।

यो असी खालका वात रोग, चालीस खालका पित्तरोग र बीस खालका कफ रोग, खोकी, पिनाश, बवासिर र व्रणरोग (घाउचोट) निको पार्दछ। सूर्यले जसरी अँध्यारो नाश गर्दछ उसै गरी यस राजा औषधिले अन्य रोगहरू पनि नाश गर्दछ। उपदंश (घाउचोट लागेको, टोकेको) निको पार्न त्रिफलाको झोल पकाएर वा भृङ्गराजका रसले घाउ धुनुपर्दछ। पर्बलका पातको धुलो सँगै अनारका बोक्राको धुलो अथवा गजपिपल वा त्रिफलाको चूर्ण छरिदिनुपर्दछ। त्रिफला, लोहचूर्ण,मुलहठी, अर्कव, नील कमल, मरिच र सिधोनुनसहित पकाएको तेलको मालिसले उल्टी हुन छोड्छ। दुध, मार्कव रस मुलहठी र नीलकमललाई दुई सेर लिएर पकाउँदै एक पाउ पार्नुपर्दछ। त्यसको नसले केश फुल्न दिँदैन। निमको बोक्रो, पर्बलको पात, त्रिफला, गिलोय, खयरको बोक्रो, अडुसा अथवा चिरैतो, पाठा, त्रिफला र रक्त चन्दन यी दुवै खालका मिश्रणहरू जरो निको पार्ने तथा कुष्ठ रोग, घाउ खटिरा, दाग-टाट आदि पनि निको पार्ने हुन्छन्। पर्बलको पात, गिलोय, चिरौतो, अडुसा, मजीठ एवं पित्तपापडा यिनीहरूको पकाइएका झोलमा खयर मिसाइयो भने जरो र विस्फोटक रोगलाई निको पार्ने हुन्छ। दशमूल, गिलोय, हर्रो, काँचोहर्दी, गदहपूर्णा, सहजना र सुठोले जरो, विद्रधि तथा शोथ रोग निको हुन्छन्। महुवा र निमका पत्ताको लेपनले घाउ निको पार्दछ। त्रिफला, काँचोहर्दी, बरको बोक्रो, बरियार, कुश, निमको पात तथा मुलाका पात यिनीहरूको झोल शरीरको बाहिरीभाग सफा गर्न हितकारी हुन्छन्। करञ्ज, निम र मेउडका रसले किरा परेको घाउ निको पार्दछ। धायको फूल, सेतो चन्दन, खरेटी, मजीठ, मुलहठी, कमल, देवदारु र मेदाको घिउका लेपनले घाउ भरिन्छ। गुग्गुल, त्रिफला, पिपल, सुठो, खुर्सानी, पिप्ला यी सबैव समान मात्रामा लिएर ती सबै जति नै घिउ हालेर प्रयोग गर्नुपर्दछ। यस प्रयोगले विभिन्न खालका चोटपटक भित्री घाउखटिरा निको पार्दछ। गउँतमा पकाएको हर्रोलाई रेडीका तेलमा भुटेर सिधो नुनसित सधैँ बिहान खाने गर्दा यसले कफ

प्रातः प्रातश्च सेवेत कफवातामयापहाम् ।३७।
त्रिकटुत्रिफलाक्वाथं सक्षारलवणं पिबेत् ।
कफवातात्मकेष्वेव विरेकः कफवृद्धिनुत् ।३८।
पिप्पलीपिप्पलीमूलवचाचित्रकनागरैः ।
क्वाथितं वा पिबेत्पेयमामवातविनाशनम् ।३९।
रास्नां गुडूचीमेरण्डदेवदारुमहौषधम् ।
पिबेत्सर्वाङ्गिके वाते सामे सन्ध्यास्थिमज्जगे ।४०।
दशमूलकषायं वा पिबेद्वा नागराम्भसा ।
शुण्ठीगोक्षुरकक्वाथः प्राथः प्रातर्निषेवितः ।४१।
सामवातकटीशूलपाचनो रुक्प्रणाशनः ।
समूलपत्रशाखायाः प्रसारण्याश्च तैलकम् ।४२।
गुडूच्याः सुरसः कल्कः चूर्णं वा क्वाथमेव च ।
प्रभूतकालमासेव्य मुच्यते वातशोणितात् ।४३।
पिप्पली वर्द्धमानं वा सेव्यं पथ्या गुडेन वा ।
पटोलत्रिफलातीव्रकटुकामृतसाधितम् ।४४।
पक्वं पीत्वा जयत्याशु सदाहं वातशोणितम् ।
गुग्गुलुं कोष्णशीते तु गुडूचीत्रिफलाम्भसा ।४५
बलापुनर्नवैरण्डबृहतीद्वयगोक्षुरैः ।
सहिङ्गुलवणैः पीतं सद्यो वातरुजापहम् ।४६।
कार्षिकं पिप्पलीमूलं पञ्चैव लवणानि च ।
पिप्पली चित्रकं शुण्ठी त्रिफला त्रिवृता वचा ।४७।
द्वौ क्षारौ शाद्वला दन्ती स्वर्णक्षीरी विषाणिका ।
कोलप्रमाणां गुटिकां पिबेत्सौवीरकायुताम् ।४८।
शोथावपाके त्रिवृता प्रवृद्धे चोदरादिके ।
क्षीरं शोथहरं दारु वर्षाभूर्नागरैः शुभम् ।४९।
सेकस्तथार्कवर्षाभूनिम्बक्वाथेन शोथजित् ।
व्योषगर्भं पलाशस्य त्रिगुणे भस्मवारिणि ।५०।
साधितं पिबतः सर्पिः पतत्यर्शो न संशयः ।
विष्वक्सेनाब्जनिर्गुण्डीसाधितं चापि लावणम् ।५१।
विडङ्गानलसिन्धूत्थरास्नाग्रक्षारदारुभिः ।
तैलं चतुर्गुणं सिद्धं कटुद्रव्यं जलेन वा ।५२।
गण्डमालापहं तैलमभ्यङ्गाद्गलगण्डनुत् ।
शटीकुनागबलयक्वाथः क्षीररस युतम् ।५३।
पयस्यापिप्पलीवासाकल्कं सिद्धं क्षये हितम् ।

एवं वातबाट उत्पन्न हुने रोगहरूलाई निको पार्दछ । सुठो, मरिच, पीपल र त्रिफलाको झोल पकाएर यवक्षार र नवुन मिसेर पिउनुपर्दछ। कफ र वातसँग सम्बन्धित सबै मानिसका रोगहरू यसले रोकथाम गर्दछ र कफ वृद्धिलाई रोक्छ पनि । पीपल, पीपलको जरो, बोजो, चित्रक, सुठो यतिको झोल पकाएर वा अन्य पेय बनाएर पिउने हो भने यसले आमवातको रोग नाश गर्दछ । रास्ना, गिलोय, रेडको बोक्रो, देवदारु र सुठो यिनीहरूको पकाएका झोलले सबै खालका वात र जोर्नी, हड्डी र मज्जा भित्रको आम वातलाई ठीक गर्छ । अथवा सुठाको झोलसँगै दशमूलको पकाएको झोल पिउनुपर्छ। सुठो र गोखरुको पकाएका झोल प्रतिदिन बिहान खाँदा त्यसले आम वातका साथै कटिशूल र पाण्डुरोग नाश गर्दछ । हाँगा र पात सहितको लज्जावतीको तेल पनि त्यसै रोगमा लाभदायी हुन्छ । गिलोयको आफ्नै रस र कल्कको धुलो वा पकाएको झोल लामो समयसम्म खायो भने रोगीले वातको रोगबाट छुट्कारा पाउन सक्छ । वर्धमान पिप्पली वा गुडसँग हर्रो खाने गर्नुपर्दछ । पटोलपत्र, त्रिफला, रायो, कुटकी र गिलोय यिनीहरूले पाक तयार गरेर यसलाई सेवन गर्ने हो भने पोल्ने, रगतसहितको वात रोग छिट्टै निको हुन्छ। गुग्गुललाई चिसो वा तातो पानीमा र त्रिफलालाई मनतातो पानीमा अथवा खरेटी, पुनर्नवा, एरण्डमूल, कटेरी, गोखरुको तातो झोल, हिङ्ग तथा नुनसित खाँदा त्यसले वातबाट उत्पन्न हुने दुखाइ तत्कालै हट्छ । एक तोला पिपलामूल, सैन्धव, सौवर्चल, विड, सामुद्र र औद्भिज यी पाँच नुन, पिप्पली, चित्ता, सुठो, त्रिफला, निशोथ, बोजो, यवक्षार, सर्जक्षार, शीतला, दन्ती, स्वर्णक्षीरी र काकडसिङ्गी यिनीहरूको बयरको दानो जत्रो गोली बनाएर कागतीसँग खानुपर्छ। शोथ तथा त्यसमा पक गराएर पनि त्यसलाई खान सकिन्छ । पेट बढ्दा र निशोथका लागि खानुपर्दछ । दारुहल्दी, पुनर्नवा र सुठो हालेर पकाएको दुध पनि शोथ निवारण हुन्छ । जुन मानिसले त्रिकटुयुक्त घिउलाई तीन गुना पलासभस्मसहित पानीमा पकाएर पिउँछ त्यसको अर्शरोग पक्कै निको हुन्छ। फूल प्रियङ्गु, कमल, सँभालू, वायविडङ्ग, चित्रक, सिधो नुन, रास्ना, दुध, देवदारु र बोजोमा पकाइएको चार गुना तितो द्रव्य भएको तेल मालिस गर्नाले वा पानी मिसाई पिसेर लेपन गर्नाले गलगण्ड वा गण्डमालरोग निको हुन्छ। कचूर, नागकेसर र कुमुदको पकाइएको झोल तथा क्षीरविदारी, पीपल र अडुसाको कल्क दुधमा पकाएर खानाले क्षयरोगमा हित गर्दछ । वचा, विड्लवण, सुठो, हिङ, कूठ, चित्रक र ज्वानो यिनीहरूको क्रमशः दुई, तीन छ, चार, एक, सात,

वचाविडभयाशुण्ठीहिङ्गुकुष्ठाग्निदीप्यकान् ।५४।
द्वित्रिषट्चतुरेकांशसप्तपञ्चाशिका क्रमात् ।
चूर्णं पीतं हन्ति गुल्ममुदरं शूलकासनुत् ।५५।
पाठानिकुम्भत्रिकटुत्रिफलाग्निषु साधितम् ।
मूत्रेण चूर्णगुटिका गुल्मप्लीहादिमर्दनी ।५६।
वासानिम्बपटोलानि त्रिफला वातपित्तनुत् ।
लिह्यात्क्षौद्रेण विडङ्गचूर्णं कृमिविनाशनम् ।५७।
विडङ्गसैन्धवक्षारमूत्रेनापि हरीतकी ।
शल्लकीवदरीजम्बूप्रियालाम्रार्जुनत्वचः ।५८।
पीताः क्षीरेणमध्वक्ताः पृथक्छोणितवारणाः ।
बिल्वाम्रधातकी पाठाशुण्ठीमोचरसाः समाः ।५९।
पीता रुन्धन्त्यतीसारं गुडतक्रेण दुर्जयम् ।
चाङ्गेरीकोलदध्यम्बुनागरक्षारसंयुतम् ।६०।
घृतयुक्क्वाथितं पेयं गुदभ्रंशेरुजापहम् ।
विडङ्गातिविषामुस्तं दारुपाठाकलिङ्गकम् ।६१।
मरीचेन समायुक्तं शोथातीसारनाशनम् ।
शर्करासिन्धुशुण्ठीभिः कृष्णामधुगुडेन वा ।६२।
द्वेद्वे खादेद्धरीतक्यौ जीवेद्वर्षशतं सुखी ।
त्रिफला पिप्पलीयुक्ता समध्वाज्या तथैव सा ।६३।
चूर्णमामलकं तेन सुरसेन तु भावितम् ।
मध्वाज्यशर्करायुक्तं लीढ्वा स्त्रीशः पयः पिबेत् ।६४।
माषपिप्पलिशालीनां यवगोधूमयोस्तथा ।
चूर्णभागैः समांशैश्च पचेत्पिप्पलिकां शुभाम् ।६५।
तां भक्षयित्वा च पिबेच्छर्करामधुरं पयः ।
नवश्चटकवज्जम्भेद् दशवारान्स्त्रियं ध्रुवम् ।६६।
समङ्गाधातकीपुष्पलोध्रनीलोत्पलानि च ।
एतत्क्षीरेण दातव्यं स्त्रीणां प्रदरनाशनम् ।६७।
बीजं कौरण्टकं चापि मधुकं श्वेतचन्दनम् ।
पद्मोत्पलस्य मूलानि मधुकं शर्कर तिलान् ।६८।
द्रवमाणेषु गर्भेषु गर्भस्थापनमुत्तमम् ।
देवदारु नभः कुष्ठं नलदं विश्वभेषजम् ।६९।
लेपः काञ्जिकसम्पिष्टस्तैलयुक्तः शिरोर्त्तिनुत् ।
वस्त्रपूतं क्षिपेत्कोष्णं सिन्धूत्थं कर्णशूलनुत् ७०।
लशुनार्द्रकशिग्रूणां कदल्या वा रसः पृथक् ।

पाँच र चार भाग लिएर धुलो पार्नुपर्दछ। त्यो चूर्ण गुल्मरोग, पेटको रोग, शूल र खोकी निको पार्ने हुन्छ।२४-५५

पाठा, दन्तीमूल, चिकटु र चित्ता यिनको धुलो गउँतमा पिसेर गोली बनाउनुपर्दछ। यस्ता गोलीले गुल्म र प्लिहा रोग निको पार्दछन् । अडूसा, निम र पर्बलका पातको धुलोलाई त्रिफलासहित खानाले वात-पित्तको रोग शान्त गराउँछ वायविडङ्गको चूर्ण महसित लिइयो भने त्यसले कृमि(जुका-चूर्ण) समाप्त गर्दछ। विडङ्ग, सिधो नुन, यवक्षार, एवं गोमूत्रसँग लिइएको हर्रैले पनि कृमि नाश गर्दछ। शल्लकी, बयर, जामुन, प्रियाल, आम र अर्जुन यी वृक्षका बोक्राको धुलो महमा मुछेर दुधसित खानाले रगतसहितको दिसा निको हुन्छ । काँचो बेलको गुदी सुकाएर आँपको बोक्रो, धायको फूल, पाठा, सुठो र मोचरस यिनीहरूको बराबर मात्रा मिलाएर चूर्ण बनाउने र गुड मिसिएको मोहीसित पिउने । यसबाट साध्व नभएका अतिसार पनि रोकिन्छ। चाँगेरी, बयर, दहीको पानी, सुठो र यवक्षार यिनीहरूको झोल पकाएर घिउसित पिउनाले गुदभ्रंश रोग निको हुन्छ । वायविडङ्ग, अतीस, नगरमोथा, देवदारु, पाठा तथा इन्द्रयव यिनीहरूको झोल पकाएर मरिचको धुलो हालेर पिउनाले शोथसहितको अतिसार हराउँछ । शर्करा, सैन्धव र सुठोसँग अथवा पीपल, मधु एवं गुडसित प्रतिदिन दुईवटा हर्रै खाने हो भने मानिस सय वर्ष नै जस्तो लामो आयु सुखले बाँच्छ । पिप्पलीयुक्त त्रिफला पनि मधु र घिउसित प्रयोगमा ल्याउने हो भने त्यस्तै फल दिन्छ। अमलाकै रसमा पकाइएका अमलाको धुलोलाई मह, घिउ र शर्करासित चाटेर दुध पिउने हो भने त्यसबाट मानिस स्त्रीहरूको प्रिय अधिपति हुन सक्छ। मास, पिपल, चामल, जौ र गहुँको पिठो समान मात्रामा मिसाएर घिउमा त्यसको पुरी पकाउने र त्यसैको भोजन गरेर शर्करायुक्त गुलियो दुध पिउने । यस प्रकारको प्रयोगले मानिस अवश्य पनि भँगेरो जत्तिकै दस पटकसम्म स्त्रीसम्भोग गर्नमा सक्षम हुन्छ। मजिठ, धायको फूल, लोथ, नीलकमल यी सबैलाइ दुधसित दिने हो भने यसले स्त्रीहरूको प्रदर रोगलाई हटाइदिन्छ । पहेँलो कटसरैया, मुलहठी, र श्वेतचन्दन यी पनि प्रदर रोगलाई नाश गर्ने औषधि नै हुन् । श्वेतकमल र नीलकमलको जरो तथा मुलहठी, शर्करा र तिल यिनीहरूको धुलो गर्भपातको शङ्का भएमा गर्भ थाम्नमा उत्तम ओखती हुन्। देवदारु, अभ्रख, कूठ, खस र सोंठ यिनीहरूलाई कागतीसँग पिसेर तेल मिसाएर मालिस गर्ने हो भने टाउको दुख्ने रोग निको हुन्छ। सिधो नुनलाई तेलमा पकाएर तेल छान्ने अनि तेल नजानिँदो तातो भएपछि त्यसलाई कानमा हाल्नाले कानको दुखाइ निको हुन्छ । लसुन, अदुवा, सहजन र केरा यिनीहरू जुनसुकैको रस कान दुखाइको औषधि हो। बरियार,

बलाशतावरीरास्नामृताः मैरीयकैः पिबेत् ।७१।
त्रिफलासहितं सर्पिस्तिमिरघ्नमनुत्तमम् ।
त्रिफलाव्योपसिन्धूत्थैर्घृतं सिद्धं पिबेन्नरः ।७२।
चाक्षुष्यं भेदनं हृद्यं दीपनं कफरोगनुत् ।
नीलोत्पलस्य किञ्जल्कं गोशकृद्रससंयुतम् ।७३।
गुटिकाञ्जनमेतत्स्याद्दिनरात्र्यन्धयोर्हितम् ।
यष्टीमधुवचाकृष्णाबीजाना कुटजस्य च ।७४।
कल्केनालोड्य निम्बस्य कषायो वमनाय सः ।
स्निग्धस्विन्नयवं तोयं प्रदातव्यं विरेचनम् ।७५।
अन्यथा योजितं कुर्य्यान्मन्दाग्निं गौरवारुची ।
पथ्यासैन्धवकृष्णानां चूर्णमुष्णाम्बुना पिबेत् ।७६।
विरेकः सर्वरोगघ्नः श्रेष्ठो नाराचसंज्ञकः ।
सिद्धयोगा मुनिभ्यो ये आत्रेयेण प्रदर्शिताः ।
सर्वरोगहराः सर्वयोगाग्र्याः सुश्रुतेन हि ।७७।

शतावरी, रास्ना, गिलोय, कटसरैया र त्रिफला यिनीहरूलाई घिउमा पकाएर खाने हो भने तिमिररोग(अन्धोपन) नाश गर्नमा अत्यन्त उत्तम हुन्छ भन्ने मानिएको छ। त्रिफला, त्रिकटु र सिधो नुन घिउमा पकाएर मानिसले खानुपर्दछ। यो आँखा र हृदयका लागि हितकारी, विरेचक, दीपन र कफरोगनाशक हुन्छ। निलकमलको परागलाई गाईको गोबरमा मिसेर बनाइएका अञ्जनका गुटिका दिउँसो र रातको अन्धपनको रोग नाश गर्ने हुन्छ। मुलहठी, बच, पिप्पलीबीज, करैयाका बोक्राको कल्क र निमको पकाएको झोल फिटेर दिने हो भने उल्टी गराउने हुन्छ। अत्यन्त चिल्लो र रेडीजस्ता तेलले चिल्लो पारिएको वा पकाइएको जौको पानी विरेचन हुन्छ। तर यसको अनुचित प्रयोगले मन्दाग्नि, पेटमा भारीपना र अरुचि उत्पन्न पनि गराउँछ। हर्रै, सिधा नुन र यिनीहरूको समान मात्राको धुलो तातो पानीसँग लिने हो भने नाराच नामको यो चूर्ण सबै खालका रोगको नाशक र रोकथाम गर्ने हुन्छ। महर्षि आत्रेयले मुनिहरूका लागि जुन प्रसिद्ध यौगिकहरूको बयान गरे सबै यौगिकहरूमा श्रेष्ठ ती सबै रोग निवारण गर्ने यौगिकहरूको ज्ञान सुश्रुतले प्राप्त गरेका थिए ।५६-७७।

२८६. षडशीत्यधिकद्विशततमोऽध्यायः

मृत्युञ्जयकल्प

धन्वन्तरिरुवाच

कल्पान्मृत्युञ्जयान्वक्ष्ये ह्यायुर्दान्रोगमर्दनान् ।
त्रिशती रोगहा सेव्या मध्वाज्यत्रिफलामृता ।१।
पलं पलार्द्धं कर्षं वा त्रिफलां सकलां तथा ।
बिल्वतैलस्य नस्यं च मासं पञ्चशती कविः ।२।
रोगापमृत्युबलिजित्तिलं भल्लातकं तथा ।
पञ्चाङ्गं वाकुबचीचूर्णं षण्मासं खदिरोदकैः ।३।
क्वाथैः कुष्ठं जयेत्सेव्यं चूर्णं नीलकुरुण्टजम् ।
क्षीरेण मधुना वापि शतायुः खण्डदुग्धभुक् ।४।
मध्वाज्यशुण्ठीं संसेव्य पलं प्रातः स मृत्युजित् ।
बलीपलितजिज्जीवेन्माण्डूकीचूर्णदुग्धपाः ।५।
उच्चटा मधुना कर्षं पयःपा मृत्युजिन्नरः ।

धन्वन्तरि भन्दछन्– हे सुश्रुत ! अब म मृत्युञ्जय कल्पका विषयमा वर्णन गर्दछु र यो आयु दिने एवं सबै रोगलाई नाश गर्ने प्रकारको हुन्छ। मधु, घिउ, त्रिफला र गिलोयको सेवन गर्नुपर्दछ। यसले रोगहरूको निराकरण गर्दछ र तीन सय वर्षसम्मको आयु प्रदान गर्न सक्छ। चार तोला, दुई तोला अथवा एक तोलाका मात्रामा त्रिफलाको सेवनले त्यही फल दिन्छ। एक महिनासम्म बिल्व तेलको मालिस गर्ने हो भने पाँच सय वर्षको आयु र कवित्व शक्ति प्राप्त हुन्छ। भिलावा र तिलको तेलका सेवनले रोग, अपमृत्यु र वृद्धावस्था पर हटाइदिन्छ। वाकुची पञ्चाङ्गको चूर्णलाई खयरको पकाएको झोलसँग छ महिनासम्म खाने हो भने रोगीले कुष्ठमाथि पनि विजय प्राप्त गर्दछ। नीलो कटसरैयाको चूर्णलाई मधु वा दुधसँग सेवन गर्नु हितकारी हुन्छ। चिनी फिटेको दुध खाने सय वर्षको आयु प्राप्त गर्दछ। सधैँ बिहान मह, घिउ र सुठो चार तोलाका दरले खाने मान्छे अजम्मरी हुन्छ। ब्राह्मीका धुलोसँग दुध खाने मानिसको अनुहार चाउरी पर्दैन र त्यसको कपाल पनि फुल्दैन। उसले दीर्घ जीवन प्राप्त गर्दछ। महका साथ उच्चटा(भुइँ अमला) एक तोलाका

मध्वाज्यैः पयसा वापि निर्गुण्डी रोगमृत्युजित् ।६।
पलाशतैलं कर्षैकं पण्मासं मधुना पिबेत् ।
दुग्धभोजी पञ्चशती सहस्रायुर्भवेन्नरः ।७।
ज्योतिष्मती पत्ररसं पयसा त्रिफलां पिबेत् ।
मधुनाज्यं ततस्तद्वच्छतावर्य्या रजः पलम् ।८।
क्षौद्राज्यैः पयसा वापि निर्गुण्डी रोगमृत्युजित् ।
पञ्चाङ्गं निम्बचूर्णस्य खद्विरक्वाथभावितम् ।९।
कर्षं भृङ्गरसेनापि रोगजिच्चामरो भवेत् ।
रुदन्तिकाज्यमधुभुग्दुग्धभोजी च मृत्युजित् ।१०।
कर्षचूर्णं हरीतक्या भावितं भृङ्गराड्रसैः ।
घृतेन मधुनाऽसेव्य त्रिशतायुश्च रोगजित् ।११।
वाराहिका भृङ्गरसं लोहचूर्णं शतावरी ।
साज्यं कर्षं पञ्चशती कार्त्तचूर्णं शतावरी ।१२।
भावितं भृङ्गराजेन मध्वाज्यं त्रिशती भवेत् ।
ताम्रं मृतं मृततुल्यं गन्धकं च कुमारिका ।१३।
रसैर्विमृत्य द्वे गुञ्जे साज्यं पञ्चशताब्दवान् ।
अश्वगन्धा पलं तैलं साज्यं खण्डं शताब्दवान् ।१४।
पलं पुनर्नवाचूर्णं मध्वाज्यपयसा पिबन् ।
अशोकचूर्णस्य पलं मध्वाज्यं पयसार्त्तिनुत् ।१५।
तिलस्य तैलं समधु नस्यात्कृष्णकचः शती ।
कर्षमक्षं समध्वाज्यं शतायुः पयसा पिबन् ।१६।
अभयां सगुडं जग्ध्वा घृतेन मधुरादिभिः ।
दुग्धान्नभुक्कृष्णकेशोऽरोगी पञ्चशताब्दवान् ।१७।
पलं कूष्माण्डिकाचूर्णं मध्वाज्यपयसा पिबन् ।
मासं दुग्धान्नभोजी च सहस्रायुर्विरोगवान् ।१८।
शालूकचूर्णं भृङ्गाज्यं समध्वाज्यं शताब्दकृत् ।
कटुतुम्बीतैलनस्यं कर्षं शतद्वयाब्दवान् ।१९।
त्रिफला पिप्पली शुण्ठी सेविता त्रिशताब्दकृत् ।
शतावर्य्याः पूर्वयोगः सहस्रायुर्बलातिकृत् ।२०।

दरले खाएर दुध पिउने मानिसले मृत्युलाई जित्दछ । मह, घिउ अथवा दुधसँग मेउडको रस सेवन गर्नेले रोग र मृत्युलाई जित्दछ । छ महिनासम्म दिनैपिच्छे एक तोलाजति पलाश तैल महसित खाएर दुध पिउने मान्छेले पाँच सय वर्षको आयु पाएको हुन्छ। दुधसँगै काँगनीका पत्ताको झोल वा त्रिफला खाने गर्ने हो भने यसबाट मानिसले हजार वर्षको आयु प्राप्त गर्न सक्छ। यसै गरी महसित घिउ र चार तोलाजति शतविरि चूर्ण सेवन गर्नाले पनि हजारौँ वर्षको आयु प्राप्त हुन सक्छ। घिउ अथवा दुधसित मेउडका जराको चूर्ण वा पात निचोरेको रसले रोग एवं मृत्युको नाश गर्दछ। निमको पञ्चाङ्ग चूर्णलाई खयरको पकाएको झोलसँग मिसाएर भृङ्गराजका रससित उक तोलाजति खाने गरेको मानिस रोगलाई जित्दै अमर हुन सक्छ। घिउ अथवा महसित रुदन्तिका चूर्ण सेवन गर्नाले वा केवल दुग्धाहारले मात्रै पनि मासिले मृत्युलाई जित्न सक्छ। हरीतकीको चूर्णलाई भृङ्गराजसरमा मुछेर एकेक तोलाका दरले घिउ र महसँगै सेवन गर्ने मानिस रोगमुक्त भएर तीन सय वर्षको आयु प्राप्त गर्न सक्छ। गेठी, लोहचूर्ण, शतावरी समान भागमा भृङ्गराजको रस तथा घिउसित एक तोलाका दरले खाने गर्दा मानिसले पाँच सय वर्षको आयु प्राप्त गर्दछ। लौहभस्म तथा शतावरीलाई भृङ्गराजको रसमा मुछेर मधु एवं घिउसित खानाले तीन सय वर्षको आयु प्राप्त हुन्छ। ताम्रभस्म, गिलोय, शुद्ध गन्धक समान मात्रामा घिउकुमारीका रसमा घोटेर दुईदुई रतीका गोली बनाउने र त्यसलाई घिउसित खाने गर्दा मानिसले पाँच सय वर्षको आयु प्राप्त गर्दछ। असगन्ध, त्रिफला, चिनी, तेल र घिउमा सेवन गर्नेले सय वर्षसम्म बाँच्दछ। गहदपूर्णाको चूर्ण एक पललाई मह, घिउ र दुधसित खाने पनि सय वर्ष आयु भएको हुन्छ। अशोकको बोक्राको एक पल चूर्ण मधु र घिउसित खाएर दुधपान गर्दा रोगनाश हुन्छ। निमका तेललाई मधुसहित नस्य लिने गर्दा मानिस सय वर्ष बाँच्दछ र उसको कपाल सधैँ कालै रहन्छ। बहेडेको चूर्णलाई एक तोलाका दरले मह, घिउ र दुधसित पिउने सय वर्षको आयु भएको हुनेछ। मधुरादिगणका औषधिहरू र हरीतकीलाई गुड र घिउसित खाएर दुधसहितको अन्न खाने गरेका मानिसको कपाल सधैँ कालो हुन्छ, ऊ रोगरहित हुन्छ र पाँच सय वर्षको जीवन प्राप्त गर्दछ। एक महिनासम्म सेतो पठा/पेठेको एक पल चूर्णलाई मधु, घिउ र दुधसित सेवन गर्दै दुध र भात खाने मानिस निरोगी हुँदै एक हजार वर्षको आयु उपभोग गर्दछ। कमलगन्धको चूर्ण भाँगराको रसमा मुछेर मधु र घृतसँग लिइयो भने त्यसले सय वर्षको आयु प्रदान गर्दछ। तितो तुम्बीको एक तोलाजतिको तेलको नस्य(मालिस)ले दुई सय वर्षको आयु प्रदान गर्दछ। त्रिफला, पीपल र सुठो

चित्रकेण तथा पूर्वस्तथा शुण्ठीपिडङ्गतः।
लोहेन भृङ्गराजेन वलयानिम्बपञ्चकैः।२१।
खदिरेण च निर्गुण्ड्या कण्टकार्य्याथ वासकात्।
वर्षाभुवा तद्रसैर्वा भावितो वटिकाकृतः।२२।
चूर्णं घृतैर्वा मधुना गुडाद्यैर्वारिणा तथा।
ओं हूं स इति मन्त्रेण मन्त्रितो योगराजकः।२३।
मृतसञ्जीवनीकल्पो रोगमृत्युञ्जयो भवेत्।
सुरासुरैश्च मुनिभिः सेविता कल्पसागराः।
गजायुर्वेदं प्रोवाच पालकाप्योऽङ्गराजकम्।२४।

यिनीहरूको प्रयोग तीनसय वर्षको आयु प्रदान गर्ने हुन्छ। शतावरीसित यिनीहरूको सेवन गर्दा अत्यन्त बलप्रद र हजार वर्षको आयु प्रदान गर्दछ। चित्रकसँग तथा सुठोसित विडङ्गको प्रयोग पनि पूर्ववत् फलप्रद नै हुन्छ। त्रिफला, पीपल र सुठो यिनीहरूलाई लोह, भृङ्गराज, खरेटी, निम्ब-पञ्चाङ्ग, खयर, निर्गुण्डी, कटेरी, अडुसा र पुनर्नवासँग या यिनीहरूका रसमा मुछेर या यिनीहरूमा मिसाएर भूर्ण वा बटी बनाएर त्यसलाई घिउ, मह, गुड र जल आदिसँग सेवन गर्नाले पूर्वोक्त फलहरू प्रदान गर्दछ। ओं हूं सः यस मन्त्रले मन्त्रिएको योगराज मृतसञ्जीवनीजत्तिकै हुन्छ। त्यसको सेवनबाट मानिसले रोग र मृत्युमाथि विजय प्राप्त गर्नसक्छ। देवता, असुर र मुनिहरूले यिनै कल्पसागर सेवन गरेका छन्। गजायुर्वेद (हात्तीको उपचार)का विषयमा पालकाप्यले अङ्गराज लोमपालसित वर्णन गरेका थिए।१-२४।

२८७. सप्ताशीत्यधिकद्विशततमोऽध्यायः
गजचिकित्सा

पालकाप्य उवाच
गजलक्ष्म चिकित्सां च लोमपाद वदामि ते।
दीर्घहस्ता महोच्छ्वासाः प्रशस्तास्ते सहिष्णवः।१।
विंशत्यष्टादश नखाः शीतकालमदाश्च ये।
दक्षिणञ्चोन्नतो दन्तो बृंहितं जलदोपमम्।२।
कर्णौ च विपुलौ येषां सूक्ष्मबिन्द्वन्वितास्त्वचौ।
ते धार्य्या न तथा धार्या वामना ये च सङ्कुशाः।३।
हस्तिन्यः पार्श्वगर्भिण्यो ये च मूढा मतङ्गजाः।
वर्णं सत्त्वं बलं रूपं कान्तिः संहननञ्जवः।४।
सप्तस्थितो गजश्चेद्दृक्सङ्ग्रामेऽरीञ्जयेत्स च।
कुञ्जराः परमा शोभा शिबिरस्य बलस्य च।५।
आयत्तं कुञ्जरैश्चैव विजयं पृथिवीक्षिताम्।
पाकलेषु च सर्वेषु कर्त्तव्यमनुवासनम्।६।
घृततैलपरीपाकं स्थानं वातविवर्जितम्।
स्कन्धेषु च क्रिया कार्य्या तथा पालकवन्नृपाः।७।
गोमूत्रं पाण्डुरोगेषु रजनीभ्यां घृतं द्विज।
आनाहे तैलसिक्तस्य निषेकस्तस्य शस्यते।८।
लवणैः पञ्चभिर्मिश्रा प्रतिपानाय वारुणी।

पालकाप्यले भने– हे लोमपाद! अब म तिमीसँग हात्तीहरूको लक्षण र चिकित्साको विषयमा वर्णन गर्दछु। लामो सुँड भएको, लामो श्वास लिने, आघात सहन गर्न सक्ने, बीस या अठार नङ भएको एवं शीतकालमा मदको धारा बगाउने हात्ती राम्रो मानिएको छ। दाहिने दाँत उचालिएको, मेघसमान गम्भीर गर्जना भएको, कान विशाल तथा छालामा सूक्ष्म बिन्दुहरू चित्रित भएका हात्तीहरू जम्मा गर्नुपर्दछ। तर सानो वा ख्याउटे खालको र लक्षण राम्रो नभएका हात्ती कहिल्यै राख्नु हुँदैन। पार्श्वगर्भिणी हतिनी र बोधो उन्मत्त हात्ती पनि राख्नु हुँदैन। वर्ण, सत्त्व, बल, रूप, कान्ति, शारीरिक सङ्गठन र वेग यी सात गुण भएको गजराजले सामनेको युद्धमा शत्रुमाथि विजय प्राप्त गर्दछ। गजराज नै शिविर र सेनाको शोभा हो। राजाको विजय हात्तीहरूका अधीनमा रहेको हुन्छ। हात्तीको जुनसुकै खालको ज्वरोमा आराम गर्न दिनुपर्छ। घिउ र तेलको मालिससँगै नुहाइदिनाले वात रोग निको हुन्छ। हात्तीको स्कन्धरोगहरूमा राजहरूले पहिले भनेझैं अनुवासन दिनुपर्दछ। हे द्विजश्रेष्ठ! पाण्डुरोगमा गोमूत्र, हरिद्रा र घिउ दिनुपर्छ। कब्जीयत हुँदाखेरि सम्पूर्ण शरीरमा तेल मालिस गराएर नुहाइदिनु वा क्षरण गराउनु राम्रो हुन्छ। हात्तीलाई कालोनुन, सिधोनुन, सञ्चरनुन, समुद्रीनुन र काचलवण यो

विडङ्गत्रिफलाव्योषसैन्धवैः कवलान्कृतान् ।९।
मूर्च्छासु भोजयेन्नागं क्षौद्रं तोयञ्च पाययेत् ।
अभ्यङ्गः शिरसः शूले नस्यं चैव प्रशस्यते ।१०।
नागानां स्नेहपुटकः पादरोगानुपक्रमेत् ।
पश्चात्कल्ककषायेण शोधनं च विधीयते ।११।
शिखितित्तिरिलावानां पिप्पलीमरिचान्वितैः ।
रसैः सम्भोजयेन्नागं वेपथुर्यस्य जायते ।१२।
बालबिल्वं तथा लोध्रं धातकी सितया सह ।
अतीसारविनाशाय पिण्डीं भुञ्जीत कुञ्जरः ।१३।
नस्यं करग्रहे देयं घृतं लवणसंयुतम् ।
मागधीनागराजाजीयवागूर्मुस्तसाधिता ।१४।
उत्कर्णके तु दातव्या वाराहं च तथा रसम् ।
दशमूलकुलत्थाम्लकाकमाचीविपाचितम् ।१५।
तैलमूषणसंयुक्तं गलग्रहगदापहम् ।
अष्टभिर्लवणैः पिष्टैः प्रसन्नाः पाययेद् धृतम् ।१६।
मूत्रभङ्गेऽथ वा बीजं क्वथितं त्रापुषस्य च ।
त्वग्दोषेषु पिबेन्निम्बं वृषं वा क्वथितं द्विपः ।१७।
गवां मूत्रं विडङ्गानि कृमिकोष्ठेषु शस्यते ।
शृङ्गवेरकणाद्राक्षाशर्कराभिः शृतं पयः ।१८।
क्षतक्षयकरं पानं तथा मांसरसः शुभः ।
मुद्गोदनं व्योषयुतमरुचौ तु प्रशस्यते ।१९।
त्रिवृद्धोषाग्निदन्त्यर्कश्यामाक्षीरेभपिप्पली ।
एतैर्गुल्महरः स्नेहः कृतश्चैव तथापरः ।२०।
भेदनद्रावणाभ्यङ्गस्नेहपानानुवासनैः ।
सर्वानिव समुत्पन्नान्विद्रधीन्समुपाहरेत् ।२१।
यष्टिकं मुद्गसूपेन शारदेन तथा पिबेत् ।
बालबिल्वैस्तथा लेपः कटुरोगेषु शस्यते ।२२।
विडङ्गेन्द्रयवौ हिङ्गु सरलं रजनीद्वयम् ।
पूर्वाह्णे दापयेत्पिण्डान्सर्वशूलोपशान्तये ।२३।
प्रधानभोजने तेषां यष्टिकव्रीहिशालयः ।
मध्यमो यवगोधूमौ शेवा दन्तिनि चाधमाः ।२४।
यवश्चैव तथैवेक्षुर्नागानां बलवर्धनः ।
नागानां यवसं शुष्कं तथा धातुप्रकोपनम् ।२५।
प्रदक्षीणस्य नागस्य पयःपानं प्रशस्यते ।

पञ्चलवण मिलेको वारुणीमदिरा पान गराउनुपर्छ। हात्तीको मूर्च्छा रोगमा वायविडङ्ग, त्रिफला, त्रिकटु र सिधोनुनको ग्रास बनाएर खुवाउनुपर्दछ र मह मिसेको पानी पिउन दिनुपर्छ। शिरशूलमा मालिस र नस्य गर्नुपर्छ भनिएको छ। हात्तीका खुट्टाका रोगमा तेलसहितको मालिस गर्दै चिकित्सा गर्नुपर्छ। त्यसपछि कल्क र कषायले त्यसलाई शोधन गर्नुपर्दछ। जुन हात्तीलाई कम्पन हुन्छ त्यसलाई पीपल र मरिच मिसेर मयूर, तित्रो र बट्टाईको मासुसहितको खाने कुरा खुवाउनुपर्छ। हात्तीको अतिसार रोक्नका लागि नेत्रबाला, बेलको गुदीसुकेको, लोध, धायको फूल र मिस्रीको डल्लो बनाएर खुवाउनुपर्छ। सुँडको रोग लागेका अवस्थामा नुनसहितको घिउको नस्य(मालीस) गर्नुपर्दछ। उत्कर्णक रोगमा पीपल, सुठो, कालोजिरा र नागरमोथा मिसाएर पकाएको खोले र वाराहीदन्तको रस दिनुपर्दछ। दसमूल, कुलथी, अम्लवेत र काकमाची पकाएर बनाएको तेल मरिचमा मिसाएर लगाउँदा गलग्रह रोग निको हुन्छ। मूत्ररोगमा अष्टलवणयुक्त सुरा र घिउको पान गराउनुपर्छ र काँक्राका बियाँको झोल पकाएर दिनुपर्छ। हात्तीका छालाको रोगमा निम या अडुसाको झोल पकाएर खुवाउनुपर्छ। कृमियुक्त कोष्ठ घाउमा किरा परेको वा पेटमा जुकाचुर्ना परेकोलाई निको पार्नका लागि गोमूत्र र वायविडङ्ग नै उत्तम हुन्छन्। सुठो, पीपल, मुनक्का र शर्कराको सर्बत पानी खुवाउनाले क्षतदोष(घाउचोट) निको पार्ने हुन्छ।१-१८।

घाउचोट निको पार्नमा मासुको झोल पनि काम लाग्दो नै हुन्छ। अरुचि रोगमा सुठो, खुर्सानी र पिप्पलीयुक्त मुगी-भात राम्रो हुन्छ। निशोथ, त्रिकटु, चित्रक, दन्ती, आक, पीपल, दुध र गजपिपलले पकाएर बनाइएको चिल्लोले गुल्मरोगलाई निको पार्छ। यसै गरी भेदन, द्रावण, अभ्यङ्ग, स्नेहपान र अनुवासनबाट पनि हात्तीका सबै खालका रोगहरू निको पार्न चिकित्सकले जान्नुपर्दछ। हात्तीको कटु रोगमा मुगीको दाल तथा मुगीसँगै मलहठी मिसाएर नेत्रबाला एवं बेलको बोक्राको लेपन लगाउनुपर्छ। सबै खालका शूल रोगहरू निको पार्नका लागि बिहानीपन इन्द्रयव, हिङ, धुपीसल्लो, बेसार, काँचो हर्दीको डल्ला खुवाउनुपर्छ। हात्तीहरूको राम्रो खुराकीभित्र साठी चामल, मध्यम खुराकीमा गहुँ र जौ अनि निकृष्ट खुराकीमा अन्य भक्ष्य पदार्थलाई लिइन्छ। जौ र उखुले हात्तीको बल बढ्छ र सुकेका घाँसले तिनको जोसलाई उराल्छ। मदहीन हात्तीलाई दुध खुवाउनु राम्रो हुन्छ

दीपनीयैस्तथा द्रव्यैः शृतो मांसरसः शुभः ।२६।
वायसः कुक्कुरश्चोभौ काकोलूककुलो हरिः ।
भवेत्क्षौद्रेण संयुक्तः पिण्डो युद्धे महापदि ।२७।
कटुमत्स्यविडङ्गानि क्षारः कोषातकीपयः ।
हरिद्रा चेति धूपोऽयं कुञ्जरस्य जयावहः ।२८।
पिप्पलीतण्डुलास्तैलं माध्वीकं माक्षिकं तथा ।
नेत्रयोः परिषेकोयं दीपनीयः प्रशस्यते ।२९।
पुरीषं चटकायाश्च तथा पारावतस्य च ।
क्षीरवृक्षकरीषाश्च प्रशन्नायेष्टमञ्जनम् ।३०।
अनेनाञ्जितनेत्रस्तु करोति कदनं रणे ।
उत्पलानि च नीलानि मुस्तं तगरमेव च ।३१।
तण्डुलोदकपिष्टानि नेत्रनिर्वापणं परम् ।
नखवृद्धौ नखच्छेदस्तैलसेकश्च मास्यपि ।३२।
शय्यास्थानं भवेच्चास्य करीषैः पांसुभिस्तथा ।
शरन्निदाघयोःसेकः सर्पिषा च तथेष्यते ।३३।

र दीपनीय द्रव्यद्वारा पकाइएको मासुको झोल पनि लाभप्रद हुन्छ। गुग्गुल, गठिवन, करकोल्यादिगण र चन्दन यी सबैलाई मधुसित प्रयोग गर्नुपर्दछ । यसबाट पिण्डोद्रेक नामको रोग निको हुन्छ। कुटकी, मत्स्य, वायविडङ्ग, लवण, कोशातकीको दुध र हल्दी यिनीहरूको धुप हात्तीका लागि विजयप्रद हुन्छ। पीपल, चामल, तेल, महुवा वा अङ्गुरको सुरा तथा मधु यिनले आँखा सेकिदिनु आँखाको ज्योतिका लागि हितकर मानिन्छ। भँगेरो र परेवाको विष्टा, गुलर, सुकेको गोबर एवं मदिरा यिनीहरूले बनेको मञ्जन हात्तीलाई प्रिय हुन्छ। यसले हात्तीका आँखामा गाजल लगाइदिने हो भने त्यसले लडाइँमा शत्रुहरूलाई किचिमिची पार्दछ । निलकमल, नागरमोथा र तगर यिनलाई चौलानी हालेर पिस्नुपर्दछ । यसले हात्तीका आँखामा धेरै शान्ति प्रदान गर्दछ । नङ लामा भएभने काटि दिनुपर्छ र प्रत्येक महिना तेल लगाएर सेकिदिनुपर्छ। हात्तीको सुत्ने थलो सुकेको गोबर र धुलो भएको हुनुपर्दछ। शरद् र ग्रीष्म ऋतुमा हात्तीलाई घिउको सेक हितकारी हुन्छ।१९-३३।

२८८. अष्टाशीत्यधिकद्विशततमोऽध्यायः

अश्ववाहनसार

धन्वन्तरिरुवाच

अश्ववाहनसारं च वक्ष्ये चाश्वचिकित्सनम् ।
वाजिनां सङ्ग्रहः कार्य्यो धर्मकर्मार्थसिद्धये ।१।
अश्विनी श्रवणं हस्तमुत्तरात्रितयं तथा ।
नक्षत्राणि प्रशस्तानि हयानामादिवाहने ।२।
हेमन्तः शिशिरश्चैव वसन्तश्चाश्ववाहने ।
ग्रीष्मे शरदि वर्षासु निषिद्धं वाहनं हये ।३।
तीव्रैर्न च परैर्दण्डैरदेशे न च ताडयेत् ।
कीलास्थिसङ्कुले चैव विषमे कण्टकान्विते ।४।
वालुकापङ्कसंछन्ने गर्त्तागर्त्तप्रदूषिते ।
अचित्तज्ञो विनोपायैर्वाहनं कुरुते तु यः ।५।
स वाह्यते हयेनैव पृष्ठस्थः कटिकां विना ।
छन्दं विज्ञापयेत्कोऽपि सुकृती धीमतां वरः ।६।

धन्वन्तरि भन्दछन्– हे सुश्रुत ! अब म अश्ववाहनको रहस्य र अश्वको चिकित्साका विषयमा भन्दछु। धर्म, कर्म र अर्थको सिद्धिका लागि अश्वहरू सङ्ग्रह गर्नुपर्दछ । घोडामाथि पहिलोपटक सवार गर्नका लागि अश्विनी, श्रवण, हस्त, उत्तराषाढ, उत्तरभाद्रपद र उत्तरफाल्गुनी नक्षत्र प्रशंसित हुन्छन् भन्ने मानिएको छ। घोडामा चढनका लागि हेमन्त, शिशिर र वसन्त ऋतु उत्तम हुन्छन्। ग्रीष्म, शरद र वर्षा ऋतुमा घोडसवारी गर्नु निषिद्ध छ। घोडालाई धारिले र नुहुने लौराले हिर्काउनु हुँदैन। घोडाको मुखमा हिर्काउनु हुँदैन । जुन मान्छेले घोडाको मन(आनीवानी) नजानीकन, सवारी गर्ने ढङ्ग नजानीकन चढ्दछ र घोडालाई किला, काँडा, हड्डी भएको दुर्गम, बालुवा र हिलो भएको, खाल्टा भाँडा भएको, ठाडो उकालो मार्गमा जान्छ र पिठ्युँमा काठी नै नराखी चढ्छ त्यस्तो मूर्ख अश्वकै वाहन हुन्छ र आपद्मा पर्छ । कुनै धेरै बुझक्कीहरू भने अश्वशास्त्र नपढीकनै पनि केवल अभ्यास र अध्यवसायले अश्वलाई आफ्नो लक्ष्य चिनाउँदै राम्रो अश्वसवार बन्न सक्छन्। अथवा घोडाको मनसुब बुझेर अरुलाई पनि त्यस कुराको ज्ञान दिन सक्छ । अश्वलाई

अभ्यासादभियोगाच्च विना शास्त्रं स्ववाहकः ।
स्नातस्य प्राङ्मुखस्याथ देवान्वपुषि योजयेत् ।७।
प्रणवादिनमोऽन्तेन स्वबीजेन यथाक्रमम् ।
ब्रह्मा चित्ते बले विष्णुर्वैनतेयः पराक्रमे ।८।
पार्श्वे रुद्रा गुरुर्बुद्धौ विश्वेदेवाश्च मर्मसु ।
दृगावर्त्ते दृशीन्द्वर्कौ कर्णयोरश्विनो तथा ।९।
जठरेऽग्निः स्वधा स्वेदं वाग्जिह्वाया जवेनिलः ।
पृष्ठतो नाकपृष्ठस्तु खुराग्रे सर्वपर्वताः ।१०।
ताराश्च रोमकूपेषु हृदि चान्द्रमसी कला ।
तेजस्यग्नी रतिः श्रोण्यां ललाटे च जगत्पतिः ।११।
ग्रहाश्च हेषिते चैव तथैवारेसि वासुकिः ।
उपोषितोऽर्चयेत्सादी हयं दक्षश्रुतौ जपेत् ।१२।
हय गन्धर्वराजस्त्वं शृणुष्व वचनं मम ।
गन्धर्वकुलजातस्त्वं मा भूस्त्वं कुलदूषकः ।१३।
द्विजानां सत्यवाक्येन सोमस्य गरुडस्य च ।
रुद्रस्य वरुणस्यैव पवनस्य बलेन च ।१४।
हुताशनस्य दीप्त्या च स्मर जाति तुरङ्गम ।
स्मर राजेन्द्रपुत्रस्त्वं सत्यवाक्यमनुस्मर ।१५।
स्मर त्वं वारुणीं कन्यां स्मरत्वं कौस्तुभं मणिम् ।
क्षीरोदसागरे चैव मथ्यमाने सुरासुरैः ।१६।
तत्र देवकुले जातः स्ववाक्यं परिपालय ।
कुले जातस्त्वमश्वाना मित्रं मे भव शाश्वतम् ।१७।
शृणु मित्र त्वमेतच्च सिद्धो मे भव वाहन ।
विजयं रक्ष मां चैव समरे सिद्धिमावह ।१८।
तव पृष्ठं समारुह्य हता दैत्याः सुरैः पुरा ।
अधुना त्वां समारुह्य जेष्यामि रिपुवाहिनीम् ।१९।
कर्णजापं ततः कृत्वा विमुह्य च तथाप्यरीन् ।
पर्य्यानयेद्धयं सादी वाहयेद्युध्यतो जयः ।२०।
सञ्जाताः स्वशरीरेण दोषाः प्रायेन वाजिनाम् ।
हन्यन्तेऽतिप्रयत्नेन गुणाः सादिवरैः पुनः ।२१।

नुहाइदिएर पूर्वतिर फर्काएर राख्नुपर्छ । त्यसपछि सुरुमा ओं र अन्त्यमा नमः भन्दै आफ्नो बीजाक्षर मन्त्रले सम्पुटित गर्दै क्रमशः देवताहरूलाई न्यास गर्नुपर्दछ । अश्वका चित्तमा ब्रह्मा, बलमा विष्णु, पराक्रममा गरुड, पार्श्वभागमा रुद्रगण, बुद्धिमा बृहस्पति, मर्मस्थानमा विश्वेदेव, आँखाका वरिपरि र आँखामा चन्द्र-सूर्य, कानमा अश्विनीकुमार, जठराग्निमा स्वधा, जिह्वामा सरस्वती, वेगमा पवन, पिठ्युँमा स्वर्णलोक, खुरहरूमा सबै पर्वत, रौँहरूमा नक्षत्रगण, हृदयमा चन्द्रकला, तेजमा अग्नि, श्रोणि(किला)हरूमा रति, ललाटमा जगत्पति, हिल्लिनेमा नवग्रह र वक्षस्थलमा वासुकीलाई न्यास गर्नुपर्दछ। अश्वारोहीले उपवासपूर्वक अश्वको अर्चना गर्नुपर्दछ र उसका दक्षिण कानमा निम्नलिखित मन्त्रको जप गर्नुपर्दछ। हे शीघ्र गति भएका घोडा ! तिमी गन्धर्वराज हौ। मेरो भनाइ सुन। तिमी गन्धर्वका कुलमा जन्मिएका हौ। आफ्नो कुललाई दूषित नगराऊ। हे अश्व ! ब्राह्मणका सत्य वचन, सोम, गरुड, रुद्र, वरुण र पवनको बल एवं अग्निका तेजले सम्पन्न आफ्नो जातिलाई सम्झ । वरुण कन्या वारुणी र कौस्तुभमणिलाई सम्झ । जुन बेला देवता र दानवहरूद्वारा समुद्रमन्थन हुँदै थियो त्यस बेला तिमी देवकुलमा उत्पन्न भएका थियौ। आफ्नो वचनलाई पालन गर । तिमी अश्व वंशमा उत्पन्न भएका हौ । मेरा लागि सधैँ प्रिय मित्र बन। हे मित्र ! तिमी यो कुरो सुन। मेरा लागि प्रसिद्ध वाहन बन। मलाई रक्षा गर्दै मेरो विजयको रक्षा गर। लडाइँका मैदानमा मेरा लागि तिमी सिद्धि प्रदान गर्ने होऊ। उहिले नै तिम्रै पिठ्युँमा चढेर देवताहरूले दैत्यहरूको संहार गरेका थिए। आज म तिमीमाथि चढेर शत्रुका सेनामाथि विजय प्राप्त गर्नेछु। अश्वारोही वीरले अश्वका कानमा उसको जप गर्दै शत्रुलाई झुक्याउँदै अश्वलाई युद्धका मैदानमा ल्याउनुपर्छ र त्यसैमाथि चढेर युद्ध गर्दै विजय प्राप्त गर्नुपर्दछ। असल अश्वारोहीले घोडाका शरीरमा उत्पन्न दोषहरू मेटाउँछन् र तिनमा गुणहरूको विकास गराउँछन् । असल अश्वारोहीले अश्वमा उत्पन्न भएका गुणहरूलाई स्वाभाविक रूपले देख्छन्। कुनै अश्वारोहीले त घोडाका स्वाभाविक गुणहरू पनि मेटाइदिन्छन् ।१-२२।

कसैले अश्वको गुण र कसैले त्यसका दोषहरू देख्छन्। अश्वको यस्तो रहस्य जान्ने पुरुष धन्य हुन्छ । मन्द बुद्धिका मानिसले त्यसका गुण र दोष दुवै जान्दैन । जो कर्म र उपायद्वारा अनभिज्ञ हुन्छ, अश्वलाई वेगपूर्वक कुदाउन खोज्छ, क्रोधी भएर सानो दोषमा पनि ठूलो दण्ड दिन्छ त्यस्तो अश्वारोही कुशल भईकन पनि प्रशंसित हुँदैन। जुन अश्वारोही

सहजा इव दृश्यन्ते गुणाः सादिवरोद्भवाः ।
नाशयन्ति गुणानन्ये सादिनः सहजानपि ।२२।
गुणानेको विजानाति वेत्ति दोषांस्तथाऽपरः ।
धन्यो धीमान्हयं वेत्ति नोभयं वेत्ति मन्दधीः ।२३।
अकर्मज्ञोऽनुपायज्ञो वेगासक्तोऽतिकोपनः ।
घनदण्डरतिच्छिद्रे य समोऽपि न शस्यते ।२४।
उपायज्ञोऽथ चित्तज्ञो विशुद्धो दोषनाशनः ।
गुणार्जनपरो नित्यं सर्वकर्मविशारद ।२५।
प्रग्रहेण गृहीत्वाऽथ प्रविष्टो वाह भूतलम् ।
सव्यापसव्यभेदेन वाहनीयः स्वसादिना ।२६।
आरुह्य सहसा नैव ताडनीयो हयोत्तमः ।
ताडनाद्भयमाप्नोति भयान्मोहश्च जायते ।२७।
प्रातः सादी प्लुतेनैव वल्गामुद्धृत्य चालयेत् ।
मन्दं मन्दं विना नाल धृतवल्गो दिनान्तरे ।२८।
प्रोक्तमाश्वासनं सामभेदोऽश्वेन नियोज्यते ।
कशादिताडनं दण्डो दानं कालसहिष्णुता ।२९।
पूर्वपूर्वविशुद्धौ तु विदध्यादुत्तरोत्तरम् ।
जिह्वातले विनायोगं विदध्याद्वाहने हये ।३०।
गुणेतरशतां वल्गां सृक्कण्या सह गाहयेत् ।
विस्मार्य्य वाहनं कुर्य्याच्छिथिलानां शनैः शनैः ।३१।
हयजिह्वाङ्गमाहीने जिह्वाग्रन्थिं विमोचयेत् ।
गाटतां मोचयेत्तावद्यावत्स्तोभं न मुञ्चति ।३२।
कुर्य्याच्छतमुरस्त्राणमविलालं च मुञ्चति ।
ऊर्ध्वाननः स्वभावाद्यस्तस्योरस्त्राणमश्लथम् ।३३।
विधाय वाहयेद्दृष्ट्या लीलया सादिसत्तमः ।
तस्य सव्येन पूर्वेण संयुक्तं सव्यवल्गाया ।३४।
यः कुर्य्यात्पश्चिमं पादं गृहीतस्तेन दक्षिणः ।
क्रमेणानेन यो सेवां कुरुते वामवल्गाया ।३५।
पादौ तेनापि पादः स्याद् गृहीतो वाम एव हि ।
अग्रे चेच्चरणे त्यक्ते जायते सदृढा सनम् ।३६।

सिपालु छ, घोडाको मन(बानी) बुझ्छ, विशुद्ध एवं दोषी अश्वका दोष मेटाउँछ, त्यो सबै काममा सिपालु सवार सधैँ गुण उपार्जन गर्नमा लागिरहन्छ। उत्तम अश्वारोहीले त्यसको लगाम पक्रेर बाहिर लैजानुपर्दछ। त्यहाँ त्यसका पिठ्युँमा चढेर दायाँबायाँको भेद अनुसार त्यसलाई चलाउनुपर्दछ। असल घोडामाथि चढेर झट्टै कोर्रा हिर्काउनु हुँदैन। किनभने पिटाइले घोडा डराउँछ र डराएपछि घोडा आत्तिन सक्छ। अश्वारोहीले बिहान अश्वको लगाम समातेर उफार्दै कुदाउनुपर्छ। साँझका समयमा लगाम पक्रेर खुट्टामा नाल नभएका घोडालाई बिस्तारै हिँडाउनुपर्छ वेगले कुदाउनु हुँदैन। कानमा मन्त्र जप्ने र घोडा कुदाउने विषयका आवश्यक जेजति कुरा माथि भनिए त्यसबाट अश्वलाई आश्वासन प्राप्त हुन्छ। त्यसैले त्यो अश्वप्रति सामनीति प्रयोग गरेको हो। जब रथ आदिमा एउटा अश्वलाई अर्को अश्वसित नारिन्छ त्यो ऊप्रतिको भेदनीति प्रयोग गरिएको हो। कोर्रा आदिले घोडालाई हिर्काउनु उसमाथि प्रयोग गरिएको दण्डनीति हो। अश्वलाई दाउन वा सधाउनका लागि जुन समय लगाइन्छ, दुःख खपिन्छ, उसलाई चाल सिक्ने मौका दिइन्छ त्यो सबै त्यस अश्वप्रति प्रयोग दाननीति हो भनेर बुझ्नुपर्दछ। पहिला पहिला नीतिको प्रयोग सफल हुँदै जाँदा पछिल्लापछिल्ला नीतिको प्रयोग गर्दै जानुपर्दछ। घोडाको जिब्रोमा गाँठो नपरेका डोरीले तलतिर बाँध्नुपर्दछ। बढीमा सय दोब्बर धागोले बाटेर बनाइएको लगाम घोडाका दुवै गालाभित्र छिराइदिनुपर्छ। बिस्तारैसित घोडालाई अल्मल्याउँदै जिब्रामा चोट नलाग्ने खालको अवस्थासम्म पुगेपछि जिब्राको बन्धन खोलिदिनुपर्छ। जहिलेसम्म घोडाले स्थिर गतिमा हिँड्न छोड्दैन त्यस बेलासम्म लगाम कस्नु हुँदैन; हल्का नै छोडिदिनुपर्दछ। घोडाले मुखबाट र्‍याल काढ्न नछोडेसम्म उरस्त्राणलाई राम्ररी कसेर नै राख्नुपर्दछ। जुन घोडा स्वाभाविक रूपमा ठाडो मुन्टो भएको हुन्छ राम्रा घोडसवारले त्यस अश्वलाई उरस्त्राण खुब कसेर आफ्नो इच्छा अनुसार रमाइलोसँग चलाउन सक्छ। जसले पहिले घोडाको पछिल्लो दाहिने खुट्टाले दाहिने लगाम मिलाउँछ उसले त्यस घोडाको दाहिने खुट्टालाई नियन्त्रण गरेको हुन्छ। यसै क्रमले बायाँ खुट्टालाई बायाँतिरको लगामले नियन्त्रण गर्दछ, यदि अघिल्ला खुट्टा खुला भएभने आसन बलियो हुन्छ। अथवा जुन खुट्टा दुष्कर मोटनकर्ममा अपहृत हुन्छन् वा बायाँ खुट्टामा हीन अवस्था आउँछ त्यस स्थितिको नाम नाटकायन हो। हनन र गुणन कर्ममा खलीकार हुन्छ। बारम्बार मुख व्यापर्तन अश्वको स्वभाव हो। यी सबै लक्षणहरू उसका खुट्टा सधाउनुका कारण होइनन्। जब घोडा पूर्णरूपमा आश्वस्त भइसकेको छ

यौ हृतौ दुष्करे चैव मोटके नाटकायनम्।
सव्यहीनं खलीकारो हनने गुणने तथा ।३७।
स्वभावं हि तुरङ्गस्य मुखव्यावर्त्तनं पुनः।
न चैवेत्थं तुरङ्गाणां पादग्रहणहेतवः ।३८।
विश्वस्तं हयमालोक्य गाढमापीड्य चासनम्।
रोकयित्वा मुखे पादं ग्राह्यतो लोकनं हितम् ।३९।
गाढमांपीड्य रागाभ्यां वल्गामाकृष्य गृह्यते।
तद्बन्धनाद्युगमपादं तद्वद्वल्कनमुच्यते ।४०।
संयोज्य वल्गया पादान्वल्गामामोक्ष्य वाञ्छितम्।
वाह्यपार्ष्णिप्रयोगात्तु यत्र तत् ताडटनं मतम् ।४१।
प्रलयाविप्लवे ज्ञात्वा क्रमेणानेन बुद्धिमान्।
मोटनेन चतुर्थेन विधिरेष विधीयते ।४२।
नाधतेऽधश्च यः पादं योऽश्वो लघुनि मण्डले।
मोटनोद्वक्कनाभ्यां तु ग्राहयेत्पादमीशितम् ।४३।
वटयित्वासने गाटं मन्दमादाय यो व्रजेत्।
ग्राह्यते सङ्ग्रहाद्यत्र तत्सङ्ग्रहणमुच्यते ।४४।
हत्वा पार्श्वे प्रहारेण स्थानस्थो व्यग्रमानसम्।
वल्गामाकृष्य पादेन ग्राह्य कण्टकपायनम् ।४५।
उत्थितो योऽङ्घ्रिणानेन पार्ष्णिपादांस्तुरङ्गमः।
गृह्यते यत्खलीकृत्य खलीकारः स चेष्यते ।४६।
गतित्रये प्रियः पादमादत्ते नैव वाञ्छितः।
हत्वा तु यत्र दण्डेन ग्राह्यते गहनं हि तत् ।४७।
खलीकृत्य चतुष्केण तुरङ्गो वल्गयान्यया।
उच्छ्वास्य ग्राह्यतेऽन्यत्र तत्स्यादुच्छ्वासनं पुनः ।४८।
स्वभावं बहिरस्यन्तं तस्यां दिशि पदायनम्।
नियोज्य ग्राह्ययेत्तत्तु मुखव्यावर्त्तनं मतम् ।४९।
ग्राहयित्वा ततः पादं त्रिविधासु यथाक्रमम्।
साधयेत्पञ्चधारासु क्रमशो मण्डलादिषु ।५०।
आजानोर्द्धाननं वाहं शिथिलं वाहयेत्सुधीः।
अङ्गेषु लाघवं यावत्तावत्तं वाहयेद्धयम् ।५१।

भन्ने देखिन्छ त्यसपछि आसनलाई जोड्सँग दबाएर आफ्नो खुट्टो उसका मुखमा अड्याउनुपर्छ र यसरी नै उसले स्वीकार गर्ने हितकारी हेराइ प्राप्त हुन्छ। रानुद्वारा जोडदार रूपमा थिचेर लगाम तान्दै उसका बन्धनबाट जसले घोडाका दुई खुट्टा पक्रेर तान्दछ त्यसलाई उद्वक्कन भनिएको छ। लगामद्वारा घोडाका चार खुट्टा गुँथेर त्यसलाई खुकुल्याउँदै लगेर बाहिरी पार्ष्णिभागले घोडालाई मोडिन्छ त्यसलाई मोट्टन वा ताडन भन्ने मानिएको छ। बुद्धिमान् घोडसवारले यसै क्रमले प्रलय तथा अभिप्लव जान्नुपर्दछ। त्यसपछि चतुर्थ मोटन क्रियाद्वारा यो विधि सम्पन्न हुन्छ। जुन घोडाले सानो ठाउँमा मोटन र उद्वक्कनद्वारा आफ्ना खुट्टा भुईंमा राख्दैन, भुइँ नै नछोईकन घुमाइ पूरा गर्छ त्यो सफल मानिन्छ। घोडालाई यसै प्रकारका खुट्टाका चाल सिकाउनुपर्छ। आसनमा खुब कसेर बाँधेर घोडा सघाइन्छ तर पनि जुन घोडा मन्द गतिले हिँड्छ, अनि फेरि उसलाई पक्रेर खोजेजस्तो सिकाइन्छ घोडाको त्यस शिक्षण प्रक्रियालाई सङग्रहण भनिन्छ।२३-४४।

जुन घोडा निश्चित स्थानमा उभिइरहे तापनि आत्तिएको-तर्सिएको हुन्छ र त्यसलाई कुर्कुच्चाले हिर्काउँदै लगाम तानेर करेलीका चस्का लगाउँदै घोचिन्छ र यसरी कोखामा कुर्कुच्चाले हिर्काउँदा जुन घोडा भस्किँदै चाल सिक्छ त्यसलाई खलीकर भन्ने मानिएको छ। तीन किसिमका गतिहरूले पनि जुन घोडा भने जस्तो चाल लिन सक्दैन, त्यस अवस्थामा लौराले कुटेर जहाँ खुट्टाको चाल सिकाइन्छ त्यस क्रियालाई गहन भनिएको छ। जब दोस्रो लगामद्वारा चारपटक खलीकृत गरेर अश्वलाई अन्यत्र लगेर उच्छ्वासित गर्दै चाल ग्रहण गराइन्छ भने त्यस क्रियालाई नै उच्छ्वास भन्ने नाम दिइएको छ। स्वभावले नै घोडाले आफ्नो मुख बाहिरी दिशातर्फ घुमाउँछ। त्यसलाई प्रयत्नका साथ त्यसै दिशातर्फ फर्काउँदै त्यहीँ नियुक्त गरेर जब अश्वलाई गति गराइन्छ त्यस प्रयासलाई नै मुखव्यावर्तन भन्दछन्। क्रमशः तीनवटै गतिमा हिँडने तरिका सिकाएपछि त्यस घोडालाई फेरि मण्डल आदि पञ्चधारामा हिँड्ने अभ्यास गराउनुपर्दछ। माथि उचालिएको मुखदेखि घुँडासम्म जब घोडा थाकेर लुलिन्छ त्यस बेलामा उसलाई गतिका शिक्षा दिनका लागि बुद्धिमान् पुरुषले त्यसमाथि चढ्नुपर्दछ र जबसम्म घोडाका अङ्गहरूमा हल्कापन वा फुर्ती आउँदैन त्यस बेलासम्म कुदाइरहनुपर्दछ। जब घोडाको गर्दन नरम, मुख हल्का र जिउका सबै जोर्नीहरू खुकुलिन्छन् अनि मात्रै सवार गर्नेका नियन्त्रणमा घोडा आउँछ। त्यसै बेलामा घोडालाई चढ्नका लागि पक्रनुपर्दछ।

मृदुः स्कन्धे लघुर्वक्रे शिथिलः सर्वसन्धिषु ।
यदा स सादिनो वश्यः सङ्गृह्णीयात्तदा हयम् ।५२।
न त्यजेत्पश्चिमं पादं यदा साधुर्भववेत्तदा ।
तदाकृष्टिर्विधातव्या पाणिभ्यामिह वल्गया ।५३।
तत्र त्रिको यथा तिष्ठेदुद्ग्रीवोऽश्वः समाननः ।
धरायां पश्चिमौ पादावन्तरिक्षे यदाश्रयौ ।५४।
तदा सन्धारणं कुर्य्यादगाठवाहं च मुष्टिना ।
सहसैवं समाकृष्टो यस्तुरङ्गो न तिष्ठति ।५५।
शरीरं विक्षिपन्तं च साधयेन्मण्डलभ्रमैः ।
क्षिपेत्स्कन्धं च यो वाहं स च स्थाप्यो हि वल्गया ।५६।
गोमयं लवणं मूत्रं क्वथितं मृत्समन्वितम् ।
अङ्गलेपो मक्षिकादिदंशश्रमविनाशनः ।५७।
मध्ये भद्रादिजातीनां मण्डो देयो हि सादिना ।
दंशनं भोततीक्षस्य निरुत्साहः क्षुधा हयः ।५८।
यथा वश्यस्तथा शिक्षा विनश्यन्त्यतिवाहिताः ।
अवाहिता न सिध्यन्ति तुङ्गवक्कांश्च वाहयेत् ।५९।
सम्पीड्य जानुयुग्मेन स्थिरमुष्टिस्तुरङ्गमम् ।
गोमूत्रा कुटिला वेणी पद्ममण्डलमालिका ।६०।
पञ्चोलूखलिकाः कार्य्ये गर्वितास्ते हि कीर्तिताः ।
संक्षिप्तं चैव विक्षिप्तं कुञ्चितं च यथाचितम् ।६१।
वल्गितावल्गितौ चैव षोढा चेत्यमुदाहृतम् ।
वीथीधनुःशतं यावदशीतिर्नवनिस्तथा ।६२।
भद्रः ससाव्यो वाजी स्यान्मन्दो दण्डैकमानसः ।
मृगजङ्घो मृगो वाजी सङ्कीर्णस्तत्समन्वयात् ।६३।
शर्करामधुलाजादः सुगन्धोऽश्वः शुचिर्द्विजः ।
तेजस्वी क्षत्रियश्चाश्वो विनीतो बुद्धिमांश्च यः ।६४।
शूद्रोऽशुचिश्चलो मन्दो विरूपो विमतिः खलः ।
वल्गाया धार्य्यमाणोऽश्वो लालकं यश्च दर्शयेत् ।६५।
धारासु योजनीयोऽसौ प्रग्रहग्रहमोक्षणैः ।
अश्वादिलक्षणं वक्ष्ये शालिहोत्रो यथाऽवदत् ।६६।

जब पहिलेको खुट्टाको चाल बिर्सिंदैन तब मात्रै घोडा सधिएको हुन्छ। त्यस बेलामा दुवै हातले लगाम तान्नुपर्दछ। लगाम तान्दा घोडाले मास्तिर मुन्टो उठाएर एकतर्फी खुट्टाले उभिनुपर्दछ । जब भुइँमा टेकिएका पछाडिका दुई खुट्टा आकासतिर उचालिएका दुई खुट्टाका सहारा हुन्छन् त्यस बेला अश्वलाई मुठ्ठीले समाएर तान्नुपर्दछ। अचानक यसरी तान्दा जुन घोडा उभिँदैन, शरीर झड्कार्न थाल्छ, त्यसलाई मण्डलाकार दौडाएर साध्नु र वशमा गर्नुपर्दछ। जुन घोडाले काँध हल्लाउन थाल्छ त्यसको लगाम तानेर उभ्याउनुपर्दछ। गोबर, नुन र गउँतको झोल पकाएर त्यसमा माटो मिसेर घोडाका शरीरमा त्यसको लेप लगाउनुपर्छ । यसले झिँगा आदिले टोकेको दुखाइ र थकाइ हटाइ दिन्छ। सवारी गर्नेले भद्र आदि जातिका घोडालाई माड(खोले) खुवाउनुपर्छ। यसले सानातिना किराहरूका टोकाइको दुखाइ मेटाउँछ। भोकाएको घोडा लोसो हुन्छ। त्यसैले त्यसका लागि पनि खोले खुवाउनु लाभदायक हुन्छ। जति गर्दा घोडा वशमा रहन्छ त्यति तालिम घोडालाई दिनुपर्दछ । ज्यादा सवारीमा मात्रै जोत्दा घोडा बिग्रिन्छ। यदि सवारी नै गरिएन भने पनि घोडा काम लाग्दैन। ठाडो मुन्टो गराएर घोडामाथि सवारी गर्नुपर्दछ । मुठीलाई दरिलो राखेर नै दुई घुँडाले च्यापेर घोडा अघि सार्नुपर्दछ। गोमूत्राकृति, वक्रता, वेणी, पद्ममण्डल र मालिका यस्ता चिह्नहरू भएका घोडालाई पञ्चोलूखलिक भनिन्छ। कामका लागि यिनलाई साह्रै गतिलो भनिएको छ। यिनीहरूका छ किसिमका लक्षण हुन्छन् भनिन्छ । सङ्क्षिप्त, विक्षिप्त, कुञ्चित, आञ्चित, वल्गित र अवल्गित। बाटागल्लीमा सय धनुष जतिको दूरीसम्म कुदाउनाले भद्र जातिय अश्व सजिलै साधिएको हुन्छ। मन्दलाई असी धनुष र दण्डैकमानसलाई नब्बे धनुषसम्म चलाउने हो भने सधिएर रहन्छन्। मृगजङ्घ्य जातिको अश्व ठिमाहा हो त्यसलाई उनीहरूकै सालाखाला असी वा नब्बे धनुषको दूरीसम्म कुदाउँदा सधिएको हुन्छ। सख्खर, मह र धान भुटेका फूल खाने गरेको ब्राह्मण जातिको अश्व पवित्र एवं सुगन्धयुक्त हुन्छ, क्षत्रिय जातिको अश्व तेजस्वी हुन्छ, वैश्य अश्व विनीत र बुद्धिमान् हुन्छ र शूद्र अश्व अपवित्र, चञ्चल, मन्द, कुरूप, बुद्धिहीन र दुष्ट हुन्छ। लगाममा पक्रने बित्तिकै जुन घोडाले र्याल काड्न थाल्छ त्यसलाई डोरी र लगाम खोलिदिएर पानीका धाराले नुहाइदिनुपर्दछ । अब शालिहोत्रले भने बमोजिम अश्वको लक्षण बताउँछु।४५-६६।

२८९. ऊननवत्यधिकद्विशततमोऽध्यायः

अश्वचिकित्सा

शालिहोत्र उवाच
अश्वानां लक्षणं वक्ष्ये चिकित्सां चैव सुश्रुत ।
हीनदन्तो विदन्तश्च कराली कृष्णतालुकः ।१।
कृष्णजिह्वश्च यमजोऽजातमुष्कश्च यस्तथा ।
द्विशफश्चतथा शृङ्गी त्रिवर्णो व्याघ्रवर्णकः ।२।
खरवर्णो भस्मवर्णो जातवर्णश्च काकुदी ।
श्वित्री च काकसादी च खरसारस्तथैव च ।३।
वानराक्षः कृष्णसटः कृष्णगुह्यस्तथैव च ।
कृष्णप्रोथश्च शूकश्च यश्च तित्तिरिसन्निभः ।४।
विषमः श्वेतपादश्च ध्रुवावर्त्तविवर्जितः ।
अशुभावर्त्तसंयुक्तो वर्जनीयस्तुरङ्गमः ।५।
रन्ध्रोपरन्ध्रयोर्द्वौ द्वौ द्वौ द्वौ मस्तकवक्षसोः ।
प्रयाणे च ललाटे च कण्ठावर्त्ताः शुभा दश ।६।
सृक्कण्यां च ललाटे च कर्णमूले निगालके ।
बाहुमूले गले श्रेष्ठा आवर्त्तास्त्वशुभाः परे ।७।
शुकेन्द्रगोपचन्द्राभा ये च वायससन्निभाः ।
सुवर्णवर्णाः स्निग्धाश्च प्रशस्यास्तु सदैव हि ।८।
दीर्घग्रीवाक्षिकूटाश्च ह्रस्वकर्णाश्च शोभनाः ।
राज्ञां तुरङ्गमा यत्र विजयं वर्जयेत्ततः ।९।
पालितस्तु हयो दन्तो शुभदो दुःखदोऽन्यथा ।
श्रियः पुत्रास्तु गन्धर्वा वाजिनो रत्नमुत्तमम् ।१०।
अश्वमेधे तु तुरगः पवित्रत्वात्तु हूयते ।
वृषो निम्बबृहत्यौ च गुडूची च समाक्षिका ।११।
सिंहा गन्धकरी पिण्डी स्वेदश्च शिरसस्तथा ।
हिङ्गुपुष्करमूलं च नागरं साम्लवेतसम् ।१२।
पिप्पलीसैन्धवयुतं शूलघ्नं चोष्णवारिणा ।
नागरातिविषा मुस्ता सानन्ता बिल्वमालिका ।१३।
क्वाथमेषां पिबेद्वाजी सर्वातीसारनाशनम् ।
प्रियङ्गुसारिवाभ्यां च युक्तमाजं शृतं पयः ।१४।
पर्य्याप्तशर्करं पीत्वा श्रमाद्वाजी विमुच्यते ।
द्रोणिकायां तु दातव्या तैलबस्तिस्तुरङ्गमे ।१५।
कोष्ठजा च शिरा वेध्या तेन तस्य सुखं भवेत् ।

शालीहोत्र भन्दछन्– हे सुश्रुत ! अब म अश्वका लक्षण र चिकित्साका विषयमा भन्दछु। जुन अश्व दाँत नभएको, दाँत नमिलेको, दाँत छिँचरो भएको, दाँत लहर धेरै भएको, कालो तालु भएको, जिब्रो कालो भएको, जोडीमा जन्मेको, जन्मँदै अण्डकोष नभएको, दुई खुर भएको, सिङ पलाएको, तीन रङ्ग भएको, बाधको रङ्ग भएको, गधाको रङ्ग भएको भस्म वर्णको, सुन वा अग्निको वर्ण भएको, अग्लो जुरो भएको, श्वेत कुष्ठ रोग लागेको, कागले ठुङ्ने गरेको, गधाका जस्ता आँखा भएको वा बाँदरका जस्ता आँखा भएको अथवा अयाल, गुह्याङ्ग, नाकका पोरा काला भएको, जौको टुँटोजस्तै अरह्रा केश भएको, त्रिताको जस्तै नङ भएको, अङ्ग घटीबढी भएको, सेतो खुट्टा भएको र स्थिर आवर्त नभएको तथा अशुभ आवर्त भएको अश्व परित्याग गर्नुपर्दछ। नाकमा र नाकका मास्तिर छेउमा दुईदुई, टाउकामा र छातीमा दुईदुई, पिठ्युँमा र कण्ठतिर पनि दुईदुई गरी जम्मा दसवटा भुमरी चिह्न हुने घोडा राम्रो मानिएको छ। ओठतिर, निधारमा, कानका जरीमा, गर्धनमा, अघिल्ला खुट्टाको फेदमा, गलामा रहेका भुमरी शुभ हुन्छन् र यस बाहेकका अशुभ हुन्छन् भन्ने गरिन्छ। शुक, इन्द्रगोप, चन्द्रमाझैं कान्ति भएको, कागको वर्ण भएको, सुवर्णको वर्ण भएको र चिल्लो घोडालाई प्रशंसनीय मानिन्छ। जुन राजासँग लामो घाँटी भएका, आँखा भित्रतिर पसेका, छोटा कान भएका र हेर्नमा राम्रा घोडा हुन्छन् त्यस ठाउँमा जित्न जाने आशा छोडिदिनुपर्छ। घोडा हात्ती पाल्नु त शुभप्रद नै हो तर राम्रो स्याहार गर्न नसके दुःखदायी हुन्छन्। घोडा लक्ष्मीको पुत्र, गन्धर्वका रूप र पृथ्वीको उत्तम रत्न हो। अश्वमेधमा पवित्र भएकै कारण अश्वको उपयोग गरिएको हो। महसँगै अडुसा, निमको बोक्रो, ठूलो कटेरी र गिलोय यिनीहरूका डल्लो र झोल आदिले सिँगान बग्ने निको पार्दछ। हिङ, पिकरमूल, सुठो, अम्लवेत, पिपल र सुधोनुनलाई तातो पानीमा दिँदा शूलको रोग(घोचाइ–दुखाइ) निको पार्दछ। सुठो, अतिस, मोथा, अनन्तमूल या दुबो र बेलको झोल पकाएर घोडालाई खुवाइयो भने त्यसका सबै खालका छेरौटी निको पार्दछ। प्रियङ्गु, कालीसर र धेरै सख्खर हालेर बाख्राको दुध

दाडिमं त्रिफला व्योषं गुडं च समभाविकम् ।१६।
पिण्डमेतत्प्रदातव्यमश्वानां कासनाशनम् ।
प्रियङ्गुलोध्रमधुभिः पिबेद्वृषरसं हयः ।१७।
क्षीरं वा पञ्चकोलाद्यं कासनाद्धि प्रमुच्यते ।
प्रस्कन्धेषु च सर्वेषु श्रेय आदौ विशोधनम् ।१८।
अभ्यङ्गोद्वर्त्तनस्नेहनस्यवर्तिक्रमः स्मृतः ।
ज्वरितानां तुरङ्गाणां पयसैव क्रियाक्रमः ।१९।
लोध्रकरंजयोर्मूलं मातुलुङ्गाग्निनागराः ।
कुष्ठहिङ्गुवचारास्नालेपोऽयं शोथनाशनः ।२०।
मञ्जिष्ठामधुकं द्राक्षाबृहत्यौ रक्तचन्दनम् ।
त्रपुषीबीजमूलानि शृङ्गाटककशेरुकम् ।२१।
अजापयः शृतमिदं सुशीतं शर्करान्वितम् ।
पीत्वा निरशनो वाजी रक्तमेहात्प्रमुच्यते ।२२।
मन्याहनुनिगालस्थशिराशोथो गलग्रहः ।
अभ्यङ्गः कटुतैलेन तत्र तेष्वेव शस्यते ।२३।
गलग्रहगदी शोथः प्रायशो गलदेशके ।
प्रत्यक्पुष्पी तथा वह्निः सैन्धवं सौरसो रसः ।२४।
कृष्णाहिङ्गुयुतरेभिः कृत्वा नस्यं न सीदति ।
निशे ज्योतिष्मती पाठा कृष्णा कुष्ठं वचा मधु ।२५।
जिह्वास्तम्भे च लेपोयं गुडमूत्रयुतो हितः ।
तिलर्यष्ट्या रजन्या च निम्बपत्रैश्च योजिता ।२६।
क्षौद्रेण शोधनी पिण्डी सर्पिषा व्रणरोपिणी ।
अभिघातेन खञ्जन्ति ये ह्यश्वास्तीव्रवेदनाः ।२७।
परिषेकक्रिया तेषां तैलेनाशुरुजापहा ।
दोषकोपाभिघाताभ्यां पक्वभिन्ने व्रणक्रमः ।२८।
शान्तिर्मत्स्यण्डिवृद्धाभ्यां पक्वभिन्नव्रणे क्रमः ।
अश्वत्थोदुम्बरप्लक्षमधूकवटकल्कनैः ।२९।
प्रभूतसलिलः क्वाथः सुखोष्णो व्रणशोधनः ।
शताह्वानागरं रास्ना मञ्जिष्ठाकुष्ठसैन्धवैः ।३०।
देवदारुवचायुग्मरजनीरक्तचन्दनैः ।
तैलं सिद्धं कषायेण गुडूच्याः पयसा सह ।३१।
म्रक्षणे बस्तिनस्ये च योज्यं सर्वत्र लिङ्गिने ।
रक्तस्रावो जलौकाभिर्नेत्रान्ते नेत्ररोगिणः ।३२।
खादिरोदुम्बराश्वत्थकषायेण च साधनम् ।
धात्रीदुरालभातिक्ताप्रियङ्गुकुङ्कुमैः समैः ।३३।
गुडूच्या च कृतः कल्के हितो युक्ताबलम्बिने ।

तताएर पियाउँदा घोडाको थकाइ मेटिन्छ । घोडालाई द्रोणीमा तैलबस्ती दिनुपर्दछ अथवा कोष्ठमा उत्पन्न शिराहरूलाई वेधन गर्नुपर्दछ । यसो गर्दा उसलाई सन्चो हुन्छ । अनारको बोक्रो, त्रिफला, त्रिकटु र गुडलाई समान मात्रामा पारेर तिनको गोली बनाएर घोडालाई दिनुपर्छ । यसो गर्दा घोडाको दुब्लोपन हराउँछ । घोडालाई प्रियङ्गु, लोध र महसित अडुसाको रस या पञ्चकोलादि मिसिएको दुध खुवाइयो भने खोकी निको हुन्छ । उफ्रिँदा–कुद्दा लागेका सबै रोगहरू सफाइ गर्नाले निको हुन्छन् । त्यसपछि मालिस, उद्वर्तन, स्नेहन, नस्य र वर्तिकाको प्रयोग गर्नुलाई उत्तम मानिन्छ । जरो आएका घोडाको उपचार दुधले नै गर्नुपर्दछ । लोथमूल, कञ्जरमूल, बिजौरा, निबुवा, चित्रक, सुठो, कूट, बोझो र रास्ना यिनीहरूको मलमले सुन्निएको निको पार्छ । घोडालाई भोको राखेर मजिठ, मुलहठी, किसमिस, ठूलो कटेरी, सानो कटेरी, रातो चन्दन, काँक्राको जरो र बियाँ, सिंहाडाको बियाँ र कसेरु मिसाएको बाख्राको दुध पकाएर पूरै सेलाएर सख्खरसित खुवाउँदा त्यस घोडाले रगत दिसा गर्न छोड्छ ।१–२२।

मन्या, ठुड्डी, गर्धन आदिका नसाहरू सुन्निएको र घाँटीसम्बन्धी रोगहरूमा तीती ठाउँहरूमा तोरीको तेलले मालिस गर्नु हितकारी हुन्छ । गलग्रह रोग र सुन्निने धेरैजस्तो गर्धन वरिपरि नै हुन्छ । चिरचिरा, चित्रक, सुधोनुन र सुगन्ध घाँसको रस, पिपल, हिङसँगै खोले पकाएर खुवाउँदा घोडा कहिल्यै जुम्सो हुँदैन । बेसार, काँचो हल्दी, मालकाँगनी, पाठा, पीपल, कूट, वच तथा मधु यिनीहरूलाई गुड र गोमूत्रसँग जिब्रामा लेपन गराइदिँदा जिह्वास्तम्भमा हितकारी हुन्छ । तिल, मूलहठी, बेसार र निमका पत्ताले बनेका डल्ला महसित प्रयोग गर्दा घाउचोट निको हुने र घिउसित प्रयोग गर्दा घाउ पुरिन्छ । जुन घोडा ठूलो चोट लागेका कारण धेरै दुखेर खोच्याउन थाल्छन् तिनीहरूका लागि तेल लगाएर सेक्ने काम गर्दा चाँडै रोगनाश हुने गर्दछन् । वात, पित्त, कफ आदि दोषका कारण अथवा क्रोधका कारण चोट लागेर भएका घाउहरूका लागि पनि यही क्रम ठीक हुन्छ । पीपल, गुलर, पाखी, मूलहठी, वर र बेलको पानी धेरै पकाएको झोल मन तातो रहेको छ भने त्यसले पनि घाउचोट निको पार्दछ । सुप, सुठो, रास्ना, मजिठ, कुट, सिधोनुन, देवदारु, बोजो, हल्दी, काँचो हल्दी, रक्तचन्दन यति कुराको झोल पकाएर गिलोयका पानीसँग वा दुधमा उद्वर्तन, नस्य वा बस्ति सबै लिङ्गित रोगहरूमा गराउँनुपर्दछ । आँखाको रोग देखिने अश्वका आँखाका छेउमा जुकालाई चुस्न

उत्पाते च शिले श्राव्ये शुष्कशेफे तथैव च ।३४।
क्षिप्रकारिणि दोषे च सद्यो विदलमिष्यते ।
गोशकृन्मञ्जिकाकुष्ठरजनीतिलसर्षपैः ।३५।
गवां मूत्रेण पिष्टैश्च मर्दनं कण्डुनाशनम् ।
शीतो मधुयुतः क्वाथो नासिकायां सशर्करः ।३६।
रक्तपित्तहरः पानादश्वकर्णे तथैव च ।
सप्तमे सप्तमे देयमश्वानां लवणं दिने ।३७।
तथा भुक्तवतां देया प्रतिपाने तु वारुणी ।
जीवनीयैः समधुरैर्मृद्वीकाशर्करायुतैः ।३८।
सपिप्पलीकैः शरदि प्रतिपानं सपद्मकैः ।
विडङ्गपिप्पलीधान्यशताह्वालोध्रसैन्धवैः ।३९।
सचित्रकैस्तुरङ्गाणां प्रतिपानं हिमागमे ।
लोध्रं प्रियङ्गुका मुस्ता पिप्पलीविश्वभेषजैः ।४०।
सक्षौद्रैः प्रतिमानं स्याद्वसन्ते कफनाशनम् ।
प्रियङ्गुपिप्पलीलोध्रयष्ट्याह्वैः समहौषधैः ।४१।
निदाधे सगुडा देया मदिरां प्रतिपानके ।
लोध्रकाष्ठं सलवणं पिप्पल्यो विश्वभेषजम् ।४२।
भवेत्तैलयुतैरेभिः प्रतिपानं घनागमे ।
निदाघोद्धतपित्तार्त्ताः शरत्सु पुष्टशोणिताः ।४३।
प्रावृड्भिन्नपुरीषाश्च पिबेयुर्वाजिनो घृतम् ।
पिबेयुर्वाजिनस्तैलं कफवाय्वधिकास्तु ये ।४४।
स्नेहव्यापद्भवो येषां कार्य्यं तेषां विरूक्षणम् ।
त्र्यहं यवागुरुक्षा स्याद्भोजनं तक्रसंयुतम् ।४५।
शरन्निदाघयोः सर्पिस्तैलं शीतवसन्तयोः ।
वर्षासु शिशिरे चैव वस्तौ यमकमिष्यते ।४६।
गुर्वभिष्यन्दिभक्तानि व्यायामः स्नानमातपम् ।
वायुवर्जं च वाहस्य स्नेहपीतस्य वर्जितम् ।४७।
स्नानं पानं सकृत्कुष्ठमश्वानां सलिलागमे ।
अत्यर्थं दुर्दिने कालेपानमेकं प्रशस्यते ।४८।
युक्तशीतातपे काले द्विःपानं स्नपनं सकृत् ।
ग्रीष्मे त्रिःस्नानपानं स्याच्चिरं तस्यावगाहनम् ।४९।
निस्तुषाणां प्रदातव्या यवानां च तुराढकी ।
चणकव्रीहिमौद्गानि कलायं वापि दापयेत् ।५०।
अहोरात्रेण चार्द्धस्या यवसस्य तुला दश ।
अष्टौ शुष्कस्य दातव्याश्वतस्रोऽथ वुषस्य वा ।५१।
दूर्वा पित्तं यवः कासं वुषश्च श्लेष्मसञ्चयम् ।

दिनुपर्दछ। खयर, गुलर र पिपलका बोक्राको झोलले आँखा सफा हुन्छन् । युक्ताबलम्बी अश्वका लागि अवला, जवासा, पाठा, प्रियङ्गु, कुङ्कुम र गिलोय यिनीहरूको बराबर मात्रा लिएर बनाइएको कल्क हितकर हुन्छ। कर्णसम्बन्धी, उपद्रवमा, शिलमा, लिङ्ग सुक्ने अवस्थामा र शिघ्र हानि गर्ने दोषमा उत्काल वेधन गर्नुपर्दछ। गाईको गोबर, मजीठ, कूट, हल्दी, तिल र तोरी यी सबै कुरा गोमूत्रमा ढड्याएर मर्दन गर्दा लुतो निको हुन्छ। शालका बोक्राको रस पकाएर सेलाएपछि मधु र सख्खरसहित नाकमा हालिदिँदा अथवा उसै प्रकार खुवाउँदा पनि घोडाको रातोपित्त रोग निको हुन्छ। सात-सात दिनमा घोडालाई नुन ख्वाउनु पर्दछ।२३-३७।

अश्वले धेरै खायो भने मदिरा, शरद् ऋतुमा जीवनीय गणका वस्तु(गेडागुडी), मधु, द्राक्षा, सख्खर, पिपल र पद्माखसहितका वस्तु प्रतिपानमा दिनुपर्दछ। वसन्त ऋतुमा लोध, प्रियङ्गु, मोथा, पीपल, सुठो र मधुले तयार गरिएको प्रतिपानले कफनाशक काम गर्दछ। ग्रीष्म ऋतुमा कफनाशका लागि प्रियङ्गु, पीपल, लोथ, मूलहठी, सुठो र गुडसित मदिराले प्रतिपान गराउनुपर्दछ। वर्षा ऋतुमा अश्वको प्रतिपानको लागि तेल, लोथ, नुन, पिपल र सुठो मिसाइएको हुनुपर्दछ। ग्रीष्म ऋतुमा पित्त बढेर बिरामी पर्दा, शरद् ऋतुमा रगत बाक्लिएको अश्वलाई र वर्षा ऋतुतिरै गोबर, फुट्ने रोग भएका घोडालाई घिउ खुवाउनुपर्दछ। कफ र वात धेरै भयो भने अश्वलाई तेल पियाउनुपर्दछ। चिल्लो वस्तु धेरै भएकाले जुन घोडाले दुःख पाएका छन् तिनलाई फुस्र्याउनु पर्दछ। मोईसँग दाना खुवाउने र तीन दिनसम्म माड पियाउँदा घोडालाई फुस्र्याउन(चिल्लो घटाउन) सकिन्छ। अश्वलाई बस्तिकर्म गराउनका लागि शरद्-ग्रीष्ममा घिउ, हेमन्त-वसन्तमा तेल र वर्षा एवं शिशिर ऋतुमा तेलघिउ दुवैको प्रयोग गर्नुपर्दछ। जुन घोडालाई चिल्लो कुरा पियाइन्छ तिनका लागि गहकिलो कफ उत्पन्न गर्ने भोजन, व्यायाम, स्नान, घाम र हावा नलागेको ठाउँ जोगाउनुपर्छ। वर्षा ऋतुमा घोडालाई दिनको एकपटक स्नान गराउने र पानी खुवाउने गर्नुपर्छ। तर धेरै बिरामी पर्दा पानी मात्रै खुवाउनुपर्छ। समशीतोष्ण याममा एक या दुई पटक नुहाइदिनु भनिएको छ। ग्रीष्म ऋतुमा तीन पटक स्नान र प्रतिपान गर्नु राम्रो हुन्छ। पानी धेरै भएका ठाउँमा धेरै वेर नुहाइदिनु पर्दछ। घोडालाई पदनको चार आढक भुस नमिसिएको जौ खुवाउनुपर्दछ। रात र दिनमा गरी पाँच सेर दुबो घोडालाई खुवाइन्छ। दुबो सुकेको छ भने दुबोले पित्तको, जौले खोकीको, भूसले धेरै कफको, अर्जुनले श्वासको एवं मानकन्दले बल घटेकोमा सन्चो गर्दछ। दुबो खाने

नाशयत्यर्जुनः श्वासं तथा वालो बलक्षयम् ।५२।
वातिकाः पैत्तिकाश्चैव श्लैष्मजाः सान्निपातिकाः ।
न रोगाः पीडयिष्यन्ति दूर्वाहारं तुरङ्गमम् ।५३।
द्वौ रज्जुबन्धौ दुष्टानां पक्षयोरुभयोरपि ।
पश्चाद्धनुश्च कर्त्तव्यो दूरकीलव्यपाश्रयः ।५४।
वासेयुस्त्वास्तृते स्थाने कृतधूपनभूमयः ।
यत्रोपन्यस्तयवसाः सप्रदीपाः सुरक्षिताः ।
कृकवाक्वजकपयो धार्य्याश्चाश्वगृहे मृगाः ।५५।

घोडालाई कफ, वास, पित्त र सन्निपातबाट हुने रोगले सताउन सक्दैनन् । दुर्छे घोडाका अगाडि र पछाडि पनि दुईवटा डोरीले बाँध्नुपर्छ । गलामा पनि बाँध्नुपर्छ । सोत्तर ओछ्याइएको र घाम लाग्ने ठाउँमा घोडालाई राख्नुपर्दछ र त्यहाँ घाँस पनि जतनसाथ राखेको हुनुपर्दछ । तबेला बत्तीको उज्यालो भएको र सुरक्षित हुनुपर्छ । घोडा राख्ने ठाउँमा मयूर, बाख्रा, बाँदर र मृग पनि राख्नुपर्छ ।३८–५५।

२९०. नवत्यधिकद्विशततमोऽध्यायः

अश्वशान्ति

शालिहोत्र उवाच

अश्वशान्तिं प्रवक्षामि वाजिरोगविमर्दिनीम् ।
नित्यां नैमित्तिकीं काम्यां त्रिविधां शृणु सुश्रुत ।१।
शुभे दिने श्रीधरं च श्रयमुच्चैःश्रवाश्च तम् ।
हयराजं समभ्यर्च्य सावित्रैर्जुहुयाद् घृतम् ।२।
द्विजेभ्यो दक्षिणां दद्यादश्ववृद्धिस्तथा भवेत् ।
आश्वयुक्शुक्लपक्षस्य पञ्चदश्यां च शान्तिकम् ।३।
षहिः कुर्य्याद्विशेषेण नासत्यौ वरुणं यजेत् ।
समुल्लिख्य ततो देवीं शाखाभिः परिवारयेत् ।४।
घटान्सर्वरसैः पूर्णान्दिक्षु दद्यात्सवस्त्रकान् ।
यवाज्यं जुहुयात्प्राच्र्य यजेदश्वांश्च साश्विनान् ।५।
विप्रेभ्यो दक्षिणां दद्यान्नैमित्तिकमतः शृणु ।
मकरादौ हयानां च पद्मैर्विष्णुं श्रियं यजेत् ।६।
ब्रह्माणं शङ्करं सोममादित्यं च तथाशिवनौ ।
रेवन्तमुच्चैःश्रवसं दिक्पालांश्च दलेष्वपि ।७।
प्रत्येकं पूर्णकुम्भैश्च वेद्यां तत्सौम्यतः स्थले ।
तिलाक्षताज्यसिद्धार्थान्देवतानां शतं शतम् ।
उपोषितेन कर्त्तव्यं कर्म चाश्वरुजापहम् ।८।

शालीहोत्र भन्दछन्– हे सुश्रुत ! अब म अश्वको रोग मास्ने अश्व शान्तिका विषयमा भन्दछु र त्यो नित्य, नैमित्तिक र काम्यका भेदले तीन प्रकारको हुन्छ भन्ने मानिएको छ; त्यसलाई सुन । कुनै शुभ दिनको साइत पारेर श्रीधर, श्री र उच्चैःश्रवाको पुत्र हयराजको पूजा गरेर सविंतादेवतासम्बन्धी मन्त्रले घिउको हवन गर्नुपर्दछ । त्यसपछि ब्राह्मणलाई दक्षिणा दिनुपर्छ । यसो गर्दा घोडाको वृद्धि हुन्छ । आश्विन शुक्लपक्षको पूर्णिमाको दिन सहरभन्दा बाहिरपट्टिका कुनै ठाउँमा शान्ति कर्म गर्नुपर्दछ । त्यसमा विशेष गरी अश्विनीकुमारहरू र वरुण देवताको पूजा गर्नुपर्दछ । त्यसपछि पद्मासनको वेदीमाथि श्रीदेवीलाई स्थापित गरेर उनलाई चारैतिरबाट रुखका हाँगा स्याउलाले छोप्नुपर्छ । उनलाई सबै दिशामा सबै रसहरूले परिपूर्ण कलशका रूपमा वस्त्रसहित स्थापना गर्नुपर्छ । त्यसपछि श्रीदेवीको पूजा गरेर उनलाई खुसी पार्नका लागि जौ र घिउको हवन गर्नुपर्दछ । अनि फेरि अश्विनीकुमार र अश्वको पूजा गर्नुपर्दछ र ब्राह्मणलाई दक्षिणा दिनुपर्छ । यसपछि नैमित्तिक शान्तिको वर्णन सुन । मकर आदिक सङ्क्रान्तिहरूमा अश्वको पूजा गर्नुपर्दछ । त्यससँगै कमलपुष्पद्वारा विष्णु, लक्ष्मी, ब्रह्मा, शङ्कर, चन्द्रमा, सूर्य, अश्विनीकुमार, रेवन्त तथा उच्चैःश्रवाको पूजा गर्नुपर्दछ । त्यस बाहेक कमलका दस पत्रहरूमा दस दिक्पालको पनि पूजा गर्नुपर्दछ । प्रत्येक अर्चना गरिने देवताहरूका निमित्त वेदीमाथि जलले पूर्ण कलश राख्नुपर्छ र ती कलशहरूमा अधिष्ठित देवताहरूको पूजा गर्नुपर्दछ । यी देवताहरूका उत्तर भागमा ती सबैका लागि तिल, अक्षता, घिउ र पहेंलो सस्युँको आहुति दिनुपर्दछ । एकएक देवतालाई सयका दरले आहुति दिनुपर्दछ । अश्वसम्बन्धी रोगहरूको निवारणका लागि उपवासपूर्वक यस्तो शान्तिकर्म गर्नु उचित हुन्छ ।१–८।

२९१. एकनवत्यधिकद्विशततमोऽध्यायः

गजशान्ति

शालिहोत्र उवाच

गजशान्तिं प्रवक्ष्यामि गजरोगविमर्द्दनीम् ।
विष्णुं श्रियं च पञ्चम्यां नागमैरावतं यजेत् ।१।
ब्रह्माणं शङ्करं विष्णुं शक्रं वैश्रवणं यमम् ।
चन्द्रार्कौ वरुणं वायुमग्निं पृथ्वी तथा च खम् ।२।
शेषं शैलान्कुञ्जरांश्च ये तेऽष्टौ देवयोनयः ।
वरूपाक्षं महापद्म भद्रं सुमनसं तथा ।३।
कुमुदैरावणः पद्मः पुष्पदन्तोऽथ वामनः ।
सुप्रतीकोऽञ्जनो नागा अष्टौ होमोऽथ दक्षिणाम् ।४।
गजाः शान्त्युदकैः सिक्ता वृद्धौ नैमित्तिकं शृणु ।
गजानां मकरादौ च एशान्यां नगराद्बहिः ।५।
स्थण्डिले कमले मध्ये विष्णुं लक्ष्मीञ्च केसरे ।
ब्रह्माणं भास्करं पृथ्वीं येजेत्स्कन्दं ह्यनन्तकम् ।६।
खं शिवं सोममिन्द्रादींस्तदस्त्राणि दले क्रमात् ।
वज्रं शक्तिं च दण्डं च तोमरं पाशकं गदाम् ।७।
शूलं पद्मं बहिर्वृन्ते चक्रे सूर्य्यं तथाश्विनौ ।
वसूनष्टौ तथा साध्यान्याम्येऽथ नैर्ऋते दले ।८।
देवानाङ्गिरसश्चाश्विभृगवो मरुतोऽनिले ।
विश्वान्देवांस्तथा दक्षे रुद्रान्रौद्रेऽथ मण्डले ।९।
ततो वृत्तया रेखया तु देवान्वै बाह्यतो यजेत् ।
सूत्रकारानृषीन्वाणीं पूर्वादौ सरितो गिरीन् ।१०।
महाभूतानि कोणेषु ऐशान्यादिषु संयजेत् ।
पद्मं चक्रं गदां शङ्खं चतुरस्त्रं तु मण्डलम् ।११।
चतुर्द्वारं ततः कुम्भानग्न्यादौ च पताकिकाः ।
चत्वारस्तोरणान्द्वारि नागानैरावतादिकान् ।१२।
पूर्वादौ चौषधीभिश्च देवानां भाजनं पृथक् ।
पृथक्छताहुतीश्चाज्यैर्गजानर्च्य प्रदक्षिणम् ।१३।
नागं वह्निं देवतादीन्वाह्यैर्जग्मुः स्वकं गृहम् ।

शालीहोत्र भन्दछन्– म अब हात्तीका रोगहरू निको पार्ने गज शान्ति नामका विषयमा भन्दछु । कुनै पनि शुक्ल पक्षको पञ्चमीमा विष्णु, लक्ष्मी तथा नागराज देवताको पूजा गर्नुपर्दछ । त्यसपछि ब्रह्मा, शिव, विष्णु, इन्द्र, कुबेर, यमराज, चन्द्रमा, सूर्य, वरुण, वायु, अग्नि, पृथ्वी, आकाश, शेषनाग, पर्वत, विरूपाक्ष, महापद्म, भद्र, सुमनस र देवजातिका आठवटा हात्तीको पूजा गर्नुपर्दछ । ती आठ नागहरूको नाम क्रमशः यस प्रकार हुन्छन्– कुमुद, ऐरावत, पद्म, पुष्पदन्त, वामन, सुप्रतीक, अञ्जन र नील । त्यसपछि होम गरेर दक्षिणा दिनु पर्दछ । शान्ति कलशका जलले हात्तीहरूलाई अभिषेक गर्नुपर्दछ । त्यसो गरियो भने तिनीहरू बढ्दछन् । अब नैमित्तिक शान्तिकर्मका विषयमा सुन । मकर आदिका सङ्क्रान्तिमा नगरको बाहिरतर्फ ईशान कोणमा हात्तीहरूको पूजा गर्नुपर्दछ । वेदी या पद्मासनमा अष्टदल कमल निर्माण गरेर त्यसको केसरका स्थानमा श्रीविष्णु र लक्ष्मीको अर्चना गर्नुपर्दछ । त्यसपछि अष्टदलहरूमा क्रमशः ब्रह्मा, सूर्य, पृथ्वी, स्कन्द, अनन्त, आकाश, शिव तथा चन्द्रमाको पूजा गर्नुपर्दछ । उनै आठ दलहरूमा पूर्व आदिका क्रमले इन्द्र आदि आठ दिक्पालहरूको पनि पूजा गर्नुपर्दछ । देवताहरूका साथसाथै त्यस कमलपत्रमा उनीहरूका वज्र, शक्ति, दण्ड, तोमर, पाश, गदा, शूल र पद्म आदि अस्त्रहरूको अर्चना गर्नुपर्दछ । दलहरूका बाहिरी भागमा चक्रमा सूर्य र अश्विनीकुमारको पूजा गर्नुपर्दछ । अष्टवसु एवं साध्य देवहरूलाई दक्षिण भागमा र भार्गव आङ्गिरस देवताहरूलाई नैऋत्यकोणमा पूजा गर्नुपर्दछ । वायव्य कोणमा मरुद्गणको, दक्षिणमा विश्वेदेवको र ईशान वा रौद्रमण्डलमा रुद्रहरूको पूजा गर्नुपर्दछ । वृत्तरेखाद्वारा निर्मित अष्टदल कमलका बाहिरतर्फ सरस्वती, सूत्रकार र देवर्षिहरूको अर्चना गर्नुपर्दछ । पूर्वभागमा नदी, पर्वत एवं ईशान आदि कोणहरूमा महाभूतहरूको पूजा गर्नुपर्दछ । त्यसपछि पद्म, चक्र,गदा र शङ्खले सुशोभित, चतुष्कोण एवं चतुर्द्वारयुक्त भूपुरमण्डलको निर्माण गरेर आग्नेय आदि कोणमा कलशहरूको स्थापना पनि गर्नुपर्छ र चारैतिर पताका एवं तोरणहरू जड्नुपर्दछ । सबै द्वारहरूमा ऐरावत आदि राजा हात्तीहरूको पूजा गर्नुपर्दछ । पूर्व आदि दिशाहरूमा समस्त देवताहरूका लागि छुट्टाछुट्टै सर्वौषधिका पात्रहरू राख्नुपर्दछ । हात्तीहरूको पूजन गरेर तिनलाई परिक्रमा गर्नुपर्दछ । सबै देवताका लागि भिन्नाभिन्नै सयसय आहुति दिनुपर्दछ ।

द्विजेभ्यो दक्षिणां दद्यात् हयवैद्यादिकस्तथा ।१४।
करिणीं तु समारुह्य वदेत्कर्णे तु कालवित् ।
नागराजेमृते शान्तिं कृत्वाऽमुस्मिञ्जपेन्मनुम् ।१५।
श्रीगजस्त्वं कृतो राज्ञा भवानस्य गजाग्रणीः ।
प्रभुर्माल्याग्रभक्तैस्त्वां पूजयिष्यति पार्थिवः ।१६।
लोकस्तदाज्ञया पूजां करिष्यति तदा तव ।
पालनीयस्त्वया राजा युद्धेऽध्वनि तथा गृहे ।१७।
तर्य्यग्भावं समुत्सृज्य दिव्यं भावमनुस्मर ।
देवासुरे पुरा युद्धे श्रीगजस्त्रिदशैः कृतः ।१८।
ऐरावतसुतः श्रीमानरिष्टो नाम वारणः ।
श्रीगजानां तु तत्तेजः सर्वमेवोपतिष्टते ।१९।
तत्तेजस्तव नागेद्र दिव्यभावसमन्वितम् ।
उपतिष्ठतु भद्रं ते रक्ष राजानमाहवे ।२०।
इत्येवमभिषिक्तैनमारोहेत शुभे नृपः ।
तस्यानुगमनं कुर्य्युः सशस्त्रनवसद्गजाः ।२१।
शालास्वसौ स्थण्डिलेऽब्जे दिक्पालादीन्यजेद्बहिः ।
केसरेषु बलं नागं भुवं चैव सरस्वतीम् ।२२।
मध्ये तु डिण्डिमं प्राच्र्य गन्धमाल्यानुलेपनैः ।
हुत्वा देयस्तु कलशो रसपूर्णो द्विजाय च ।२३।
गजाध्यक्षं हस्तिपं च गणितज्ञं च पूजयेत् ।
गजाध्यक्षाय तं दद्यात् डिण्डिमं सोऽपि वादयेत् ।
शुभगम्भीरशब्दैः स्याज्जघनस्थोऽभिवादयेत् ।२४।

त्यसपछि ती राजा हात्तीहरूलाई अग्नि र देवताहरूका साथमा लिएर बाजा बजाउँदै आफ्नो घरमा फर्किनुपर्दछ। ब्राह्मणहरू र हात्तीका चिकित्सकहरूलाई दक्षिणा दिनुपर्छ र समय जान्ने विद्वान् ज्योतिषी हात्तीमाथि चढेर उसका कानमा निम्नलिखित अर्थ भएको मन्त्र भन्नुपर्छ। त्यो हात्ती मरेपछि शान्ति क्रिया गरेर अर्का हात्तीका कानमा मन्त्रको जप गर्नुपर्दछ। राजाले तिमीलाई हात्तीको राजाको पदमा नियुक्त गरेका छन् । अबदेखि तिमी यी राजाको अगुवा हात्ती भयौ। यी राजाले आजदेखि तिमीलाई गन्ध, माला र उत्तम अक्षताद्वारा तिम्रो पूजा गर्छन्। उनका आज्ञाले प्रजाहरूले पनि सधैँ तिम्रो पूजा गर्दछन्। तिमीले सधैँ राजालाई युद्धभूमि, मार्ग र घरमा सुरक्षा गर्नुपर्दछ। हे गजराज ! बाउँठो बेहोरा छोडेर आफ्नो दिव्य भावलाई स्मरण गर। उहिले नै भएको देवासुर सङ्ग्राममा देवताहरूले ऐरावत्को पुत्र श्रीमान् अरिष्ट नामका हात्तीलाई श्रीगज अर्थात् राजा हात्तीको पद दिएका थिए। त्यस श्रीगजको सम्पूर्ण तेज तिम्रा शरीरमा रहेको छ। हे हात्तीका राजा ! तिम्रो कल्याण होस्। तिमीभित्र रहेको दिव्य भावनासहितको तेज जागृत होस्। तिमी लडाइँका मैदानमा राजाको रक्षा गर। यस किसिमले अभिषेक गरिएका हात्तीमा शुभ मुहूर्तमा राजाले चढ्नुपर्छ। शस्त्र लिएका ठूला वीरले त्यसलाई पछ्याउनुपर्दछ। हात्तीसारको भुइँमा बनेको कमलका बाहिरीभागमा राजाले दिक्पालहरूको पूजा गर्नुपर्दछ। केसरका स्थानमा महावली नागराज, भूदेवी र सरस्वीतको पूजा गर्नुपर्दछ । मध्य भागमा गन्ध, पुष्प र चन्दनले डिण्डिमको पूजा र हवन गरेर ब्राह्मणलाई रसले भरिएका कलश दान गर्नुपर्दछ। त्यसपछि गजाध्यक्ष, गजरक्षक र ज्योतिषीलाई सत्कार गर्नुपर्दछ। अनि गजाध्यक्षलाई डिण्डिम दिनुपर्दछ । उसले पनि त्यो डमरु बजाउनुपर्दछ। गजाध्यक्ष(हात्तीसारको प्रमुख)ले त्यस राजा हात्तीका खुट्टामा चढेर शुभ एवं गम्भीर स्वरमा त्यो डमरु बजाउनुपर्छ।१-२४।

२९२. द्विनवत्यधिकद्विशततमोऽध्यायः

शान्तिआयुर्वेद

धन्वन्धरिरुवाच
गोविप्रपालनं कार्य्यं राज्ञा गोशान्तिमावदे ।
गावः पवित्रा माङ्गल्या गोषु लोकाः प्रतिष्ठिताः ।१।
शकृन्मूत्रं परं तासामलक्ष्मीनाशनं परम् ।
गवां कण्डूयनं वारि शृङ्गस्याघौघ मर्दनम् ।२।

धन्वन्तरि भन्दछन्– हे सुश्रुत ! राजाले गाई र ब्राह्मणलाई पाल्नुपर्दछ। अब म गोशान्तिका विषयमा भन्दछु। गाई पवित्र र मङ्गलमयी हुन्छन् । गाईमा सबै लोकहरू अडिएका हुन्छन्। गोबर र गउँत अलच्छिन नाश गर्ने सर्वोत्तम उपाय हुन्। गाईको जिउ कन्याइदिनु, सिङ सह्यार्दिनु र पानी खुवाउनु पनि अलच्छिन मेटाउने साधन हुन्। गउँत, गोबर,

गोमूत्रं गोमयं क्षीरं दधि सर्पिश्च रोचना।
षडङ्गं परमं पाने दुःस्वप्नाद्यादिवारणम् ।३।
रोचनाविषरक्षोघ्नी ग्रासदः स्वर्गगो गवाम्।
यद्गृहे दुःखिता गावः स याति नरकं नरः ।४।
परगोग्रासदः स्वर्गी गोहितो ब्रह्मलोकभाक्।
गोदानात्कीर्त्तनाद्रक्षां कृत्वा चोद्धरते कुलम् ।५।
गवां श्वासात्पवित्रा भूः स्पर्शनात्किल्बिषक्षयः।
गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ।६।
एकरात्रोपवासश्च श्वपाकमपि शोधयेत्।
सर्वशुभविनाशाय पुराचरितमीश्वरैः ।७।
प्रत्येकं च त्र्यहाभ्यस्तं महासान्तपनं स्मृतम्।
सर्वकामप्रदं चैतत्सर्वाशुभविमर्दनम् ।८।
कृच्छ्रातिकृच्छ्रं पयसा दिवसानेकविंशतिम्।
निर्मलाः सर्वकामाप्त्या स्वगर्गाः स्युर्नरोत्तमाः ।९।
त्र्यहमुष्णं पिबेन्मूत्रं त्र्यहमुष्णं घृतं पिबेत्।
त्र्यहमुष्णं पयः पीत्वा वायुभक्षः परं त्र्यहम् ।१०।
तप्तकृच्छ्रव्रतं सर्वपापघ्नं ब्रह्मलोकदम्।
शीतैस्तु शीतकृच्छ्रं स्याद्ब्रह्मोक्तं ब्रह्मलोकदम् ।११।
गोमूत्रेणाचरेत्स्नानं वृत्तिं कुर्य्याच्च गोरसैः।
गोभिर्व्रजेच्च भुक्तासु भुञ्जाताथ च गोव्रती ।१२।
मासेनैकेन निष्पापो गोलोकी स्वर्गगो भवेत्।
विद्यां च गोमतीं जप्त्वा गोलोकं परमं व्रजेत् ।१३।
गीतैर्नृत्यैरप्सरोभिर्विमाने तत्र मोदते।
गावः सुरभयो नित्यं गावो गुग्गुलगन्धिकाः ।१४।
गावः प्रतिष्ठा भूतानां गावः स्वस्त्ययनं परम्।
अन्नमेव परं गावो देवानां हविरुत्तमम् ।१५।
पावनं सर्वभूतानां क्षरन्ति च वदन्ति च।
हविषा मन्त्रपूतेन तर्पयन्त्यमरान्दिवि ।१६।
ऋषीणामग्निहोत्रेषु गावो होमेषु योजिताः।
सर्वेषमेव भूतानां गावः शरणमुत्तमम् ।१७।
गावः पवित्रं परमं गावो माङ्गल्यमुत्तमम्।
गावः स्वर्गस्य सोपानं गावो धन्याः सनातनाः ।१८।
नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ।१९।

गाईको दुध, दही, घिउ र कुशको पानी यी छवटा पञ्चगव्य खानका लागि उत्कृष्ट वस्तु हुन् र यिनले दुःस्वप्न नाश गर्दछन्। गोरोचनाले विष र राक्षसको नाश गर्दछ। गाईलाई घाँस खुवाउने स्वर्गलोक पुग्दछ। जसका घरमा गाईले दुःख पाएर बसेको हुन्छ त्यो मानिस नरक जान्छ। गाईदान, गाईसेवा, गाईको महिमा वर्णन र गुणगानले मानिस आफ्ना कुलको उद्धार गर्दछ। गाईलाई छुँदा पाप नाश हुन्छ। एक दिन गउँत, गोबर, घिउ, दुध, दही र कुशको पानी खाने र एक दिन उपवास बस्नाले चाण्डाललाई पनि शुद्ध गराउँछ। उहिले नै देवताहरूले सबैको पाप नाश गर्नका लागि यसको अनुष्ठान गरेका थिए। यिनीहरूमा प्रत्येक वस्तुलाई तीन तीन दिन खानुलाई महासान्तपन व्रत भनिन्छ। यस व्रतले सम्पूर्ण कामनाहरूलाई सिद्ध गर्छ र सबै पापहरूलाई नाश गर्दछ। केवल दुध मात्रै खाएर एक्काईस दिन रहनाले कृच्छ्रातिकृच्छ्र व्रत हुन्छ। त्यसको अनुष्ठानले श्रेष्ठ मानिसले सम्पूर्ण अभीष्ट वस्तुलाई प्राप्त गर्दै पाप मुक्त भएर स्वर्ग लोकमा जान्छ। तीन दिन तातो गउँत, तीन दिन तातो घिउ, तीन दिन तातो दुध र तीन दिन तातो हावा खाएर रहनुलाई तप्तकृच्छ्र व्रत भनिन्छ र त्यसले समस्त पापहरू शमन गर्दछ। यदि यी वस्तुलाई चिसो पारेर यसै क्रमले ग्रहण गरिन्छ भने शीतकृच्छ्र हुन्छ र ब्रह्मलोक प्राप्त गराउँछन् भनी ब्रह्माले भनेका छन्। एक महिनासम्म गोव्रती भएर प्रतिदिन गोमूत्रले स्नान गर्ने गोरसले जीवन चलाउने गाईकै पछि लागेर हिँड्ने गाईले खाएपछि मात्रै खाने गर्ने हो भने निष्पाप भएर मानिसले गोलोक प्राप्त गर्दछ। गोमती विद्याका जपले पनि उत्तम गोलोक प्राप्त हुन्छ। त्यस लोकमा मानिसहरू विमानबाट जान्छन् र अप्सराको नाचगानबाट खुसी हुन्छन्। गाईहरू सबै कामधेनुकै रूप हुन्। तिनीहरू सधैँ गुग्गुलसरिका बास्नादार हुन्छन्। सबै प्राणीका प्रतिष्ठा नै गाई हुन्। गाई अत्यन्त मङ्गलकारी हुन्छन्। गाईले परम अन्न र देवताका लागि उत्तम हवि दिन्छन्। सम्पूर्ण प्राणीलाई पवित्र गराउने दुध र गउँत तिनैले बोक्ने र छर्ने गर्दछन् एवं मन्त्रले चोख्याइएको हविद्वारा स्वर्गमा रहेका देवताहरूलाई सन्तुष्ट गराउँछन्। ऋषिहरूका अग्निहोत्रमा होम कार्य गर्न गाईले सहयोग गर्दछन्। सम्पूर्ण मानिसका लागि गाई उत्तम शरण हुन्। गाई परम पवित्र, महामङ्गलमयी, स्वर्गको भर्याङ्सरह, धन्य र शाश्वत सत्य हुन्। श्रीमती सुरभि(कामधेनु)पुत्री गाईलाई नमस्कार छ। ब्रह्मका पुत्रीहरूलाई नमस्कार छ। पवित्र गाईलाई बारम्बार नमस्कार छ। ब्राह्मण र गाई भनेका

ब्राह्मणाश्चैव गावश्च कुलमेकं द्विधा कृतम् ।
एकत्र मन्त्रास्तिष्ठन्ति हविरेकत्र तिष्ठति ।२०।
देवब्राह्मणगोसाधुसाध्वीभिः सकलं जगत् ।
धार्य्यते वै सदा तस्मात्सर्वे पूज्यतमा मताः ।२१।
पिबन्ति यत्र तत्तीर्थं गङ्गाद्या गाव एव हि ।
गवां माहात्म्मुक्तं हि चिकित्सां च तथा शृणु ।२२।
शृङ्गामयेषु धेनूनां तैलं दद्यात्ससैन्धवम् ।
शृङ्गवेरबलामांसीकल्कसिद्धं समाक्षिकम् ।२३।
कर्णशूलेषु सर्वेषु मञ्जिष्ठाहिङ्गुसैन्धवैः ।
सिद्धं तैलं प्रदातव्यं रसोनेनाथ वा पुनः ।२४।
बिल्वमूलमपामार्गं धातकी च सपाटला ।
कुटजं दन्तमूलेषु लेपात्तच्छूलनाशनम् ।२५।
दन्तशलहरैर्द्रव्यैर्घृतं राम विपाचितम् ।
मुखरोगहरं ज्ञेयं जिह्वारोगेषु सैन्धवम् ।२६।
शृङ्गवेरं हरिद्रे द्वे त्रिफला च गलग्रहे ।
हृच्छूले बस्तिशूले च वातरोगे क्षये तथा ।२७।
त्रिफला घृतमिश्रा च गवां पाने प्रशस्यते ।
अतीसारे हरिद्रे द्वे पाठां चैव प्रदापयेत् ।२८।
सर्वेषु कोष्ठरोगेषु तथा शाखागदेषु च ।
शृङ्गवेरं च भार्ङ्गीं च कासे श्वासे प्रदापयेत् ।२९।
दातव्या भग्नसन्धाने प्रियङ्गुर्लवणान्विता ।
तैलं वातहरं पित्ते मधुयष्टीविपाचितम् ।३०।
कफे व्योषं च समधु सपुष्टकरजोऽस्रजे ।
तैलाज्यं हरितालं च भग्नक्षति शृतं ददेत् ।३१।
माषास्तिलाः सगोधूमाः पशुक्षीरं घृतं तथा ।
एषां पिण्डी सलवणा वत्सानां पुष्टिदा त्वियम् ।३२।
बलप्रदा विषाणां स्याद् ग्रहनाशाय धूपकः ।
देवदारु वचा मांसी गुग्गुलुर्हिङ्गुसर्षपाः ।३३।
ग्रहादिगदनाशाय एष धूपो गवां हितः ।
घण्टा चैवा गवां कार्य्या धूपेनानेन धूपिताः ।३४।
अश्वगन्धा तिलैः शुक्लं तेन गौः क्षीरिणी भवेत् ।
रसायनं च पिण्याकं मत्तो यो धार्य्यते गृहे ।३५।
गवां पुरीषे पञ्चम्यां नित्यं शान्त्यै श्रियं यजेत् ।
वासुदेवं च गन्धाद्यैरपरा शान्तिरुच्यते ।३६।

एकै कुलका दुई शाखाहरू हुन् । एउटाले मन्त्रहरूलाई आश्रय दिएर राखेको छ भने अर्काले हविष्यहरू लिएको छ । देवता, ब्राह्मण, गाई, साधु र साध्वी स्त्रीका बलबुतामा यो संसार अडिएको हुनाले तिनीहरू पूजनीय हुन्छन् । गाईले जुन ठाउँमा पानी खान्छ त्यो तीर्थ हो । गङ्गा आदि पवित्र नदीहरू गाईकै रूप हुन् । हे सुश्रुत ! गाईको माहात्म्य वर्णन मैले यसरी गरेँ । अब तिनको चिकित्साका विषयमा सुन ।१-२२।

सिङको रोगमा गाईलाई सुठो, खरेटी र जटामांसी सिलौटामा पिसेर त्यसमा मह, सिधोनुन र तेल मिसाएर लगाइदिनुपर्छ । सबै खालका कानका रोगमा मञ्जिष्ठा, हिङ र सिधोनुन हालेर तयार पारिएको तेल प्रयोग गर्नुपर्छ अथवा लसुन फुराएको तेल प्रयोग गर्नुपर्दछ । दाँतको रोगमा बिल्वमूल, अपामार्ग, धानको पटान र कुटजको लेप लगाइदिनुपर्दछ । त्यसले दुखाइ हराउँछ । दाँतको दुखाइ निको पार्ने वस्तुहरूलाई र कूटलाई घिउमा पकाएर खान दिँदा मुखको रोग निको हुन्छ । जिब्राका रोगमा सिधोनुन राम्रो हुन्छ भनिन्छ । गलाका रोगमा सुठो, बेसार, काँचो हल्दी र त्रिफला दिनुपर्छ । मुटुरोग, वस्तिरोग, वातरोग र क्षयरोगमा गाईलाई घिउ मिसिएको त्रिफलाको मात्रा नै राम्रो हुन्छ भनिएको छ । छेरौटीमा बेसार, काँचोहल्दी र पाठा दिनुपर्दछ । सबै खालका कोष्ठगत रोगमा, गोडा पुच्छर आदि अङ्गका रोगमा, खोकी, दम एवं अन्य साधारण रोगमा सुठो, भारङ्गी दिनुपर्दछ । हड्डीहरू भाँचिएको फुटेको बेलामा नुन मिसेको प्रियङ्गुको लेप लगाउनुपर्छ । वातरोगलाई तेलले निको पार्दछ । पित्तरोगमा तेलमा पकाएको मुलहठी, कफरोगमा मधुसहितको त्रिकटु र रक्तविकारमा नखभस्म हितकर हुन्छ । भाँचिएका घाउखटीरोटमा तेल र घिउमा पकाइएको हरताल दिनुपर्छ । मास, तिल, गहुँ, दुध, जल र घिउ यतिमा नुन मिसाएर बनाएको गोली बाछालाई बलियो पार्ने हुन्छ । विषाणीले बलप्रदान गर्दछ । ग्रहबाधा हटाउनका लागि धुपको प्रयोग गर्नुपर्दछ । देवदारु, वचा, जटामांसी, गुग्गुल, हिङ्गु र सर्षप यति कुराका धुपले ग्रह आदिद्वारा लागेको गाईको रोग निको पार्दछ । यस्तो धुप लगाइएको गाईका घाँटीमा घण्टी लगाइदिनुपर्दछ । असगन्ध र तिललाई नौनीमा पकाएर खुवाउनाले गाईले धेरै दुध दिन्छ । घरमा उन्मत्त भएका साँढेका लागि हिङ्गु नै गतिलो औषधि हुन्छ । पञ्चमी तिथिका दिन सधैँ शान्तिका लागि गोबरमा लक्ष्मीनारायणको पूजा गनुपर्दछ; यसलाई अपरा शान्ति भनिन्छ । आश्विन शुक्ल पूर्णिमाका दिन श्रीहरिको पूजा गर्नुपर्दछ । श्रीविष्णु, रुद्र,

अश्वयुक्छुक्लपक्षस्य पञ्चदश्यां यजेद्धरिम् ।
हरिरुद्रमजं सूर्य्यं श्रियमग्निं घृतेन च ।३७।
दधि सम्प्राश्य गाः पूज्य कार्य्यं वह्निप्रदक्षिणम् ।
वृषाणां योजयेद्युद्धं गीतवाद्यरवैर्बहिः ।३८।
गवां तु लवणं देयं ब्राह्मणानां च दक्षिणाः ।
नैमित्तिके माकरादौ यजेद्विष्णुं सह श्रिया ।३९।
स्थण्डिलेऽब्जे मध्यगते दिक्षु केसरगान्सुरान् ।
सुभद्राजो रविः पूज्यो बहुरूपो बलिर्बहिः ।४०।
खं विश्वरूपा सिद्धिश्च ऋद्धिः शान्तिश्च रोहिणी ।
दिग्धेनवो हि पूर्वाद्याः कृसरैश्चन्द्र ईश्वरः ।४१।
दिक्पालाः पद्मपत्रेषु कुम्भेष्वग्नौ च होमयेत् ।
क्षीरवृक्षस्य समिधः सर्षपाक्षततण्डुलान् ।४२।
शतं शतं सुवर्णं च कांस्यादिकं द्विजे ददेत् ।
गावः पूज्या विमोक्तव्याः शान्त्यै क्षीरादिसंयुताः ।४३।
अग्निरुवाच
शालिहोत्रः सुश्रुताय हयायुर्वेदमुक्तवान् ।
पालकाप्योऽङ्गराजाय गजायुर्वेदमब्रवीत् ।४४।

ब्रह्मा, सूर्य, अग्नि र लक्ष्मीलाई घिउले पूजा गर्नुपर्छ । खुब दही खाएर गाईपूजा गरेपछि अग्निको प्रदक्षिणा गर्नुपर्दछ । घरको बाहिरपट्टि गीत बाजाको ध्वनिका साथ साँढे जुधाइको आयोजना गर्नुपर्छ । गाईलाई नुन र ब्राह्मणलाई दक्षिणा दिनुपर्दछ । मकर सङ्क्रान्ति आदि नैमित्तिक पर्वहरूमा पनि लक्ष्मीसहित श्री विष्णुलाई भूमिस्थ कमलका बीचमा र पूर्व आदि दिशाहरूमा कमलकेसरमा देवताहरूको पूजा गर्नुपर्दछ। कमलका बाहिरी भागमा मङ्गलमय ब्रह्मा, सूर्य, बहुरूप, बलि, आकाश, विश्वरूप, ऋद्धि, सिद्धि, शान्ति, रोहिणी आदि दिग्धेनु, चन्द्रमा र शिवको पूजा खिचडीले गर्नुपर्छ। कलशमा रहेको पद्ममा दिक्पालहरूको पूजा गुर्नपर्छ। त्यसपछि अग्निमा सस्युँ, अक्षता, चामल र खयरका दाउराहरू हवन गर्नुपर्छ । ब्राह्मणलाई सुवर्ण र काँस्य धातु सयसय जति दान गर्नुपर्दछ। त्यसपछि दुधसहितका गाईलाई पूजा गरेर शान्तिका निम्ति तिनलाई छोडिदिनुपर्दछ ।२३-४३।

अग्निले भने—हे वसिष्ठ ! शालिहोत्रले सुश्रुतलाई अश्वायुर्वेद र पालकाप्यले अङ्गराजलाई गाईको आयुर्वेद सिकाएका थिए ।४४।

२९३. त्रिनवत्यधिकद्विशततमोऽध्यायः

मन्त्रपरिभाषा

अग्निरुवाच
मन्त्रविद्यामहं वक्ष्ये भुक्तिमुक्तिप्रदं शृणु ।
विंशत्यर्णाधिका मन्त्रा मालामन्त्राः स्मृता द्विज ।१।
दशाक्षराधिका मन्त्रास्तदर्वाग्बीजसंज्ञिताः ।
वार्द्धक्ये सिद्धिदा ह्येते मालामन्त्रास्तु यौवने ।२।
पञ्चाक्षराधिका मन्त्रा सिद्धिदाः सर्वदा परे ।
स्त्रीपुंनपुंसकत्वेन त्रिधा स्युर्मन्त्रजातयः ।३।
स्त्रीमन्त्रा वह्निजायान्ता नमोऽन्ताश्च नपुंसकाः ।
शेषाः पुमांसस्ते शस्ता वश्योच्चाटविषेषु च ।४।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म भोग र मोक्ष प्रदान गर्ने मन्त्रविद्याको वर्णन गर्दछु तिमी ध्यान दिएर सुन। हे द्विजश्रेष्ठ ! बीसभन्दा धेरै अक्षर भएको मन्त्रलाई माला मन्त्र र दसभन्दा बढी अक्षर वा दसभन्दा कम अक्षर भएका मन्त्रलाई बीजमन्त्र भनिएको छ। मालामन्त्र वृद्ध अवस्थामा सिद्धिदायक हुन्छ। मन्त्र यौवन अवस्थामा सिद्धिप्रद हुन्छ र पाँच अक्षरभन्दा बढी दस अक्षरसम्मका मन्त्रले बाल्यावस्थामा सिद्धि प्रदान गर्दछन्। एकदेखि पाँच अक्षर भित्रका अरू मन्त्रहरूले सधैँ र सबैलाई सिद्धि प्रदान गर्ने हुन्छन्। मन्त्रका स्त्री, पुरुष र नपुंसक गरी तीन जाति हुन्छन् । जुन मन्त्रका अन्त्यमा स्वाहा पदको प्रयोग हुन्छ ती स्त्री जातीय हुन्, जसका पछाडि नमः जोडिन्छ ती मन्त्र नपुंसक हुन् र बाँकी सबै मन्त्र पुरुष जातीय हुन्। ती मन्त्रहरू वशीकरण र उच्चाटन क्रियामा प्रयोग हुन्छन् भनिन्छ। क्षुद्रक्रिया र रोगनिवारण वा शान्ति कर्ममा स्त्रीजातीय मन्त्रलाई उत्तम मानिएको छ । यी सबैभन्दा भिन्न कर्महरूमा नपुंसक

क्षुद्रक्रियामयध्वंसे स्त्रियोऽन्यत्र नपुंसकाः ।
मन्त्रावाग्नेयसौम्याख्यौ ताराद्यन्ताद्र्धयोर्जपेत् ।५।
तारान्त्याग्निवियत्प्रायो मन्त्र आग्नेय इष्यते ।
शिष्टः सौम्यः प्रशस्तौ तौ कर्मणोः क्रूरसोम्ययोः ।६।
आग्नेयमन्त्रः सौम्यः स्यात्प्रायशोऽन्ते नमोऽन्वितः ।
सौम्यमन्त्रस्तथाग्नेयः फट्कारेणान्ततो युतः ।७।
सुप्तः प्रबुद्धमात्रो वा मन्त्रः सिद्धिं न यच्छति ।
स्वापकालो महाबाहो जागरो दक्षिणावहः ।८।
आग्नेयस्य मनोः सौम्यमन्त्रस्यैतद्विपर्य्ययात् ।
प्रबोधकालं जानीयादुभयोरुभयोरहः ।९।
दुष्टर्क्षराशिविद्वेषिवर्णादिन्वर्जयेन्मनून् ।
राज्यलाभोपकाराय प्रारभ्यारिः स्वरः कुरून् ।१०।
गोपालककुटीं प्रायात्पूर्णामित्युदिता लिपिः ।
नक्षत्रेक्षक्रमाद्योज्या स्वरान्त्यौ रेवतीयुजौ ।११।
वेला गुरुः स्वराः शोणः कर्मणैवेति भेदिता ।
लिप्यर्णा वशिषु ज्ञेया षष्ठेशादिंश्च योजयेत् ।१२।
लिपौ चतुष्पथस्थायामाख्यवर्णपदान्तराः ।
सिद्धाः साध्या द्वितीयस्थाः सुसिद्धा वैरिणः परे ।१३।
सिद्धादीन्कल्पयेदेवं सिद्धात्यन्तगुणैरपि ।
सिद्धे सिद्धो जपात्साध्यो जपपूजाहुतादिना ।१४।
सुसिद्धो ध्यानमात्रेण साधकं नाशयेदरिः ।
दुष्टार्णप्रचुरो यः स्यान्मन्त्रः सर्वविनिन्दितः ।१५।
प्रविश्य विधिवद्दीक्षामभिषेकावसानिकाम् ।
श्रुत्वा तन्त्रं गुरोर्लब्धं साधयेदीप्सितं मनुम् ।१६।

लिङ्गी मन्त्र उपयोगी हुन्छन् भनिएको छ । आग्नेय र सौम्य गरी मन्त्रका दुई भेद रहेको मानिएको छ । जसका अगाडि प्रणव लागेको हुन्छ ती आग्नेय मन्त्र हुन् र जसका अन्त्यमा प्रणव लागेको हुन्छ ती सौम्य मन्त्र हुन् । यिनको जप यिनै दुई बलमा गर्नुपर्दछ । जुन मन्त्रमा तार, अन्त्य, अग्नि, वियत् अर्थात् ओङ्कार, क्ष, र, ह को बढी प्रयोग हुन्छ ती आग्नेय मन्त्र हुन् र बाँकी सबै सौम्य हुन् भनिएको छ । आग्नेय मन्त्र प्रायः अन्त्यमा नमः पद जोडिएपछि सौम्य हुन्छन् र सौम्य मन्त्र पनि अन्त्यमा फट् लगाइदिँदा आग्नेय हुन्छन् । यदि मन्त्र सुतेको अथवा भर्खर जागेको छ भने त्यो सिद्धिदायक हुँदैन । वाम नाडी जुन बेला चलेको हुन्छ त्यो आग्नेय मन्त्रको सुत्ने समय हो र दाहिने नाडी चलेको छ भने त्यो उसको जागरण काल हो । सौम्य मन्त्रको सुत्ने र जाग्ने समय त्यसको विपरीत हुन्छ । अर्थात् वाम नाडी त्यसका जागरणको र दक्षिण नाडी उसका सुषुप्तिको काल हो । जुन बेला दायाँबायाँ दुवै नाडीहरू सँगसँगै चलेको हुन्छन् त्यो समय आग्नेय र सौम्य दुवै खालका मन्त्र जागेका हुन्छन् । दुष्ट नक्षत्र, दुष्ट राशि तथा शत्रु रूप आदि अक्षर भएका मन्त्रलाई अवश्य त्यागि दिनुपर्दछ । राज्यलाभोपकाराय प्रारभ्यारिः स्वरः कुरून् । गोपालकुकुटीं प्रायात् फुल्लावित्युदिता लिपिः । यस श्लोकअनुसार राज्यदेखि फुल्लौसम्म लिपिको सङ्केत हो र त्यसलाई लिपि भनिएको छ । नारायणीय तन्त्रमा यसको व्याख्या गर्दै भनिएको छ कि– अश्विनीदेखि उत्तरभाद्रपदासम्मका छब्बीस अक्षरहरूमा अदेखि हसम्मका अक्षरहरू बाड्नुपर्दछ । त्यसरी बाँड्दा कुन नक्षत्रका लागि कति अक्षर लिइन्छन् भन्ने बुझ्न माथिका श्लोकले सङ्केत दिएको छ । रादेखि ल्लौसम्मका छब्बीस अक्षर छन् । ती छब्बीस नक्षत्रका प्रतीक हुन् । तन्त्रशास्त्रीहरूले आफ्नो सङ्केतवचनमा केवल व्यञ्जनलाई नै लिएका छन् र सम्पूर्ण व्यञ्जनलाई कवर्ग, टवर्ग, पवर्ग एवं यवर्गमा विभाजन गरेका छन् । सङ्केतलिपिको जुन अक्षर जुन वर्गको पहिलो, दोस्रो, तेस्रो वा चौथो अक्षर हो त्यसबाट त्यति नै सङ्ख्या लिनुपर्दछ । संयुक्त अक्षर आयो भने पछिल्लो अक्षरलाई ग्रहण गरिन्छ । स्वरमा कुनै सङ्ख्या हुँदैन । यस श्लोकको पहिलो अक्षर रा हो । त्यो य वर्गको दोस्रो अक्षर हुनाले त्यसबाट दुई सङ्ख्या लिनुपर्दछ । यसो हुँदा 'रा' ले अश्विनी नक्षत्रमा अ र आ यी दुई अक्षर ग्रहण हुन्छन् भन्ने सङ्केत गर्दछ । दोस्रो अक्षर ज्य संयुक्त अक्षर हो । यसको पछिल्लो अक्षर य लाई ग्रहण गर्नुपर्दछ । त्यो आफ्नै य वर्गको पहिलो अक्षर हो । त्यसैले त्यसले एकलाई जनाउँछ । यसै गरी पूर्वोक्त सङ्केत अनुसार भरणी नक्षत्रमा ज्य का एउटा स्वर इ लेखिनुपर्दछ । यसलाई राम्ररी बुझ्नका लागि वर्णमालालाई नक्षत्रसँग यसरी नै क्रमशः जोड्नुपर्दछ । केवल अ र अः यी दुईवटा स्वर भने सधैँ नै रेवती नक्षत्रमा जोडिएका हुन्छन् । बालं गौरं खुरं शोणं शमी शोभेति भेदिताः । लिप्यर्णा राशिषु ज्ञेयाः षष्ठे

धीरो दक्षः शुचिर्भक्तो जपध्यानादिततपरः ।
सिद्धस्तपस्वी कुशलस्तन्त्रज्ञः सत्यभाषणः ।१७।
निग्रहानुग्रहे शक्तो गुरुरित्यभिधीयते ।
शान्तो दान्तः पटुश्चीर्णब्रह्मचर्य्यो हविष्यभुक् ।१८।
कुर्वन्नाचार्य्यशुश्रूषां सिद्धोत्साही सशिष्यकः ।
स तूपदेश्यः पुत्रश्च विनयी वसुदस्तथा ।१९।
मन्त्रं दद्यात्सुसिद्धौ तु सहस्रं देशिकं जपेत् ।
यदृच्छया श्रुतं मन्त्रं छलेनाथ बलेन वा ।२०।
पत्रे स्थितं च गाथां च जनयेद्यद्यनर्थकम् ।
मन्त्रं यः साधयेदेकं जपहोमार्चनादिभिः ।२१।
क्रियाभिर्भूरिभिस्तस्य सिध्यन्ति स्वल्पसाधनात् ।
सम्यक्सिद्धैकमन्त्रस्य नासाध्यमिह किञ्चन ।२२।
बहुमन्त्रवतः पुंसः का कथा शिव एव सः ।
दशलक्षजपादेकवर्णो मन्त्रः प्रसिध्यति ।२३।
वर्णवृद्ध्या जपह्रासस्तेनान्येषां समूहयेत् ।
बीजाद्द्वित्रिगुणान्मन्त्रान्मालामन्त्रे जपक्रिया ।२४।
सङ्ख्यानुक्तौ शतं साष्टसहस्रं वा जपादिषु ।
जपाद्दशांशं सर्वत्र साभिषेकं हुतं विदुः ।२५।
द्रव्यानुक्तौ घृतं होमे जपोऽशक्तस्य सर्वतः ।
मूलमन्त्राद्दशांशः स्यादङ्गादीनां जपादिकम् ।२६।
जपात्सशक्तिमन्त्रस्य कामदा मन्त्रदेवताः ।
साधकस्य भवेत्तृप्ता ध्यानहोमार्चनादिना ।२७।
उच्चैर्जपाद्विशिष्टः स्यादुपांशुर्दशभिर्गुणैः ।
जिह्वाजपे शतगुणः सहस्रो मानसः स्मृतः ।२८।

शादींश्च योजयेत् ॥ यस श्लोकका पहिला बाह्र अक्षरलाई लिएर क्रमशः वा ४, लं ३, गौ ३, रं २, खु २, रं २, शो ५, णं ५, भा ४ विभाजन गर्नुपर्छ। यसरी सङ्ख्यामा विभाजित गर्दै अकारादि क्रमले मेष आदि राशिहरूमा रहेका जान्नुपर्दछ। श, ष, स, ह र अन्तिम स्वर अं अः लाई कन्या राशिमा रहेका मान्नुपर्दछ र क्ष मीन राशिमा रहन्छ। साधकका नामको पहिलो अक्षर भएका ठाउँबाट मन्त्रको आदि अक्षरको राशिसम्म गन्नुपर्दछ। त्यसो गर्दा आउने अङ्क जुन छ त्यसै अनुसार फल जान्नुपर्दछ। यदि सङ्ख्या छैटौँ, आठौँ र बाह्रौँ भयो भने त्यो निन्द्य हुन्छ। यी बाह्र सङ्ख्याहरूलाई बाह्र भाव भन्दछन्। तिनीहरूको विशेष सङ्ख्यासम्बन्धी नाम क्रमशः तन, धन, सहज, सुहृद, पुत्र, रिपु, जाया, मृत्यु, धर्म, कर्म, आय र व्यय हो। मन्त्रको अक्षर यदि मृत्यु, शत्रु र व्ययमा परेको छ भने त्यो अशुभ हुन्छ। चार कुने स्थानमा पाँचवटा पूर्वपश्चिम र पाँचैवटा उत्तरदक्षिणका रेखा तान्दा जम्मा सोह्रवटा कोठा बन्दछन्। तिनीहरूमा क्रमैसँग सोह्रवटा स्वरवर्ण लेख्नुपर्छ। त्यसै क्रमले एक एक गर्दै व्यञ्जन वर्ण पनि लेख्दै तीन आवृत्ति पूरा गर्नुपर्छ र चौथो आवृत्तिमा पहिला दुई कोठा मै ह र क्ष लेखेर सबै अक्षर पूरा गर्नुपर्दछ। यी सोह्रमध्ये पहिला दुई कोठाका चार पङ्क्तिहरू सुसिद्ध र चौथो कोठाका चार पङ्क्ति अरि नाम भएका हुन्छन्। जुन साधकका नामको पहिलो अक्षर जुन कोठामा पर्छ उसका लागि त्यो नै सिद्ध कोठो हुन्छ। अरू बाँकी क्रमशः दोस्रो, तेस्रो र चौथो साध्य, सुसिद्ध र अरि हुन्छन्। जुन चतुष्कको जुन कोठामा साधकको नाम छ त्यो उसका लागि सिद्धसिद्ध हुन्छ। त्यसै गरी त्यसै चतुष्कको दोस्रो कोठोदेखि प्रक्षिणाक्रममा सिद्धसाध्य, सिद्धसुसिद्ध र सिद्धअरि हुन्छन्। त्यसै चतुष्कमा यदि मन्त्रको आदि अक्षर पनि रहेको छ भने गणनाअनुसार त्यसको पनि सिद्धसिद्ध, सिद्धसाध्य आदि भेद ठम्याउनुपर्दछ। त्यसै गरी अघिल्लो चतुष्कमा आफ्नो नाम र पछिल्लो चतुष्कमा मन्त्रको पहिलो अक्षर परेको छ भने पहिलो चतुष्कको जुन कोठामा आफ्नो नाम छ दोस्रो चतुष्कको पनि त्यसै कोठाबाट आफ्ना नामको साध्यसिद्ध आदि भेद रहेको बुझ्नुपर्छ। सिद्ध आदिको कल्पना यसरी नै गरिन्छ। सिद्ध मन्त्र अत्यन्त धेरै गुणहरूले सम्पन्न हुन्छ। सिद्ध मन्त्रको जप मात्रै गरेपनि सिद्धिदायक हुन्छ। साध्य मन्त्र जप, होम र पूजाले सिद्ध हुन्छ। सुसिद्ध मन्त्र चिन्तन मात्रैले सिद्धि प्रदान गर्ने हुन्छ तर अरि मन्त्रले साधकको विनाश गर्दछ। जुन मन्त्रमा दुष्ट अक्षरहरूको सङ्ख्या धेरै छ त्यसलाई सबैले निन्दा गरेका छन्। विधिवत् रूपमा शिष्यले दीक्षामा प्रवेश गरेपछि गुरुबाट तन्त्रोक्त विधिको श्रवण गर्दै अभिषेकपर्यन्त रहेर शिष्यले अभीष्ट मन्त्रको साधना गर्नुपर्दछ। जो धीर, दक्ष, पविध, भक्तिभावले युक्त, जप-ध्यानमा तत्पर रहने सिद्ध, तपस्वी, कुशल, तन्त्रवेत्ता, सत्यवादी र निग्रह-अनुग्रहमा समर्थ हुन्छ उसैलाई गुरु भन्नुपर्दछ। जो शान्त, दान्त,